| ४६ | सागर राजभण्डारी | शिक्षक | - | - | आन्तरिक | +२ साईन्स | - | - | विज्ञान |
| ४७ | लक्ष्मी अर्याल | शिक्षक | - | - | आन्तरिक | बी.बी. एस | २०७६/०४/०९ | - | कम्प्युटर |
| ४८ | सन्तोष पुडासैनी | लेखापाल | नि.मा.वि. | | आन्तरिक | एम.वी.एस / बी.एड् | २०६८/०८/०१ | - | अर्थशास्त्र |
| ४९ | सन्दिप न्यौपाने | स.लेखापाल | नि.मा.वि | | आन्तरिक | बी.बी. एस | २०७३/०१/१५ | - | कम्प्युटर |
| ५० | श्री पार्वति न्यौपाने | स.का | - | - | अर्ध सरकारी | आइ.एड् | २०६४/०४/२७ | - | स.का |
| ५१ | श्री तुलसी न्यौपाने | स.का. | - | - | अर्ध सरकारी | आइ.एड् | २०६५/०२/१९ | - | स.का. |
| ५२ | उमाकान्त भुसाल | कर्मचारी | - | - | आन्तरिक | साधारण लेखपढ | २०५६/०७/०१ | - | का.स. |
| ५३ | सीता न्यौपाने खत्री | कर्मचारी | - | | आन्तरिक | कक्षा ७ उत्तीर्ण | २०७०/०८/११ | - | का.स. |
| ५४ | पवित्रा अधिकारी | कर्मचारी | - | | सरकारी | कक्षा ९ उत्तीर्ण | २०७४/०९/०५ | - | का.स. |
| ५५ | घनाकुमारी न्यौपाने | कर्मचारी | - | | आन्तरिक | कक्षा ९ उत्तीर्ण | २०७५/०३/०३ | - | का.स. |
| ५६ | श्री सोम ब. खत्री | कर्मचारी | | | सरकारी | कक्षा ९ उत्तीर्ण | २०७४/०९/०१ | - | का.स. |

**आर्थिक पक्ष :**

विद्यालयको अपेक्षाकृत विकासका लागि अर्को महत्वपूर्ण पक्ष आर्थिक पक्ष हो । विद्यालय वास्तवमा नियमित वित्तीय कारोवार गर्ने संस्था होइन । तापनि दैनिक कार्य संचालनदेखि विशेष अवस्थामा विशेष कार्य गर्नका लागि यो महत्वपूर्ण हुन्छ । कुनै संस्थाको सर्वाङ्गिण विकासका लागि दिगो तथा स्थायी आयको स्रोत हुन आवश्यक छ भने अर्कोतिर हिसाब किताबको पारदर्शिताको अझ महत्व छ । आर्थिक हिनामिना, भ्रष्टमानसिकता, स्रोतको गलत परिचालन अहिले संस्था विकासको सन्दर्भमा अर्को समस्या देखिएको छ । यसबाट पूर्ण रूपमा संस्थालाई जोगाई आर्थिक पारदर्शिता,

मितव्ययिता, खर्चको औचित्यता, खर्चको प्रभावकारिता र समग्र आर्थिक अवस्थालाई चुस्त, दुरूस्त बनाउन आवश्यक छ । जसका लागि वि.व्य.स., शिक्षक अभिभावक संघ, प्राचार्य, विद्यालय कर्मचारी तथा सरोकारवालाको पहुँचमा कारोवारको पारदर्शिता आवश्यक छ । यस विद्यालयले आर्थिक पारदर्शितालाई उच्च महत्व दिएको छ । प्रत्येक अभिभावक भेला, सभा, सेमिनार तथा गोष्ठी र विद्यार्थीका कार्यक्रममा समेत आय व्ययलाई प्रस्तुत गर्ने गरिन्छ । यसैगरी वि.व्य.स. द्वारा नियमित रूपमा आम्दानी खर्चको योजना तथा अनुमोदन गर्ने गरिन्छ । नियमानुसार समयमै सामाजिक परीक्षण र बाह्य लेखा परीक्षणलाई निरन्तरता दिइएको छ । यस विद्यालयले नियमित रूपमा सम्पूर्ण आय व्ययको विभिन्न माध्यमहरूबाट सार्वजनिकीकरण गर्ने गरिएको छ । गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन स्मारिकामा समेत प्रकाशित गरिएको छ ।

**धान्याञ्चल विशेष कार्यक्रम :**

मिति २०६५ पौष २३ देखि २०६५ माघ ०१ सम्म सम्पन्न गरिएको धान्याञ्चल विशेष कार्यक्रमबाट विद्यालयको लागि आर्थिक सहयोग जुटाउने महत्वपूर्ण विशेष कार्यक्रम भव्यताका साथ र सफलताका साथ सम्पन्न गरिएको थियो। सो कार्यक्रममा सहयोग गर्ने साविक देवचुली गा.वि.स., देउसत खोला वन उपभोक्ता समिति, घुमाउरी, नमुना महिला, जनचेतना, एकता, श्रृजना तथा गोर्खाली सामुदायिक वन उपभोक्ता समिति, साविक प्रगतिनगर गा.वि.स. लगायत सम्पूर्ण संघसस्थाहरू, सम्पूर्ण चन्दादाताज्यूहरू तथा अभिभावकज्यूहरूमा विद्यालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस स्वर्ण महोत्सव समारोहमा रू.१०,०००।– भन्दा माथि चन्दा दिने चन्दादाताहरूको नाम शिलालेख र स्मारिकामा राखिने कुराको निर्णय समेत भएको व्यहोरा अनुरोध छ । उक्त कार्यक्रमको मूल समारोह समिति अध्यक्ष श्री घनलाल भुसाल लगायत सम्पूर्ण समितिका पदाधिकारीज्यूहरू तथा प्रमुख वाचक पण्डित दिनबन्धु पोखेलज्यूमा विशेष धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछु । धान्याञ्चल विशेषको मूल रकम बैंक मुद्दतीमा रहेको व्यहोरा समेत अनुरोध गरिन्छ । मिति २०७६ आषाढ मसान्तसम्मको जम्मा रकम विवरण निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| क) मुद्धती | रू. १,१४,००,०००।०० |
| ख) लगानी | रू. ३,५०,०००।०० |
| ग) बचनदान बाँकी | रू. ३८,०१,१८७।६६ |
| जम्मा | रू. १,५५,५१,१८७।६६ |

## साविक देवचुली आ.वि. र भीमसेन आदर्श मा.वि. बीचको समायोजन तथा नमुना विद्यालय विशेष

विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि यस विद्यालयमा सञ्चालन भइरहेको (६-१२) लाई (०-१२) बनाउने सुझाव साथै मूलभूत पक्षहरूको समग्रतामा सुधारका लागि विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत नमुना विद्यालय विकास कार्यक्रम अनुसार नेपाल सरकारबाट केही विद्यालयलाई नमुना विद्यालय प्रस्तावित कार्यक्रम अनुसार हाम्रो विद्यालयलाई समेत नमुना विद्यालय बनाउनका लागि बालविकासदेखि १२ कक्षासम्म सञ्चालन गर्नुपर्ने आवश्यकतालाई समेत मध्यनजर राखेर फिडर विद्यालय साविक देवचुली आधारभूत विद्यालय देवचुली-७, रामवास र भीमसेन आदर्श मा.वि. देवचुली-७, रामवासबीच मिति २०७५ पौष १९ गते भएको आम भेलाबाट समायोजनको पहल कदमी गरी सो कार्य मिति २०७५ माघ ०३ गते नगरपालिकाबाट निर्णय गराई सम्पन्न गरिएको छ । जसबाट नमुना विद्यालयको मार्ग प्रशस्त तथा नेपाल सरकारबाट नमुना विद्यालयको रूपमा भीमसेन आदर्श माध्यमिक विद्यालय देवचुली- ७, रामवास, नवलपरासीलाई सूचीकृत गरिएको छ । समायोजन प्रक्रियाका लागि विशेष भूमिका निर्वाह गर्नुहुने साविक विद्यालयका वि.व्य.स. अध्यक्ष तथा यस विद्यालयका वर्तमान वि.व्य.स. सदस्य श्री कृष्णबहादुर बि.क. लगायत वि.व्य.स. समितिका सदस्यहरू, विद्यालयका पूर्व प्र.अ. तथा यस विद्यालयका शाखा प्रमुख श्री दोलकान्त अर्याल सहित सम्पूर्ण शिक्षकहरूमा विशेष धन्यवाद ज्ञापन गरिन्छ । यसैगरी यसै वार्डका वार्ड अध्यक्ष भूपराज पाठक सहित सम्पूर्ण जनप्रतिनिधिज्यूहरूमा समेत विशेष आभार व्यक्त गरिन्छ । सो समायोजन कार्यका लागि सहयोग पुऱ्याउनुहुने राजनीतिक दलका प्रतिनिधि, छिमेकी

विद्यालयका अध्यक्ष तथा प्रधानाध्यापकज्यूहरू, विभिन्न संघ संस्थाका प्रतिनिधिज्यूहरू, अभिभावकज्यूहरू, भू.पू.विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायत सदस्यज्यूहरू, शिक्षक अभिभावक संघका अध्यक्ष लगायत सदस्यज्यूहरू, भू.पू. प्रधानाध्यापकज्यूहरू तथा भू.पू. शिक्षकज्यूहरू, भू.पू. सैनिकज्यूहरू, भू.पू.विद्यार्थीहरू लगायत यहाँहरू सम्पूर्णबाट भएको सहयोगको उच्च सम्मान गरिन्छ । यसैगरी प्रस्तावित नमुना विद्यालय सूचिकृतका लागि विशेष भूमिका निर्वाह गर्नुहुने देवचुली नगरपालिका, शिक्षा विकास तथा समन्वय इकाइ नवलपुर लगायत तालुक कार्यालयहरूमा हार्दिक आभार व्यक्त गरिन्छ ।

## विद्यालयले आगामी दिनमा सम्पन्न गरिने कार्यहरू :

विद्यालयको उपरोक्त अनुसारको पृष्ठभूमि तथा वास्तविकताको आधारमा यस विद्यालयलाई आगामी दिनमा शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय सहित अन्य समग्र पक्षको विकासका लागि गर्न सकिने कार्यहरूलाई प्राथमिकताको आधारमा गर्नुपर्ने कार्यहरू यस प्रकार रहेको छ ।

**शैक्षिक पक्ष** :

- कक्षागत उत्तीर्ण प्रतिशतलाई समग्रमा ९३.३९% बाट ९७.००% सम्म पुऱ्याउने ।
- सिकाई उपलब्धि कक्षा ६,७ र ९ लाई समग्रमा ५९.४९ प्रतिशतबाट ६२.०० प्रतिशतसम्म पुऱ्याउने ।
- सिकाई उपलब्धि कक्षा ८ लाई समग्रमा GPA 2.96 बाट GPA 3.0 सम्म पुऱ्याउने ।
- सिकाई उपलब्धि कक्षा १० लाई समग्रमा GPA 3.1 बाट GPA 3.2 सम्म पुऱ्याउने ।
- गुणस्तर वृद्धिका लागि कार्यपत्र, सोध पत्र प्रस्तुत र कार्यमूलक अनुसन्धानको प्रयोग गरिने ।
- ग्रीड निर्माण, नमुना प्रश्नपत्र तथा प्रश्न बैंक निर्माण, उत्कृष्ट उत्तर पुस्तिका प्रदर्शन ।
- नमुना कक्षा प्रदर्शन, विद्यार्थी व्यक्तिगत अभिलेख फाइलको निर्माण ।
- शैक्षिक गुणस्तर प्राप्तिका लागि शैक्षिक सामग्रीको थप प्रयोग र व्यवस्थापन गर्ने ।
- अभिभावक भेलामा रहेको औषत उपस्थिति ७५ प्रतिशतबाट ९५ प्रतिशतसम्म पुऱ्याउने ।
- गुणस्तर वृद्धिका लागि सरोकारवाला पक्षहरूका बीचमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
- नव प्रवेशी शिक्षक तथा अन्य शिक्षकहरूका लागि ३ दिने पेशागत तालिमको व्यवस्था ।
- आवश्यकता अनुसारको अतिरिक्त कक्षा सञ्चालन ।
- वि.व्य.स., शि.अ.संघ, शिक्षक र विद्यार्थी (प्रतिनिधि) द्वारा नमूना विद्यालय Visit कार्यक्रम निरन्तर ।
- छिमेकी तथा फिडर विद्यालयका अध्यक्ष र प्र.अ.हरूको नियमित रूपमा संयुक्त भेला गर्ने ।
- प्र.अ. र शिक्षकहरूबीच कार्यसम्पादन करार सम्झौता पत्र तयार गरी सो अनुसार कार्य गर्ने ।
- तयार गरिएको फाराम अनुसार प्र.अ. बाट कक्षा अवलोकन गरी आवश्यक पृष्ठपोषण गर्ने ।
- आवश्यकता अनुसार कार्यविधि तथा आचारसंहिता तयार गरी कार्यान्वयन गर्ने ।
- नमुना विद्यालयका बाँकी कार्यहरू योजनाबद्ध रूपमा सम्पन्न गर्ने ।
- विद्यालय परिसरलाई पूर्ण रूपमा जङ्क फूड निषेध गरिने ।
- मासिक रूपमा विद्यालयको भित्ते पत्रिका प्रकाशन निरन्तर रूपमा गरिने ।
- विद्यालयको पुस्तकालयलाई सफ्टवेयरमा व्यवस्थित गरिने ।
- विद्यालयका असल अभ्यासहरूलाई थप व्यवस्थित गरिने ।
- प्रति कक्षा एक प्रोजेक्टर सहित प्रविधिमैत्री कक्षालाई पूर्णता दिने ।
- प्रत्येक कक्षामा सि.सि.क्यामेराको व्यवस्था गरिने ।
- रातको सुरक्षाका लागि एक चौकीदारको व्यवस्था गरिने ।
- सङ्गीत सामग्रीका साथै म्युजियम कक्ष थप व्यवस्थित गरिने ।
- शून्य बेरूजुलाई निरन्तरता प्रदान गरिने ।

## भौतिक पक्ष :

- नमूना विद्यालयको गुरू योजना अनुसारको सम्पूर्ण कार्यहरू गर्ने ।
- प्रा.वि. तहका लागि ८ कोठे पक्की भवन निर्माण गरिने ।
- जि.शि.का. बाट निर्मित भवनमा **ट्रष्ट** र कार्यक्रम हल निर्माण गरिने ।
- विद्यालयमा पक्की छात्रावास भवन निर्माण गरिने ।
- स्वर्ण बाटिका तथा पार्क निर्माण Swimming Pool सहित व्यवस्थित गरिने ।
- विज्ञान तथा कम्प्युटर प्रयोगशालालाई थप व्यवस्थित गरिने ।
- बायोग्याँस प्लान्ट सहितको क्यान्टिनको व्यवस्था गरिने ।
- पिउने पानीका लागि डिप बोरिङ्ग सहितको ट्याङ्की व्यवस्थित गरिने ।

**वर्तमान कक्षागत विद्यार्थी संख्या : (शै.स. २०७५)**

| क्र.स. | कक्षा | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नर्सरी | २४ | १८ | ४२ | |
| २ | एल.के.जी | १२ | १४ | २६ | |
| ३ | यु.के.जी | १५ | १५ | ३० | |
| ४ | एक | १७ | १९ | ३६ | |
| ५ | दुई | २६ | २० | ४६ | |
| ६ | तीन | १७ | १५ | ३२ | |
| ७ | चार | १० | २३ | ३३ | |
| ८ | पाँच | १९ | २८ | ४७ | |
| ९ | छ | ७५ | १०१ | १७६ | |
| १० | सात | ७९ | १०३ | १८२ | |
| ११ | आठ | ९० | ९२ | १८२ | |
| १२ | नौ | १२२ | ११८ | २४० | |
| १३ | दश | १०४ | ९९ | २०३ | |
| १४ | एघार | १०६ | ८९ | १९५ | |
| १५ | बाह्र | १०४ | ५३ | १५७ | |
| | **जम्मा** | **८२०** | **८०७** | **१६२७** | |

| तह | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|
| बाल विकास | ५१ | ४७ | ९८ | |
| आधारभूत तह (कक्षा १ देखि ५) | ८९ | १०५ | १९४ | |
| आधारभूत तह (कक्षा ६ देखि ८) | २४४ | २९६ | ५४० | |
| मा.वि. (कक्षा ९ र १०) | २२६ | २१७ | ४४३ | |
| मा.वि. (कक्षा ११ र १२) | २१० | १४२ | ३५२ | |
| **जम्मा** | **८२०** | **८०७** | **१६२७** | |

## नेपाल भारत मैत्री भवन :

भारतीय राजदूतावासको २,८४,००,२४२।९२ (दुई करोड चौरासी लाख दुई सय बयालिस रूपैंया बयानब्बे पैसा) अनुदान सहयोगमा ३४ कोठे भवन निर्माण समयमै सम्पन्न भएको छ । यस भवनको निर्माण प्रयोजनका निमित्त भारतीय राजदूतावासको अनुदान सहयोग गर्नुहुने राजनीतिक दलका नेतृत्व तहका व्यक्तित्वहरू, भू.पू. सैनिकका नेतृत्व तहका व्यक्तित्वहरू, आम समाजसेवी, बुद्धिजीवी, अभिभावक, शिक्षक, विद्यार्थी तथा सम्पूर्णको भूमिकाको विशेष कदर गरिन्छ । यस कार्यमा विद्यालयको भूमिकामा रही भूमिका निर्वाह गर्नुहुने पूर्व अध्यक्ष श्री घनलाल भुसाल, डिलाराम पाण्डे, सरस्वती पाठक, बलिराम सापकोटा, पूर्व प्र.अ. रामप्रसाद मरासेनी लगायत **भू.पू. सभासद तथा चौधरी ग्रुपका अध्यक्ष** (President) **विनोद चौधरी**ज्यूलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै यस भवन निर्माणका लागि अनुदान सहयोग प्राप्त गर्न गराउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण भू.पू. सैनिक, राजनैतिक व्यक्तित्व तथा अन्य महानुभावहरूमा समेत हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । निर्माण समितिको संयोजनमा रही भूमिका निर्वाह गर्नुहुने डिल्लीराम कडरिया सहित अन्य सदस्यज्यूहरू र सो भवन निर्माणको अनुगमन तथा रेखदेखमा सहयोग गर्नुहुने श्री

हिराबहादुर सुवेदीज्यूलाई समेत विशेष धन्यवाद ज्ञापन गरिन्छ ।

## नेपाल-भारत मैत्री भवन निर्माण समिति :

| क्र.स | पद | नाम/थर |
|---|---|---|
| १ | संयोजक | डिल्लीराम कडरिया |
| २ | सदस्य | कमलप्रसाद बाचे |
| ३ | सदस्य | धर्मबहादुर श्रेष्ठ |
| ४ | सदस्य | रन बहादुर बिरकट्टा |
| ५ | सदस्य | महेन्द्र श्रेष्ठ पिया |
| ६ | सदस्य | हेम बहादुर बराल |
| ७ | सदस्य | नुन प्रसाद बाचे |
| ८ | सदस्य | हिरा बहादुर सुवेदी |
| ९ | सदस्य | ओम प्रकाश सापकोटा |
| १० | सदस्य | वेल बहादुर सारू |
| ११ | सदस्य | टेकराज भुसाल |
| १२ | सदस्य | मन बहादुर लुङ्गेली |
| १३ | शिक्षक प्रतिनिधि | केशव भुसाल |
| १४ | सदस्य सचिव | नरदेव न्यौपाने |

## स्वर्ण महोत्सव २०७६ विशेष :

भीमसेन आदर्श नमुना माध्यमिक विद्यालयको बि.सं. २०२६ देखि २०७६ सम्मको ५० वर्ष यात्राको विद्यालयले विविध महत्त्वपूर्ण कार्यक्रमहरू सहित '५० औं वार्षिकोत्सव तथा स्वर्ण महोत्सव समारोह २०७६ यही मिति २०७६ पौष २४ गतेदेखि मिति २०७६ माघ १० गतेसम्म भव्यताका साथ सम्पन्न गरिरहेको छ । विभिन्न रचनात्मक कार्यक्रमहरू विशिष्ट अतिथिहरूको उपस्थितिमा सम्पन्न भइरहेको छ । यसै गरी स्वर्ण महोत्सव मूल समारोह कार्यक्रम २०७६ को समुद्घाटन सम्माननीय पूर्व प्रधानमन्त्री एवम् नेपाल कम्यूनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को प्रमुख आतिथ्यतामा सम्पन्न हुन गइरहेको छ । उक्त कार्यक्रम भव्यताका साथ सम्पन्न गर्न हामी सबैको पूर्ण दायित्व हो । यसका लागि यहाँहरू सम्पूर्णमा विद्यालयको तर्फबाट अनुरोध छ । ५० बर्षको यो यात्रामा विद्यालयको यो साखलाई उचाइसम्म पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।



# आजको भीमसेन



**चूडामणि भुसाल**
अध्यक्ष
शिक्षक अभिभावक संघ


उत्तरमा मुक्तिनाथ, दक्षिणमा त्रिवेणी, पूर्वमा मौलाकालिका, पश्चिममा दाउन्ने धार्मिक एवम् पर्यटन स्थलको संगम गण्डकी प्रदेशकै नमुना जिल्ला नवलपुर अन्तर्गत नवलपुरकै अग्ला चुचुरा देवचुली र बरचुलीको काखमा रहेको देवचुली नगरपालिका वडा नं. ७ मा अवस्थित श्री भीमसेन आदर्श नमुना माध्यमिक विद्यालयले शिक्षाको ज्योतिलाई जनस्तरमा पुऱ्याई मानवजातिमा चेतनाको स्तरमा अभिवृद्धि गर्दै सामाजिक रूपान्तरण गर्ने अभिप्रायले २०२६ सालमा स्थापित यो विद्यालय आज नेपालकै नमुना विद्यालयको रूपमा चिनिन सफल भएको जानकारी गराउन पाउँदा अत्यन्तै हर्षित भएको छु ।

एक्काइसौँ शताब्दीसम्म आइपुग्दा शिक्षा मानवजातिलाई जीवन जिउन सिकाउने कला तथा माध्यम हो । त्यसैले यस विद्यालयले पनि शिक्षाको ज्योतिलाई थप उचाइमा पुऱ्याउने उद्देश्यका साथ स्थापित यस विद्यालयको शिक्षाको किरणले वर्तमान अवस्थामा विश्वभरी आफू अब्बल विद्यालयको रूपमा परिचित भएको हामी सबैले स्वीकार गरेकै छौँ ।

स्थापनाकालदेखि हालसम्म आइपुग्दा यस विद्यालयले विभिन्न आरोह अवरोहहरू पार गर्दै नवलपुर जिल्लाकै गुणस्तरीय एवम् प्रतिस्पर्धात्मक शिक्षा प्रदान गर्दै जिम्मेवार संस्थाको रूपमा जुन समुदायसम्म आइपुग्दा स्थापित गरिसकेको छ । भने हाम्रा नानीबाबुहरूमा अन्तर्निहीत बहुआयमिक प्रतिभाको प्रस्फुटन गराउन र उनीहरूको क्षमता पहिचान गरी पठन पाठनका लागि पर्दा सामुदायिक विद्यालयबाट २०६७ को एस.एल.सी बोर्डमा नेपाल प्रथम हुन सफल भएको यस विद्यालयको कुशल व्यवस्थापनलाई प्रमाणित गरिसकेको छ । यस्ता थुप्रै उपलब्धिहरू हासिल गर्दै विद्यालयको ५० औँ वसन्त पार गर्ने क्रममा स्वर्ण महोत्सव वर्ष (२०२६-२०७६) को अवसरमा शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक एवम् सम्पूर्ण जनसमुदाय लगायत सबै पक्ष समेटी विभिन्न कार्यक्रम सञ्चालन गरी समापन समारोहको अवसरमा प्रकाशन हुन लागेको श्री भीमसेन आदर्श नमुना स्मारिका सरोकारवाला सबैको लागि महत्त्वपूर्ण दस्तावेजको रूपमा रहने विश्वास व्यक्त गर्न चाहन्छु ।

यतिमा मात्रै सीमित नरही यस विद्यालयले गर्नुपर्ने जन अपेक्षित काम र विषय धेरै हुन सक्छन् । आज यस सन्दर्भमा हाम्रा अभिभावक, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी, विद्वान् वर्गहरूबाट निरन्तर अमूल्य राय सल्लाह एवम् सुझाव सहित विद्यालय प्रति अपनत्वको अपेक्षा राख्दै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

# शुभकामना भीमसेनलाई



**डिलाराम पाण्डे**
भू.पू. वि.व्य.स. अध्यक्ष
(२०६० देखि २०७३ सम्म)

मध्य नेपालको नवलपुर जिल्लाको दुई पहाड देवचुली र वरचुलीको काखमा रहेको देवचुली न.पा. वाड नं. ७ मा रहेको यस श्री भीमसेन आदर्श नमुना माध्यमिक विद्यालय २०२६ सालमा स्थापना भई साविक देवचुली र प्रगतिनगरका आम शिक्षाप्रेमी बुद्धिजीवी अभिभावकहरूलाई संगठित गरी यस क्षेत्रमा शिक्षाको किरण छर्नुपर्दछ भनी एउटा झुपडीबाट स्थापित गरिएको संस्था विभिन्न आरोह अवरोह पार गर्दै एउटा सक्षम, सबल र दरिलो संस्था हुन पुगेको हामी सबैबीच सर्वविदितै छ । यस क्षेत्रमा शिक्षाको ज्योति बाल्नु पर्दछ भनी २०२६ सालमा १५ जना विद्यार्थी भर्ना गरी सञ्चालन गरिएको विद्यालय स्वर्ण जयन्ती समारोह मनाइरहँदा १५८४ विद्यार्थी सहित देशकै नमुना विद्यालय बनेको छ । सर्वप्रथम पूर्व अध्यक्षको नाताले संस्थालाई यहाँसम्म ल्याइपुऱ्याउन सहयोग गर्नुहुने पूर्व अध्यक्षज्यूहरू, पूर्व प्र.अ.हरू र सम्पूर्ण अग्रजहरूमा म उच्च सम्मान ब्यक्त गर्न चाहन्छु ।

अवस्य पनि शिक्षाको पृष्ठभूमि कमजोर रहेको यस साविक देवचुली गा.वि.स. मा स्थापना भई गतिशील रूपमा शिक्षाको क्षेत्रमा अगाडि बढ्नु यस विद्यालयलाई चुनौतीपूर्ण थियो । सचेत अभिभावक, लगनशील विद्यार्थी, कर्तब्यनिष्ठ शिक्षक र दूरदर्शी नेतृत्वको फलस्वरूप आज हामीले भीमसेनलाई देशकै नमुना विद्यालयको रूपमा पाएका छौं ।

यस विद्यालयलाई वि.सं. २०६०-१२-२९ साल देखि २०७३-४-२ सालसम्म लगातार ३ कार्यकाल सम्म विद्यालय व्यवस्थापन समितिको अध्यक्षको रूपमा रहेर कार्य गर्ने अवसर मलाई प्राप्त भयो । त्यतिखेर देशको राजनीतिक अवस्था अत्यन्त तरल भएको अवस्थामा विद्यालय सञ्चालन गर्नु अत्यन्त जटिल थियो । सरकारी स्तरबाट विद्यालयलाई प्रयाप्त दरबन्दी नहुनु, निजीस्रोतबाट व्यवस्थापन गरिएका शिक्षकलाई तलबमान व्यवस्थापन गर्न अभिभावकबाट सहयोग शुल्क उठाउन गाह्रो अवस्था थियो । यस्तो कठिन परिस्थितिमा पनि सामुदायिक बनहरूबाट सहयोग लिएर तथा विद्यालय कम्पाउण्डभित्रका सिसौ बिक्री गरेर पनि आन्तरिक शिक्षकहरूलाई तलबमान व्यवस्थापन गरी विद्यालयमा शैक्षिक क्रियाकलापलाई निरन्तरता दिइयो । कठिन परिस्थितिमा सबल नेतृत्व प्रदान गर्ने तत्कालीन प्र.अ. रामप्रसाद मरासेनीलाई धन्यवाद दिन चाहन्छु । निजी स्कुलको अङ्ग्रेजी शिक्षाको कारणले अभिभावक तथा विद्यार्थीको आकर्षण निजी विद्यालयहरूमा बढ्न गई सरकारी विद्यालयको अवस्था कमजोर भएको बेलामा यस विद्यालयमा नेपाली तथा अङ्ग्रेजी माध्यममा शिक्षा प्रदान गरी जिल्लामै पटक-पटक उत्कृष्ट नतिजा दिन सफल हुनु पनि कुशल व्यवस्थापनको उपज हो ।

२०६५ सालमा उच्च मा.वि. सञ्चालानार्थ धनधान्यञ्चल ज्ञान महायज्ञ सञ्चालन गर्ने कार्य

गरियो । जसमा सामाजिक एकता र सद्भाव रक्षा हुनुका साथै नगद तथा वचनदान गरी जम्मा १ करोड २५ लाखजति संकलन भयो । यस महान् कार्यमा विद्यालयलाई सहयोग गर्नुहुने अभिभावक, शिक्षाप्रेमी विद्वान् वर्ग तथा विद्यार्थीहरूमा धन्यवाद दिन चाहन्छु । संकलित रकम सावाँ जस्ताको तस्तै छ भने ब्याजबाट आन्तरिक स्रोतका शिक्षकहरूलाई तलब ब्यवस्थापन गरिदै आएको छ । ०६५ सालबाट ब्यवस्थापन तथा शिक्षा विषयमा उच्च मा.वि. सञ्चालन हुँदै आएको छ । उच्च मा.वि. पनि पटक-पटक जिल्लामा उत्कृष्ट नतिजा ल्याउन सफल भएको छ । तत्कालीन प्र.अ. रामप्रसाद मरासेनी र मेरो नेतृत्वमा रहेको टिम साथै भू.पू. भारतीय सैनिकहरूको पहलमा अब यहाँ भारतीय दुताबासबाट भवनको माग गर्ने योजना बनायौं । त्यतिबेला रामसर निवृत्त हुनुभयो । यसलाई प्र.अ. नरदेव सरले निरन्तरता दिनुभयो । फलस्वरूप वि.सं. २०६७ सालमा भारतीय दुताबासबाट ३४ कोठे भवन पार्न सफल भयौं । हाल उक्त भवन निर्माण भइ विद्यार्थीहरू सुविधा सम्पन्न भवनमा बसेर अध्ययन कार्य गरिरहेका छन् ।

वर्तमान व्यवस्थापन समिति अध्यक्ष सत्यनारायण भुसाल र प्र.अ. नरदेव न्यौपाने कुशल व्यवस्थापक र कुशल प्रसाशक हुनुहुन्छ । विद्यालयलाई सफल विद्यालयको रूपमा रूपान्तरण गर्नका निम्ति अहोरात्र खटिरहनु भएको छ । यहाँका शिक्षक शिक्षिकाहरू, यहाँको व्यवस्थापन तथा शिक्षक अभिभावकको टिम यो विद्यालयलाई साँच्चै नमुना बनाउन लागि पर्नु भएको छ । धेरै हदसम्म सफलता प्राप्त गरिरहनु भएको छ ।

हाल आएर वि.सं. २०७५ सालमा यहाँका आम अभिभावक, बौद्धिक वर्ग लगायत सम्पूर्ण देवचुलीबासीको सक्रियतामा यस ठाउँमा कलेजको अवधारणा ल्याएका छौं । भीमसेन आदर्श बहुमुखी कलेज नामाकरण गरी ७५ सदस्यीय एउटा तदर्थ समिति बनाइ प्रकृया अगाडि बढाइराखेका छौं। नेपाल सरकारबाट सम्बन्धन ल्याउने प्रकृयामा छौं, यो कलेजको पनि नेतृत्व गर्ने अवसर मलाई मिलेको छ । म सबै प्रति आभार व्यक्त गर्न चाहन्छु ।


अहिले आएर शैक्षिक गतिबिधिलाई हेर्ने हो भने पनि विद्यालय सामुदायिक विद्यालय तर्फ सर्वोत्कृष्ट हुनुका साथै पटक-पटक जिल्लामा प्रथम भइरहेको छ । विद्यालयलाई यो स्थानमा ल्याउन सहयोग पुऱ्याउनु हुने सबैलाई हृदयदेखि नै उच्च सम्मान व्यक्त गर्दै सम्फन चाहन्छु ।

अन्त्यमा विद्यालयलाई आजको दिनसम्म पुऱ्याउन सहयोग गर्नुहुने सबैमा मेरो तर्फबाट हार्दिक धन्यवाद सहित भीमसेन नमुना मा.वि.को उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु।

धन्यवाद

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्या-
लयले आफ्नो स्थापनाको ५० औं
वसन्त पार गरी स्वर्ण महोत्सव
मनाइरहेको सुखद अवसरमा
विद्यालयको उत्तरोत्तर प्रगतिको
कामना सहित
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रेम भट्ट
प्रोप्राइटर
रमा मोबाइल सेन्टर
देवचुली-१३, दलदले, नवलपुर

# मेरो सम्झनामा भीमसेन



**घनलाल भुसाल**
पूर्व वि.व्य.स. अध्यक्ष-
(०५४-०६०)

नवलपुर जिल्ला देवचुली न.पा वार्ड नं-७ मा रहेको यस श्री भीमसेन आदर्श नमुना मा. वि को स्थापना वि.सं. २०२६ सालमा भएको हो । स्थापना कालदेखि नै विभिन्न आरोह अवरोह पार गर्दै आइरहेको यस विद्यालय देवचुली र वरचुली पहाडको काखमा रहेर आकाशमा शुक्रतारा चम्कीरहे जस्तै चम्किरहेको छ। सर्वप्रथम त विद्यालयलाई यहाँसम्म ल्याइपुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद दिन चाहन्छु र अग्रजहरूमा सम्मान प्रकट गर्नण चाहन्छु । मलाई पनि यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भइ ०५४ सालदेखि ०६० सालसम्म कार्य गर्ने अवसर प्राप्त भयो । मा.वि. सञ्चालनार्थ पनि बोलचन्दा संकलन कार्यमा सक्रिय भएर कार्य गर्ने अवसर प्राप्त भयो । विद्यालयलाई आर्थिक रूपमा सहयोग गर्नु हुने सबैमा धन्यवाद दिन चाहन्छु ।

विद्यालयमा मा.वि. सञ्चालन गर्नु पर्दछ भन्ने अभियानमा काम गर्ने अवसर प्राप्त भयो भने क्षेत्रीय शिक्षा निर्देशनालयबाट मा.वि. सञ्चालन अनुमति ल्याउने काम गरियो । ०५४-०६० सम्म व्यवस्थापन समितिको अध्यक्ष रहँदा घरघरमा गइ अभिभावकसँग सम्पर्क गरेर शिक्षाको महत्त्वको विषयमा सचेतना जगाउँदै अभिभावकसँग सल्लाह गरी विद्यालयमा अङ्ग्रेजी माध्यममा पनि पढाइ शुरू गरियो । निजी विद्यालयमा धेरै शुल्क तिर्नुपर्ने बाध्यतामा पर्नुभएका अभिभावकहरूलाई कम शुल्कमा गुणस्तरीय अङ्ग्रेजी शिक्षाको शुरूवात् मेरो कार्यकालमा भयो । विद्यालयमा विद्यार्थीको पढाइलाई सर्वोपरी मान्दै जिल्लामा उत्कृष्ठ विद्यालयको रूपमा स्थापित गर्नु पर्दछ भनी अभिभावकसँग परामर्श गरी छात्रावासको सुरूवात् गरियो । तत्कालीन प्र.अ. रामप्रसाद मरासेनी विद्यालयमा विद्यार्थी रेखदेख गर्दै पठन-पाठन क्रियाकलाप सञ्चालन गरेर बस्नुभयो । कर्तव्यनिष्ठ शिक्षक, रामप्रसाद मरासेनीको दुरदर्शी नेतृत्त्व र विद्यालय व्यवस्थापन समितिको कुशल व्यवस्थापनको फलस्वरूप विद्यालय जिल्लाको उत्कृष्ठ विद्यालयको रूपमा स्थापित हुँदै गयो । तत्कालीन प्र.अ. रामसर लगायत सबैमा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

साविक देवचुली नि.मा.वि. हाल यस विद्यालयमा मर्ज भएको छ । परिवर्तित समयको माग अनुरूप मर्ज भयो । साविक देवचुली गा.वि.स को सेन्टर प्लटमा प्रा.वि.को रूपमा विद्यालय स्थापना गरियो । स्थापना कालमा म उपाध्यक्ष पदमा थिएँ । म लगायत साथीहरू रामप्रसाद शर्मा, हेमराज गुरूङ, अनिरूद्र भुसाल, कृष्णप्रसाद अर्याल, रूद्रप्रसाद रिजाल, मोतिलाल तिवारी, केशव अर्याल, कुमार राना, सुक ब. गुरूङ, सर ब. वाचे लगायतलाई सार्वजनिक मुद्दा पऱ्यो । मुद्दा संघर्षका साथ लडियो । सर्वोच्चबाट जनताको पक्षमा फैसला भयो , जनताको जित भयो । सेन्टर

प्लट जहाँ क्याम्पस स्थापना हुने क्रममा छ भने सामाजिक संरचनाहरू बनिरहेका छन् । सहयोग गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु ।

भीमसेनको फिडर विद्यालय मनकामना प्रा.वि. स्थापना गरी संस्थापक अध्यक्ष भई १६ वर्ष कार्य गर्ने अवसर मलाई प्राप्त भयो भने बोर्डिङ स्कुलका बच्चाले सरह अङ्ग्रेजी माध्यमको नर्सरी देखि ५ कक्षासम्म कम शुल्कमा आर्थिक स्तर कमजोर भएका अभिभावकका बालबच्चाले शिक्षाको ज्योति प्राप्त गर्ने अवसर प्राप्त गरे भने भीमसेन मा.वि.ले कक्षा ६ मा जेहेन्दार विद्यार्थी प्राप्त गऱ्यो। २०६५ सालको धनधान्याञ्चल महायज्ञ सञ्चालन कार्य गर्ने अवसर प्राप्त भयो । लगभग १ करोड २५ लाख रकम सङ्कलन भयो । फलस्वरूप उच्च तथा सबै सहयोगी मनहरूलाई आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु । भीमसेनको शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि निरन्तर नजिक रहन चाहन्छु । वर्तमान प्र.अ. नरदेव न्यौपाने र विद्यालय व्यवस्थापन समिति अध्यक्ष सत्यनारायण भुसालललाई धन्यवाद दिन चाहन्छु । शैक्षणिक क्रियाकलापलाई निरन्तरता दिँदै विद्यालयको साख र गरिमालाई अझ उत्कृष्ट बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहनु भएको छ ।

अन्त्यमा, स्थापना कालदेखि स्वर्ण महोत्सव समारोहसम्म आइपुग्दा सहयोग गर्नुहुने सबैमा कृतज्ञता प्रकट गर्दै सम्मानका साथ धन्यवाद व्यक्त गर्दछु र स्वर्ण महोत्सव समारोह साथै भीमसेन मा.वि. नेपालको सर्वोत्कृष्ट शिक्षालय बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरो त्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जनवस्ती सामुदायिक वन उपभोक्ता समूह**
**देवचुली, नवलपुर**

# सिकाइका लागि अभिभावक, शिक्षक र विद्यार्थीको सम्बन्ध



**बलिराम सापकोटा**
पूर्व शि.अ.संघ. अध्यक्ष

यो संसारमा मानव विवेकशील प्राणी मध्ये पर्दछ । जसले जन्म लिइसकेपछि बाँचुञ्जेलसम्म केही न केही ज्ञान हासिल गरेकै हुन्छ, जसलाई शिक्षा भनिन्छ । विद्यालय तथा शिक्षक बिना लिइने ज्ञान अनौपचारिक शिक्षा हो भने विद्यालय गई शिक्षकको निगरानी, माया, ममताका साथ किताबको दायरामा रहेर तहगत रूपले सिक्ने सिकाउने ज्ञान औपचारिक शिक्षा भित्र पर्छ ।

आमाको कोखबाट जब बच्चाले जन्म लिन्छ त्यस बच्चाको लगभग ३ देखि ४ वर्षको उमेरसम्म ऊ आफैं घरमा आमा, बाबा, दाजु दिदीसँग रहँदै गर्दा धेरै कुरा सिक्दछ । उसले विशेष गरी आमाबाट धेरै माया ममता साथमा खाने, पिउने, खेल्ने, बस्ने साथै तोते बोली बोल्दै आमाले गरिरहेको दिनचर्या कामहरू हेरी राखेको हुन्छ र उस्तै-उस्तै गर्नका लागि हात खुट्टा चलाउँदै ऊ हुर्किदै जान्छ । त्यसैले पनि विद्यार्थीको पहिलो स्कुल घर र पहिलो शिक्षक आमा बाबा हुन् भनेर भनिन्छ यति बेलासम्म यसले अनौपचारिक शिक्षा लिइरहेको हुन्छ । त्यसपश्चात् उसलाई जब कुनै विद्यालय पठाइन्छ, अनि बल्ल उसको औपचारिक शिक्षा सुरू हुन्छ, जहाँ उसले धेरै साथीहरूको बीचमा रहेर रमाउँदै विद्यालयको सम्पूर्ण गतिविधिमा समावेश भएर शिक्षकको मायासँगै सुमधुर बोलीबाट पाठ्यक्रम अनुसार तहगत तरिकाले सिकाइ सुरू हुन्छ र भविष्यमा तिनै विद्यार्थी, डाक्टर, इन्जिनियर, पाइलट, वैज्ञानिक, समाजसेवी अथवा समाजको लागि असल व्यक्ति बन्नका लागि मुख्य तीनवटा पक्ष सक्षम र सचेत हुन पर्ने देखिन्छ । जस्तै-शिक्षक, अभिभावक, विद्यार्थी ।

अभिभावकले आफ्नो दैनिक जीवनयापनमा बच्चाहरूसँग खानपानदेखि लिएर अन्य राम्रा काम असल व्यवहारका कार्यहरूमा ध्यान दिँदै असल र राम्रा विषयहरूमा बच्चाहरूलाई पनि सहभागिता गराउने र त्यस्ता नराम्रा र विसङ्गतिका बारेमा जानकारी गराउँदै त्यस्ता गतिविधिमा नलाग्न प्रेरित गर्दै लानु पर्छ र घर गाउँ समाजमा हुने सम्पूर्ण कार्यहरूमा पनि सहभागिता गराउने गरियो भने बच्चा व्यवहारिक र जिम्मेवार हुन सक्छ । त्यस्तै विद्यार्थी पनि म विद्यार्थी हो मेरो पहिलो काम पढ्ने हो भनि त्यसैलाई पहिलो प्राथमिकतामा राख्दै विकृति विसङ्गतिहरूबाट टाढै बस्ने र अरूलाई पनि यस्ता गतिविधि नगर्ने भन्दै राम्रो कामको अनुशरण गर्दै अनुशासित तरिकाले भविष्य सम्झेर पढाइलाई निरन्तरता दिने र शिक्षकबाट पनि विद्यार्थीलाई पढाउँदा उसको उमेर, स्तर तथा व्यक्तिगत भिन्नतामा ध्यान पुऱ्याउँदै पठनपाठनलाई अगाडि बढाउन, विकृति र विसङ्गतिको विकराल अवस्थामा बच्चाको भविष्य निर्माण गर्ने विषयमा विद्यार्थीलाई डर धम्की, पिटाइ, त्रास, गाली, दण्ड सजाय दिनुको सट्टा माया, स्याबासी, पुरस्कार र सकरात्मक सोचाइका साथ दैनिक सिकाइ प्रक्रिया गर्न सकेमा विद्यार्थीले असल र राम्रो बाटोतर्फ अग्रसर हुने गर्दछ यसरी शिक्षक एक विद्यार्थीका लागि भविष्य निर्माणकर्ता, मार्ग निर्देशक, पथप्रर्दशक पनि हो भने यस कुरामा अभिभावकको पनि उत्तिकै भूमिकामा रहेको हुनपर्दछ तब बल्ल विद्यार्थीले सफलता हासिल गर्न सक्छ ।

# शिक्षकको पेसागत विकास, वर्तमान अभ्यास, चुनौती र समाधान



**अग्निधर भुसाल**
सहायक प्रधानाध्यापक

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भन्ने कुरा नेपालको संविधान २०७२ मा शिक्षा सम्बन्धीको मौलिक हकमा व्यवस्था गरिएको छ । सर्वसुलभ र गुणस्तरीय शिक्षा प्रत्येक नागरिकको नैसर्गिक अधिकारभित्र पर्छ । यसको सुनिश्चितता गर्ने दायित्व सरकारको हुन्छ। गुणस्तरीय शिक्षाको सन्दर्भमा शिक्षकको भूमिका अहम् हुने गर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, सक्षम, शैक्षणिक कलाकौशलताले निपूण हुनु जरूरी हुन्छ। शिक्षक आफ्ना विद्यार्थीहरूमा हुने विविधता अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सक्षम हुनुपर्छ । यसका लागि विभिन्न उपाय अवलम्बन गरिँदै आएको छ । शिक्षकलाई योग्य सक्षम र सुयोग्य बनाउनका लागि योग्यतामा आधारित पूर्व सेवाकालीन शिक्षक शिक्षा अनुभव तथा सिकाइ आवश्यकतामा आधारित सेवाकालीन तालिम, अनुसन्धानमा आधारित शिक्षण सिकाइ अवसर, सूचना सञ्चार तथा प्रविधिमा आधारित अन्य वैकल्पिक कार्यक्रम आदि सञ्चालन हुँदै आएका छन् । यी सबैलाई शिक्षकको पेशागत क्षमता विकासका रूपमा लिने गरिन्छ । नेपालमा शिक्षकको पेशागत विकास कार्यक्रम वि.सं. २०२८ को नयाँ शिक्षा योजनाको कार्यान्वयनदेखि नै निरन्तर रूपमा सञ्चालन गरिदै आइएको छ, औपचारिक अनौपचारिक, पूर्ण सेवालाई सेवाकालीन, खुला तथा दूर सिकाइमा आधारित सक्षमतामा आधारित ८, ८ योग्यता वृद्धि सम्बन्धी कार्यक्रमहरू मार्फत शिक्षकको पेशागत विकास कार्यक्रम सञ्चालन हुँदै आएका छन् । हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि यसलाई महत्त्वका साथ अनुसरण गरी पेशागत विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

नेपाल सरकाले शिक्षकको पेशागत विकासलाई महत्त्वका साथ कार्यान्वयन गर्दै आएको भएतापनि यो गुणस्तरीय प्रभावकारी र फलदायी भइरहेको छैन । तालिम प्राप्त शिक्षकहरूबाट पनि समग्र शिक्षाको गुणस्तर चाहेजति वा अपेक्षा गरे जति हुन सकिरहेको छैन, यस परिवेशमा शिक्षकको पेशागत विकासको कार्यक्रममा नै प्रश्न चिन्ह खडा भएको छ । निरन्तरता दिने कि नदिने ? पेशागत विकासमा लगानी गरिरहनुको के औचित्य छ ? लगानी किन खेर फाल्ने ? पाठ्यक्रमको सफल कार्यान्वयनका लागि हालको शिक्षकको पेशागत विकास कार्यक्रमलाई कसरी व्यवस्थित गर्ने ? जस्ता प्रश्नहरू हाम्रा सामु अनुत्तरित रहेका छन् ।


### शिक्षकको पेशागत विकासको सैद्धान्तिक पक्षः

शिक्षकलाई शिक्षण सिकाइ कार्यमा विकास गरी सक्षम तथा दक्ष बनाइ कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने कार्य नै शिक्षकको पेशागत विकास हो (Grossman

1994) । शिक्षण कलाकौशलताको विकास योग्यता अभिवृद्धि र विकसित सक्षमताको प्रभावकारी प्रयोग गरी शिक्षण तथा सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने कार्य हो । शिक्षकको पेशागत विकास मार्फत सिकाइमा सुधार गर्न केही विशिष्ट कार्यहरू सम्पादन गर्नुपर्छ। शिक्षणले शिक्षण सिकाइमा सुधार गर्ने योजना तयार गरी कार्यान्वयनमा जानुपर्छ।

शिक्षकको निरन्तर पेशागत विकासको आफ्नै औचित्य रहेको छ । समाज परिवर्तन भए अनुसार शैक्षिक क्रियाकलापहरू परिवर्तन हुने गर्छन् । शैक्षिक परिवर्तन अनुसारको शिक्षण सिकाइका लागि शिक्षाको पेशागत विकास निरन्तर रूपमा हुन जरूरी हुन्छ। शिक्षण सिकाइको विधि तथा प्रक्रियालाई स्तरीकरण गर्नु अत्यावश्यक हुन्छ। यसका लागि शिक्षकमा नयाँ-नयाँ शैक्षणिक ज्ञान तथा सीप अत्यावश्यक पर्छ (Day, and sachs, 2004) । आधुनिक समाज तथा ज्ञानमा आधारित समाजको आवश्यकता अनुसार शिक्षण सिकाइका लागि नयाँ-नयाँ ज्ञान तथा सीपको अभ्यास जरूरी छ । त्यस्तो ज्ञान र सीप पेशागत विकास मार्फत नै सम्भव हुन्छ । (Goodson and Hargreves, 2002) । शिक्षा तथा शिक्षक स्वयं सामाजिक परिवर्तनको संवाहकका रूपमा रहन्छन् । यसका लागि पनि शिक्षक योग्य, दक्ष, सक्षम र प्रभावी हुनुपर्छ (Sikes, 2013) । शैक्षिक व्यवस्थापनलाई बढी जिम्मेवारी बनाइ शैक्षिक परिवर्तनको अभिष्ट पूरा गर्नका लागि पनि पेशागत विकास जरूरी हुन्छ। (Dellon, 2000) । त्यसै गरी शिक्षण सिकाइ क्रियाकलाप तथा शैक्षिक व्यवस्थापनलाई बढी प्रवर्तनात्मक तथा खोजमुखी बनाइ शिक्षालाई समसामयिक बनाउन निरन्तर रूपमा शिक्षकको पेशागत विकास गर्नुपर्छ (Fullan, & Hargreaves, 2013) ।

पेशागत विकासका सन्दर्भमा विगतको



अनुभवबाट अरू पनि सिक्न सकिएको छैन । विगतको सिकाइका आधारमा शिक्षकको पेशागत विकास कार्यक्रमलाई स्तरीकृत भएको छैन । शिक्षकको पेशागत तालिम निरन्तर सञ्चालन भइरहने तर विद्यार्थीको सिकाइ उपलब्धिमा चाहिँ सकारात्मक परिवर्तन नहुने अवस्थाले निरन्तरता पाइरहेको छ । शिक्षकको तालिम आपूर्ति गर्ने प्रणाली निरन्तर चलिरहेको छ । शिक्षकको पेशागत विकासमा विविधता पनि आउन सकेको छैन । सरकारले प्रदान गर्ने शिक्षक तालिम नै प्रमुख बन्दै आएको छ । कार्यमूलक अनुसन्धानमा आधारित शिक्षण सिकाइ, पाठ्यक्रम तथा पाठ्यवस्तु विकास, शैक्षिक सामग्री विकास र प्रयोग, विद्यार्थी मूल्याङ्कन जस्ता विषयमा आवश्यक दक्षता विकास केन्द्रित शिक्षक तालिम सञ्चालन हुनसकेका छैनन् । शिक्षक समुदायहरू बीच निरन्तर पेशागत छलफलको अभ्यास गर्ने वातावरण सिर्जना भएको छैन । शिक्षकले स्वअध्ययन तथा विद्युतीय पाठ्यक्रममा आधारित (Online Course) विकास कार्यक्रममा सहभागी हुने पर्याप्त अवसर प्राप्त गर्न सकेका छैनन् ।

## सुधारको पाटो

१. शैक्षिक परिवर्तन र शिक्षकको पेशागत विकास समानान्तर रूपमा लैजानु अत्यावश्यक छ । शिक्षक तयारी विनाको शैक्षिक परिवर्तन गर्ने अभ्यास तत्काल बन्द गर्नुपर्छ । हालसम्म हुँदै आएका पेशागत विकासका अभ्यासमा तत्काल परिमार्जन अत्यावश्यक छ ।

२. शैक्षिक परिवर्तनमा (पाठ्यक्रम तथा पाठ्पुस्तक विकास) शिक्षकको भूमिका वृद्धि गरी परिवर्तनका लागि उनीहरूलाई नै बढी जिम्मेवार बनाउनु जरूरी छ ।

३. शिक्षकले चाहेको, शिक्षक स्वयंले नेतृत्व गर्ने गरी शिक्षकको पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने पद्धति स्थापित हुनुपर्छ ।

४. शिक्षकलाई शैक्षिक परिवर्तनको योजना तयार गर्न, पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न, शिक्षण सिकाइ सामग्री विकास गर्न, कार्यमूलक अनुसन्धानमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न, सूचना सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलाप व्यवस्थित गर्न अत्यावश्यक ज्ञान तथा सीप प्राप्त हुने गरी शिक्षकको पेशागत विकास कार्यक्रमलाई व्यवस्थित गर्नुपर्छ ।

५. परम्परागत शैलीको हालको शिक्षक तालिमको सट्टा वैकल्पिक विधिहरू उपयोग गर्ने गरी पेशागत विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ । स्वअध्ययनमा आधारित, निरन्तर पेशागत छलफल तथा अन्तरक्रियामा आधारित, अनुसन्धानमा आधारित, सूचना सञ्चार तथा प्रविधिमा आधारित अनलाइन कोर्सहरूको व्यवस्था गरी पेशागत विकास गर्ने र हुने अवस्था सिर्जना गर्नुपर्छ ।

६. शिक्षकको पेशागत विकासले मात्र गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित गर्दैन । विकसित सीप तथा दक्षताको सही सदुपयोग हुने वातावरण सिर्जना गर्नु पनि अत्यावश्यक छ । यसको लागि कक्षाकोठामा आधारित शिक्षण सहयोग पद्धति विकास गरी कार्यान्वयनमा ल्याउनुपर्छ ।

७. हाम्रा विद्यालय तथा कक्षाकोठा आधुनिक शिक्षणका लागि उपयुक्त छैनन् । तिनमा पर्याप्त शैक्षिक सामग्रीको व्यवस्था र शिक्षकले चाहे अनुसारको शिक्षण सिकाइका लागि आवश्यक पर्याप्त बजेट व्यवस्था हुन जरूरी छ । यसका लागि विद्यालय व्यवस्थापन तयार हुनुपर्छ ।

८. शिक्षकले चाहेमा गर्न सक्छन् । उनीहरूलाई

उत्प्रेरणा र प्रवर्तनात्मक अनुदानको व्यवस्था आवश्यक छ । निरन्तर अनुमगन तथा सहयोग पनि जरूरी छ ।

**निचोड**

प्रत्येक शिक्षकको मनमष्तिष्कबाट नै शैक्षिक परिवर्तनको अभ्यास शुरू हुनुपर्छ । निरन्तर परिवर्तित सोच तथा अभ्यासले मात्र शैक्षिक परिवर्तन सम्भव हुन्छ। व्यक्तिगत शिक्षक तथा विद्यालयको आवश्यकतामा आधारित भई पेशागत विकास गर्न सकेमा मात्र विकसित दक्षताको सही सदुपयोग हुन्छ । कार्य थलोमा आधारित पेशागत विकासबाट नै शैक्षिक सुधार सम्भव छ । सिकाइको तय गरिनुपर्छ। यसमा विविधता दिनुपर्छ । हालको जस्तो तालिम केन्द्रमा आधारित पेशागत विकास कार्यले अब काम गर्दैन । यसमा सुधार अत्यावश्यक छ ।

कक्षाकोठामा आधारित कार्यमूलक अनुसन्धानलाई पेशागत विकासको प्रमुख आधारका रूपमा विकसित गरिनुपर्छ । शिक्षकहरू बीचको सहकार्य, समन्वय र साझेदारीमा आधारित पेशागत विकास गर्ने अवस्था सिर्जना हुन अत्यावश्यक छ । विद्यालयलाई सिकाइ थलोका रूपमा विकास गर्ने गरी सिकाइ कार्य संस्कार विकास हुनुपर्छ। विद्यालयको नेतृत्वले शैक्षणिक नेतृत्व प्रदान गर्न सक्नुपर्छ । पाठ्यक्रम परिवर्तनको एजेण्डा शिक्षकको हो भन्ने कुरालाई आत्मसात् गरी परिवर्तनका कार्यहरू अग्रसरित गर्नुपर्छ । परिवर्तनका लागि आवश्यक शैक्षणिक दक्षता र सीप पहिचान गरी शिक्षकको पेशागत विकासलाई निरन्तरता दिनु अत्यावश्यक छ । यसतर्फ शिक्षाको राजनीतिक, शैक्षिक नेतृत्व स्पष्ट हुन जरूरी छ । अन्यथा आजकै जस्तो शिक्षकको पेशागत विकासबाट गुणस्तरीय शिक्षा सुनिश्चित हुनसक्ने देखिंदैन ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**वेदान्त प्रकाशन प्रा.लि.**
काठमाण्डौ

# साबिक देवचुली आधारभूत विद्यालयको स्थापना कालदेखि भीमसेन आदर्श मा.वि.सँग एकिकरण हुँदासम्मको ऐतिहासिक विवरण सहितको एक झलकः-



**दौलकान्त अर्याल**
शाखा प्रमुख श्री भीमसेन आ. मा. वि.
(प्रा.वि. ब्लक)

परिचयः-

प्राकृतिक स्रोत - साधन एवम् धार्मिक र सांस्कृतिक सम्पदाले धनी, सुन्दर र रमणीय गण्डकी प्रदेशको दक्षिणी नाकाको रूपमा रहेको नवलपुर जिल्ला अन्तर्गत नेपाल अधिराज्यकै करिब मध्यभागमा अवस्थित देवचुली नगरपालिका जसको दक्षिण तर्फ चितवन राष्ट्रिय निकुञ्ज र पवित्र नारायणी नदीको मनमोहक दृश्य छ भने केही माथिबाट सम्पूर्ण नेपालीहरूलाई एक आपसमा जोड्ने नेपालकै प्रमुख सडक पूर्व पश्चिम महेन्द्र राजमार्ग रहेको छ । उक्त राजमार्गमा समाहित दलदले बजारबाट करिब ४ कि. मि. उत्तरतर्फ देवचुली र वरचुलीको काखमा अवस्थित साबिकको देवचुली आधारभूत विद्यालय हाल भीमसेन आदर्श मा.वि. को शाखा विद्यालयको रूपमा देवचुली नगरपालिका वार्ड न. ७ रामबासमा रहेको छ ।

**ऐतिहासिक पृष्ठभूमि सहित विद्यालय एकिकरण हुँदासम्मको संक्षिप्त विवरण :-**

शिक्षा ज्ञानको ज्योति हो। शिक्षा बिना सुन्दर र समुन्नत समाजको परिकल्पना गर्न सकिंदैन । समाज रूपान्तरणको एक महत्त्वपूर्ण आधारस्तम्भको रूपमा रहेको शिक्षालाई आम जनसमुदायका बालबालिकाहरूको सहज पहुँचमा पुऱ्याउनु पर्दछ भन्ने मान्यतालाई आत्मसात् गर्दै तत्कालीन देवचुली गाउँ पञ्चायत वडा नं ६ का वडाध्यक्ष श्री चोक बहादुर परियारको सक्रियता र वडा नं ७ र ८ का वडा अध्यक्षहरू क्रमशः स्व. श्यामलाल फेवाली र स्व. इन्द्रमणि काफ्लेको पूर्ण सहयोगमा सम्बन्धित वडाका अभिभावकहरूको भेला जुटाइ यस क्षेत्रमा विद्यालयको आवश्यकताका बारेमा व्यापक छलफल पश्चात् विद्यालय खोल्न उपयुक्त रहेको निष्कर्ष सहित स्थानीय अभिभावकहरूबाट टहरो निर्माणका लागि आवश्यक सामग्री जुटाइ साबिक देवचुली गाउँ पञ्चायत वडा नं ६ मा रहेको सेन्टरप्लटको उत्तरतर्फ हाल कालिका मन्दिर रहेको ठाउँमा टहरो निर्माण गरी स्थानीय शिक्षाप्रेमी व्यक्तित्व श्री देवीराम भुसाललाई शिक्षकको रूपमा नियुक्त गरी कक्षा सञ्चालन गर्ने जिम्मेवारी दिई वि.सं. २०४२ साल चैत्र २७ गते देवचुली प्रा.वि. नामाकरण गर्दै यस विद्यालयको स्थापना भएको कुरा यस क्षेत्रका अग्रज व्यक्तित्वहरूको भनाइ र विद्यालयको रजत जयन्तीको अवसरमा प्रकाशित स्मारिकामा उल्लेख भएको पाइन्छ ।

यस क्षेत्रको आवश्यकताका आधारमा स्थानीय स्तरबाट विद्यालय स्थापना गरी सञ्चालन गर्ने कुरा आफैँमा प्रशंसनीय पक्ष भएता पनि यसलाई व्यवस्थित गर्दै निरन्तरता दिने कुरा कठिनाइपूर्ण रहेको पाइन्छ । यस विद्यालयको सञ्चालन प्रक्रिया पनि शैक्षिक सत्र २०४३/०४४ देखि शैक्षिक सत्र २०४८/०४९ सम्म स्थानीय स्तरबाटै सञ्चालन गर्नुपर्दा निकै कठिनाइपूर्ण र अव्यवस्थित रूपबाट

गुज्रिएको पाइन्छ ।

वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पश्चात् विशेष गरी २०४९ को स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू, यस क्षेत्रमा सक्रिय राजनीतिक दलका स्थानीय स्तरका नेताहरू र अन्य शिक्षाप्रेमी एवम् समाजसेवी व्यक्तिहरूको संयुक्त पहल र प्रयासमा विद्यालयलाई दीर्घकालीन रूपमै स्थायित्व दिदैँ व्यवस्थित गर्नुपर्ने निष्कर्षका साथ सेन्टरप्लटको दक्षिणतर्फ हाल भीमसेन आदर्श मा.वि.को प्रा.वि. शाखा विद्यालय रहेको ठाउँमा स्थानान्तरण गरी एउटा टहरो निमार्ण गर्ने योजना बन्यो । उक्त टहरो निमार्णका लागि आवश्यक पर्ने सामग्रीहरू देवचुली, गा. वि. स. का ९ वटै वडाका अभिभावकहरूबाट जुटाइ स्थानीय जनश्रमदान मै टहरो निमार्ण गरी वि.सं. २०४९ पौष १ गतेबाट स्थानीय स्रोतमै शिक्षकको व्यवस्था गरी पूर्व प्रा.वि. कक्षा सञ्चालन गरियो । शैक्षिक सत्र २०५०/०५१ देखि शैक्षिक सत्र २०५३/०५४ सम्म भीमसेन आर्दश मा. वि. को शाखाको रूपमा कक्षा १ मात्र सञ्चालन गर्दै आइरहेको अवस्थामा जि. शि. का. नवलपरासीको मिति २०५४/३/२२ को निर्णय अनुसार यस विद्यालयले कक्षा १ सञ्चालनको अनुमति प्राप्त गऱ्यो । क्रमिक रूपले कक्षा सञ्चालनको अनुमति र स्वीकृतिको प्रक्रियाहरूलाई अगाडि बढाउँदै अघि बढ्ने क्रममा भीमसेन आदर्श मा.वि.ले त्यस विद्यालयमा सञ्चालित प्रा.वि. तहलाई यस विद्यालयमा स्थानान्तरण गर्ने निर्णय गरी शैक्षिक सत्र २०५५/०५६ देखि शैक्षिक ०६१ सम्ममा क्रमशः कक्षा १ देखि कक्षा ५ सम्म कक्षा कटौती सहित दरबन्दी पनि यसै विद्यालयमा पठाइ विद्यालयको शैक्षिक, भौतिक, सामाजिक, सहित प्रशासनिक पक्षलाई सुदृढ र मजबुद गराउने कार्य भयो ।

भौगोलिक हिसाबले पनि साबिक देवचुली गा. वि. स. को करिब मध्य भागमा रहेको र घनाबस्ती सहित फराकिलो सेवा क्षेत्र समेटेको हुँदा विद्यार्थीहरूको अधिक चाप पर्न गयो । फलस्वरूप स्थानीय आवश्यकता र अभिभावक एवम् विद्यार्थीहरूको माग अनुसार निम्न माध्यमिक विद्यालय तहका कक्षाहरू सञ्चालनका लागि समेत आवश्यक प्रक्रिया पूरा गर्दै शैक्षिक सत्र २०६४, २०६५ र २०६६ मा क्रमशः ६, ७ र ८ कक्षा सञ्चालनको अनुमति लिई नि.मा.वि. तहमा बढोत्तरी गर्दै आफूलाई यस क्षेत्रमा स्थापित गर्न सफल भयो । अङ्ग्रेजी माध्यमतर्फ अभिभावक एवम् विद्यार्थीहरूको आकर्षण बढ्दै गएका कारण सामुदायिक विद्यालयतर्फ विद्यार्थीहरूको भर्नादर घट्दो क्रममा हुन थालेपछि समयको माग र अभिभावकहरूको चाहनालाई सम्बोधन गर्न वि.सं. २०६६ सालबाट कक्षा १ देखि अङ्ग्रेजी माध्यम सञ्चालन गर्दै क्रमशः अगाडि बढिरहेको अवस्थामा शैक्षिक सत्र २०७५ सम्म कक्षा नर्सरीदेखि कक्षा ८ सम्म अङ्ग्रेजी माध्यम र कक्षा ६ र ७ मा नेपाली माध्यममा समेत कक्षा सञ्चालन गरी

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
विष्णुप्रसाद न्यौपाने
प्रधानाध्यापक एवम्
सरस्वती नमुना मा.वि. परिवार
कावासोती–४, हसौरा

४५० जना विद्यार्थी र १८ जना शिक्षक कर्मचारी मौजुदा रहदै गरेको अवस्थामा नेपाल सरकारले 'विद्यालय क्षेत्र विकास कार्यक्रम' मार्फत नमुना विद्यालयको अवधारणलाई अगाडि ल्यायो र उक्त प्रयोजनका निमित्त भीमसेन आदर्श मा.वि. देवचुली न. पा. ७ रामबासले पनि आवश्यक विवरण र प्रक्रिया पूरा गरी नमुना विद्यालय छनौटका लागि आवेदन दर्ता गऱ्यो तर नमुना विद्यालय छनौटका आधारहरू मध्ये विद्यालय नर्सरीदेखि कक्षा १२ सम्म सञ्चालन हुनुपर्ने रहेको र भीमसेन आदर्श मा. वि. मा कक्षा ६ देखि १२ सम्म मात्र कक्षा सञ्चालन भएको हुँदा नमुना विद्यालय छनौट हुने अवसरबाट पहिलो वर्ष बञ्चित हुन पऱ्यो । तत्पश्चात् भीमसेन आदर्श मा. वि. ले आफूलाई नमुना विद्यालयको अनुमति प्राप्त गराइ छाड्ने संकल्प गर्दै कक्षा नर्सरीदेखि नै विद्यालय सञ्चालन गर्ने योजना अगाडि साऱ्यो । नर्सरी देखि कक्षा सञ्चालनका लागि भीमसेन आ.मा. वि. सँग २ वटा विकल्पहरू थिए आफैं नर्सरीबाट कक्षा शुरू गर्ने वा नजिकमा रहेका फिडर विद्यालयहरूलाई एकिकरण गराएर अगाडि बढ्ने । यिनै २ विकल्पहरू माथि छलफल गर्नका निमित्त वि.व्य.स., शि. अ. संघ स्थानीय जनप्रतिनिधिहरू एवम् अन्य बुद्धिजीवी अभिभावकहरूकाबिच व्यापक छलफल र बहस पश्चात् आफ्नै विद्यालयबाट विगतमा कक्षा र दरबन्दी कटौती गर्दै स्थानान्तरण भइ सञ्चालनमा रहेको देवचुली आधारभूत विद्यालयसँग एकिकरण गर्न उपयुक्त हुने निष्कर्षसहित दुवै विद्यालयका जिम्मेवार पदाधिकारीहरूबीच एकल र संयुक्त रूपमा छलफल चलाउँदै र निर्णय प्रक्रियाहरूलाई अगाडि बढाउँदै अन्ततः २०७५ साल माघ ३ गते दुई विद्यालयहरूबीच आधिकारिक र वैधानिक रूपले एकिकरण भई देवचुली आधारभूत विद्यालय, भीमसेन आदर्श मा.वि.कै नामबाट सञ्चालन हुन पुग्यो ।

साबिक देवचुली आधारभूत विद्यालयको शौभाग्य मान्नुपर्दछ, विद्यालय एकिकरणको पहिलो वर्षमै भीमसेन आर्दश मा.वि.ले आफ्नो स्थापनाका ५० औं वार्षिकोत्सव अर्थात् स्वर्ण महोत्सव मनाउन लागि रहेको छ । यस सुखद् अवसरमा प्रकाशन गरिने भीमसेन स्वर्ण स्मारिकामा साबिक देवचुली आधारभूत विद्यालयको इतिहासलाई समेट्न सान्दर्भिक हुने भएकोले स्थापनाकालदेखि एकिकरणको अवस्थासम्मको विवरणलाई यथासक्य समेट्ने प्रयास गरिएको छ तापनि स्थापनाको सुरूवाती चरणका अभिलेखहरू सुरक्षित नभएकाले छुटेका हुन सक्छन् यसलाई अन्यथा नलिई सकारात्मक रूपमै बुझिदिनुहुन विनम्र अनुरोध छ । यस विद्यालयलाई वर्तमान अवस्थासम्म ल्याइपुऱ्याउन पूर्व विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका अध्यक्ष लगायत सम्पूर्ण पदाधिकारीज्यूहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीका साथै यस क्षेत्रको सचेत अभिभावक,


हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**शहिद स्मृति सा. मा.वि.**
**कावासोती–३, नवलपुर**

शिक्षाप्रेमी, एवम् समाजसेवी व्यक्तिहरूको अतुलनीय र उल्लेखनीय योगदान रहेको पाइन्छ । यस विद्यालयको स्थापना, सञ्चालन र सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरूको उच्च सम्मानको साथ स्मरण गर्न चाहन्छु साथै कतिपय अग्रज व्यक्तित्वहरूको निधन समेत भइसकेको छ । यस ऐतिहासिक स्मरणका क्षणमा उहाँहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

विद्यालय स्थापना हुँदाका संस्थापक देखि विद्यालय एकिकरण हुँदासम्मका ऐतिहासिक विवरणहरूः-

**पूर्व विद्यालय व्यवस्थापन समितिको विवरण**

| क्र.स. | पद | नामथर | ठेगाना (तत्कालीन) | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक अध्यक्ष | चोक बहादुर परियार | देवचुली -६ | वडाध्यक्ष |
| २ | " सदस्य | स्व. श्यामलाल फेवाली | देवचुली -७ | वडाध्यक्ष |
| ३ | " सदस्य | स्व. इन्द्रमणि काफ्ले | देवचुली -८ | वडाध्यक्ष |
| ४ | सदस्य सचिव | देवीराम भुसाल | देवचुली -६ | प्र.अ. |

**मिति २०४९/०८/१७ मा गठित सञ्चालक समिति**

| क्र.स. | पद | नामथर | ठेगाना (साबिक) | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | अनिरूद्र भुसाल | देवचुली -१ | |
| २ | कोषाध्यक्ष | घनलाल भुसाल | देवचुली -६ | |
| ३ | सदस्य | दलबहादुर अधिकारी | देवचुली -६ | |
| ४ | सदस्य | स्व. फुलहादुर बराल | देवचुली -१ | |
| ५ | सदस्य | लेख बहादुर पौडेल | देवचुली -६ | |
| ६ | सदस्य | देवीलाल पराजुली | देवचुली -६ | वडाध्यक्ष |
| ७ | सदस्य -सचिव | स्व. राजु रञ्जन | देवचुली -६ | |

**मिति २०४९/०९/०३ मा विस्तारित सञ्चालक समिति**

| क्र.स. | पद | नामथर | ठेगाना (साबिक) | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | अनिरूद्र भुसाल | देवचुली -१ | |
| २ | उपाध्यक्ष | घनलाल भुसाल | देवचुली -६ | |
| ३ | सदस्य | नन्दलाल कंडेल | देवचुली -१ | |
| ४ | सदस्य | दलबहादुर अधिकारी | देवचुली -६ | |
| ५ | सदस्य | लेख बहादुर पौडेल | देवचुली -६ | |
| ६ | सदस्य | स्व. फुल बहादुर बराल | देवचुली -१ | |
| ७ | सदस्य | चन्द्र बहादुर सिंजाली | देवचुली -७ | |
| ८ | सदस्य | वम बहादुर गाहा | देवचुली -५ | |
| ९ | सदस्य | स्व. जय नारायण भुसाल | देवचुली -६ | |
| १० | सदस्य | टिका बहादुर आले | देवचुली -९ | |
| ११ | सदस्य | शर बहादुर बाचे | देवचुली -१ | |
| १२ | सदस्य | स्व. श्याम नारायण सुवेदी | देवचुली -६ | |
| १३ | सदस्य | स्व. राजु रञ्जन | देवचुली -६ | |
| १४ | सदस्य | देवीलाल पराजुली | देवचुली -६ | वडाध्यक्ष (प.स.) |
| १५ | सदस्य सचिव | राम प्रसाद आचार्य | प्रगतिनगर -८ | प्र.अ. |

**मिति २०५३/०१/०९ मा गठित वि.व्य.स.**

| क्र.स. | पद | नामथर | ठेगाना (साबिक) | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | दलबहादुर अधिकारी | देवचुली -६ | |
| २ | सदस्य | लेख बहादुर पौडेल | देवचुली -६ | |
| ३ | सदस्य | चन्द्र बहादुर सिंजाली | देवचुली -७ | |
| ४ | सदस्य | शुक बहादुर गुरूङ्ग | देवचुली -१ | |
| ५ | सदस्य | बुद्धिमान वि.क. | देवचुली -६ | |
| ६ | सदस्य | देवीलाल पराजुली | देवचुली -६ | वडायक्ष (प.स.) |
| ७ | सदस्य सचिव | पार्वती तिवारी | देवचुली -८ | प्र.अ. |

**मिति २०५६/०४/१२ मा गठित वि.व्य. समिति**

| क्र.स. | पद | नामथर | ठेगाना (साबिक) | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | अनिरूद्र भुसाल | देवचुली -१ | |
| २ | सदस्य | रूद्र प्रसाद रिजाल | देवचुली -९ | |
| ३ | सदस्य | थम्मन सिं अस्लामी | देवचुली -७ | |
| ४ | सदस्य | बुद्धिमान वि.क. | देवचुली -६ | |
| ५ | सदस्य | धनबहादुर ठाडा | देवचुली -८ | |
| ६ | सदस्य | कृष्ण प्रसाद लम्साल | देवचुली -६ | वडाध्यक्ष (प.स.) |
| ७ | सदस्य सचिव | ओमप्रकाश भट्टराई | देवचुली -६ | ०५६/०४।०१ देखि प्र.अ. |
| | | ढकलाल काफ्ले | देवचुली -८ | प्र.अ. २०५६/६/१५ देखि |
| | | कृष्ण प्रसाद शर्मा | प्रगतिनगर -८ | प्र.अ. २०५८/०४/२९ |

**मिति २०५९/०९/२४ मा गठित वि.व्य. समिति**

| क्र.स. | पद | नामथर | ठेगाना (साबिक) | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | स्व. जय नारायण भुसाल | देवचुली -६ | |
| २ | सदस्य | कमल प्रसाद बाचे | देवचुली -१ | |
| ३ | सदस्य | हेम बहादुर बाचे | देवचुली -८ | |
| ४ | सदस्य | नौमाया बाचे | देवचुली -९ | |
| ५ | सदस्य | लेख बहादुर पौडेल | देवचुली -६ | |
| ६ | सदस्य | स्व. कृष्ण प्रसाद पुलामी | देवचुली -७ | |
| ७ | सदस्य | लक्ष्मण प्रसाद पाण्डे | देवचुली -१ | शिक्षक प्रतिनिधि |
| ८ | स. सचिव | कृष्ण प्रसाद शर्मा | प्रगतिनगर -८ | प्र.अ. |

## मिति २०६१/१०/१७ मा गठित वि.व्य.स. समिति

| क्र.स. | पद | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | गुनाखर पाण्डे | देवचुली -६ | |
| २ | सदस्य | कृष्ण प्रसाद लम्साल | देवचुली -६ | |
| ३ | सदस्य | स्व. पूर्ण बहादुर वि.क. | देवचुली -६ | |
| ४ | सदस्य | मनमाया पौडेल | देवचुली -९ | |
| ५ | सदस्य | कमल प्रसाद बाचे | देवचुली -१ | |
| ६ | सदस्य | स्व. कृष्ण प्रसाद पुलामी | देवचुली -७ | |
| ७ | सदस्य | जयन्ती भुसाल | प्रगतिनगर -८ | (शिक्षक प्रतिनिधि) |
| ८ | स. सचिव | कृष्ण प्रसाद शर्मा | प्रगतिनगर-८ | प्र.अ. |

## मिति २०६५/०१/२७ मा गठित वि. व्य. समिति

| क्र.स. | पद | नामथर | ठेगाना (साबिक) | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | कमल प्रसाद बाचे | देवचुली -१ | |
| २ | सदस्य | कृष्ण प्रसाद पाण्डे | देवचुली -८ | |
| ३ | सदस्य | धनकला भुसाल | देवचुली -८ | |
| ४ | सदस्य | मनमाया पौडेल | देवचुली -९ | |
| ५ | सदस्य | रूद्र प्रसाद रिजाल | देवचुली -९ | |
| ६ | सदस्य | रन वहादुर विरकट्टा | देवचुली -७ | |
| ७ | सदस्य | भूमिसरा आले | देवचुली -६ | |
| ८ | सदस्य | स्व. पूर्ण बहादुर वि.क. | देवचुली -६ | |
| ९ | सदस्य | वसुन्धरा फुल्जेल | प्रगतिनगर-५ | शिक्षक प्रतिनिधि |
| १० | स. सचिव | कृष्ण प्रसाद शर्मा | प्रगतिनगर -८ | |

## मिति २०६९/०४/२७ मा गठित वि.व्य. समिति

| क्र.स. | पद | नामथर | ठेगाना (साबिक) | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | भीमबहादुर बराल | देवचुली -६ | |
| २ | सदस्य | वुद्धि बहादुर फाल | देवचुली -९ | |
| ३ | सदस्य | दधिराम पाण्डे | देवचुली -८ | |
| ४ | सदस्य | चित्रकला भुसाल | देवचुली -९ | |
| ५ | सदस्य | लोक बहादुर जर्गाहा | देवचुली -८ | |
| ६ | सदस्य | लाल सिं विरकट्टा | देवचुली -७ | |
| ७ | सदस्य | वलराज वि.क. | देवचुली -६ | |
| ८ | सदस्य | सरस्वती न्यौपाने | प्रगतिनगर -९ | शिक्षक प्रतिनिधि |
| ९ | स. सचिव | कृष्ण प्रसाद शर्मा | प्रगतिनगर -८ | प्र.अ. |

**मिति २०७१ पौष २५ मा गठित वि.व्य.समिति**

| क्र.स. | पद | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | कृष्ण बहादुर वि.क. | देवचुली -७ | |
| २ | सदस्य | रामु नेपाली | देवचुली -७ | |
| ३ | सदस्य | जमुना पाण्डे | देवचुली -७ | |
| ४ | सदस्य | दधिराम पाण्डे/ भूमिलाल लामिछाने | देवचुली -७ | |
| ५ | सदस्य | वलराज वि.क/लालबहादुर सारू 'क' | देवचुली -७,८ | |
| ६ | सदस्य | लोक बहादुर जर्गाहा/तिला थापा | देवचुली -७ | |
| ७ | सदस्य | लाल सि. विरकट्टा/ मनबहादुर भेडी | देवचुली -८ | |
| ८ | सदस्य | सरस्वती न्यौपाने | देवचुली -११ | शिक्षक प्रतिनिधि |
| ९ | आ.सदस्य | अन्जना सोती | देवचुली -७ | विद्यार्थी प्रतिनिधि |
| १० | स. सचिव | कृष्ण प्रसाद शर्मा | देवचुली -११ | प्र.अ. |

**नोटः अभिभावक नरहँदाको अवस्थामा रिक्त हुन गएको स्थानमा पदपूर्ति गर्दा दोहोरिएका**

देवचुली आधारभूत विद्यालयको पछिल्लो समयमा बहाल वि.व्य.स. को विवरण २०७३/०४/२१ मा गठित)

| क्र.स. | पद | नाम/थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | कृष्ण बहादुर वि.क. | देवचुली न. पा. -७ | |
| २ | सदस्य | भूमिलाल लामिछाने | देवचुली न. पा. -८ | |
| ३ | सदस्य | लाल सिं विरकट्टा | देवचुली न. पा. -९ | |
| ४ | सदस्य | जमुना पाण्डे | देवचुली न. पा. -७ | |
| ५ | सदस्य | नानुमाया वि.क. | देवचुली न. पा. -८ | |
| ६ | सदस्य | मथुरा अधिकारी | देवचुली न. पा. -७ | |
| ७ | प.सदस्य | भूपराज पाठक | देवचुली न. पा. -७ | वडाध्यक्ष |
| ८ | सदस्य | सरस्वती न्यौपाने | देवचुली न. पा. -११ | शिक्षक प्रतिनिधि |
| ९ | आ. सदस्य | दीपा वि.क | देवचुली न. पा. -८ | विद्यार्थी प्रतिनिधि |
| ११ | आ.सदस्य | राजु सुनार | देवचुली न.पा. -८ | विद्यार्थी प्रतिनिधि |
| १० | सदस्य सचिव | कृष्ण प्रसाद शर्मा | देवचुली न. पा. -११ | २०७५/८/१७ सम्म |
| | | दोलकान्त अर्याल | देवचुली न. पा. -११ | २०७५/०८/१८बाट |

# पूर्व शिक्षक अभिभावक संघको विवरण

## मिति २०६५/०१/२७ मा गठित शि. अ. संघ

| क्र.स. | पद | नामथर | ठेगाना (साबिक) | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | राम नारायण भुसाल | देवचुली -६ | |
| २ | सदस्य | दुर्गा बहादुर सारू | देवचुली -९ | |
| ३ | सदस्य | लिला बहादुर रञ्जन | देवचुली -६ | |
| ४ | सदस्य | वुद्धि बहादुर फाल | देवचुली -९ | |
| ५ | सदस्य | राज कुमार सिंजाली | देवचुली -७ | |
| ६ | सदस्य | लक्ष्मी पौडेल | देवचुली -६ | |
| ७ | सदस्य | सुकमाया तामाङ्ग | देवचुली -६ | |
| ८ | सदस्य | बलराज वि.क. | देवचुली -६ | |
| ९ | सदस्य | भूमिलाल लामिछाने | देवचुली -६ | शिक्षक प्रतिनिधि |
| १० | प. सदस्य | कमल प्रसाद बाचे | देवचुली -१ | अध्यक्ष वि.व्य.स. |
| ११ | सदस्य सचिव | कृष्ण प्रसाद शर्मा | प्रगतिनगर -८ | |

## मिति २०६९/४/२७ मा गठित शि.अ.संघ

| क्र.स. | पद | नामथर | ठेगाना (साबिक) | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | मेखबहादुर सारू | देवचुली -१ | |
| २ | सदस्य | कुल वहादुर फेवाली | देवचुली -८ | |
| ३ | सदस्य | रामु नेपाली | देवचुली -६ | |
| ४ | सदस्य | फुलमाया वि.क. | देवचुली -६ | |
| ५ | सदस्य | शान्ति वयम्बु | देवचुली -९ | |
| ६ | सदस्य | चुरा कुमारी वि.क. | देवचुली -८ | |
| ७ | सदस्य | सरिता लम्साल | देवचुली -६ | |
| ८ | सदस्य | कृष्ण वहादुर वि.क. | देवचुली -८ | |
| ९ | सदस्य | राजु चापागाईं | प्रगतिनगर -८ | शिक्षक प्रतिनिधि |
| १० | प. सदस्य | भीम बहादुर वराल | देवचुली -६ | अध्यक्ष वि.व्य.स. |
| ११ | स.सचिव | कृष्ण प्रसाद शर्मा | प्रगतिनगर -८ | |

## मिति २०७१/०९/२५ मा गठित शि.अ.संघ

| क्र.स. | पद | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | गोपाल देवकोटा | देवचुली न. पा. -८ | |
| २ | सदस्य | कमला सोती | देवचुली न. पा. -८ | |
| ३ | सदस्य | नवीना चौधरी | देवचुली न. पा. -९ | |
| ४ | सदस्य | पवित्रा अर्जेल | देवचुली न. पा. -७ | |
| ५ | सदस्य | रूपा वि.क. | देवचुली न. पा. -७ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | सदस्य | चुराकुमारी वि.क. | देवचुली न. पा. -८ | |
| ७ | सदस्य | फूलमाया अधिकारी | देवचुली न. पा. -७ | |
| ८ | सदस्य | सीता वि.क. | देवचुली न. पा. -७ | |
| ९ | सदस्य | राजु चापागाई | देवचुली न. पा. -११ | शिक्षक प्रतिनिधि |
| १०. | प.सदस्य | कृष्ण बहादुर वि.क. | देवचुली न. पा. -७ | अध्यक्ष वि.व्य.स. |
| ११ | स. सचिव | कृष्ण प्रसाद शर्मा | देवचुली न. पा. -११ | |

**२०७३।०४।२१ मा गठित शिक्षक अभिभावक संघ**

| क्र.स. | पद | नाम/थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | गोपाल देवकोटा | देवचुली न. पा. -८ | |
| २ | सदस्य | पवित्रा अर्जेल | देवचुली न. पा. -७ | |
| ३ | सदस्य | फूलमाया अधिकारी | देवचुली न. पा. -७ | |
| ४ | सदस्य | शारदा वि.क. | देवचुली न. पा. -६ | |
| ५ | सदस्य | सीता न्यौपाने | देवचुली न. पा. -७ | |
| ६ | सदस्य | नविना चौधरी | देवचुली न. पा. -९ | |
| ७ | सदस्य | रूपा वि.क. | देवचुली न. पा. -८ | |
| ८ | सदस्य | आशबहादुर गुरूङ्ग | देवचुली न. पा. -९ | |
| ९ | सदस्य | विष्णु प्रसाद न्यौपाने | देवचुली न. पा. -९ | शिक्षक |
| १० | प.सदस्य | कृष्ण बहादुर वि.क. | देवचुली न. पा. -७ | |
| ११ | स. सचिव | कृष्ण प्रसाद शर्मा | देवचुली न. पा. -११ | |
| | | दोलकान्त अर्याल | देवचुली न. पा. -११ | |

**२०७३।०४।२८ मा गठित विद्यालय सल्लाहकार**

| क्र.स. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | गुनाखर पाण्डे | देवचुली न. पा. -७ | |
| २ | कमलप्रसाद बाचे | देवचुली न. पा. -९ | |
| ३ | भीम बहादुर वराल | देवचुली न. पा. -७ | |
| ४ | मेख बहादुर सारू | देवचुली न. पा. -९ | |
| ५ | कृष्ण प्रसाद पाण्डे | देवचुली न. पा. -७ | |
| ६ | रूद्र प्रसाद रिजाल | देवचुली न. पा. -८ | |
| ७ | रन वहादुर विरकट्टा | देवचुली न. पा. -८ | |

**पूर्व वि.व्य.स. र शि.अ. संघका अध्यक्षहरूको नामवली**

| क्र.स. | पद | नाम/थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष संस्थापक | चोकबहादुर परियार | दे.न.पा. -७ | हाल तनहूँ |
| २ | अध्यक्ष | अनिरूद्र भुसाल | दे.न.पा. -१५ | |
| ३ | अध्यक्ष | दल बहादुर अधिकारी | दे.न.पा. -७ | |
| ४ | अध्यक्ष | स्व. जयनारायण भुसाल | दे.न.पा. -११ | |
| ५ | अध्यक्ष | गुनाखर पाण्डे | दे.न.पा. -७ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | अध्यक्ष | कमल प्रसाद बाचे | दे.न.पा. -९ | |
| ७ | अध्यक्ष | भीम बहादुर वराल | दे.न.पा. -७ | |
| ८ | अध्यक्ष | कृष्ण वहादुर वि.क. | दे.न.पा. -७ | |
| ९ | अध्यक्ष शि.अ. संघ | राम नारायण भुसाल | दे.न.पा. -७ | |
| १० | अध्यक्ष शि.अ. संघ | मेख बहादुर सारू | दे.न.पा. -९ | |
| ११ | अध्यक्ष शि.अ. संघ | गोपाल देवकोटा | दे.न.पा. -८ | |

## पूर्व प्रधानाध्यापकहरूको नामवली

| क्र.स. | पद | नाम/थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | प्र.अ. | देवीराम भुसाल | देवचुली न. पा. -७ | संस्थापक |
| २ | प्र.अ. | स्व. राजु रञ्जन | देवचुली न. पा. -७ | |
| ३ | प्र.अ. | रामप्रसाद आचार्य | देवचुली न. पा. -११ | |
| ४ | प्र.अ. | पार्वती तिवारी | देवचुली न. पा. -७ | |
| ५ | प्र.अ. | ओम प्रकाश भट्टराई | देवचुली न. पा. -७ | |
| ६ | प्र.अ. | ढकलाल काफ्ले | देवचुली न. पा. -७ | |
| ७ | प्र.अ. | कृष्ण प्रसाद शर्मा | देवचुली न. पा. -११ | |
| ८ | प्र.अ. | दोलकान्त अर्याल | देवचुली न. पा. -११ | |

## पूर्व शिक्षकहरूको विवरण

| क्र.स. | नाम थर | ठेगाना | अवधि | | |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | कैफियत |
| १ | देविराम भुसाल | दे.न.पा. -७ | २०४२/१२/२७ | | |
| २ | बलराज वि.क. | दे.न.पा. -७ | | | |
| ३ | देविलाल पराजुली | दे.न.पा. -७ | | | |
| ४ | हरिभक्त दाहाल | दे.न.पा. -७ | | | |
| ५ | मोतिलाल तिवारी | दे.न.पा. -७ | | | |
| ६ | स्व. राजु रञ्जन | दे.न.पा. -७ | | | |
| ७ | रामप्रसाद आचार्य | दे.न.पा. -११ | २०४९/९/१ | २०५०/१०/११ | |
| ८ | पार्वती तिवारी | दे.न.पा. -७ | २०५०/१०/१२ | २०५६/७/१८ | |
| ९ | ओम प्रकाश भट्टराई | दे.न.पा. -७ | २०५४/१/३ | २०६१/२/२३ | |
| १० | ढकलाल काफ्ले | दे.न.पा. -७ | २०५६/६/६ | २०६४/३/९ | |
| ११ | लक्ष्मी देवी रिजाल | दे.न.पा. -८ | २०५६/८/१३ | २०६०/७/२२ | |
| १२ | हिमादेवी भुसाल | दे.न.पा. -७ | २०५६/८/१३ | २०५७/११/३ | |
| १३ | ओमप्रकाश तिवारी | दे.न.पा. -७ | २०५८ /३/१ | | |
| १४ | तुलसी तिवारी | दे.न.पा. -७ | २०५८ /४/२१ | २०६०/२/१४ | |
| १५ | डोलराज पाण्डे | दे.न.पा. -७ | २०६२/१०/२ | २०६३/३/१६ | |
| १६ | भूमिलाल लामिछाने | दे.न.पा. -८ | २०६२/२/११ | २०७१/११/२५ | |
| १७ | युवराज पराजुली | दे.न.पा. -१२ | २०६३/४/२८ | २०६९/३/१७ | |
| १८ | धनकुमारी पराजुली | दे.न.पा. -१२ | २०६४/१/३० | २०६५/९/१६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | सम्झना पौडेल | दे.न.पा. -८ | २०६५/२/१ | २०७०/८/३० | |
| २० | राजु चापागाई | दे.न.पा. -११ | २०६५/९/१३ | २०७२ /५/५ | |
| २१ | देउरूपा पाण्डे | दे.न.पा. -७ | २०६६/१/२२ | २०७५/१२/५ | |
| २२ | जयन्ती भुसाल | दे.न.पा. -११ | २०६०/३/९ | २०६७/९/६ | |
| २३ | कुष्ण प्रसाद सापकोटा | दे.न.पा. -५ | २०६१/९/१ | २०६३/११/२३ | |
| २४ | गुमामाया भण्डारी | कावासोती-१२ | २०६४/४/२७ | २०७१/८/१९ | |
| २५ | प्रदीप वराल | दे.न.पा. -८ | २०६८/१/१ | २०७२/१०/२४ | |
| २६ | कुसुम वराल | दे.न.पा. -७ | २०६८/१ /१५ | २०६९/१२/२६ | |
| २७ | कीर्तिका सोती | दे.न.पा. -६ | २०७२/११/१ | २०७६/२/३१ | |
| २८ | ठाकुर बाचे | दे.न.पा. -७ | २०७४/२/३ | २०७४/६/४ | |
| २९ | ऋतु बाचे मगर | दे.न.पा. -७ | २०७४/८/१ | २०७४/१२/६ | |
| ३० | कृष्ण प्रसाद शर्मा | दे.न.पा. -११ | २०५८/४/२८ | २०७५/८/१७ | |

## पूर्व कर्मचारी (कार्यालय सहयोगी) को विवरण

| क्र.स. | नाम थर | ठेगाना | अवधि | | |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | कैफियत |
| १ | स्व.जुद्ध वहादुर थापा | दे.न.पा. -७ | २०५९/२/१ | २०५९ /१०/२५ | |
| २ | लक्ष्मण सारू | दे.न.पा. -९ | २०६०/१/१ | २०६१/७/१८ | |
| ३ | रूक वहादुर थापा | दे.न.पा. -७ | २०६१/७/१९ | २०६२/५/१ | |
| ४ | पार्वती थापा | दे.न.पा. -७ | २०६२/५/१ | २०६५/७/६ | |
| ५ | लक्ष्मण सारू | दे.न.पा. -९ | २०६५/८/१ | २०७४/७/२६ | |

## पूर्व विद्यार्थीहरूको विवरण

### विद्यालय स्थापनाकालका विद्यार्थीहरूको नामवली

| क्र.स. | नाम थर | क्र. स. | नाम थर |
|---|---|---|---|
| १ | सुनकुमारी परियार | ८ | रूममाया पुलामी |
| २ | सुमित्रा परियार | ९ | नुन प्रसाद गाहा |
| ३ | उमा परियार | १० | रूममाया सिंजाली |
| ४ | पार्वती परियार | ११ | अनु भण्डारी |
| ५ | डाली सोती | १२ | शुशिला पौडेल |
| ६ | रूखुमा पुलामी | १३ | शान्ति बसेल |
| ७ | श्री प्रसाद वराल | १४ | दान बहादुर सोती |

शैक्षिक सत्र ०४३/ ०४४ देखि शैक्षिक सत्र २०४८ /०४९ सम्मको विवरणहरूको अभिलेख सुरक्षित नभएको हुँदा यहाँ समावेश गरिएको छैन ।

## शैक्षिक सत्र ०४९/०५० देखि शैक्षिक सत्र २०७५ सम्मको शैक्षिक सत्रगत विद्यार्थी विवरण

| शैक्षिक सत्र | सञ्चालित कक्षा | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| २०४९/०५० | पूर्व प्रा.वि. | २० | १५ | ३५ | |
| २०५०/०५१ | १ | १२ | १७ | २९ | |
| २०५१/०५२ | १ | २२ | २० | ४२ | |
| २०५२/०५३ | १ | २० | २२ | ४२ | |
| २०५३/०५४ | १ | १५ | २० | ३५ | |
| २०५४/०५५ | १ | १५ | १८ | ३३ | |
| २०५५/०५६ | बालविकास - २ | १०६ | ११३ | २१९ | |
| २०५६/०५७ | बालविकास - ३ | १७३ | १७० | ३४३ | |
| २०५७/०५८ | बालविकास - ४ | २१६ | २०१ | ४१७ | |
| २०५९ | बालविकास - ५ | २२७ | २१७ | ४४४ | |
| २०६० | बालविकास - ५ | २५६ | २५२ | ५०८ | |
| २०६१ | बालविकास - ५ | २६७ | २६६ | ५३३ | |
| २०६२ | बालविकास - ५ | २८० | २८० | ५६० | |
| २०६३ | बालविकास - ५ | २८५ | २६३ | ५४८ | |
| २०६४ | बालविकास - ६ | २७९ | २७२ | ५५१ | |
| २०६५ | बालविकास - ७ | ३०३ | ३०७ | ६१० | |
| २०६६ | बालविकास - ८ | २९४ | २९८ | ५९२ | |
| २०६७ | नर्सरी - ८ | २७९ | २७४ | ५५३ | |
| २०६८ | नर्सरी - ८ | २४५ | २५० | ४९५ | |
| २०६९ | नर्सरी - ८ | २५० | २३९ | ४८९ | |
| २०७० | नर्सरी - ८ | २३५ | २५८ | ४९३ | |
| २०७१ | नर्सरी - ८ | २२० | २५५ | ४७५ | |
| २०७२ | नर्सरी - ८ | १९७ | २२९ | ४२६ | |
| २०७३ | नर्सरी - ८ | १९७ | २३० | ४२७ | |
| २०७४ | नर्सरी - ८ | २०८ | २५७ | ४६५ | |
| २०७५ | नर्सरी - ८ | २१३ | २३७ | ४५० | |

## अक्षयकोष विवरण

१. स्व. लेखनाथ भुर्तेल स्मृति छात्रबृत्ति अक्षयकोष (२०७०) रू. ५०,०००।–
(रा.वा.वैंक शाखा कार्यालय, कावासोती मुद्धति) संरक्षक: विष्णुदेवी भट्टराई

२. गरिब तथा जेहेन्दार विद्यार्थी छात्रबृत्ति अक्षयकोष (२०७५।०७।२२) रू. १,१७,५००।–
(जनता बैंक मुद्धति)

३. गरिब तथा जेहेन्दार विद्यार्थी छात्रबृत्ति अक्षयकोष (२०७४) रू. ५०,०००।–
(एन.आइ.सी. एसिया बैंक लि., दलदले) संरक्षक: रामबहादुर सुनार

साबिक देवचुली आधारभूत विद्यालयको स्थापना पश्चात् कठिनाइपूर्ण रूपबाट गुज्रिरहेको अवस्थामा यसलाई सेन्टरप्लटको दक्षिणतर्फ स्थानान्तरण गरी निरन्तरता एवम् स्थायित्व दिने क्रममा सिंगो देवचुली गा.वि.स. बासीहरूको महत्त्वपूर्ण योगदान छ । म सम्पूर्ण देवचुलीवासीहरूप्रति आभार सहित सम्मान व्यक्त गर्न चाहन्छु र तत्कालीन अवस्थामा संस्थागत नेतृत्व सम्हाल्दै आउनु भएका २ अग्रजहरूलाई बिर्संदा इतिहास अपुरो रहने महसुस गर्दै उहाँहरूलाई उच्च सम्मान सहित सम्झन चाहन्छु ।

१. स्व. हेमराज गुरूङ्ग – तत्कालीन अध्यक्ष देवचुली गा.वि.स.

२. राम प्रसाद शर्मा मरासेनी– तत्कालीन प्र.अ. भीमसेन आर्दश मा.वि.

अन्तमा, साबिक देवचुली आधारभूत विद्यालयको सेवाक्षेत्र भीमसेन आर्दश मा. वि. को सेवा क्षेत्रभित्रै पर्ने हुँदा यहाँका अभिभावकहरूले दुवै विद्यालयप्रति जिम्मेवार र जवाफदेही रहँदै विद्यालयको स्थापना, संञ्चालन र सर्वाङ्गीण विकासमा अतुलनीय योगदान पुऱ्याउँदै आउनुभएको छ । भीमसेन आर्दश मा.वि.लाई स्वर्ण महोत्सवको वर्तमान अवस्थासम्म ल्याइ पुऱ्याउन खेल्नु भएको भूमिकाको उच्च सम्मान गर्दै सम्पूर्ण पूर्व वि.व्य.स, शि.अ. संघको पदाधिकारीहरू, प्रधानाध्यापक, अभिभावक, समाजसेवी, बुद्धिजीवी, शिक्षक, कर्मचारी एवम् विद्यार्थीहरूप्रति हार्दिक आभार प्रकट गर्दै निरन्तर साथ, सहयोग र सकरात्मक एवम् रचनात्मक सुझावको अपेक्षासहित बिदा चाहन्छु ।

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
श्री रानी वेल खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
नवलपुर

# पढाइ के-का लागि ?



**नवराज घिमिरे**
विभागीय प्रमुख (गणित)

हरेक अभिभावकको चाहना छोरा छोरीले राम्रो पढून् भन्ने हुन्छ । हरेक शिक्षकले आफ्नो विषयमा विद्यार्थीले राम्रो अङ्क हासिल गरून् भन्ने हुन्छ। हरेक विद्यालय प्रशासनलाई आफ्ना विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएर पास गरून् भन्ने हुन्छ तर वास्तविक जीवनमा अपेक्षा गरे अनुसार नतिजा प्राप्त हुन सकेको देखिदैन । अभिभावक बालबच्चालाई राम्रो शिक्षा दिने नाउँमा गाउँबाट सहर बसाइ सरेर होस् वा विदेश नै भासिन किन नपरोस् उनीहरू तयार हुन्छन् तर खोजेअनुसारको नतिजा नपाउँदा सरोकारवालाहरूमा निराशा छाएको पाइन्छ ।

प्रथमतः हामीले पढ्ने के का लागि र पढाउने के का लागि ? भन्ने कुरा निश्चित गर्न आवश्यक छ आजको पढाइले भविष्यमा जीवनोपयोगी सीप र जीविकोपार्जन सीप हासिल गराइ जीवन ज्यूँन सजिलो बनाउनु पर्छ । बालबालिकाको प्राप्ताङ्क सिकाइ उपलब्धि होइन । उमेर अनुसार बालबालिकामा हासिल हुनपर्ने व्यवहार र संस्कार नै वास्तविक सिकाइ उपलब्धि हो ।

हाम्रो देशको शिक्षा प्रणाली अनुसार पाठ्यांशका विषयवस्तु पढाउने र परीक्षाको निश्चित अवधि भित्र बालबालिकाले सम्झेर उत्तर लेख्नु पर्ने हुन्छ । उसले घोकेर लेख्न नसकेमा कमजोरको बिल्ला भिराइन्छ । मानौँ बच्चाले सामाजिक विषयको परीक्षामा कम प्राप्ताङ्क ल्याउँदैमा उसमा सामाजिक भावना, राष्ट्रप्रेम वा सामाजिक सीप छैन भन्ने होइन। बालबालिकालाई खेलकुदबाट सामाजिक भावना विकास गराउन सकिन्छ त्यसबाट गणितीय सीप क्षमता विकास गराउन सकिन्छ, बालबालिकालाई शारीरिक र मानसिक रूपमा स्वस्थ बनाउन सकिन्छ भन्ने कुरा हाम्रो मूल्याङ्कन प्रणालीमा समेट्न सकिएको छैन । हाम्रो मूल्याङ्कन प्रणालीमा बालबालिकाको ज्ञान र बोध क्षमताको मात्र मापन गरिन्छ । उसको व्यवहारमा आएको परिवर्तनलाई मूल्याङ्कन गरिदैन । अभिभावकलाई ग्रेडसिटमा राम्रो ग्रेड चाहिन्छ । विद्यालयको उत्कृष्टता पनि तिनै विद्यार्थीको ग्रेडसिटलाई आधार बनाइन्छ। कुन उमेर समूहमा विद्यार्थीमा कति क्षमता हुनुपर्छ। बालबालिकाको व्यवहारिक पक्ष कस्तो छ कसैले चासो राख्दैनन् । शिक्षा हेर्ने निकाय र अभिभावकलाई सम्झाइदिने कसले ? विद्यार्थी बनेको हेर्न अभिभावकको चाहना पूरा गरी दिन विद्यालय प्रतिबद्ध छन् विद्यालयको योजना पूरा गरी दिन शिक्षक बाध्य छन् । अभिभावकको चाहना विद्यालयको व्यवसाय र शिक्षकको जागिरको सुरक्षा गर्ने गरी शैक्षिक कार्यक्रम अगाडि बढेका छन् । यस प्रवृत्तिले बालबालिकाले सिर्जनात्मक क्षमता गुमाउँछ र ग्रेड प्राप्त गरेर निस्कन्छ ।

हरेक अभिभावकमा आफ्नो बच्चाले राम्रो ल्याओस् भन्ने चाहना स्वभाविक हो तर आफ्नो बच्चाले कतै गएर निर्धक्क बोल्न सक्छ कि सक्दैन ? आफूले सिकेका कुरा प्रष्टसंग भन्न र बुझाउन सक्छ कि सक्दैन भन्ने कुरा अभिभावकले बुझ्न आवश्यक छ । शिक्षाको उद्देश्य व्यक्तिभित्र भएको अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउनु हो। जसरी एउटै माटोमा फलेको कागती अमिलो हुन्छ र

करेला तितो हुन्छ, त्यस्तै हरेक व्यक्ति फरक क्षमता र स्वभावको हुन्छन् भन्ने कुरा शिक्षक र अभिभावकहरूले बुझ्न आवश्यक छ ।

जीवनमा पढाइको ठूलो महत्त्व छ नपढी हुँदै हुँदैन । अभिभावकहरू त्यही कुरालाई बुझेर आफ्ना बच्चालाई धेरै पढून् र राम्रो मान्छे बनून् भन्ने चाहनामा आदेश दिन्छन् चाहे कुनै प्रलोभन देखाएर होस् वा रिसाएर होस् । "पढ्नु सम्पूर्ण जीवन होइन यो हाम्रो जीवनको एउटा पाटो मात्रै हो ।" पढाइ मात्रै गर्ने तर अरू कुनै क्षेत्रमा संलग्न हुन नसक्ने वा नगर्ने हो भने फेरि पढाइको के काम? तसर्थ औपचारिक शिक्षा विद्यालयमा शिक्षकहरूले सिकाउने र त्यसको व्यवहारिक अभ्यास घरमा अभिभावकले गराउने बानीको विकास गराउन अभिभावकलाई अनुरोध ।

- विद्यालयसँग निरन्तर सम्पर्कमा रहनुहोस् र बालबच्चाको शैक्षिक गतिविधि थाहा पाइराख्नुहोस् ।
- बालबच्चालाई अनावश्यक धेरै गृहकार्य दिन दबाब नदिनुहोस् । गृहकार्य आवश्यक छ तर आधा घण्टादेखि एक घण्टासम्मका गृहकार्यका लागि अनुरोध गर्नुहोस् ।
- साँझ बिहान घरटोलका बूढापाकासँग नैतिक शिक्षा झल्कने परम्परागत कथा सुन्ने वातावरण सिर्जना गर्नुहोस् ।
- आफ्ना बालबच्चालाई अरूका बालबच्चासँग नदाँज्नुहोस्, उनीहरूको कमजोरी मात्रै औंल्याएर बालबच्चालाई हीनताभाव नजगाउनुहोस्, हरेक बच्चासँग फरक क्षमता हुन्छ । त्यसको कदर गर्नुहोस् ।
- सम्भव भएसम्म बिहान बेलुका बालबालिकासँगै खाना खानुहोस्, रमाइला कुरा सुनाउनुहोस्, उनीहरूका कुराहरू सुन्नुहोस्, यस्तो बेला पढाइका कुरा पटक्कै नगर्नुहोस् ।
- शनिबार वा अन्य बिदाका दिनमा उनीहरूलाई आफूसँगै भान्सार व्यापार व्यवसाय वा कृषि


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**NIDAN EYE CARE & DENTAL HOME PVT. LTD.**

**Daldale-13, Nawalpur**
Contact: 9851072806, 9864572401
E-mail: nidandental436@gmail.com

कार्यमा सरिक गराउनुहोस् । एक डेढ महिनामा बालबच्चालाई धार्मिक, साँस्कृतिक वा पुरातात्त्विक महत्त्वका क्षेत्रमा घुमाउन लैजानुहोस् । त्यस क्षेत्रका बारेमा बालबच्चासँग छलफल गर्नुहोस् ।

- बालबच्चा माथि तपाईँको अपेक्षा नथोपर्नुहोस् । यसका लागि घरमा वातावरण बनाइदिनुहोस्। परीक्षामा जस्तो रिजल्ट आउँछ त्यसलाई स्वीकार गर्नुहोस र आगामी दिनमा अझै राम्रो गर्न सकारात्मक पुनर्बल प्रदान गर्नुहोस् तर सधैँ फस्ट हुनुपर्छ वा राम्रो ग्रेड ल्याउनुपर्छ भन्ने दबाब नदिनुहोस् ।
- यो प्रविधिको जमाना हो बालबालिकाहरू मोबाइल र कम्प्युटरमा मात्रै झुण्डिन्छन् भन्ने गुनासाहरू सुनिन्छन्, साना नानीहरूलाई बाल शिक्षाका लागि तयार पारिएका भिडियोहरू प्रति आकर्षण बढाउनुहोस् र ठूलो कक्षाका बालबालिकाहरूलाई Google मा बानी पार्नुहोस्। बालबालिकाहरू प्रविधिसँग छिटो अपडेट हुने क्षमता राख्दछन् तसर्थ उनीहरूसँग भएका नयाँ सिकाइ आफूलाई सिकाउन आग्रह गर्नुहोस् ।

अबको जमाना ज्ञानमात्र लिएर प्रमाण पत्रको फाइल खडा गर्ने होइन । ज्ञानसँगै सीप, बानी व्यहोरा र मूल्यमान्यता पनि सँगसँगै सिकाउने हो । त्यति मात्रै हैइन अब त स्कुल उमेरमै बालबालिकालाई उद्यमशील बनाउनुपर्छ । विद्यार्थीहरूमा उद्यमशीलता बारे उपयुक्त ज्ञान तथा सीपको विकास गर्न थाल्नुपर्छ ताकि विद्यालय शिक्षा पूरा गर्दा श्रमलाई श्रद्धा गर्ने संस्कारी, उद्यमशीलताको क्षेत्र पहिचान गर्न सक्ने उद्यमी सोचका साथ अघि बढोस् ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**किसान बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पञ्चदृष्टी सेवा केन्द्र**
**देवज्योति सेवा केन्द्र**

# DIGITAL LITERACY IN ENGLISH LANGUAGE TEACHING AND LEARNING



**Ramesh Raj Bhandari**
HOD (English)

Digital literacy is a new concept which is widely used in the teaching and learning process. It particularly focuses on teaching and learning through developing knowledge and skills by operating digital tools.

The American Library Association's digital-literacy task force offers this definition: "Digital literacy is the ability to use information and communication technologies to find, evaluate, create, and communicate information, requiring both cognitive and technical skills."

Simply, it refers to which digital devices should be applied for improving teaching and learning strategies for the 21st century. Moreover, it enhances skills for using technology and joins them in teaching and learning activities; these can be through virtual interaction, presentations, participation, or joint working discussions in online communities.
Digital literacy refers to an individual's ability to find, evaluate, and compose clear information through various digital platforms.

The above-mentioned explanation shows the capacity for learning and working together with others in virtual mode. That is to say, digital literacy is a milestone in extending and sharing ideas globally via digital technologies, with the aim of improving education and raising awareness of educational scenarios.
Digital literacy refers to the wide range of skills necessary to be successful and adapt to the digital world. Since print media are facing stagnation, the ability to grasp information found online becomes important. People and students who lack digital literacy skills may soon find it hard to gain access to information which is available online.

## Need for Digital Literacy

With such a huge internet penetration, digital literacy has become a core part of almost everyone's lives, as most people search for information and entertainment, buy products, claim benefits and access a number of public services using this medium.

Digital literacy means using digital technology and its tools for generating and creating ideas, by connecting with digital societies and educational agencies that are shared with others for enhancing knowledge and skills in operating the digital tools and formulating current ideas related to global demand and fulfilling the needs. Moreover, digital literacy plays a vital role in defining children's ability to succeed, both in school and throughout their lives. This is a vital aspect of 21st century education

We can focus on applying innovative teaching methods to equip our students with the skillsets they need to succeed throughout their education and as they enter the work place. For us, this concept is as practical as it is progressive.

Here are some ideas that reflect the need for digital literacy in the 21st century:

i. The global trend for teaching and learning coming together with the integration of technology.
ii. Through support in building social networks, excellent opportunities arise for learning and enhancing capacity through global interaction and participation.
iii. The web, blogs, and useful 'apps' are essential in digital literacy to help learners post their ideas and share feedback and information.
iv. Supporting curriculum development of ELT teaching.
v. Teach how to read mindfully, and learn about new media.
vi. Offering ideas to become responsible citizens and learners.

## The Importance of digital literacy.

Literacy skills have always been important. In past centuries, people communicated via letters. These letters soon turned into telegraph messages. From there we advanced to the telephone, internet and then text messaging via a phone. Today's options for communication far outweigh the one or two of past generations. "Children learn these skills as part of their lives, like language, which they learn without realizing they are learning it." (N. Andersen, New Media and New Media Literacy: The Horizon Has Become the Landscape—New Media

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**खिमानन्द भुसाल**
अध्यक्ष एवम्
**प्रगतिनगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्था**
प्रगतिनगर, नवलपुर

Are Here, report produced by Cable in the Classroom, 2002, pp. 30–35) Students today learn in ways that their teachers could not even imagine decades ago when they were in school. Students learn technology just like they do the spoken language, by using it, and today it is not uncommon for a 3-year-old to have some basic knowledge how to load a game on a computer (hopefully educational). The way students learn and their abilities to showcase their learning have surpassed the years of book reports, posters, and shoe box presentations. "We will not be able to achieve a liberating, collective intelligence until we can achieve a collective digital literacy, and we have perhaps now, more than ever, the opportunity and the technologies to assist us in the human project of shaping, creating, authoring and developing ourselves to shape our own culture. To this end, we must create the conditions for people to become wise in their own way." (Poore, M. (2011). Digital Literacy: Human Flourishing and Collective Intelligence in a Knowledge Society. Australian Journal of Language and Literacy, 19 (2), p.20-26.)

Digital literacy is one component of being a digital citizen - a person responsible for how technology is used to interact with the world.

- Digital technology allows people to interact and communicate with family and friends on a regular basis due to the "busy constraints" of today's world.
- Not only do white-collar jobs require digital literacy in the use of media to present, record and analyses data, but so do blue-collar jobs; employers are looking for ways to increase productivity and analyses market trends, along with increase job safety.

Students in this modern world need to use all of the higher order thinking skills which were taught to students in previous times.



the one missing component in how teachers view students' learning today is the internet and its endless possibilities in motivating and intriguing the young mind. Students for centuries have been taught and encouraged to evaluate, apply, analyses and synthesize knowledge. Today's students are able to use the internet to research and find text sources, videos, podcasts and presentations related to anything they would like to learn about. The big catch is, can this "Google, Yahoo" part of the brain begin to differentiate whether resources they consume online are valid or not? Can this "Google, Yahoo" part of the brain create new meaning from the authentic sources they read? Will this "Google, Yahoo" part of the brain lead to great innovations and discoveries which help humans understand their place in the world and make life easier for all our world's citizens? Technology is a good asset to any classroom, but in a global community, will students transfer their learning beyond their community? Educators around the globe will be tuned in to find the answers to these questions in the years ahead.

## Using digital literacy in ELT

Digital literacy is a gate to open wide great opportunities in teaching and learning. It invites flexibility and breadth in teaching and learning by using technology. The following activities are used and implemented in extending knowledge and skills through technological tools.

i. Participation in online webinars;
ii. Participation in online professional development courses and digital events;
iii. Participation in online interaction and discussion;
iv. Using digital presentation tools;
v. Developing podcasts and tutorial videos;
vi. Developing mobile applications for entertainment;
vii. Creating blogs and using them for writing various articles.

## References:

- The American Library Assoiations Nov. 8, 2016
- Digital Literary in English Language Teaching & Learning: Hom Raj Khadka/ Tulsi Ram Dangi (NELTA)
- 21st Century skills lesson- netemeel.com

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नोबल एकेडेमी आ.मा.वि.
कावासोती–८, नवलपुर

# छोराछोरीले किन पढेनन् त ? कसरी पढ्ने बानी बसाउने ?



अग्निधर भुसाल
सहायक प्रधानाध्यापक

यदि आफ्ना छोराछोरी पढाइमा, संस्कारमा, अनुशासनमा, बानीव्यहोरामा अब्बल होऊन् भन्ने अपेक्षा राख्नुहुन्छ भने तपाई हामीले उनीहरूका लागि पर्याप्त समय, माया, साथ र सहयोग दिनै पर्ने हुन्छ। आज-भोलि अधिकांश अभिभावकले आफ्ना छोराछोरीले राम्रो पढ्न सकेनन्, पढाइ चित्तबुझ्दो छैन भनेर छोराछोरीको पढाइप्रतिको असन्तुष्टि प्रकट गर्ने गरेको पाइन्छ । यति मात्र होइन, पढाइप्रतिको असन्तुष्टि प्रकट गर्ने गरेको पाइन्छ । यति मात्र होइन, पढाइप्रति छोराछोरीको लगाव, रूचि घट्दै गएकोमा खासगरी अभिभावकले कि त आफ्ना छोरा छोरी कि त विद्यालयलाई दोष थोपर्ने गरेको देखिन्छ । अवश्य पनि बालबालिकाको गुणस्तरीय सिकाइका लागि विद्यालय वा शिक्षक स्वयम् महत्त्वपूर्ण पक्ष हुन् तर सँगसँगै अभिभावक अर्को महत्त्वपूर्ण पक्ष हो । यहाँ अभिभावक भन्नाले शिक्षक समेतलाई इङ्गित गरिएको हो । अभिभावकको व्यक्तिगत र सामाजिक आचरण, उनीहरूले बालबालिकाको लागि छुट्याएको समय र बालबालिकालाई घर र समुदायमा दिइने संस्कारले बालबालिकाको सिकाइमा ठूलो प्रभाव पारेको हुन्छ ।

आज-भोलि धेरै नेपाली अभिभावकहरू फेसबुक, ट्वीटर, म्यासेन्जर, इमो, इन्स्ट्राग्राम, यूट्युब लगायतका सञ्जालमै बढी रमाएको पाइन्छ । सामाजिक सञ्जाल र इन्टरनेटको प्रयोग गर्नै नहुने भन्न खोजिएको होइन । तर मुख्य व्यवसाय भैँ गरी हरदम यसैमा झुण्डिने प्रवृत्तिले सीमा नाघ्न थालेको छ । आफ्ना नानीहरू, बालबालिका कुन अवस्थामा छन्, के गरिरहेका छन् भन्ने समेत ख्याल नहुने अवस्थामा पुगिसकेको छ आम अभिभावकको दिनचर्या । कुनै बालबालिकाले आफ्नो बाबुलाई 'बाबा, एकछिन सँगै खेलौँ न' बा आमालाई 'आमा म एकछिन काखमा बस्छु है ! भन्दा हामी बुज्रुक अभिभावक 'चुप लाग, कति कराको ? पर जा' जस्ता अपमानजनक व्यवहार गर्छौं । यतिबेला हामी कि त सामाजिक सञ्जालमा झुण्डिएका हुन्छौँ कि त टेलिभिजनमा वा कुनै बेतुकको गफमा बालबालिकाका थोरै पनि कुरा नसुन्ने, उनीहरूका लागि समय नदिने, अनि 'पढाइ बिग्रियो, पढिनस् वा पढेर बस्' मात्रै भनेर बालबालिकाको पढाइ कसरी अघि बढोस् ? के तपाई दुई घण्टा एकाग्र भएर पढ्न सक्नुहुन्छ? सायद जवाफ आउन मुस्किल छ । हो, अब समस्या यहिँनेर अर्थात् तपाई हामीमा छ । बालबालिकामा हैन । आजका धेरैजसो बालबालिकाले पढ्न नसक्नुमा वा नपढ्नुमा उनीहरूको दोष छँदै छैन । छोराछोरीलाई 'पढ, होमवर्क गर' मात्रै भन्ने भन्दा उनीहरूका लागि बाबु वा आमामध्ये एकले कम्तीमा दुईघण्टा सँगसँगै गृहकार्य गराउन समय दिनुपर्छ, पढ्न, सिक्न छेवैमा बसेर सहयोग गर्नुपर्छ । छोराछोरीलाई 'पढ् वा होमवर्क गर' मात्रै भन्ने र आफूचाहिँ मोबाइल, टि.भि वा गफमा झुण्डिने प्रवृत्ति राख्दासम्म नानीबाबुहरूले कहिल्यै शैक्षिक उन्नति गर्न सक्दैनन् । बालबालिकाले जहिले पनि आफूभन्दा ठूलो मानिसले के गरिरहेको छ भनेर नियालिरहेका हुन्छन् र ठूलोले जे गरेको छ त्यसै

गर्नुपर्छ भन्ने धारणा उनीहरूको कलिलो मस्तिष्कमा पर्न जान्छ । यसर्थ ठूलो व्यक्ति अर्थात् अभिभावक एवम् शिक्षक आदर्श हुनै पर्दछ । अनुशासित र संस्कारित हुनै पर्दछ । बालबालिकाको पढाइमा साथ दिन, गृहकार्यमा पढाइमा सहयोग गर्नुका साथै छेवैमा सँगै सबेर, बरू आफू पनि कुनै पुस्तक पढ्ने केही लेख्ने वा अन्य कुनै प्राज्ञिक उन्नयनका कार्य गर्ने गर्दा बालबालिकाको मस्तिष्कमा बाबाआमा त मसँगै बसेर पढ्नुहुन्छ त्यसैले मैले नि लेखपढ गर्नुपर्छ भन्ने भावनाको विकास हुन्छ।

यसैगरी अभिभावकको अर्को दायित्व भनेको बालबालिकाले गरेका प्रश्नको सहज ढङ्गबाट सही जवाफ दिनु हो । जवाफ दिन झर्को मान्ने वा गलत जवाफ दिनाले उनीहरूमा नकारात्मक धारणा बस्छ । हामी ठूलोहरूको बानी कति नराम्रो छ भने बालबालिका भनेपछि हेप्नै पर्ने 'बच्चा भएर जान्ने हुन्छस्? बच्चा भएर ठूलो कुरा गर्छस् ? बच्चा भएर अगाडि आउँछस् ?' भनेर दुत्कार्नै पर्ने ! म स्वयंले भोगेको बालबालिका हुँदाको विभेद आजसम्म ताजै छ । त्यतिबेला त्यो विभेदले चसक्क दुखेको मन आजसम्म दु:खेकै छ । सन्दर्भ भोजभतेरको हामीलाई सानामा भोजभतेर र सार्वजनिक कार्यक्रममा असाध्यै हेप्थे ठुलाहरूले । जेमा पनि 'बच्चाहरू पर बच्चाहरूलाई थोरै ! मात्र भनेको सुनिन्थ्यो । यस्ता सार्वजनिक सामाजिक स्थलमा गरिने विभेदले पनि बालबालिकालाई प्रशस्त खेल्न र मनोरञ्जन गर्ने समय दिनुपर्दछ । बालबालिकासँग आफैँ खेले उनीहरू ठूलो मानिसदेखि निकै खुशी हुन्छन् । उनीहरूका कुरा सुन्दै घुमाउन लगे झनै खुशी हुन्छन् । अनि उनीहरूले पढाइमा जाँगर लगाउने वातावरण बन्न सक्छ । धम्काएर, पिटेर वा आफ्नो काबुमा राखेर बालबालिकालाई पढाइमा अब्बल बनाउन सकिन्छ भन्ने धारणा सबैले त्याग्नु जरूरी छ । तपाई हामी ठुला मानिस भएर त चित्त दुख्छ, कहिले खुशी हुन्छौँ, कहिले रिसाउँछौँ अनि कहिले दु:खी हुन्छौँ भने बालबालिका त अबोध प्राणी हुन्। के


## हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**लक्ष्मीप्रसाद दवाडी**
प्रिन्सिपल एवम्

**शाइनिङ्ग आवासीय माध्यमिक विद्यालय परिवार**
गैंडाकोट-५, नवलपुर

उनीहरूको चाहिँ मन नहोला र ? चित्त नदुख्ला र ?

बालबालिकालाई अभिभावकबाट टाढा राख्नु वा अलग्याउनु बालबालिकाको शैक्षिक विकासका लागि मात्र नभई मानसिक, शारीरिक र संवेगात्मक विकासका लागि समेत घातक हुन्छ। बालबालिकालाई आफैसँग राख्ने, आफैँसँग सुताउने, आफैँसँग खुवाउने धेरैभन्दा धेरै माया दिने खुशी राख्ने गर्नाले स्वतःस्फूर्त उनीहरूको पढाइमा सुधार आउँछ । अझै कुरामा राम्रो संस्कार दिनुपर्दछ बालबालिकालाई । घरपरिवारमा बाबु–आमा झगडा नगर्ने, जाँडरक्सी, धूमपान, जूवातासको प्रयोग नगर्ने, ठूलोलाई आदर, पाहुनालाई सत्कार र सानालाई माया गर्ने जस्ता असल संस्कार र पढाइको सही बाटोमा हिड्न थाल्छन् । आफ्नो जन्मभूमि, राष्ट्र संस्कृति, धर्मप्रतिको आस्था जागरूकका लागि पनि अभिभावक नै अनुकरणीय बन्नु आवश्यक छ । आपसी सहयोग, मेलमिलाप, धैर्य र सकारात्मक सोचबाट बालबालिकाको मन–मस्तिष्क भर्न अभिभावक आफैँ उदाहरणीय बन्न सक्नुपर्दछ । स्वास्थ्य शिक्षा पढाउने, आफैँ धुवाँ उडाउने प्रवृत्तिले बालबालिकालाई सही बाटोमा हिँडाउन सकिँदैन । यदि बालबालिकाबाट केही गल्ती भएमा झर्कोफर्को नगरी माफ गरिदिनुपर्दछ । गल्ती नगर्ने उपाय सुझाइ दिनुपर्दछ । छोराछोरीलाई घरमा थुनेर आफूचाँहि जथाभावी डुलेर हिँड्ने प्रवृत्ति बालबालिकाको लागि झनै घातक हुन्छ। बाबुआमाबाट पर्याप्त माया नपाएका बालबालिका एकलकाँटे, हिंस्रक, रिसाहा र कसैको वास्ता नगर्ने र लागूऔषधको दुर्व्यसनमा फस्नेसम्मका हुन सक्दछन् ।

यदि आफ्ना छोरारीलाई पढाइमा, संस्कारमा, अनुशासनमा, बानीबेहोरामा अब्बल होऊन् भन्ने अपेक्षा राख्नुहुन्छ भने तपाई हामीले उनीहरूका लागि पर्याप्त समय, माया, साथ र सहयोग दिनै पर्ने हुन्छ । उनीहरूका इच्छा, चाहना र रूचि पूरा गरिदिनुपर्छ र हरेक पाइलामा आफू बालबालिकासँगै रहनुपर्दछ ।

## समाधान

१. बच्चालाई गुणात्मक समय दिऊँ ।
२. बच्चालाई तपाईले दिने उपचार भन्दा तपाईको उपस्थितिको बढी जरूरी छ ।
३. बच्चालाई खेलौना होइन, बच्चासँग खेल्नुहोस् ।
४. बच्चालाई सामान होइन, समय दिनुहोस् ।
५. बच्चाको खुबी/रूचिको पहिचान गरौँ ।
६. बच्चाको उपलब्धीको सम्मान गरौँ ।
७. बच्चाको अगाडि विवाद नगरौँ ।
८. लिखित भन्दा मौखिक सिकाइमा जोड दिऊँ ।
९. बच्चालाई शासन गर्ने होइन अनुशासनमा राखौँ।
१०. अपेक्षा होइन, स्वीकार गरौँ ।
११. कर्ममा केन्द्रित र धैर्य हुन सिकाऊँ ।
१२. मैलेमात्र होइन सबैले जित्नुपर्छ भन्ने भावना विकास गराऊँ ।
१३. उच्च अंकमा होइन उत्तमतामा केन्द्रित बनाऊँ।
१४. बच्चाले गर्न सक्ने काममा लगाऊँ चुनौतिसँग जुध्ने बानीको विकास गराऊँ ।
१५. बच्चाको तुलना कहिल्यै अर्कासँग नगरौँ ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जनक माध्यमिक विद्यालय**
**गैंडाकोट–५, नवलपुर**

पहिलेको समयमा बाहिरको काम घरको लोग्ने मानिसले गर्ने गर्थे भने घरको काम महिलाले गर्ने गर्दथे । आमा नचाहेर भएपनि धेरै समय बच्चाको साथमा हुन्थिन् । मनोरञ्जनका साधनहरू थिएनन् त्यसैले अभिभावकहरूले खाली रहेको समयमा बच्चासँग संवाद गर्ने, खेल्ने गर्दथे । तर अहिले भने परिवारलाई धान्न पनि दुवैजनाले काम गर्नुपर्ने बाध्यात्मक स्थिति छ भने कामको बोझ पनि बढ्दो छ । घर आउँदा दुवै जना थकित हुन्छन्, बाँकी समय बच्चासँग बिताउनुको सट्टा मोबाइलमा विविध सामाजिक सञ्जालमा व्यस्त हुन्छन्, कि त टेलिभजन हेर्छन् ।

होमवर्क गर भन्दै छोराछोरीको छेउमै बस्ने, यति पढेर सक भन्दै कराइरहने, खेल्न नजाओस् भनेर गोठालो बस्ने, टिभी नहेर्न दबाब दिने र बच्चाले हेरेको च्यानल जबर्जस्ती परिवर्तन गर्न लगाउने आदि अवस्थालाई घरमा छोराछोरीलाई 'समय दिएको' भनिन्छ जुन एकदम गलत हो । अहिलेका आमाबाबुले योगासन गर्लान् वा नगर्लान् तर टि.भी. आसन भने अवश्य गर्दछन् । एउटी छोरीले बाबु सँगसँगै स्कुल जान खोज्छे । बाबुलाई यो कुरा भन्दा म अहिले व्यस्त छु, मलाई काममा जान ढिला भैसक्यो । म काममा नगए:तिम्रो यति महँगो फि कसरी तिर्ने ? यस्तै प्रतिक्रिया बाबुले दिन्छन्, छोरी दुःखी हुँदै विद्यालय जान्छे । विद्यालयमा हस्तलेखन प्रतियोगितामा प्रथम भएर शिक्षकले पुरस्कार दिनुभएछ । छोरी प्रसन्न हुँदै कति बेला घर गएर यो खुशीको क्षणलाई साटौँ भन्दै आतुर हुन्छिन् । घरको बैठक कोठाको ढोका खोल्दै "मम्मी हेर्नुहोस् न म प्रथम भएर पुरस्कार ल्याएको छु" भन्दै चिच्याइन् । छोरीलाई हेर्दै नहेरी मम्मीले भन्नुभयो-"एकै छिन नकरा न यहाँ सिरियलमा यति राम्रो कहानी आइरहेको छ।" त्यसपछि छोरी झन् बढी दुःखी हुन्छे र मनमनै सोच्छे, मेरा ड्याडीमम्मीले मलाई उहाँहरूको मुटुको टुक्रा भन्नुहुन्छ तर मलाई भन्दा बढी प्रेम कामलाई, अफिसलाई र टि.भी सिरियलको कलाकारलाई गर्नुहुन्छ ।

गुणात्मक समयको विषयमा कति अभिभावकले प्रतिक्रिया स्वरूप भन्नुहुन्छ बच्चा सानो हुँदा त उसलाई हामी पढाउन सक्थ्यौँ तर बच्चा माथिल्लो कक्षामा गएपछि भने हामीहरूले पढाउन सक्दैनौँ । पढाउन नसक्ने भएपछि उनीहरूसँग बस्नु, नबस्नुको कुनै अर्थ रहँदैन । वास्तवमा यस्तो गर्नु कदापि राम्रो होइन ।

एस.एल.सी. (हालको एस.इ.इ) परीक्षा दिने बखत मेरी आमा राति मसँगै बस्नुहुथ्यो, म सुतेपछि मात्र उहाँ आफ्नो कोठामा गएर सुत्नुहुन्थ्यो । मैले सयौँ पटक भने त्यतिबेला 'आमा ! म राम्रै विद्यार्थी हुँ, तपाई गएर सुत्नुहोस् म पढिहाल्छु नि भन्दा उहाँ कहिल्यै जानुभएन । म सँग बस्दा उहाँले बत्ती कातेर बस्नुहुन्थ्यो । मैले अहिले बुझ्दै छु आमा धेरै नपढेपछि उहाँ मनोवैज्ञानिक हुनुहुन्छ ।

*यहाँ म भारतको गुजरातमा घटेको सत्य घटना प्रस्तुत गर्दैछु ।*

एक जोडी आफ्नो छोरालाई लिएर डाक्टरकहाँ जान्छन् । समस्या के रहेछ भने त्यो बच्चाको हरेक दिन कुनै न कुनै अङ्गबाट रगत बग्दो रहेछ । कही पनि समस्याको पहिचान नभएपछि उनीहरू Hematologist कहाँ गए ।


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**शान्ति निकुञ्ज माध्यमिक विद्यालय**
**कावासोती-१२, नवलपुर**

डाक्टर पनि अचम्मित भए बच्चाको सबै अध्ययन पश्चात् । बच्चाको समस्याको पहिचानका लागि बच्चालाई एक्लै राखेर धेरै प्रश्नहरू राख्न थाले । डाक्टरले बच्चालाई भने- तिमीले छ बजे घरमा गएर आफैँले शरीरको विभिन्न भागमा काट्छौ, होइन ? बच्चाले भन्यो डाक्टर, तपाइँले कसरी थाहा पाउनुभयो ? बच्चाले थप्यो यो कुरा मेरा बुबाआमालाई नभन्नु है । नत्र मैले उहाँहरूको प्रेम र हेरचाह (ख्याल) पाउन्न । खासमा के भएको रहेछ भने आमा बाबुले टिभीमा एउटा सिरियल मन पराउँदा रहेछन् । त्यो सिरियल साँझ ६ बजे आउँथ्यो । जब बच्चा खेलेर घर आउँथ्यो, बाबुआमा टिभीको अगाडि हुन्थे बच्चाले आमालाई भोक लाग्यो भन्दा आमाले बाबु फ्रिजमा फलफूल छ, निकालेर खाऊ भन्दिरहिछन् । एकदिन बच्चा खेल्दा खेल्दै ठक्कर लागेर चोट लागेछ । चोट लागेको बच्चालाई घरमा जब बाबु-आमाले देखे, टिभी हेर्न बन्द गरेर बच्चाको स्याहार सुसार गर्न थाले । त्यसपछि बच्चाले सोच्यो-बुबाआमाको स्याहार सुसार, प्रेम पाउन त म घाइते बन्नुपर्दो रहेछ । त्यसपछि सधै लुकेर भान्साघरमा गएर चक्कुले काटेर बाबुआमाको अगाडि जाँदो रहेछ । बच्चाको सबै कुरा सुनिसकेपछि डाक्टरले बच्चालाई भने-अब मैले तिम्रा आमाबाबुलाई तिम्रो ख्याल गर्न भन्छु तर तिमीले शरीरमा नकाट । बच्चाले मान्यो।

माथिको प्रसङ्ग त केवल प्रतिनिधि घटना मात्र हो । तपाईँको घरमा पनि बच्चालाई समय नदिएकाले विभिन्न समस्या आएका होलान् । एकपटक सूक्ष्म ढङ्गले सोचौँ ।

धेरै अभिभावकहरूले मसँग बच्चा कुसंगत, कुलतमा लाग्यो, यसबाट कसरी छुट्कारा पाइएला भनेर सोध्नुहुन्छ । यसको समस्याको जड भनेको तपाईले समय नदिएकाले हो ।

याद राख्नुहोस् ! तपाईले बच्चालाई समय नदिए वरिपरि धेरै नराम्रा मानिसहरू छन्, जसले तपाईको बच्चालाई समय दिन्छन् । उनीहरूले




तपाईको बच्चालाई बिगारिदिन्छन् र पछि समय बितिसकेपछि पछुताउनु बाहेक अरू केही विकल्प हुँदैन ।

अहिलेका अभिभावकहरू अति नै व्यस्त हुनुहुन्छ, घरमा काम गर्नेको जिम्मा बच्चालाई छोडिदिनुहुन्छ। म भन्छु-आमा जति नै व्यस्त भए पनि खाना आफैँ बनाउनुपर्छ र आफैँले खाना पस्किदिनुपर्छ । यहाँ बुझ्नुपर्ने कुरा के हो भने बच्चाले अभिभावकको ध्यान आफूतिर केन्द्रित गराउन विभिन्न खालको आवेग र दुर्व्यवहार देखाउँछन् । एकजना मेरा आफन्तको परिवार सँधैजसो व्यापारमा व्यस्त हुन्थे । बच्चालाई प्रर्याप्त समय दिन पाउँदैनथे । बच्चाहरू पनि बेला बेलामा पसलमा आएर ग्राहकहरू आएको बेलामा हल्ला गर्दथे । यसो गर्दा उनीहरूलाई के थाहा थियो कि आमा बाबुले हामीबाट उहाँहरूको व्यस्ततामा दखल नपुऱ्याओस् भनी पैसा दिनुहुन्छ। वास्तवमा बच्चालाई तपाईले दिने उपहारको भन्दा तपाईको उपस्थितिको बढी खाँचो छ । यदि हामीले बच्चाहरू सानो हुँदा समय दिँयौ भने बुढेसकालमा हामीलाई बच्चाले समय दिन्छन् । बच्चाले हाम्रो श्राद्ध होइन श्रद्धा गर्न सिक्नुपर्छ र बुढेसकालमा आमाबाबुलाई आश्रम पठाउने होइन, उनीहरूलाई आश्रय दिनुपर्छ ।

विश्व चर्चित नेता माओत्सेतुङ्ग सानो हुँदा उनकी आमा बिरामी भइछिन् । आमाले धेरै दुःख गरेर एउटा राम्रो बगैँचाको निर्माण गरेकी रहिछिन् । आफू बिरामी हुँदा बगैँचाका सबै बिरूवाहरू मर्ने भए भनेर उनलाई ठूलो चिन्ता भएछ । बालक माओले आमालाई सम्झाउँदै भने-आमा, मैले हरेक दिन बगैँचाको बिरूवामा पानी हाल्छु, तपाईले कुनै चिन्ता नलिनुहोस् । केही दिन पछि आमा सन्चो भएर बगैँचा हेर्न जाँदा त सबै बिरूवाहरू ओइलाएका रहेछन् । बालक माओले रूँदै रूँदै भने आमा ! मैले एक दिन पनि नबिराइ पानी हालेँ तिनीहरूको राम्रो स्याहार पनि गरेँ तर पनि बिरूवाहरू ओइलाए । आमाले माओलाई प्रेमपूर्वक सोधिन्-बाबु ! पानी कहाँ हाल्यौ ? उनले पात तिर देखाउँदै भने-आमा, मैले पानी यसमा हालेँ र धोएर सफा पनि गरेको हुँ ।

आमा हाँस्दै भनिन्-छोरा पानी कहिल्यै पातमा हालिँदैन, जरामा हालिन्छ । यो घटनाले माओको जीवनमा क्रान्तिकारी असर पऱ्यो । वास्तवमा हाम्रो सारा प्रयत्न असल संस्कार निर्माणमा खर्च गर्नुपर्ने हो तर हामीले गर्न सकेनौँ । त्यसैले हाम्रो बच्चा शिक्षित त बने तर सचेत/संस्कारित बनेनन् । सामाजिक सञ्जाल फेसबुक, ट्वीटर र युटुब मार्फत दुनियाँसँग जोडिए तर आफ्नै परिवार आफन्त, देशसँग टाढा भए ।


हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गण्डकी आवासीय मा.वि.
कावासोती-८, नवलपुर

# अभिभावकको भूमिका

**मीना अधिकारी**
सदस्य, शि.अ.संघ



साना नानी बाबुलाई संस्कारको खाँचो छ
हेर्नुस् त अनुहारमा अमूल्य हाँसो छ ॥

जस्तो संस्कार दिन सक्छौँ त्यस्तै बन्छन् बाबु नानी
बिहानै उठी हात मुख धोइ पढ्न बस्ने लाउनुस् बानी ॥

तातो तातो खाजा पनि खान दिनुस् बच्चालाई
बुद्धि बढ्छ शारीरिक विकास राम्रो हुन्छ स्वास्थ्यलाई ॥

आफू टि. भि. मोबाइल चलाइ बच्चालाई पढ भन्दा
जे गर्छौ हामी त्यही गर्छन् बच्चा राम्रो हुन्छ हाम्ले जान्दा ॥

९ बजे खाना खुवाइ तयार पारौँ स्कुल जान
घर कै खाजा खुवाउनु पर्छ हुन्न हजुर जङ्कफुड खान ॥

कलिलै उमेरमा अनेक थरी रोग लाग्छ
घरको ताजा खाना खुवाउँदा रोग जति सबै भाग्छ ॥

ताजा साग सब्जी अनि फलफूल खुवाएमा
जङ्कफुड खाँदा पर्ने असर राम्रो सँग बुझाएमा ॥

कसैलाई रोग नलागे आर्थिक भारबाट बच्ने
स्वस्थ र निरोगी बनाउन अब सबले कम्मर कस्ने ॥

# सुशासनयुक्त आत्मनिर्भर अर्थनीति, नेपालको सम्बृद्धि



**मिन प्रसाद आचार्य**
विभागीय प्रमुख (अर्थशास्त्र र लेखा)

नेपाल एशिया महादेशमा अवस्थित एउटा सानो, सुन्दर र पहाडी मुलुक हो । उत्तरमा चीन र दक्षिणमा भारतसँग सिमाना जोडिएको नेपाल विश्वका अति कम विकसित राष्ट्रहरूको सूचिमा पर्ने भएतापनि प्राकृतिक श्रोत, साधन र साँस्कृतिक सम्पदामा सम्पन्न राष्ट्र हो । यहाँको जल, जंगल जमीन, जडिबुटी र जनशक्तिलाई उचित उपयोग गर्न सकेको खण्डमा विकासका गतिविधिहरू तीव्र रूपमा अघि बढ्न सक्दछन् । जलविद्युत, कृषि र पर्यटन नेपालको विकासका प्रमुख संभाव्यताहरू हुन् । यी क्षेत्रहरूको विकासबाट नै सुखी नेपाली र सम्बृद्ध नेपालको परिकल्पनालाई साकार पार्न सकिन्छ ।

कुनै पनि देशमा जबसम्म सुशासन र आत्मनिर्भर अर्थव्यवस्था निर्माण हुन सक्तैन, तबसम्म त्यो राष्ट्र पूर्णरूपले स्वाधीन र सम्पन्न बन्न सक्दैन । नेपालको वर्तमान अर्थतन्त्रलाई विश्लेषण गर्दा विकासका सूचकहरू नकारात्मक रहेको देखिन्छ । नेपालको व्यापार घाटा दिन प्रतिदिन बढ्दै गइरहेको छ । कूल ग्राहस्थ उत्पादन (GDP) सार्क राष्ट्रहरू मध्येमा पनि कम रहेको छ । गरिबीको रेखामुनि रहेको जनसंख्या २४% छ । बढ्दो बेरोजगारीको कारणले दैनिक सरदर १५०० युवाहरू रोजगारीका लागि विदेश पलायन भइरहेका छन् । उच्च जनसंख्या बृद्धि र परम्परागत प्रविधिको कारण कृषि क्षेत्रको उत्पादकत्व न्यून रहेको छ । सरकारी बजेटको ६०% भन्दा बढी रकम प्रशासनिक, उपभोग्य र अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ । विकास निर्माण गतिविधिहरू द्रुतगतिमा अगाडि बढ्न सकेका छैनन् । कालो बजारी, घुसखोरी र भ्रष्टाचार मौलाउँदै गइरहेको छ ।

यस परिप्रेक्ष्यमा मुलुकको यथार्थ अवस्थालाई आत्मसात् गरेर विकास र सम्वृद्धि हासिल गर्नेतर्फ अग्रसर हुनु आजको अपरिहार्य आवश्यकता रहेको छ । नेपालको झण्डै सात दशकको समय राजनैतिक परिवर्तनका लागि खर्च भइसकेको छ । परिणामस्वरूप जनताबाट निर्वाचित प्रतिनिधिहरूको सभा अर्थात् संविधान सभाबाट संविधान निर्माण गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेको छ । अब मुलुकमा सुशासन र स्थिरता कायम गर्नुपर्दछ । बदलिँदो परिस्थिति अनुसार नियम, कानुनहरू निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । राजनीतिलाई पेसा होइन, देश र जनताको सेवाको रूपमा अङ्गीकार गर्नुपर्दछ । संविधानमा निर्दिष्ट गरिएको समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने योजना, नीति, अवलम्बन गर्नुपर्दछ ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जनता माध्यमिक विद्यालय डण्डा**
**कावासोती–१६, नवलपुर**

देशलाई आत्मनिर्भर बनाउनका लागि उपलब्ध श्रोत र साधनहरूको उचित परिचालन हुनपर्दछ । जलश्रोतमा धनी देश नेपालमा करिब ८३,००० मेघावाट जलविद्युत उत्पादन गर्न सकिने संभाव्यता रहेको छ । तसर्थ स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्दै सरकारी र निजी दुवै क्षेत्रबाट जलविद्युत आयोजनाहरू सञ्चालन गर्नुपर्दछ । उत्पादित जलविद्युत विदेशमा निर्यात गरी विदेशी मुद्रा आर्जन हुनका साथै यसले औद्योगीकरणको विकासमा ठूलो सहयोग पुग्ने देखिन्छ । त्यसैगरी विविध भौगोलिक बनावटयुक्त कृषिप्रधान मुलुक भएकोले आधुनिक कृषि प्रणालीको माध्यमद्वारा कृषि उत्पादकत्वमा वृद्धि गर्ने नीति अवलम्बन गर्नुपर्दछ । विभिन्न प्रकारका खाद्यबाली, नगदेबाली, तरकारी खेती, फलफूल खेती, पशुपालन, मत्स्यपालन, जडीबुटी उत्पादन आदिको माध्यमद्वारा देशलाई आत्मनिर्भर बनाउनुपर्दछ । नेपाल प्राकृतिक सम्पदा र सांस्कृतिक विविधताले सम्पन्न मुलुक हो । विश्वको सर्वोच्च शिखर सगरमाथा लगायत अन्य उच्च हिमशिखरहरू, पहाड, पर्वत, नदीनाला, वन्यजन्तु, वनस्पति, तालतलैया, झरना आदि अमूल्य प्राकृतिक सम्पदाहरू हुन् भने गौतम बुद्धको जन्मस्थल लुम्बिनी, जानकी मन्दिर, मुक्तिनाथ, पशुपतिनाथको मन्दिर, दरबारहरू पाटीपौवा, धर्मसंस्कृति, चार्डपर्व आदि धार्मिक तथा साँस्कृतिक वैभवहरू हुन् । यी सम्पदाहरूले नेपाल एउटा रमणीय पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिने प्रचुर सम्भावनालाई इङ्गीत गर्दछन् । तसर्थ पर्यटन उद्योगको विकासमा जोड दिइ विदेशी मुद्रा आर्जन गर्न र रोजगारीका अवसर प्राप्त गर्न सकिन्छ । यसरी कृषिको आधुनिकीकरण, जलविद्युत उत्पादन र पर्यटन उद्योगको विकासको माध्यमबाट उत्पादनमा वृद्धि गर्दै औद्योगीकरणको विकास र रोजगारीको सिर्जना गरी देशलाई आत्मनिर्भर बनाउन सकिन्छ । यसबाट निर्यात वृद्धि गरी आयात प्रतिस्थापन गर्न सकिन्छ । यस तथ्यलाई हृदयङ्गम गरी एउटा सभ्य, समुन्नत र सम्बृद्ध नेपाल निर्माण गर्नका लागि अगाडि बढ्नु एउटा ऐतिहासिक आवश्यकता र जिम्मेवारी रहेको छ ।

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**दिपकनाथ सुवेदी**
**प्रधानाध्यापक एवम्**
**त्रिभुवन बाल माध्यमिक विद्यालय परिवार**
**कावासोती–१७, ढोकी, नवलपुर**

# प्रभावकारी शिक्षाका लागि सामुदायिक विद्यालयका चुनौतीहरु



**ज्योतिमाया घर्ती**
विभागीय प्रमुख (नेपाली)

शिक्षा देश विकासको आधारशिला हो । जीवनका हरेक पक्षमा उपयोगी जीवनपर्यन्त चलिरहने प्रक्रिया शिक्षा हो । ल्याटिन भाषाको Education बाट Educere, Educare हुँदै बनेको Education शब्दले व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याएको छ। विद्यालयको सीमित घेराभित्र दिइने औपचारिक शिक्षा मात्र नभई खुला र अनौपचारिक रूपमा पनि शिक्षा लिने र दिने गरेको पाइन्छ । नेपालको परिप्रेक्ष्यमा प्राचीन समयमा गुरूकूल शिक्षालाई नै महत्त्व दिइरहेको अवस्थामा जङ्गबहादुर राणाले आफ्ना सन्तानलाई शिक्षा दिने उद्धेश्यले वि.सं. १९१० मा दरबार स्कुलको स्थापना गरे । त्योसँगै नेपालमा औपचारिक शिक्षाको प्रारम्भ भएको मान्न सकिन्छ। राणाहरू शिक्षाको बिरोधी भएकाले त्यस समयमा शिक्षाको विकास हुन सकेन। नेपालमा राणाशासनको अन्त्यसँगै पञ्चायत कालमा "नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८" को गठनसँगै शिक्षा विकासमा सुधार गर्न खोजियो । फलस्वरूप थुप्रै सामुदायिक र निजी संस्थागत विद्यालयहरूको स्थापना हुन पुग्यो ।

वास्तवमा लोकतन्त्र भन्नाले नागरिकलाई निरन्तर समृद्ध बनाउँदै लैजाने व्यवस्था हो । अझ यसलाई सरल तरिकाले भन्ने हो भने हरेकको जीवनमा स्थापित गर्ने ठाउँ नै विद्यालय हो । देशको सर्वाङ्गीण विकासका लागि जनशक्ति उत्पादन गर्ने उद्धेश्यले हाल नेपालमा सामुदायिक र संस्थागत विद्यालय गरी दुई खाले विद्यालयहरू प्रचलनमा रहेका छन् । सामुदायिक विद्यालयलाई सरकारी विद्यालय पनि भन्ने चलन छ । समाजका हरेक वर्गका लागि समान रूपले उपलब्ध हुने शिक्षा सामुदायिक शिक्षा हो । यस्ता विद्यालयहरू राज्य व्यवस्थाका हिस्सा हुन् । सामुदायिक विद्यालय राज्यद्वारा लगाइएको करको आम्दानीबाट र सरकारबाट पूर्णरूपले प्रसारित हुने गर्दछ भने संस्थागत विद्यालयलाई निजी विद्यालय भन्ने प्रचलन छ । यो व्यक्तिको लगानीमा सञ्चालित हुने भएकाले प्रायः आर्थिक दृष्टिकोणले सम्पन्न व्यक्तिका लागि हुने गर्दछ ।

नेपालमा ८० प्रतिशत भन्दा बढी बालबालिकाहरूलाई शिक्षा प्रदान गरे पनि गुणस्तरीय शिक्षा प्रदान गर्न नसकेको गुनासो खेपिरहेको छ । नखेपोस् पनि कसरी भएको छ नै त्यस्तै, प्रत्येक ठाउँमा शैक्षिक सुशासनको अभावमा प्रत्येक सामुदायिक विद्यालयहरू यस्तै हविगत भोग्न दिन प्रतिदिन बाध्य छन् । 'काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ' भने जस्तै राज्यका तर्फबाट शिक्षा र शैक्षिक संस्था सुधारका आश्वासन र रणनीतिक योजना हरेक वर्ष बजारमा आउँछन् । तर दुःखको कुरा कार्यान्वयन र अभ्यासहरू कहिल्यै देख्न पाइएको भने छैन, मात्र सुन्नसम्म पाइएको छ वर्तमान समयमा सामुदायिक विद्यालय प्रभावकारी कार्यान्वयनमा चुनौतीहरू देखापरेका छन् ।

वास्तवमा चुनौतीहरू भनेका समस्या मात्र होइनन् । यसको सामना गर्न नसक्दाको अवस्थामा अवसरमा परिणत हुन सक्छन् । तसर्थ हरेक चुनौतीहरूको पहिचान गरी समाधान

गर्ने जरूरी हुन्छ । वर्तमान समयमा सामुदायिक विद्यालय प्रभावकारी कार्यान्वयनका चुनौतीहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. परम्परागत सिकाइ पद्धति,
२. प्रचारमुखी 'भर्ना अभियान',
३. शिक्षा सुधारका लागि बनाइएका र परियोजना विद्यालयसम्म नपुग्नु,
४. कमजोर अनुगमन र अनुसन्धान,
५. कानुन कार्यान्वयन गर्न नसक्ने निरीह शिक्षा प्रशासन,
६. राजनीतिक हस्तक्षेप,
७. विद्यालय र समाजको बिग्रँदो सम्बन्ध,
८. समय सापेक्ष प्रविधियुक्त शिक्षा दिन नसक्नु,
९. शिक्षा व्यवहारिक र सिकाइ प्रयोगात्मक हुन नसक्नु,
१०. विद्यालयप्रति विद्यार्थी, शिक्षक, अभिभावक र समाज पूर्ण जिम्मेवारी नहुनु,
११. राजनीतिक भागबन्डामा विद्यालय सञ्चालित हुनु,
१२. सरकारी अनुदानमा मात्र निर्भर रहनु पर्दा आर्थिक व्यवस्थापनको पक्ष कमजोर हुनु ।

यसरी सामुदायिक विद्यालयका सामु अनेकौं चुनौतीहरू विद्यमान छन् । विद्यमान चुनौतीहरूलाई कम गर्दै शिक्षाको स्तर माथि उठाउन हरेक पक्षको ध्यान केन्द्रित हुन जरूरी छ । समाजका लागि अति नै महत्त्वपूर्ण मानिएको सामुदायिक शिक्षाले न्याय सङ्गत, मानवीय र समाजको दीर्घकालीन विकास गर्ने उद्धेश्य राख्नु चुनौतीपूर्ण छ । यस्ता चुनौतीहरूलाई समाधान गर्ने उपायहरू निम्नानुसार रहेका छन् :

१. आधुनिक र डिजिटल प्रणालीमा आधारित सिकाइमा जोड दिने,
२. जीवन उपयोगी शिक्षामा जोड दिने,
३. अनुगमन र अनुसन्धानलाई जोड दिने,
४. योजनाबद्ध विद्यालय सुधार योजना तयारी र कार्यान्वयन पद्धतिको अबलम्वन गर्ने,
५. प्रशासनलाई पारदर्शी र जवाफदेही बनाउने,
६. विद्यालय र समुदायबिचको सम्बन्धलाई सुदृढ गर्ने,
७. शिक्षकहरूलाई समय सापेक्ष तालिम र सुविधा प्रदान गर्ने,
८. विद्यालयप्रति विद्यार्थी, शिक्षक, अभिभावक र समाजलाई पूर्ण जिम्मेवार बनाउने,
९. राजनीतिक दवाब, प्रभाव र हस्तक्षेप मुक्त स्वतन्त्र र स्वायत्त शैक्षिक संस्थाको रूपमा विकास गर्ने,
१०. विद्यालयमा आधारित व्यवस्थापनलाई सुदृढ गर्दै पेसागत समूहलाई अधिकार सम्पन्न र जिम्मेवार बनाउने,
११. आर्थिक व्यवस्थापनको पक्षलाई सुदृढ गर्न दिगो स्रोत व्यवस्थापनको खोजी गर्ने,

यसरी 'जहाँ इच्छा त्यहाँ उपाय' भने जस्तै विभिन्न विकल्पहरूमध्ये उत्तम विकल्पको खोजी गरी विद्यालय व्यवस्थापन पक्षले तत्कालीन र दीर्घकालीन योजना निर्माण गर्नुपर्ने देखिन्छ । यसका साथै सम्बन्धित निकायले जिम्मेवारी किटानी र उत्तरदायित्व बोध गरी सकारात्मक सोचका साथ नियमित अनुगमन, अनुसन्धान र सुपरिवेक्षण गर्न सकेमा सामुदायिक विद्यालयले काँचुली फेर्ने कुरा निश्चित छ । फरक यतिमात्र हो कुरा भन्दा काम धेरै र हाम्रा भन्दा राम्रा मान्छेको सक्रियता र सहभागिता बढाउनु पर्ने आवश्यकता पनि देखिन्छ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सिद्धार्थ शान्ति निकेतन**
हुप्सेकोट-३, गिरुवारी, नवलपुर

# स्वस्थ जीवनका लागि स्वस्थ जीवनशैली



**डोलराज सापकोटा**
विभागीय प्रमुख (जनसंख्या)

"Health is Wealth" भन्ने कुरालाई हामी बाल्यावस्थादेखि सुन्दै र पढ्दै आएका छौं । सम्भवतः सफल जीवनको मूल आधार नै स्वस्थ शरीर हो । स्वस्थ शरीर मै स्वस्थ मस्तिष्क रहेको हुन्छ । विश्व स्वास्थ्य संगठनका अनुसार स्वास्थ्य भन्नाले रोगबाट मात्र मुक्त नभइ शारीरिक, मानसिक र सामाजिक रूपमा तन्दुरूस्त रहनु भन्ने बुझिन्छ । आवश्यक भन्दा बढी काम गर्नु, हतारमा जे पायो त्यही खानु, पूर्णरूपमा ननिदाउनु, आवश्यकता अनुसार आराम नगर्नु, दैनिक रूपमा शारीरिक व्यायाम नगर्नु, अव्यवस्थित दिनचर्या आदिका कारण हाम्रो स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको हुन्छ । अतः स्वस्थ जीवनयापनका लागि खानपान, स्वस्थ बानी व्यवहार, जीवनशैलीमा ध्यान दिनुपर्दछ । यदि यी सबै कुराको सही रूपमा पालना भयो भने हाम्रो जीवनमा सकारात्मक प्रभाव पर्छ र हामी स्वस्थकर जीवनयापन गर्न सक्छौँ ।

अहिलेको युगमा बालक, युवा वा वृद्ध हरेकलाई कुनै न कुनै रोगले पिरोलिरहेको छ । मानौँ वर्तमान युगको अर्को परिचय नै शारीरिक अस्वस्थता हो । के प्राचीन समयदेखि नै मानव समाजमा यस्ता समस्या थिए त ? यसको उत्तर खोज्ने क्रममा करिब पाँच-छ दशक अघि फर्केर हेर्दा मात्रै पनि यसको

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**ढाकाराम भट्टराई**
प्रिन्सिपल एवम्
**भृकुटी बोर्डिङ्ग स्कुल परिवार**
देवचुली-११, धारापानी, नवलपुर

सीधा र सरल उत्तर हामी भेट्छौँ । निश्चित र निर्धारित समयमा सुत्ने र उठ्ने, खाना खाने समय निश्चित हुनु सादा जीवन उच्च विचारलाई पछ्याउनु, राति चाँडै सुत्ने र बिहान सबेरै उठ्नु आदिले मानव स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको थियो तत्कालीन समयमा हालको समयमा हेर्ने हो भने मानिस भागदौड, प्रतिस्पर्धा, असीमित काम गर्ने समयशैली, रोजगारीको असुरक्षा, कम समयमा धेरै सम्पत्ति कमाउने चाहना सँगै मानवको जीवनशैलीमा समय र आरामको अभाव हुँदै गएको छ । काम गर्ने समय बढ्नाले दिनचर्या लामो भएको देखिन्छ । जसले गर्दा रात छोटिदै गएको अनुभव हुन्छ। निन्द्रा, आराम र खाने समयमा अनिश्चितता हुनाले स्वास्थ्यमा बढी प्रतिकूलतादेखि मधुमेह, क्यान्सर आदि रोगले बालकदेखि बृद्धसम्म सबैलाई सताएको पाइन्छ ।

स्वस्थकर जीवनशैली अपनाउन सकेको खण्डमा मात्रै हामी चौतर्फी रूपमा स्वास्थ्यको कल्पना गर्न सक्छौँ । यसका लागि हामीले विविध कुराहरूलाई ध्यान दिनु जरूरी छ । हामीले खाने भोजन जहिले पनि सन्तुलित हुन जरूरी छ । सन्तुलित भोजन भन्नाले हाम्रो शरीरका लागि आवश्यक सम्पूर्ण पौष्टिक तत्त्वहरू रहेको खानालाई बुझाउँछ । भात, तरकारी, फलफूल, हरियो सागपात, दुध, दही, अण्डा, माछा, मासु आदि सन्तुलित आहारबाट शरीरलाई आवश्यक पोषक तत्त्व प्राप्त हुन्छ । वर्तमान समयमा हामीले सन्तुलित आहारलाई ख्याल नगरी स्वादमा बढी ध्यान दिएको पाइन्छ । जसले गर्दा वर्तमान समयमा दिनहुँ फास्टफुड प्रतिको मोह बढेको पाइन्छ । एक सर्वेक्षण अनुसार सहरी क्षेत्रमा व्यस्तताका कारण करिब ४० प्रतिशत वयस्कले साताको दुईपटक फास्टफुड खाने समयको बचावटका कारण फास्टफुड आजको व्यस्त जीवनशैलीको अभिन्न अंगका रूपमा विकसित हुँदै गएको देखिन्छ । यद्पी परिष्कृत र प्रशोधित उत्पादनतर्फको यो आकर्षणलाई स्वस्थ्यका दृष्टिले लाभदायक मानिदैन ।

मानव जीवनसित जोडिएका विभिन्न पक्षका बारेमा गरिएका विभिन्न अनुसन्धान अनुसार निद्रा नलाग्ने रोग नै सबैभन्दा ठूलो समस्या बन्न पुगेको छ । निद्राले मस्तिष्कलाई आराम दिन्छ र यसको कमीले जैविक चक्रमा नकरात्मक प्रभाव पार्दछ । निद्राको कमीले टाउको दुख्ने, शरीर दुख्ने तनाब आदि रोगदेखि उच्च रक्तचाप, हृदयरोग आदि जस्ता गम्भीर समस्या उत्पन्न हुने सम्भावना हुन्छ । निद्राको कमीले हर्मोनको सन्तुलनमा गडबडी भएर मोटोपन, चिन्ता निराशा आदिले सताउँछन् । अतः स्वस्थ्य जीवनका लागि ६ देखि ८ घण्टासम्म सुत्नुपर्छ ।

स्वस्थ जीवनका लागि नियमित काम र व्यायाम पनि उत्तिकै आवश्यक छ । प्राणायम, योग,


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सरस्वती संस्कृत तथा साधारण मा.वि.**
हुप्सेकोट-३, गिरुवारी, नवलपुर



हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**हुप्सेकोट मा.वि. रूम्सी**
हुप्सेकोट-४, नवलपुर

शारीरिक व्यायाम, सूर्य नमस्कार आदि स्वस्थकर जीवनका लागि अत्यावश्यक मानिन्छ । यसबाट मानव मुटु स्वस्थ रहन्छ, सकारात्मक सोचको विकास गराउँछ । व्यायाम गर्दा कस्तो, कसरी र कति समय गर्ने भन्ने विषयमा आफ्नो शरीरको क्षमता र दैनिक क्रियाकलाप अनुसार तय गर्नु राम्रो हुन्छ ।

स्वस्थ जीवनका लागि खानपान, निद्रा, सोचविचार, कामका अतिरिक्त व्यक्तिगत बानी व्यवहारले पनि उत्तिकै भूमिका खेल्छ । शारीरिक एवम् मानसिक स्वस्थता, स्नान, पहिरनको छनौट, कस्मेटिक वस्तुको प्रयोग, वातावरणीय स्वस्थता, सुर्तीजन्य, मदिराजन्य र लागूऔषधबाट टाढा रहनु आदिले पनि स्वस्थ जीवनशैलीमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । साथै उठ्ने, बस्ने, सुत्ने, हिड्ने, पढ्ने, लेख्ने आदि कुरामा पनि ध्यान दिनुपर्छ । सबैकुरामा संवेदनशील भएर स्वस्थकर जीवन बिताउन सकिन्छ । आफ्नो सोच एवम् जीवनशैलीमा परिवर्तन ल्याउने प्रयास गर्नुपर्छ । उचित समयमा परिवर्तनको मार्ग रोज्नुपर्छ ।


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**मनकामना माध्यमिक विद्यालय**
**विनयी त्रिवेणी-२, नवलपुर**

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**मणिसंगम माध्यमिक विद्यालय**
**विनयी त्रिवेणी-२, नवलपुर**

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**बाल्मिकी शिक्षा सदन**
**भरतपुर, चितवन**

# Immunity



**Saroj Ghimire**
**Head of Department**
**(Science)**

Immunity is the ability of the body to resist diseases, either through the activities of specialized blood cells in the body or antibodies produced by them in response to natural exposure or inoculations. Our immune system is made up of a network of white blood cells (leukocytes) tissues and organs (skin) that work together to protect the body and linked by lymphatic vessels. The lymph nodes are tightly packed with leucocytes and act as filters or traps for foreign particles.

## Types of immunity:

We are born with a natural resistance which is called innate immunity. The skin is the first line of defense in our immune system acting like a wrap over a delicate object. The epidermis i.e. outer layer of skin block incoming germs. Glands in the skin produce antibacterial chemicals that can kill some bacteria. Mucous membrane lining the argental tract, digestive tract and respiratory tract act as physical barriers to microbes. Another type of protection is 'adaptive immunity' which develops through out our lives either naturally through exposure to a disease or artificially by vaccination. Passive immunity is acquired through transfer of antibodies from an immune host and is short lived (lasting only a few months), Whereas 'active immunity' is induced in the host it self by antigens and lasts much longer, sometimes life long. The transfer of antibodies from a mother to her baby through the placenta or breast milk is an example of passive immunity.

## Working Mechanism of the Immune system

Our immune system uses a huge army of defender cells- different types of white blood cells (WBC) that are produced (1,000 million every day) in the bone marrow. Our body has two basic types of leukocytes (WBC)= phagocytes cells that chew up invading organism sand lymphocytes cells that allow the body to remember and recognize previous invaders and destroy them. When antigens (foreign substance that invade the body) are detected our lymphocytes produce antibodies, which are specialized proteins that lock on to specific antigens. Once produced these antibodies continue to exist in our body, for later requirement if So, if someone gets sick with a certain disease like chickenpox that person typically doesn't get sick from it again.

## Some facts about the immune system

- A healthy human body can develop an immune response against more than a trillion different things.
- Lymph nodes the most important defense mechanism of the body are not found in the feet.

- Happy relationships boost our immune system.
- Sunlight stimulates our immune system 'Vitamin D' and T cells which ultimately results in boosted immunity.
- Laughter decreases stress hormones and increases immune cells and infection fighting antibodies, thus improving our resistance power to disease.
- Some babies are born with out an immune system.
- A fever is a sign that our immune system is doing its job.

## Healthy ways to strengthen our immune system

The first line of defense is to choose a healthy lifestyle. Following general good health guidelines is the single best step we can take toward naturally keeping our immune system storng and healthy. Every part of our body, including our immune system, functions better when our protected from environmental assaults and bolstered by healthy - living strategies such as these:

- Don't smoke,
- Eat a diet high in fruits and vegetables,
- Exercise regularly,
- Maintain a healthy weight,
- If you drink alcohol, drink only in moderation,
- Get adequate sleep,
- Take steps to avoid infection such as washing your hands frequently and cooking meats thoroughly.
- Try to minimize stress.
- Food like citrus, bell peppers, broccoli, garlic, ginger, spinach, yogurt, almonds, turmeric, green tea, papaya, kiwi, poultry products, sunflower seeds, shellfish, like crab, clams, lobster, mussels increases our immunity power.

**Source: google search & encyclopedia.**

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
ASMITA
अस्मिता प्रकाशन प्रा.लि., काठमाण्डौ

# खड्किएको कुराको लघु अंश

**निरज पौडेल**
शिक्षक



ज्ञान कपिका पाना र किताबका अक्षरमा मात्र सीमित हुँदैनन् । Aristotle को भनाइ अनुसार, "Educating the mind without educating the herat is no education at all" अर्थात् मनको शिक्षा बिना दिमागको शिक्षा कुनै शिक्षा होइन हामीले भन्ने गर्छौं हरेकको पहिलो शिक्षक आमा, त्यसपछि घरपरिवार, त्यसपछि मात्र विद्यालय । तर हामीले अन्तिम अर्थात् विद्यालयमा लिने शिक्षा मात्र राम्रो शिक्षा भएको जस्तो लाग्छ । साधारणतया, किताबमा पढेको कुरा अवलम्बन गर्न सक्दैनौं । अर्को साधारण उदाहरण हेर्ने हो भने पनि, खाना खानुभन्दा अगाडि राम्रोसङ्ग हात धुने भनेर पढ्छौं तर व्यवहारमा उतार्न सक्दैनौं, आफू भन्दा ठूलोलाई आदर गर्ने र सानालाई माया गर्ने भनेर पढ्छौं तर लागू गर्दैनौं, धेरै उदाहरण छन् जहाँ हामीलाई सैद्धान्तिक कुरा थाहा छ तर व्यवहारमा लागू गर्न सकिरहेका छैनौं । यस्ता ज्ञानहरू दिमागी ज्ञान भए हृदयको ज्ञान हुन सकिरहेका छैनन् । विद्यार्थी भाइबैनीहरूलाई के छ भने विद्यालय जानु र किताबमा भएका केही कुरा पढ्नु र परीक्षामा राम्रो नम्बर ल्याउनु मात्र असली ज्ञान लाग्दो हो जुन कुरा सरासर गलत हुन् ।

म विभिन्न विषयहरू अध्यापन गराउँछु तर मेरो प्रमुख विषय भनेको विज्ञान हो र त्यसभित्र पनि रसायनशास्त्र हो । रसायनशास्त्र भन्ने वित्तिकै अणु, कण, पदार्थहरूको सङ्गम भन्ने बुझिन्छ । अम्ल क्षार र लवण त यसका अवयवहरू नै हुन् । मेरा शैक्षिक गोरेटोमा केही राम्रा मुलबाटाहरू आए, जहाँ बढी सैद्धान्तिक भन्दा व्यबहारिक शिक्षा बढी महत्त्वपूर्ण हुनपुग्यो । पानीमा $H_2O$ फर्मुला हुन्छ र यसलाई छुट्याउन सकेर अक्सिजनलाई अर्को केही प्रयोग र हाइड्रोजनलाई फ्युलको रूपमा प्रयोग गर्न सक्ने सामर्थ्य मसङ्ग सायदै छैन । यो व्यवहारिक ज्ञान नभएको पराकाष्ठा हो । "जहाँ इच्चा त्यहाँ उपाय" भन्दै गर्दा धेरै इच्छाशक्ति बाबजुत म आफ्ना विद्यार्थीलाई चाहे जस्तो व्यवहारिक ज्ञान सिकाउन सकिरहेको छैन । सानै उदाहरण हेर्ने हो भने हामीले दिनहुँ प्रयोग गर्ने साबुन पोटासियम/सोडियम हाइड्रोअक्साइड् फ्याटि एसिड हो र यो बोसोहरूबाट बनाइन्छ । यो कुरा थाहा हुँदाहुँदै हामीले सानै स्तरमा यो उत्पादन गर्न सकिरहेका छैनौं अथवा यो सैद्धान्तिक ज्ञान थाहा हुँदाहुँदै विद्यार्थीहरूलाई यो उत्पादन गर्न हम्मे पर्छ । यावत् कुराहरूलाई मध्यनजर गर्दै, हामी विद्यार्थी आज जुन लेबलमा छौं त्यो लेबलमा छैनौं। विश्वमा जहाँ धेरै विश्वविद्यालय छन् त्यो देश समृद्ध छनर, महानर छन् र बलवान् छन् । आज भन्दा लगभग १००० वर्ष पहिले खुलेको Oxford लाई विश्वको धेरै परिवर्तन ल्याउने श्रेय दिंदा फरक पर्दैन । यस्ता विश्वविद्यालय,

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल शान्ति मा.वि.**
**हुप्सेकोट-३, बेलहानी, नवलपुर**

विद्यार्थी, लेक्चर, शिक्षकहरू मिलेर शिक्षा क्षेत्रमा आमूल व्यवहारिक ज्ञान ल्याउन सक्यौं भने हामी हाम्रो स्तरलाई छिट्टै माथि पुऱ्याउन सक्छौं र यो नै आजको आवश्यकता पनि हो भन्ने लाग्छ । अर्को कुरा विद्यार्थीलाई आजकल धेरै कुराले नकरात्मक असर गरेको देख्छु जहाँ सही सदुपयोग गर्न नजानेर भविष्य नै बिग्रने खतरा छ । धेरै राजनीति (अनावश्यक) गफगाफ, मोबाइल, टि.भि. जस्ता कुराले विद्यार्थीमा एक छुट्टै असर परेको छ । विद्यार्थी कस्तो हुन पर्छ भनेर कसैले सोध्यो भने मेरो उत्तर हुनेछ जसले जहाँ जसरी पनि सीप, कला, सिकेर जीवनमा सकरात्मक कुरा अवलम्बन गर्न सक्दछ भने त्यो विद्यार्थी हो । यसमा उमेरले छेक्दैन, विचार प्रस्ट र नवीनतम हुन जरूरी हुन्छ र हरेक क्षणमा सिक्न सक्ने साहस राख्ने मानिस नै विद्यार्थी हो । यसमा उमेरले छेक्दैन, विचार प्रस्ट र नवीनतम हुन जरूरी हुन्छ र हरेक क्षणमा सिक्न सक्ने साहस राख्ने विद्यार्थी हो र यो हरेक मानिसमा हुन जरूरी छ । म यहाँ शिक्षक हुँ तर पनि हरेक दिन केही न केही सिक्छु त्यसैले म पनि एक विद्यार्थी हुँ ।

**सैद्धान्तिक ज्ञान**

सुन्दा सुन्दै बहिरो भएको म व्यवहारिक सीप हाँसिल गर्न नसकेर दिग्भ्रमित भइरहँदा थोरै भएपनि व्यवहारिक ज्ञान पाउँन सकून् भन्ने हेतुले म प्रयासरत छु । मेरो शिक्षा पनि विद्यार्थी नै छ, र मेरा विद्यार्थी झन् महान् विद्यार्थी बनी देशको मेरूदण्ड बनी देशलाई अगाडि बढाउन विशेष भूमिका खेल्छन् भन्ने विश्वास म राख्दछु ।

"सुधार चाहन्छौं भने आफूबाटै सुरूवात् गर्नुपर्छ" ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**मिनबहादुर दहाल**
प्रधानाध्यापक एवम्
**जनज्योति माध्यमिक विद्यालय परिवार**
देवचुली-१५, नवलपुर

# देश विकासको आधारः शिक्षा

**खुमराज सुस्लिङ्ग मगर**
शिक्षक



विद्यालय, विश्वविद्यालय आदि र घरैमा पनि नियमित रूपले अध्ययन गर्ने र गराउने वा ज्ञान लिने वा दिने कामलाई हामी शिक्षा भन्छौँ । शिक्षा औपचारिक वा अनौपचारिक जुन किसिमको पनि हुनसक्दछ । शिक्षा सभ्यताको मूल आधार हो । शिक्षा व्यक्ति, समाज र राष्ट्रलाई सम्पन्न बनाउने पहिलो आधार हो । जसरी मानिसको जीवनमा गास, बास र कपासलाई आधारभूत आवश्यकता मानिन्छ, त्यसरी नै आजको युगमा शिक्षा व्यक्ति, समाज र सिँगो राष्ट्रका लागि आधारभूत आवश्यकता हो, प्रसिद्ध दार्शनिक एरिस्टोटलले शिक्षालाई व्यक्ति, समाज र राष्ट्रको आर्थिक समृद्धिको आधार हो भनेका छन् ।

देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने माध्यम शिक्षा हो । नागरिकाई आत्मसम्मानसाथ आयआर्जन गरी आत्मनिर्भर बन्दै आर्थिक रूपले सम्पन्न एवम् सामाजिक रूपले परोपकारी बन्न शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । शिक्षा विकासको आधारशिला भएकाले वैज्ञानिक, व्यवहारिक तथा जीवनोपयोगी शिक्षाको अभावमा खोज, अनुसन्धान तथा विकासका कार्य सम्भव हुनसक्दैन । समाजमा रहेका हरेक परिवारका सदस्य शिक्षित भएमा मात्र उनीहरू सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक रूपले सक्षम हुनसक्छन् । परिवारको सामुहिक बसोबास भएको ठाउँ नै समाज भएकोले शिक्षित र सक्षम समाज निर्माण नभईकन समग्र देश विकासको बाटोमा अगाडि बढ्न सक्दैन । यस सन्दर्भमा व्यक्ति एवम् समाजलाई सभ्य, दक्ष, अनुशासित तथा कर्तव्यनिष्ठ बनाउन तद्नुरूपको शिक्षा आवश्यक हुन्छ ।

समाजको परिवर्तनसँगै शिक्षामा पनि परिवर्तन आवश्यक मानिन्छ । शिक्षालाई वैज्ञानिक, व्यवहारिक तथा गुणस्तरीय बनाउनु आजको आवश्यकता हो । राज्यले शिक्षाको राष्ट्रिय नीति, उद्देश्य, संरचना, पाठ्यक्रम तथा पाठ्यपुस्तकका क्षेत्रबाट शिक्षालाई समयसापेक्ष बनाउने सन्दर्भमा विज्ञहरूको राय सल्लाहलाई आधार बनाउनुपर्दछ । शिक्षित नागरिकमा नै आर्थिक उपार्जनका सम्भावनाको खोजी र कार्य गर्ने तथा आत्मविश्वास हुनसक्ने शिक्षाको खोजी समयको माग हो । समाजको आवश्यकता हो । यस अर्थमा राज्यले शिक्षामा गरेको लगानी र अवलम्बन गरेको शिक्षा नीतिमा संसोधन, परिमार्जन तथा परिवर्तन गरी शिक्षालाई वैज्ञानिक, व्यवहारिक तथा जीवनोपयोगी बनाउन जरूरी छ । जसले देशलाई द्रुत गतिमा विकास गर्न मद्दत पुग्दछ । यसर्थ शिक्षा देश विकासको मूल आधार हो ।

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**अध्यक्ष एवम्**
**शिसवार मध्यवर्ती उपभोक्ता समिति परिवार**
**देवचुली-१, नवलपुर**

# नारी

**गीता लामिछाने**
शिक्षक



परिवारको त्यो सुन्दर बगैंचामा तिमै हौ माली
आधा आकाश, धर्ती तिमी सृष्टीकर्ता नारी
नारी हौ तिमी जतापनि घुलमेल हुनजानी
हुनपर्ने तिता मिठा बानीव्यवहार पचाइदिने बानी
छोरी बुहारी सासु अनि आमा बन्ने रूप
सर्पको झैँ काँचुली, फेर्छौ जानी जानी
संसारका सबै जीवको बाँच्ने आधार पानी
सबको तिर्खा मेट्ने तिम्रो पानी जस्तै बानी
आमाको दुधको ऋण बाबाको जिम्मेवारी
सक्षम भएनी पाउँदिनौ सम्हाल्न आफ्नो ठानी
हुर्काएकी तिमी छोरी बीसौँ वर्ष गरी लगानी
पराइको स्वीकृति बिना दिन सक्दिनौ दुई पैसानी
रातो र रङ्गीन कपडाभित्र बनाएर बन्धी
अग्नीकुण्डमा सपना चढाइ गराइन्छ सन्धी
भर्खर उचो हुनलागेका शिरमा सिउँदो भरी
निहुरन सिकाइन्छ सबका सामु खुट्टा तानी
अग्रपथमा लम्केका पाइला तिम्रा नानी
रोकाइन्छन् पाउजुको पासो बनाइ अड्काएर तानी
शक्ति, साहस, धैर्य अनि लक्ष्मीकी प्रतिमूर्ति नारी
पाहुना भई जान्छ्यौ तिमी जन्मघरको पाली
ढिकी, जातो, मिक्चर आफै तिमी बनी
निरन्तर पिँधिरहन्छ्यौ सपना गनी गनी
घरदैलो, चुलोचौको भनी नबनेर दासी
जागौं नारी, चिनौं हामी आफ्नो स्वाभिमानी
हजारौँ ती समस्यामा संघर्ष छ जारी
पारिजात अनि झमक बन्नुपर्छ नारी ॥

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**प्रदिप वस्तोला**
प्रिन्सिपल एवम्
**विश्वज्योति आवासीय माध्यमिक विद्यालय परिवार**
देवचुली-१५, नवलपुर

# वक्तृत्वकला एक नमुना
# शीर्षक: शिक्षाको महत्त्व



**सीमा काफ्ले**
शिक्षक

आज यस देशकै नमुना विद्यालय श्री भीमसेन आदर्श मा. वि. को ५० औँ स्वर्ण महोत्सवको अवसरमा आयोजना गरिएको जिल्ला स्तरीय वक्तृत्वकला कार्यक्रममा सहभागी हुन पाउँदा आकाशका तारा टिपेर हातमा लिए जस्तै मेरो मन फुरूङ्गिएको छ । यस कार्यक्रमको आयोजना गरी दुई चार शब्द राख्ने अवसर प्रदान गर्नुभएकोमा धन्यवाद भन्न चाहन्छु ।

चम्केको कुर्चीमा गम्केर बस्नुभएका आदरणीय सभाध्यक्ष महोदय, भीमसेनको बाहिरी सुन्दरतालाई आँखाले नियाल्दै मन मनै यसको भित्री सुन्दरता गुनेर बसिरहनु भएका प्रमुख अतिथिज्यू, समयको पावन्दीलाई मध्यनजर गर्दै मेरो आवाजलाई घडीको ठक्करसँग मेल गराउन तम्तयार रहनु भएका समय सूचकज्यू र मनका आँखाले शब्द जोख्न हातमा कापी र कलमको तराजू लिएर बस्नु भएका निर्णायक मण्डलज्यूहरू र अन्य प्रतिस्पर्धी अप्रतिस्पर्धी साथीहरू, उपस्थित सम्पूर्ण महानुभावहरू अब म "शिक्षाको महत्त्व" शीर्षकमा आफ्ना भनाइहरू प्रस्तुत गर्न सभाध्यक्ष ज्यूसँग अनुमति चाहन्छु ।

धन्यवाद, सभाध्यक्ष महोदय,

शिक्षा शब्दको अर्थ सिक्नु, ज्ञान आर्जन गर्नु वा अध्ययन गर्नु हो र शिक्षा शब्दले त्यस्तो सिक्ने इच्छा वा चाहनालाई पनि व्यक्त गर्दछ । शिक्षाको महत्त्व भन्नाले कुनै विषयमा सिकेर पारङ्गत हुने इच्छा वा चाहनाको महत्त्व भन्ने बुझिन्छ ।

आजको युगमा शिक्षा भनेको मानव जातिको तेस्रो आँखा हो जसले ज्ञानको आलोक दिन्छ । यस्तो ज्ञानलोक प्रदान गर्ने शिक्षा नभएको मानिस अशिक्षित हुन्छ, अज्ञानान्ध हुन्छ । शिक्षाको उज्यालो घामबाट वञ्चित व्यक्तिले जीवनको गहिराइलाई मनन गर्न सक्तैन, हृदयंगम गर्न सक्तैन । त्यसैले शिक्षा ज्ञान चक्षु हो । जसरी चर्मचक्षु नभएको मानिस अन्धो हुन्छ त्यसै गरी ज्ञान चक्षु नभएको मानिस पनि अज्ञानले अन्धो हुन्छ, अशिक्षाले अन्धो हुन्छ र जीवन अपाङ्ग बन्न पुग्छ । हर्वट स्पेन्सर भन्दछन् "मनुष्यलाई पूर्ण जीवन व्यतीत गर्नका लागि तयार गर्नु नै शिक्षाको कार्य हो ।" त्यसैले यस्तो महत्त्वपूर्ण वस्तु शिक्षाको महत्त्व मानवजीवनमा अपरम्पार छ र अवर्णनीय छ ।

शिक्षाको पर्याय सिक्नु हो । तर यसको लक्ष्यार्थ उक्त सिकेको कुरालाई स्मृतिपटल भित्र चिरन्तन रूपमा राखिराख्नु पनि हो । त्यसो त मानिस यस धर्तीमा जन्मनसाथ उसको सिक्ने प्रक्रिया आरम्भ हुन्छ । सभ्यताको मिर्मिरे ज्ञान बालकले आमाबाटै आर्जन गरेको हुन्छ र उसले त्यसरी सिकेका कुरालाई आफ्ना सम्झनाका पाना पानामा सजाएर पनि राखेको हुन्छ । शिक्षा आर्जनको सबै भन्दा ठूलो संस्थान त प्रकृति जगत् नै हो । प्रकृतिको एकान्त गुफामा पसेर वेदव्यासले अठार पुराण रचना गरेका थिए । वाल्मीकिले प्रकृतिको दिव्य काखमा बसेर रामायणको रचना गरेका थिए । देवकोटा नागर सभ्यताबाट दिक्क भएर प्रकृतिका काखमा लुटपुटिएर आफ्नो रचनामा 'उद्यानमा बस गई' सब तत्व खुल्छन् भन्दै कविता लेख्न एकोहोरिएका थिए । घाम, नदी, पहाड र वृक्ष वनस्पतिबाट पनि मानिसले धेरै-धेरै कुरा सिकिरहेको हुन्छ । नदीको प्रवाह हेरेर मानिसमा

पोखरी झैँ नजम्ने र गतिशील हुने रहर पलाउँछ । हिमालयले स्वाभिमानको पाठ सिकाउँछ, रूखले सुशीतल छहारी दिएर मीठा-मीठा फलहरू दिएर परोपकारको निस्वार्थी शिक्षा दिन्छन्, चराचुरूङ्गीले स्वच्छन्दताको शिक्षा दिन्छन् भने कमिलाको ताँतीले सङ्गठनको महत्त्व र उपलब्धि बुझाउँछ, अनि माहुरीले सञ्चय प्रवृत्तिको पाठ सिकाउँछन् । मानिसलाई कोइलीले विरह वेदनाको गीत सिकाउँछ भने ढुकुर जोडीले मीठो प्रीत पढाउँछन् अनि सूर्यले पराक्रम र तेजस्विताको चेतना एवम् जूनले धैर्य एवम् शान्तिको शिक्षा । यसरी प्रकृति जगत् नै यस्तो शिक्षालय हो जहाँबाट मानिसले थुप्रै-थुप्रै ज्ञान गुनका कुराहरू सिक्दै आएको छ ।

शिक्षा आर्जन गर्ने औपचारिक स्थानहरू विद्यालय वा शिक्षालयहरू हुन् जुन शिक्षाका पवित्र मन्दिर हुन्, जहाँ बसेर मानिसले आफूभित्रको अज्ञान र अशिक्षाको पर्दालाई धुजा-धुजा पार्ने काम आजको आवश्यकता हो । शिक्षाको उज्यालो घामको न्यानो किरण पाएका मुलुकहरूले विकासको गतिमा अग्रता हासिल गरिरहेका छन् । शिक्षाकै कारणले विश्वमा चलेका विचारधाराहरू रीतिहरू, नीतिहरू, शासन प्रणालीहरूलाई आफ्नो मुलुक र समाजका लागि लागू गर्न सक्छन्, शिक्षाबाट नै सभ्यता र संस्कृतिको पनि उत्थान हुन्छ । राष्ट्र, सुसंस्कृत, सभ्य हुनाका साथै विकासका सोपानहरू क्रमशः आरोहण गर्न समेत सक्षम बन्छ ।

अहिले शिक्षामा केही विकृतिहरू पनि मौलाएका छन् । शिक्षा पाएको व्यक्ति रोजगारीका लागि भौतारिनु पर्ने, योग्यताको प्रमाणपत्र बाकसमा राखेर श्रमको लागि विदेश पलायन हुनु पर्ने, बेरोजगार युवाहरू राज्यका लागि टाउको दुखाइ बन्न पुगेका छन् । हातमा प्रमाणपत्र लिएर अलपत्र पर्नेहरूको संख्या बढ्दै जाने खालको शिक्षा दिने शिक्षालयको कुनै महत्त्व हुँदैन । यिनले मुलुकलाई विकासको चुलीमा होइन विनाशको रसातलमा पुऱ्याउन सक्तछन्। मुलुकको हावा, पानी र माटो सुहाउँदो, शिक्षा आज चाहिएको छ । रोजगारीमूलक प्राविधिक एवम् व्यवसायिक शिक्षाको आज खाँचो छ । यो खाँचो पूर्ति गर्ने शिक्षा आजको आवश्यकता हो ।

अन्त्यमा,

शिक्षा मानव जातिको सुन्दरतम् आभूषण हो । शिक्षित व्यक्ति हरेक राष्ट्रको कुलभूषण हो । शिक्षाको ध्येय चरित्र निर्माण गर्नु हो । शिक्षाले नै मानिसलाई सुख, सभ्यता र ऐश्वर्य प्रदान गर्दछ, शिक्षाले नै उन्नतिका चौतर्फी ढोकाहरू खोल्दछ । व्यक्ति, जाति र राष्ट्रको उन्नतिमा शिक्षाको सर्वोपरि भूमिका हुन्छ, त्यसैले जीवनका लागि शिक्षा सर्वाधिक महत्त्वपूर्ण वस्तु हो । भिक्टर ह्युगोको यस भनाइले शिक्षाको विशिष्ट महत्त्व बुझ्न सकिन्छ-"जुन मानिसले एउटा स्कुल खोल्दछ त्यसैले संसारको एउटा झ्यालखाना बन्द गर्दछ।"

धन्यवाद !


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रिमेदाइ, निशान थापा
प्रोप्राइटर
निशान इलेक्ट्रोनिक्स
दलदले, नवलपुर

# बालमैत्री अभियानः समृद्धिको आधार



**खिमानन्द भुसाल**
**बाल अधिकारकर्मी**

बालबालिका वर्तमानका साझेदार र भविष्यका कर्णधार हुन् । वर्तमानमा बालबालिकामा लगानी वृद्धि गरेर सीप र संस्कारयुक्त बनाउन सकियो भने मात्र परिवार सुखी र खुशी हुन्छन् । बालबालिकाहरूलाई हामीले माया त गरिरहेका छौँ तर उनीहरूको भावना अनुरूप व्यवहार गरिराखेका छौँ वा छैनौँ यो विषयमा बहस गर्न जरूरी छ । अभिभावकहरूले हाम्रा पालामा त यस्तो हुन्थ्यो, यसो गरिन्थ्यो भन्ने जस्तो लाग्छ र त्यही अनुसार व्यवहार पनि गर्छौं। यस्तो होइन, वर्तमान सूचना प्रविधि र समाज विकासको आधारमा हाम्रा व्यवहार पनि परिवर्तित हुन जरूरी छ ।

बालबालिकालाई उच्च प्राथमिकतामा राखेर गरिने व्यवहार नै बालमैत्री व्यवहार हो । सरकारले समृद्धिको गन्तव्यमा अघि बढ्न बालमैत्री अभियानलाई प्राथमिकता दिनु पर्ने आवश्यकता महसुस गरेर वि.सं. २०६८ मा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि तर्जुमा गरेर बाल अधिकारका ४ खम्बा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता अन्तर्गत २७ वटा सेवा सूचकहरू तथा संस्थागत १२ सूचक तय गरेर स्थानीय तहहरूलाई बालमैत्री घोषणा गर्न सकिने व्यवस्था गरे पश्चात् बालमैत्री अभियान अघि बढेको छ ।

२०७० पौष ९ गते साविकको प्रगतिनगर गा.वि.स. नेपालकै पहिलो बालमैत्री घोषणा भएको हो भने वि.सं. २०७५ भाद्र २९ मा देवचुली नगरपालिका नेपालकै दोस्रो तथा गण्डकी प्रदेशको पहिलो नगरपालिका बालमैत्री घोषणा भएको छ । देवचुली नगरपालिका वास्तवमा बालमैत्री अभियानको जननी स्थल तथा सिकाइ केन्द्र हो । यहाँ केही प्रयास र प्रयोग भएका छन् ।

देशभरी अहिले बालमैत्री अभियान तीब्र ढंगबाट अघि बढेको छ । बालअधिकारकर्मी र अभियन्ताहरूको संख्यामा वृद्धि भएको छ । अभिभावकको चेतनास्तर बढेको छ । स्थानीय तहहरूले पनि लगानी बढाइरहेको स्थिति छ। शिक्षण संस्थाले शिक्षण सिकाइ प्रविधि र पूर्वाधारहरूमा निकै प्रगति हासिल गरेको छ ।

बालबालिकाको रूचिलाई पहिचान गर्ने र व्यवहार गर्ने प्रचलनको विकास हुँदै छ। घरमा बच्चालाई मन पर्ने तरकारी पकाउनु, बच्चाको रोजाइमा कपडा किनिदिनु, बच्चालाई खेल सामग्री किनिदिनु, बच्चालाई पहिला खाना खुवाउनु, बच्चासँग कहिलेकाहिँ सँगै खेल खेल्नु, बच्चालाई भ्रमणमा लैजानु, पढ्ने विषयको बारेमा छलफल गर्नु, उनीहरूको आवाजको सुनुवाइ गर्नु, बिस्तारै घरव्यवहार बारे जानकारी दिनु, योजना निर्माणमा सहभागी गराउनु यी बालमैत्री व्यवहारले बालबालिका खुशी हुन्छन् । प्रेरित हुन्छन् । हेर्नुस् हेपेर, गाली गरेर, सजाय दिएर, अपमानित गरेर कहिल्यै बाटोमा आउँदैनन् ।

हाम्रा विद्यालयहरू पनि दण्डरहित शिक्षालयको रूपमा विकास भैसकेका छन् र हुनुपर्छ पनि । दण्डले सिकाइ हुँदैन, प्रोत्साहन र प्रेरणाले मात्र सिकाइ हुन्छ । हाम्रो पालामा पिटाइ खाएको, पिटेर, सजाय दिएर सिकाएको कुरा गरेर नहुने

बेला सुरू भएको हो । वास्तवमा चेतना र प्रविधिको हिसाबले हामी नयाँ युगमा छौँ । हामी सबैले यो कुरालाई आत्मसात् गर्न जरूरी छ ।

बालमैत्री अभियान आफैँमा पूर्ण होइन, सत्प्रतिशत होइन, रामराज्य पनि होइन । बालमैत्री घोषणा प्रगतिको प्रतिबिम्ब हो । यसपछि पनि नयाँ ढंगले काम गरिरहनु पर्नेछ । केही विसंगति र विकृतिहरू छन् तिनीहरूको न्यूनीकरणका लागि काम गरिरहनु पर्ने हुन्छ । मुलुकलाई छिटो समृद्धि तर्फ लैजाने बालबालिकामा लगानी बढाउनै पर्छ । बालमैत्री अभियान निरन्तर प्रक्रिया हो । यो कुनै कार्यक्रम होइन, एउटा अवधिमा सकिने । तसर्थ बालमैत्री अभियानलाई समृद्धिको आधारको रूपमा लिइएको छ ।

अन्त्यमा, ५० औँ वार्षिकोत्सव तथा स्वर्ण महोत्सवको पावन घडीमा श्री भीमसेन आदर्श नमुना मा.वि.को उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु ।


हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. सूर्यप्रसाद दवाडी**


**०७८-५७५३६५**

**न्यू प्रगति कंक्रिट उद्योग**

**देवचुली, नवलपुर**

# आवश्यकतामा नर र ईश

**युवराज पराजुली**
*SLC 2056*



मानिसको आवश्यकता यो दुनियाँ चिरेर मस्तिष्कको हरेक तर्क वितर्क खोलेर व्याख्या गर्दा पनि कति छ भनेर भन्न सकिदैँन । जसको स्पष्ट प्रमाण जुटाउन सकिएको पनि छैन । मानव उद्‌विकास कालका समयमा आफ्ना इच्छा आवश्यकता पूर्ण गर्नका लागि विभिन्न किसिमका जानेर या नजानेर क्रियाकलाप गर्दै आयो । फलतः उसले केही प्राप्ति गऱ्यो तर जति प्राप्ति गरे पनि असन्तुष्टि को सन्दुक कहिल्यै भरिएन । मानिसमा रहेको लोभ लालचाको ढोकालाई खुल्ला राख्दै मानव समाज आजको आधुनिक युगमा प्रवेश गऱ्यो । यस युगमा भएका अत्याधुनिक आविष्कार र प्रयोगले प्राप्त गरेको सफलताको आवश्यकताको झोला भरिनेछ भन्ने विश्वास कतिलाई भयो पनि तर विश्वास कल्पनातीत मात्र हुन पुगे । यस दुनियाँमा आकाङ्क्षाका साना साना पेटारी बेलुन फुले जसरी फुले, जसले मानिसलाई अझै ठूलो आवश्यकताको रिक्त स्थान पूर्ति गर्नुपर्ने अवस्थामा पुऱ्यायो । लोभ र तृष्णाका बाकसहरू बोकेर हिड्नेहरूका बाकस भकारीमा परिणत भए । जसलाई पूरा गर्न दुनियाँको सामु पछ्यौरा बिछ्याएर भिख मागिरहे । यसरी व्याख्या गरिरहँदा चाहे राजा हुन् या रैती चाहे मन्त्री हुन् या राष्ट्रपति र चाहे जनता हुन् या भगवान् समेत आवश्यकता तृप्तिको लागि लोभी भाँडो थापेर बिचबाटोमा वुख्याँचा जसरी उभिरहेका छन् ।

यस कुराको विश्लेषण तथ्यपरक हुन जरूरी छ । मानिसले आज यस दुनियाँमा किन सन्तुष्टि महसुस गर्न सकेको छैन ? पूर्वपाषाण युगदेखि आधुनिक मानव सभ्यताको विकास गर्ने सम्म आउने बाटो के कारणले पहिल्यायो । यसको एक शब्दमा जवाफ छ– आवश्यकताको कारणले । यस संसारकै बौद्धिक प्राणी मानव जसले आफ्नो आवश्यकता पूरा गर्ने बहानामा आफू भन्दा निम्न तहका प्राणी माथि बर्बर शासन गर्दै आइरहयो । उसले विभिन्न पशुपन्छीलाई घर पालुवा भनि नामाकरण गरेको छ । यद्यपि विश्व उद्‌विकासको डायरी पल्टाउने हो भने सबै प्राणी स्वतन्त्र थिए र कुनै पनि प्राणीलाई घरमा पाल्नका लागि, काटेर खानका लागि, काममा सघाउनका लागि भनेर स्तरीकरणको ढाचाँमा राखिएको थिएन । कालान्तरमा मानिसले आफ्नो बौद्धिकतालाई आफ्नो आवश्यकता पूर्ति गर्न प्रयोग गऱ्यो । वशमा पशुहरूलाई पारियो र निर्मम रूपले उपयोगमा ल्याइए । यसरी पशुमाथि लादेको आफ्नो बौद्धिकता प्रकृयाका रूपमा परिचालित हुन थाल्यो ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सकलादेवी माध्यमिक विद्यालय**
**देवचुली–५, नवलपुर**

आज मानिस-मानिसबीच द्वन्द्व छ, भनाभन छ, लुछाचुँडी छ । सक्नेले नसक्नेलाई सुरूवात्मा दबाउने र अन्त्यमा सक्ने सक्ने लड्ने र अन्त्य हुने तयारीमाा जुटेको छ । मानिस यसको प्रमुख कारण अतिशयोक्ति आवश्यकता र मानिसको मनसपटलमा उब्जिएको लालचा हो । मानिसले आफ्नो प्रमुख कायम गरी आवश्यकता पूरा गर्न सुरूवात्मा आध्यात्मिक मार्गको अवलम्बन गऱ्यो, लामो शताब्दिसम्म धर्मका नाममा शोषण गर्ने र उनीहरू माथि कठोर कदम लाद्ने काम गऱ्यो । धर्मलाई यसरी व्याख्या गरिदियो कि हुने खाने र शक्तिशाली वर्ग भनेका त ईश्वरका दूत हुन् र ईश्वरका दूतको सेवा पुऱ्याउनु कमजोर वर्गको दायित्व हो । जसका प्रभावले अर्को जुनीमा कमजोर वर्ग शक्तिशाली भएर जन्मने छ भन्ने व्याख्या र तर्कको ताज पहिराइयो । यो सबै मानिसको शासकी आवश्यकताले जन्मायो ।

मानिस मात्र होइन मानिसको सेवाबाट नअघाएका देवताको पनि व्याख्या गरिनसक्नु छ । जुनसुकै धर्मलाई पछ्याएर व्याख्या गर्दा पनि प्रत्येक ईश्वर र परमेश्वर लालची आवश्यकताले भरिएका देखिएका छन् । ब्रम्हा, विष्णु, महेश्वर सृष्टिको हर्ता कर्ता र सम्हारकर्ता भनेर बुझिन्छ । तर यी देवगणहरूले आ-आफ्नो आवश्यकता पूरा गर्न आफ्नै छोरीदेखि लिएर साथीका श्रीमती, दुश्मनका श्रीमती कोही छोडेनन् । साथी शुभ चिन्तकहरूमा यिनले खुलम खुल्ला आर्थिक, नैतिक, भौतिक शोषण गरेका छन् । कसैका श्रीमतीलाई झुक्याएर मोज गरेका छन् त कसैलाई आफ्नो सेवा नगरेको र आफूलाई छोरी नदिएको बहानामा पाशविकता प्रर्दशन गरेका छन् । यी लगायत कैंयौ देवताहरूमा आफैं-आफैंमा लडाइ छ । आफ्नो स्वार्थ पूर्ति गर्नमात्र आफ्नो आवश्यकता पूर्ति गर्न ।

सत्य, त्रेता, द्वापर, कलियुगसम्म आइपुग्दा समेत यी देवताहरूको स्वार्थ र आवश्यकता भरिएको छैन । यिनले आफ्नो आवश्यकता पूरा


हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**शिव देवकोटा**
प्रधानाध्यापक एवम्
**नेपाल नमूना माध्यमिक विद्यालय परिवार**
देवचुली-१, नवलपुर

गर्नका लागि विभिन्न स्वरूपमा यस धर्तीमा आएका हुन् । कहिले कृष्ण, कहिले बुद्ध, कहिले क्राइस्ट, कहिले जैन त कहिले मोहम्मद । यसरी रूप फेरेर आएपछि मानिसलाई झुक्याउन सकिन्छ । एउटै स्वरूपमा आउँदा पहिले गरेको शोषण मानिसले सम्झिन सक्छ र फेरि पूजाको त कुरै छोडौँ लखेट्न सक्दछन् । हो यही डरका कारण रूप फेरेर आएका हुन् । यी सबै कुरा बुझ्दै गर्दा एउटा मानिसले अझै पनि ईश्वर प्राप्तिको इच्छा किन राख्दछ भने उसको लोभी आवश्यकता यति बढेको छ कि त्यही पनि भगवान् हो दिइहाल्यो भने त यो कलियुगमा मालामाल भइन्छ । त्यसैले त ३३ करोड देवताको पूजा गर्न मानिस पछि पर्दैन ।

यो संसारमा यति धेरै कुराहरूको आविष्कार भएको छ । संसारले धेरै प्रगति गरेको छ र पनि मानिस सानो चरबाट मात्र भए पनि देवगणहरूको पछाडि दौडिएको छ । शक्तिशाली बन्ने इच्छा पूरा गर्न होस् वा आफ्नो शासकीय स्वभावलाई पोस्न लुकी लुकी प्रार्थनामा तल्लीन छ । यस संसारमा कैयौँ कैयौँ तौर र तरिकाबाट पूजाआजा र प्रार्थना भएका छन् तर यी लोभी देवता कुनै पनि ठाउँमा देखा पर्दैनन् यिनलाई चढाउनु पर्ने कुरा नमिलेर हो कि, पहिले दिएको धोकाका कारण मान्छेले बदला लिन्छ भनेर हो यो पनि बुझिनसक्नु छ । जेहोस् यस धर्तिका औँसा देखि लिएर मानिस हुँदै ईश्वरसम्म सबै आवश्यकता परिपूर्तिमुखी छन् । मान्छेलाई के चाहिएर पूजा गरेको छ ? सायद आत्मसन्तुष्टिका लागि होला । तर किन आत्मसन्तुष्टि नै किन हुनुपर्‍यो र देवताहरू किन मौन हुन् ? यो यस्तै सवाल जवाफका आधारमा विश्लेषण गर्दा पूरा ब्रह्माण्ड, स्वर्ग, पाताल, नर्क सबै अपरिमेय आवश्यकताले चलाएको छ । यदि यो आवश्यकता शून्य रह्यो भने यी चल्नै सक्तैनन् ।


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रोप्राइटर एवम्

राज इन्टरप्राइजेज्

देवचुली-१३, नवलपुर

# श्री भीमसेन आदर्श नमूना मा.वि. का स्वर्ण महोत्सवको सन्दर्भमा मेरो अनुभूति



**ठाकुर प्रसाद चापागाईं**
देवचुली -११

भीमसेन आ. न. मा. वि. मिति २०२६ साल चैत्र १२ गते साबिक शिसवार प्रगतिनगर देवचुली गाउँ हुँदै हाल देवचुली न. पा. वडा न. ७ मा अवस्थित आन्तरिक शैक्षिक गुणस्तर र भौतिक पूर्वाधारयुक्त आधुनिक सभ्यतालाई पछ्याउँदै प्रविधिमैत्री वातावरणमा अगाडि बढेका यस क्षेत्रकै नमुना विद्यालय हो भन्दा अत्युक्ति नहोला । यो अवसरका विद्यालयको विगतदेखि वर्तमानलाई स्मरण गर्दा सायद हामी सबै सगौरवान्वित हुनुपर्दछ ।

२०२६ सालमा तत्कालीन आइ. जि. पि. खड्गजित बरालको प्रस्तावमा पूर्नवास कम्पनीबाट पूर्वी पाल्पा लगायत मुख्यतः जनजाति (मगर समुदाय) हरूलाई जमिन वितरण गरियो । जमिन वितरण मध्ये चार बिगाहा भीमसेन प्रा.वि.लाई छुट्याएको थियो । प्रारम्भिक कालमा आर्थिक, भौतिक, रूपमा अत्यन्त कठिनाईका साथ अगाडि बढेको विद्यालय हो । जनताको श्रमबाट निर्माण शुरू भएको हो । जनताबाट श्रम र विगट्टी (अन्नबाली) उठाई शिक्षकको पारिश्रामिक दिने गरिन्थ्यो । तुलनात्मक रूपमा यस क्षेत्रकै पछि परेको भीमसेन प्रा.वि. हुँदै आज यो रूपमा पुग्ला भनेर कसैले कल्पना गरेनन् होला ।

समाजसेवी लाल बहादुर थापा, पदम बहादुर सिंन्जाली, प्रेम डिसुवा, श्याम नारायण सुवेदी, नन्दलाल कँडेल, वीर बहादुर बराल, झुल बहादुर आले, रन बहादुर विर्कट्टा, इन्द्रमणि काफ्ले, एक बहादुर बराल लगायतका अभिभावकहरूको अगुवाइ र यस क्षेत्रका समग्र जनसमुदायको सक्रियतामा खोलिएको भीमसेन आर्दश नमूना मा. वि. हो ।

शिक्षकतर्फ इन्द्र सुवेदी, कृष्ण अधिकारी, जसमति थापा लगायतका शिक्षकहरूले मेहनतका साथ नाम मात्रको तलबमा अध्यापन गराउँदै अगाडि बढेको यस विद्यालय मध्यकालमा वैकुण्ठ भट्टराई, कृष्ण तिवारी लगायतका शिक्षकहरूले अगाडि बढाउँदै जाँदा राम प्रसाद शर्मा, खेमराज सापकोटा, कृष्ण तिवारी, केशव भुसाल लगायतका शिक्षकहरूको कार्यकालमै समग्रमा आधुनिक सभ्यता पछ्याउँदै वर्तमानसम्म आउँदा नरदेव न्यौपाने, कृष्ण काफ्ले, टोपराज कोइराला, मनवीर थापा, अग्नीधर भुसाल, मुलतः नरदेव न्यौपाने सरको टिमले रेडिकल चेन्ज नै गर्‍यो । यसैगरी सञ्चालक समिति तर्फ पुरानो टिम गठन, विघटन, पुर्नगठन हुँदै वि. व्य. स. अध्यक्ष नन्दलाल कंडेल, घनलाल भुसाल, डिलाराम पाण्डे हुँदै सत्य नारायण भुसालसम्म आउँदा भीमसेन आर्दश मा. वि. ले काँचुली फेर्‍यो र आजको अवस्थामा आएको छ । शैक्षिक स्तरतर्फ पनि दर्जनौं विद्यार्थीहरूले शैक्षिक गुणस्तरीयता विशिष्ट श्रेणी स्तरको प्राप्त गरी यो जिल्ला मात्र हैन कि राष्ट्रिय स्तरमा समेत नाम कमाएको छ । राष्ट्रकै गहनायुक्त विद्यालय भएको छ । स्मरण रहोस् मेरी माइली छोरी शान्ति चापागाईले यसै विद्यालयबाट २०५४ सालको **SLC** परीक्षामा गोल्ड मेडेल प्राप्त गरेकी थिइन् भने हाम्री नातिनी एवम् शान्ति चापागाई, निरज भट्टकी छोरी सन्दिप्ती भट्टले २०७३ सालको SEE मा ३.९० (विशिष्ट श्रेणी) प्राप्त गरी छात्रातर्फ नेपालकै प्रथम भएकी थिइन् । त्यसकारण हामी यो विद्यालयको प्रति सदा सर्वदा सहयोग, समर्थन, उन्नति र विकासको पक्षमा रहिरहने

प्रतिबद्धता जाहेर गर्दछौं ।

हामी सबैले वर्तमानलाई स्मरण गर्दा समाज विकासका गतिशील नियमहरूलाई बिर्सन हुन्न ।

विगत नभै, वर्तमान हुन सक्दैन अर्थात् विगतको इतिहासको मूल्याङ्कन र स्मरण गर्न नसक्नेले वर्तमानमा समग्र पक्षको नेतृत्व गर्न सक्दैन । हिजोको कोखबाट आज जन्मिन्छ । यसै गरी भीमसेनको समग्र शैक्षिक उन्नयनमा भव्यतम् विकास हुन गएको छ र भीमसेन आदर्श नमुना मा. वि. को यो विकास हुनुमा विगतका अभिभावक, शिक्षक, सञ्चालक समिति, राजनीतिक कर्मी, यस क्षेत्रका समग्र जनसमुदायहरूको योगफलको रूपमा लिनुपर्छ र अघि बढ्नुपर्छ अघि बढ्ने कुरा अनन्त हुन्छ ।

स्वर्ण महोत्सवको उदघाट्नको लागि सम्माननीय पूर्व प्रधानमन्त्री एवम् ने. क. पा. का अध्यक्ष क. पुष्प कमल दाहाल "प्रचण्ड" लाई निमन्त्रणा गर्न जाने बेलामा विद्यालय वि. व्य. स. का अध्यक्ष श्री सत्यनारायण भुसालज्यूले मलाई पनि जान भन्नु भएको थियो । म जिल्ला बाहिर भएको हुँदा जान सकिन उहाँहरूको टिमले ने. क. पा अध्यक्षज्यूलाई २०७६ साल माघ १० गतेको उद्घाटनको लागि आमन्त्रण गरियो ।

यो विद्यालयको स्वर्ण महोत्सव उद्घाटनको लागि क. प्रचण्ड आउनुहुने हुँदा यस क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने छ भन्ने आशा एवम् विश्वास गर्दछु र उद्घाटन पश्चात् यो विद्यालय कृषि क्याम्पसमा परिणत भई अघि बढ्ने छ भन्ने आशा एवम् विश्वास लिएको छु ।

क. प्रचण्ड २०३६ साल देखि २०३९ सालसम्म यस जिल्लाको सेक्रेटरी भई काम गर्दा नवलपरासी जिल्लामा पर्ने देवचुली, प्रगतिनगर, धारापानी, सीताबास, गैंडी, लक्ष्मीपुर, मुढाबास, रामबास, दिव्यपुरी, डण्डा, कावासोती लगायत स्थानबारे भौगोलिक रूपमा अपरिचित हुनु हुन्न ।

त्यस कारण भीमसेन आर्दश नमुना मा. वि. लाई कृषि कलेजसम्म पुऱ्याउन अध्यक्ष क. प्रचण्डको योगदान रहने छ । नवलपुरको उत्तरतर्फ तीन गाउँपालिकामा मात्र हैन तनहूँ, पाल्यामा समेत कृषि क्याम्पस छैनन् ।

त्यसकारण पनि भीमसेन आर्दश नमुना मा. वि. लाई कृषि क्याम्पस बनाउन आवश्यक छ । यसै क्षेत्रमा पर्ने धोबादी फलाम खानी नेपालकै पहिलो खानी हो ।

नारायणी नदीको केउरनीघाट पुल बने मात्र भरतपुर महानगर पालिका वडा न. २८ जोड्न ४ कि. मी. को दुरी र रामपुर कृषि क्याम्पससित सम्बन्ध जोड्न र नवलपुरलाई सुगम बनाउन पनि यस क्षेत्रको विकास अत्यन्त आवश्यक एवम् अपरिहार्य छ ।

विगतदेखि वर्तमानसम्मका शैक्षिक, भौतिक, विकास र विद्यार्थी, अभिभावक, शिक्षक, गुरू वर्ग , राजनैतिक कर्मी, शि. अ. संघ, जन समुदाय बीचमा वैचारिक स्वतन्त्रता र काम कार्यक्षेत्रमा एकरूपता हुन सक्यो भने अवस्य हाम्रो विकास हुनेछ ।

यसैमा जन्मियौँ, यसैमा हुर्कियौँ, यसैमा बिलाऔँ, सबै फुटेका भाइ जुटी छुटेको मिलाऔँ । त्यसैले यस पुनित अवसरमा फेरि पनि विद्यालयको स्वर्ण महोत्सवको गरिमामय कार्यक्रमहरू भव्य र सभ्य रूपमा सफल होस् भन्दै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।


हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सनसाइन सेकेण्डरी बोर्डिङ्ग स्कुल**
**कावासोती–१७, नवलपुर**

## हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नारायणी मा.वि.**
गैंडाकोट, नवलपुर

**जनता मा.वि.**
मध्यविन्दु-१०, नवलपुर

**ज्ञानोदय मा.वि.**
मध्यविन्दु-१५, नवलपुर

**जनता मा.वि.**
मध्यविन्दु-६, नवलपुर

**जीवन ज्योति मा.वि.**
कावासोती-३, नवलपुर

**कालिका मा.वि.**
कावासोती-५, नवलपुर

**जनता मा.वि. मगरकोट**
कावासोती-१०, नवलपुर

**पिठौली आधारभूत विद्यालय**
कावासोती-१३, नवलपुर

**पृथ्वी माध्यमिक विद्यालय**
देवचुली-१०, नवलपुर

**नारायणी प्रा.वि.**
देवचुली-१५, नवलपुर

**नेपाल राष्ट्रिय शारदा प्रा.वि.**
देवचुली-६, नवलपुर

**सूर्यकिरण प्रा.वि.**
देवचुली-११, नवलपुर

**नव नेपाल प्रा.वि.**
देवचुली-१०, नवलपुर


**सरस्वती प्रा.वि.**
देवचुली-६, नवलपुर

# जीवन के हो?



**मनवीर थापा**
शिक्षक

जीवन एउटा डायरी हो, जुन ३ पेजको हुन्छ । अब जीवन डायरीको महत्त्व एवम् मर्मको बारेमा बुझौँ–




**१. जन्मको पेज:**

मानिसको जन्म प्राकृतिक नियम बमोजिम नै हुन्छ । हरेक मानिसको जन्म वृद्धि र विकास वंशाणुगत गुण (Gene) को आधारमा हुने गर्दछ । हामी सबैलाई चाहना हुन्छ कि जिउडालदेखि सबै कुरा चट्ट मिलेको, खोट लगाउन नमिल्ने होस् तर बिडम्वना त्यसो नभई मानिसको जन्मको क्रममा उल्टो, -सुल्टो, कालो -गोरो, मोटो -पालतो, सानो -ठूलो, अग्लो-होचो, अपाङ्ग-सपाङ्ग र रोगी -निरोगी हुन पुग्नु कसैको बसमा रहँदैन । त्यति मात्र होइन कसैको आँखा साना, मिर्मिरे, बदामी र खैरो त कसैको ठूलो र कालो हुन्छ भन्ने कोही मोटाएर मान्द्रो जस्ता त कोही दुब्लाएर सुकेनास लागे जस्तो आदि शारीरिक अङ्गमा भिन्नता पाइन्छ । यस्तो हुनुमा न मेरो दोष छ न तपाईको नै यस्तो विविधतालाई तपाई हामी कसैले चाहेर वा नचाहेर ठीक -बेठीक वा राम्रो - नराम्रो स्वीकार गर्नु बाहेक हाम्रो सामु अन्य विकल्प केही छैन र प्राकृतिक कुरामा कसैको केही उपाय पनि लाग्दैन।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**रेशम कोइराला**
**प्रधानाध्यापक एवम्**
**कालिका माध्यमिक विद्यालय परिवार**
**देवचुली-९, नवलपुर**

**२. सफलताको पेज**

मानिस जन्मेपछि घरपरिवार, समाज, साथीसंङ्गत हुँदै विभिन्न वातावरण र परिस्थितिको दास बन्दै जीवनको हरेक पलको अनुभव बटुल्दै अगाडि बढ्दै जान्छ। यसै क्रममा हामी सबैको मनमा उठेको जिज्ञासा, भाग्य- भाग्य भन्छन् आखिर भाग्य के हो? मेरो भाग्य बिग्रेको, भाग्य फुटेको, भावीले के लेखिदिएछ, छैँठीमा नराम्रो लेखेछ। अरूको भाग्य कति राम्रो, कति सुख छ, मेरो भने भाग्यले ठगेछ। भाग्य अरू कसैले लेखिदिएको हामीलाई लाग्छ । अझ हामी अरूलाई यसो गरेको भए राम्रो हुन्थ्यो, उसो गरेको भए ठीक हुन्थ्यो भनी सल्लाह दिन र भन्न सजिलो छ, त्यसलाई साँच्चिकै जीवनमा व्यवहारमा उतार्न उत्तिकै कठीन छ । भनिन्छ कि, मानिसको भाग्य भावीले छैँठीको दिन कसैले नदेख्ने गरी सुटुक्क आएर लेखिदिन्छन्, हात हेराउँदा ज्योतिषले भन्ने गर्छन् कि धेरै गरिब हुन्छ, धेरै धनी व्यक्ति बन्छ, जुन विषय लिएर पढेपनि सफल हुन्छ, देश-विदेश गएर धेरै पैसा कमाउँछ, राम्रा राम्रा दुलाहा-दुलही भेटाउँछ । डाक्टर, इन्जिनियर बन्छ, महान नाटककार, खेलाडी समाजसेवी र राजनीति बन्छ, यू.के., अष्ट्रेलिया, जापान र अमेरिकाको भिसा तुरून्तै लाग्छ। यी सबै कुरा अवास्तविक र 'मनको लडडू घिउसित खानु भन्ने जस्तै मात्र हो, जसमा सत्यता छैन, पाइदैन, सत्यता त्यो हो जसले आफ्नो भाग्य आफ्नै हातले र कर्मको कलमले जस्तो चाहेको हो, त्यसै अनुरूपको आफैंले लेख्नुपर्छ ।

जीवनलाई सफल पार्न जीवन डायरीमा योजना बनाउनुपर्दछ। जीवनमा आफू के बन्न चाहने हो, सोही अनुरूप सुत्ने, उठ्ने, खेल्ने, पढ्ने र काम गर्ने सबै कुराको दैनिक, मासिक, वार्षिक, तथा अल्पकालीन र दीर्घकालीन योजना बनाएर दृढ संङ्कल्पका साथ निरन्तर काममा लाग्नु पर्दछ। असफल हुने कुनै कुरा र प्रसँग नै आउँदैन ।

हामीले जुन बिरूवा रोप्छौँ, त्यही फल पाउँछौँ। मकै रोपेर धान पाउँदैनौ। त्यसैले हामीले जुन कर्म गर्छौं, सोही फल पाउँछौँ। हामीले सबैभन्दा पहिला चिन्तन, मनन, वा विचार ल्याउनु पर्दछ, चिन्तन गर्नु पहिलो बीउ रोप्नु हो । मानिस के बन्ने, कस्तो बन्ने भन्ने कुरा उसको परिश्रम र मेहनतमा भर पर्ने कुरा हो । त्याग र तपस्या बिना कुनै पनि काम सम्भव छैन । यसै प्रसंङ्गमा गौतम बुद्धले बुद्धत्व प्राप्त गर्नु, कार्ल मार्क्सले सिद्धान्त प्रतिपादन गर्नु, बिल गेट्सले सम्पन्नता प्राप्त गर्नु, सचिनले शतक प्रहार गर्नु र रोनाल्डोले सेकेन्डभरमै गोल गर्नु त्यतिकै सम्भव भएको होइन । एकघण्टा, एक दिनको छोटो र सीमित मेहनत वा थोरै परिश्रमले त्यो सफलता हात लागेको होइन, त्यसमा लामो समयको निरन्तर र अथक प्रयास समेटिएको छ, महिनौँ, वर्षौँ, दिनको अनवरत परिश्रम र ठूलो त्याग समावेश भएको छ ।

परिश्रम नगरी जीवनलाई भाग्यको भरमा छोडी दियौँ भने जीवनले कहिल्यै सफलता प्राप्त गर्न सक्दैन । "परिश्रमीको भागमा माछा मासु, अल्छीको भागमा आँसु" त्यसै भनिएको होइन । भाग्यमा छ भनेर 'डोकोमा दुध दुहेर अडिँदैन' । त्यसकारण आफ्नो

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**विकु बचत तथा ऋण सहकारी संस्था लि.**
**शाखा, कार्यालय, दलदले**

भाग्य सफल र असफल बनाउन आफैले निर्णय गर्ने हो । निरन्तर परिश्रम गर्दै जाँदा आफ्नो भाग्य बलियो बन्दै जान्छ । तसर्थ हामीले परिश्रम गरेर आफ्नो भाग्य आफैंले लेख्नुपर्छ ।

**३. मृत्युको पेज**

मानिस जन्मेपछि मर्नुपर्छ, यो स्वाभाविक प्रक्रिया हो । जन्मने बित्तिकै कुनै एकदिन मर्ने सर्टीफिकेट हामीले लिएर आएका हुन्छौं । फलस्वरूप मानिसको मरण धेरै प्रकारले हुन्छ। कोही स्वभाविक कालगतिले मर्छन्, कोही महामारी रोग लागेर मर्छन् कोही अस्वाभाविक दुर्घटनामा परी मर्छन्, कोही करेन्ट लागेर, कोही अन्य प्राणी वा जनावरको आक्रमणबाट मर्छन्, कोही विनाकारण खेल्दा-खेल्दै, खाँदा -खाँदै त कोही सुत्दासुत्दै ब्युँझन बिर्सन्छन् आदि । यतिमात्र नभई मानिसको मरण कसैको गर्भमा नै, कसैको जन्मदा - जन्मदै, कसैको बाल्यकाल, जवानी र मध्यावस्थामा त कसैको पूर्ण वृद्ध अवस्थामा हुन्छ भने कसैको अल्पायुमा नै अकल्पनीय मृत्यु हुन पुग्छ। फेरि मानिसको उमेर कति वर्षलाई पूरा आयु मान्ने भन्ने त्यो पनि त कुनै निधो नै छैन । यी सबै प्रकारका मृत्युमा न कसैले केही गरेर रोक्न सक्छन् न कसैले परिवर्तन गर्न वा टारेर टर्न नै सक्छ । त्यसैले मृत्यु पनि न मेरो बशमा छ न तपाईको बशमा नै । पृथ्वीमा आएका सबै प्राणीले एक दिन जानै पर्छ फरक यति मात्र हो कि मानिस मर्दा इतिहास रचेर मर्ने कि इतिहास रटेर मर्ने ।

अन्त्यमा मानिसको जीवन डायरीको ३ पेज मध्ये दुईवटा पेज जन्म र मृत्युको पेज अर्कैद्वारा लेखिएको, भरिएको पेज हुन्छ भने दोस्रो पेज सफलताको पेज पूर्ण रूपमा खाली हुन्छ, जुन स्वयम् हामी आफैंले लेख्ने पेज हो । व्यक्तिको जीवन खल्लो वा स्वादिलो बनाउने भन्ने विषय आफ्नै चिन्तन, इच्छाशक्ति बुद्धि, विवेक र कर्ममा निर्भर रहन्छ भन्ने


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल एवम्

बालकुमारी कलेज

भरतपुर

# स्मरणशक्ति बढाउने तरिका



**बसुन्धरा फुल्जेल**
शिक्षक

स्मृतिमाथि विश्वास गर्नुहोस् । आफ्नो स्मृति शक्ति कमजोर छ भन्ने कुरा सोच्दै नसोच्नुहोस् । याद राख्न खोजेको कुरा याद हुँदैन भने अब उप्रान्त याद गर्न खोजेको कुरा याद रहनेछ भन्ने विचार मनमा ल्याउनुहोस् । तपाईको स्मरण शक्ति तपाईले सोचे जत्तिकै चाहि कमजोर छैन । तपाई स्मरण शक्ति तीव्र गर्न र त्यसलाई स्थायी बनाउन लागिरहनु भएको छ अवश्यै सफल हुनुहुनेछ ।

### स्मृतिलाई बनावटी सहायता नदिनुहोस् ।

आफ्नो स्मृतिलाई बनावटी टेको दिने कामबाट सधैँ जोगिनुस् जस्तै कुनै कामको नाम याद गर्नुछ भने त्यो सँग मिल्दो ठाउँको नाम जोड्ने तथा कुनै संख्याको साथ कुनै रंग वा वस्तु नाम जोड्ने जस्ता तरिका गलत तरिका हुन् । यसले तपाईको मस्तिष्कमा अनावश्यक भार बढाउँछ । जे चिज याद गर्नुछ, त्यसलाई त्यही रूपमा जस्ताको तस्तै याद गर्नुहोस् । कुनै गाह्रो छैन, अभ्यासद्वारा सरल हुँदै जान्छ ।

### टुक्रा- टुक्रा पारेर कण्ठस्थ नगर्नुहोस्

कुनै पनि विषय, कविता, भाषण आदि टुक्रा-टुक्रा पारेर याद गर्नुको साटो त्यसलाई पूर्ण रूपमा याद गर्ने प्रयास गर्नुहोस् । कुनै गजल, गीत, कविता, आदि याद गर्नुछ भने यसलाई पूरा पाठ पटक पटक पढ्नुहोस् जति पटक पढ्नु जरूरी देखिन्छ, प्रत्येक पटक पूरै पढ्नुहोस् ।

### घोक्नु उचित हुँदैन

केही व्यक्ति याद गर्नुपर्ने कुरालाई घोक्ने प्रयास गर्दछन् यो विधि ठीक छैन । मनोविज्ञानले के सिद्ध गरिसकेको छ भने कम समयमा अधिक परिश्रमको अपेक्षा भन्दा अधिक समयमा कम परिश्रम गरेर याद राख्ने विधि सरल र प्रभावकारी हुन्छ । जस्तै कुनै पाठ याद गर्नुछ भने एक रातमा दशपटक पढ्नुको बदला पाँच दिनसम्म प्रतिदिन दुई-दुई पटक पढ्नाले चाँडो र सजिलोसँग कण्ठस्थ हुन्छ।

### धेरै बल नगर्नुस्

मस्तिष्कलाई बढी जोड नदिनुस्, सीमा नाघेर गरेको प्रयासले तनाव उत्पन्न गर्दछ । यो तनावले मस्तिष्कलाई शिथिल गर्दछ र यसले गर्दा स्मरण गर्ने प्रकृया सुचारूरूपले चल्न सक्दैन । थकानले गर्दा स्मरण भइ सकेको कुरा पनि बिर्साइदिन्छ ।

### सुत्नु अघि पढ्नुस्

जुन विषय तपाई जान्न चाहनु भएको छ, जुन कुरा सिक्न चाहिरहनु भएको छ, या कुनै उपयोगी पुस्तकको अध्ययन गरिरहनु भएको छ भने त्यसलाई तपाई राति सुत्नु अगाडि पढ्नुहोस् । अरू समयभन्दा सुत्नु भन्दा अगाडि पढेको कुरा बढी सजिलैसँग स्मरण हुन्छ। पढ्न बन्द गर्ने बित्तिकै सुतिहाल्नुहोस्। पढ्नु र सुत्नुको बीच धेरै समयको अन्तर हुन नदिनुहोस् । मतलब पढ्ने काम छोड्ने बित्तिकै सुतिहाल्नुपर्दछ । कुनै अन्य कार्यमा नलाग्नुहोस्, कुनै कुरामा नअल्मनिुस् ।

माथि उल्लेखित तरिका अनुसरण गर्दा स्मरण गर्ने अभ्यास बढ्दै जान्छ । यो अभ्यास भएपछि यो

तरिका तपाईलाई हर समय काममा आउँदछ ।

तपाईमा स्मरण शक्ति बढाउने इच्छा छ, त्यसको लागि लगन छ, धैर्य पनि छ भने त्यस्तो कुनै कारण छैन कि तपाईको स्मृति नबढोस् ।

आफ्नो दैनिक व्यवहारमा पनि तपाईले केही कुराको अभ्यास गर्नु जरूरी छ, जुन यस प्रकार छ ।

१. कुनै पनि कार्यमा हतार नगर्नुहोस् ।
२. समय जतिसुकै कम होस् र काम जतिसुकै अधुरो होस् । तब पनि धैर्य कायम राख्नुहोस् ।
३. क्रोधबाट बच्नुहोस् । क्रोधले स्मरण शक्ति नष्ट हुन सक्दछ ।
४. प्रत्येक वस्तु, कार्य या व्यक्तिमा पूरा ध्यान दिनुहोस् ।
५. मस्तिष्कलाई तनावबाट मुक्त राख्नुहोस् ।
६. जोसँग कुरा गर्नुछ स्नेहपूर्वक गर्नुहोस् । तपाईंको व्यवहारमा मिठास, सादापन, एवम् दृढता हुनुपर्दछ ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नेक्सस मन्टेश्वरी**
**देवचुली–१३, नवलपुर**

# किन गर्छौ आत्महत्या?



**आस्था अधिकारी**
कक्षा :८

जन्म दिन्छन् बाआमाले सन्तानलाई बरदान भनी
ठुलाठुला सपना हुन्छन्, ठूलो राख्छन् आशा पनि

किन गर्छौ आत्महत्या गर्न हुन्न जानी जानी
मरेसी ती ठाउँ पाइदैन रे भन अब कहाँ जाने ?

अमरत्व लिई यहाँ कोही पनि आको छैन
कालले निम्तो दिइहाल्छ नगई पनि भाको छैन

किन गर्छौं हतार तिमी अमूल्य यो जीवन चिन
बाँचुञ्जेल राम्रो काम सत्मार्गमा तिमी हिँड

कति दुःख गरी गरी लालनपालन गरेका हुन्
बिचरा ती बाबा आमा अब ज्युँदै मरेका हुन्

यसो ज्वरो आउँदा पनि नसुतेर रूँदै बसे
छोरा छोरीले नबुझे तिनको दुःख बुझ्छ कसले

भोक तिर्खा नभनेर तिनकै लागि गर्छन् काम
तिमी मर्दा बाआमालाई कस्तो हुन्छ होला भन

मामा घरका मामा माइजू अनि हजुर बाबा आमा
तिम्रै यादमा तड्पिरहन्छन् नमानेर खाना खान

हात समाउँदै लेख्न पढ्न सिकाउने गुरू पनि
दुःख मान्छन् सिकाउन सकिएन संस्कार भनि

रातदिन नभनेर गुरूले नि पढाउनु भो
आत्महत्या भाको सुन्दा सबै जना डराउनु भो

भोको पेट आफू बसी तिमीलाई खाना ख्वाए
दुई चार शब्द गाली गर्दा किन दियौ यो सजाय

हाम्रो जन्म भएको हो देशको सेवा गर्नलाई
कसैले नि नसोच्नु है आत्महत्या गर्नलाई

गाउँ समाज स्कुलको हामीले नाम चिनाउनु छ
देशको एउटा असल नागरिक बनी हाम्ले देखाउनु छ

# नेपाली विषयप्रतिको आम दृष्टिकोण

सोम सुवेदी
शिक्षक



भाषा विचार विनिमयको एक साधन हो । भाषाको माध्यमबाट मानव समुदायले आफ्ना सामाजिक व्यवहार प्रस्तुत गर्दछन् । संसारमा थुप्रै भाषाहरू अस्तित्त्वमा रहेका छन् । विभिन्न भाषाहरूका माध्यमबाट विद्यालयतहमा अध्ययन अध्यापन हुँदै आएको छ । नेपालमा पनि पठनपाठनको मुख्य माध्यम नेपाली भाषा नै हो र यसका साथै अङ्ग्रेजी भाषामा पनि पठनपाठन हुने गरेको छ । अङ्ग्रेजी विषय बाहेक अन्य विषयहरू नेपाली भाषामै पठनपाठन हुने गरेको हाम्रो देशमा नेपाली विषय प्रतिको आम दृष्टिकोण सकारात्मक रहेको पाइदैन ।

नेपाली विषय आफैंमा एक महत्त्वपूर्ण विषय हो, यस विषय अन्तर्गत साहित्यका विविध विधाका साथै अन्य थुप्रै कुराहरू समावेश गरिएको पाइन्छ । नेपाली विषय शिक्षकले कथा, कविता, निबन्ध, जीवनी आदि विधामा मात्र ज्ञान राखेर हुँदैन विज्ञान, राजनीति, अर्थशास्त्र, सामाजिक विषयवस्तु, अङ्ग्रेजी साहित्यका विविध पक्ष आदिका बारेमा समेत ज्ञान राख्नुपर्ने हुन्छ यस विषयको पठनपाठन सोचेजस्तो सजिलो पनि छैन, जस्तैः जुनरूपमा आम अभिभावकले सोच्ने गर्छन् । नेपाली विषय सजिलो हुन्छ, पढ्न जानिन्छ, भन्ने दृष्ट्रिकोण राखेर यसलाई विद्यार्थीवर्गबाट जुन हेयका दृष्ट्रिले हेरिन्छ त्यो नै विषय प्रतिको पहिलो नकरात्मक हेराइ हो, त्यसैगरी नेपाली त जसले पनि पढाउन सक्छ भनेर कतिपय विद्यालयले नेपाली इतर विषय पढेका शिक्षकलाई कक्षा कोठामा प्रवेश गराउनु अर्को नकरात्मक प्रवृत्ति हो । यस्ता प्रवृत्तिका कारण नेपाली विषयप्रतिको सोचाइ नकारात्मक बनेको छ । यस्ता नकारात्मक सोचाइ नत्यागेसम्म नेपाली विषयप्रतिको सोच बदलिन सक्दैन । 'पढ्न सबैले जान्दछन् तर के पढ्ने भन्ने कुरा थोरैले मात्र जान्दछन्' भन्ने भनाइ झैँ नेपाली भाषा बोल्न सबैले जान्दछन् तर कसरी शिक्षण गर्ने भन्ने कुरा विषय विज्ञले मात्र जान्दछन् भन्ने शिक्षण गर्ने भन्ने कुरा मनन गरी विद्यार्थी वर्गबाट नेपालको साझा भाषाको रूपमा रहेको नेपाली भाषालाई माया गरेर अध्ययन कार्यमा लागेमा पक्कै पनि नेपाली विषयले विकासको फड्को मार्नेछ भन्ने कुरामा आशा गर्न सकिन्छ । त्यसैगरी सजिलो विषय मानेर SEE मा कमजोर अङ्क ल्याइ कक्षा चढ्ने विद्यार्थीले नेपाली विषय पढ्ने गर्दा पनि नेपाली विषयप्रति नकारात्मक

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ज्वाला आधारभूत विद्यालय
हुप्सेकोट-४, नवलपुर

धारणा उत्पन्न भएको पाइन्छ, जसका कारण नेपाली भाषा शिथिल बन्न पुगेको छ । नेपाली भाषा शिक्षक बाहेक अन्य शिक्षकले मनलाग्दो तरिकाबाट ह्रस्व दीर्घ बिगारी लेख्ने, डिका नदिने कार्यले गर्दा नेपाली भाषा शुद्ध लेख्ने काम केवल नेपाली शिक्षकको हो भन्ने सोचाइबाट पनि नेपाली विषयप्रतिको दृष्टिकोण परिवर्तन हुनसकेको छैन । हरेक शिक्षकले कम्तीमा पनि कक्षा-१२ सम्म त अनिवार्य रूपमा नेपाली विषय त पढेकै हुन्छ? तर अन्य विषय शिक्षकले शुद्ध लेख्नुपर्छ भन्ने विचारै राखेको पाइदैन । नेपाली विषयलाई जबसम्म सिमलको भुवासँग तुलना गरेर मूल्याङ्कन गरिन्छ आमरूपमा तबसम्म नेपाली विषयप्रतिको दृष्टिकोण परिवर्तन हुँदैन र दुःख गरेर अध्यापन गराउने शिक्षकहरूको शिर पनि खुसीसाथ ठडिन सक्दैन । संस्थागत विद्यालयले अङ्ग्रेजी माध्यमलाई महत्त्व दिई नेपाली भाषालाई कम महत्त्व दिनु पनि यसको अर्को नकारात्मक पक्ष हो । यसरी नेपाली भाषा विषय आज सबैतिरबाट चेपुवामा परेको स्थिति देख्न सकिन्छ ।

यसरी नेपाली विषयप्रति रहेका नकारात्मक प्रवृत्तिलाई सबैको मनमस्तिष्कबाट हटाउन नसकेमा र बेलैमा सरोकारवालाबाट नेपाली विषयलाई सकारात्मक दृष्टिकोणबाट अगाडि बढाउने सोच नबनाउँदासम्म नेपाली विषयप्रतिको आम दृष्टिकोण परिवर्तन हुनसक्दैन । नेपाली विषयलाई अन्य विषयसरह नमान्दासम्म वा नेपाली विषय आफैंमा महत्त्वपूर्ण नबन्दासम्म यसप्रतिको दृष्टिकोण परिवर्तन नहुने हुँदा सबै विद्यार्थी, सबै शिक्षक, सबै प्रशासक तथा सरोकार वालाको नेपाली विषयप्रतिको सकारात्मक सोचका लागि एकजुट हुनु नै आजको आवश्यकता हो ।

## "स्वास्थ्य नै ठूलो धन"

**रेजिना राना**



स्वास्थ्य नै हो ठूलो धन
शिक्षा हाम्रो आर्जन
खराब बानी हटाउँ है
बाचौँ स्वस्थ जीवन ।

वातावरण शारीरिक
सफाइमा ध्यान
नपूऱ्याउँदा जान सक्छ
अकालमा ज्यान ।

घर सफा आँगन सफा
सफा पानी पिउनु
गुणस्तरीय स्वास्थ्य सेवा
स्वस्थ जीवन जिउनु ।

औलो, आउँ, टाइफाइड
र झडापखालाले
सताउँछ है नसुधारे
खराब आचरणले ।

धूमपान मध्यपान
लागू औषधको
कुलतमा फस्नुहुन्न
त्यस्ता दुर्व्यसनको ।

वातावरण प्रदूषित
हुनबाट रोकौँ
आफ्नो घरको वरिपरि
बोट बिरूवा रोपौँ ।

जल्ने, गल्ने कुहिने र
नगल्ने फोहोर छानी
छुट्टा छुट्टै विसर्जन
गरौँ झ्याउ नमानी ।

रोग लाग्नु भन्दा
गर्नु रोकथाम नै बेश
स्वस्थ बनाऊँ गाउँघर
स्वस्थ बन्छ देश ॥

# नेपाली शेयर बजार बारे प्रारम्भिक जानकारी र लगानीको तरिका



**मन प्रसाद पाण्डे**
व्यवस्थापन विभाग प्रमुख

परिचयः कम्पनीको पूँजी वा स्वामित्त्वलाई धेरै स-साना इकाइमा विभाजन गरी लगानीकर्ताहरूलाई बिक्री गरिन्छ । यसरी कम्पनीको पूँजीको विभाजित इकाइको दस्तावेजलाई शेयर भनिन्छ । कम्पनीको लागि पूँजी जम्मा गर्न शेयर जारी गरिन्छ । शेयर पूँजीको अदृश्य इकाइ हो, जसमा कम्पनी तथा शेयर धनीबिच करार हुने गर्दछ ।

शेयरमा लगानी गरेवापत् शेयरधनीहरूले प्रत्येक वर्ष कम्पनीको वित्तीय कार्य सम्पादनका मुनाफाको आधारमा लाभांश प्राप्त गर्ने गर्दछन् । कुनै पनि कम्पनीले गरेको व्यवसायबाट नाफा वा घाटा हुन्छ । आफूले गरेको लगानीको अनुपातमा उक्त घाटा वा नाफा दुवैको हिस्सेदार हुन मञ्जुर भइ गरिएको लगानीको अंश शेयर हो ।

**संस्थापक शेयर वा अग्राधिकार शेयरः**

कम्पनी दर्ता गर्नेहरूले कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीको पूँजीको संरचना र कम्पनीको अधिकृत पूँजीको स्वीकृति लिनुपर्ने हुन्छ । अधिकृत पूँजी भनेको जम्मा कम्पनीको स्वीकृत बजेट हो । जस्तो कि १ अर्ब पूँजीको एउटा बैंक वा जलविद्युत आयोजना सञ्चालन गर्ने कम्पनी भनियो भने त्यो अधिकृत पूँजी हो, तर त्यो १ अर्ब पूँजी मध्ये कम्पनीको सुरूवात् गर्नेहरूले ३० करोड लगानी गर्ने, ३० करोड बैंकबाट ऋण खोज्ने र ४० करोड सर्ब साधारण जनताबाट उठाउने भनेर स्वीकृति गराइयो भने त्यो रकम उठाउने अनुपात चाँहि पूँजीको संरचना हो । यसरी पूँजीको सुरूवात् गर्नेहरूले आँफूले कबुल गरेको रकम बराबरको शेयर लगानी गर्छन् त्यसलाई संस्थापक शेयर वा अग्राधिकार शेयर भनिन्छ । कुनै कारणले कम्पनी चल्न सकेन र बिघटन गर्नुपरे ऋण रकम पछि यो शेयरको भुक्तानी पहिला फिर्ता हुन्छ । यसमा निश्चित स्थिर बोनस हुन्छ । सञ्चालक समितिमा यो शेयर धनीको बहुमत रहने गरी सञ्चालक समिति गठन हुन्छ ।

**साधारण शेयरः**

संस्थापकहरूले संस्थापक शेयर हालिसकेपछि कम्पनी चलाउन लगानी जुट्ने वातावरण सिर्जना हुन्छ । त्यसपछि मात्र ऋण खोजिन्छ र साधारण शेयर जारी गरीन्छ । साधारण शेयर जारी भएपछि तपाई हामी आस्वा सदस्य बैंकमा गई डि-म्याट (DMAT) खाता खोली सामान्यतया शेयर फर्म भरेर आफूले लगानी गर्न चाहेको किस्ता बराबरको रकम फर्म सहित बैङ्कमा बुझाउनु पर्दछ । सामान्यतया १ कित्ता शेयरको मूल्य रू १०० हुन्छ। सामान्यतया सर्वसाधारणलाई ५० कित्तादेखि माथि र ५०००० कित्तासम्म प्रतिव्यक्तिले शेयर खरिद गर्न अवसर दिइन्छ । कम्पनी विघटन गर्दा अन्तिमसम्म नाफा र घाटा सबै लिने शेयर साधारण शेयर हो ।

साधारण शेयर होल्डरहरूलाई सञ्चालक

समितिमा छनोट भई सदस्य बन्न वा बनाउन पाउने अधिकार हुन्छ । यसरी मतदान गर्ने अधिकार प्राप्त हुनाले कम्पनी माथि नियन्त्रण कायम राख्न सक्ने अधिकार हुने गर्दछ ।

**(Open a DMAT Account)**

**Step1: DEMAT** खाता खोल्ने प्राथमिक तथा द्वितीय बजारमा सहभागी हुनका लागि Dematerialiral (DEMAT) खाता खोल्नु पूर्व सर्त हो । यसका लागि सि.आस्वा सदस्य भएको जुनसुकै बैङ्कमा गई खोल्न सकिन्छ । DEMAT खाता सामान्य बैङ्क खाता जस्तै हो जसमा तपाई हामीले किनेका र बेचेका शेयर जम्मा हुने वा घट्ने गर्दछन् । कम्पनी यदि नाफामा गएमा प्राप्त हुने लाभांश पनि यही DMAT खातामा जम्मा हुने गर्दछ ।

**Step2. Know the Market (बजार बुझ्न)**

शेयर बजारमा प्रवेश गर्दा कसरी शेयर बजार चल्ने गर्दछ भन्ने बारे प्रष्ट हुन पर्दछ । प्रारम्भिक सूचनाका लागि (Security Board Nepal) नेपाल धितोपत्र बोर्ड (www.sebon.gov.np) उपयुक्त स्रोत हुनसक्दछ । जुन नेपालको धितो पत्र बजारको एकमात्र नियामक निकाय हो । यस Website मा धितोपत्र कानुन लगानी सम्बन्धी जानकारी प्राप्त गर्न सकिन्छ । त्यस्तै Nepal Stock Exchange (NEPSE) को mobile मा आधारित application हरू जस्तैः share sansar, Mero Lagni, Nepali paisa आदि जस्ता application हरूबाट धेरै सूचनाहरू मोबाइल मै प्राप्त गर्न सकिन्छ । साथै दैनिक समाचार पत्रहरू मार्फत पनि धेरै सूचनाहरू प्राप्त गर्न सकिन्छ ।

**Stepm3 Participate in the primary Market/Apply in Primary offer:**

पूँजी बजारमा छिर्ने एक उपयुक्त माध्यम भनेको प्राथमिक बजारमा लगानी गर्नु हो । जसलाई IPO (Intial Public Offering) भनिन्छ

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल एवम्
कोइलापानी एभरेष्ट स्कुल परिवार
कावासोती-१, नवलपुर

। धेरै जस्तो कम्पनीहरूले तिनीहरूको Valuation अनुसार रू १०० मूल्य प्रतिकित्ता बराबरको वा कुनै कुनै बढीमा पनि सर्वसाधारणलाई शेयर जारी गर्ने गर्दछन् । द्वितीय बजारमा लगानी गर्नु भन्दा प्राथमिक बजारमा लगानी गर्नु कम जोखिमयुक्त हुने गर्दछ तसर्थ पनि प्राथमिक बजारबाट शेयर बजारमा प्रवेश गर्नु उपयुक्त हुन्छ।

लगानीको निधो गर्नु पूर्व शेयर निष्कासित कम्पनीको Credit rating, वित्तीय विवरणहरू विगत वर्तमान र भविष्यसंग सम्बन्धित विवरणहरू राम्रोसँग अध्ययन गर्नुपर्दछ ।

**Sptp-4: Participate in the secondary market.(open a Trading account at a stock Broker office):**

सबै प्राथमिक शेयरहरू द्वितीय बजार (NEPSE) मा सूचिकृत हुन्छन् । नेपालमा हाल २३१ कम्पनीहरू सूचिकृत भैसकेका छन् । र द्वितीय बजारले तपाईलाई किनेका शेयर बेच्न र द्वितीय बजारबाट शेयर किन्न मञ्च प्रदान गर्दछ । कुल माग र पूर्तिको अन्तरक्रिया द्वारा सूचिकृत कम्पनीहरूको प्रत्येक दिन NEPSE index मा मूल्य परिवर्तन भइरहन्छ ।

यदि तपाई पनि द्वितीय बजारमा सहभागी हुनचाहनु हुन्छ भने तपाईले शेयर दलालको अफिसमा गइ एक Trading account खोल्नु पर्दछ । नेपालमा हाल ५० जना लाइसेन्स प्राप्त शेयर दलालहरू छन् । काठमाण्डौ बाहिर नारायणगढमा पनि Stock brokers office रहेको छ । त्यहाँ सम्पर्क राख्न सक्नुहुन्छ । उनीहरूले तपाईलाई तपाईका शेयर सम्बन्धि सबै कारोबार देखिने एक unique ID code प्रदान गर्दछन् ।

अब शेयर किन्न र बेच्नका लागि तपाईले तपाईको DEMAT खाता चेक गरी दलाललाई फोन गर्न सक्नु हुन्छ। कारोबार गरिदिए बापत उनीहरू निश्चित Commission तपाईबाट लिने गर्दछन् । भने शेयर बेच्दा नाफामा Capital gain बापत कर पनि तिर्नुपर्ने हुन्छ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**रत्न राज्य लक्ष्मी मा.वि.**
गैंडाकोट-११, नवलपुर

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**कालिका माध्यमिक विद्यालय**
गैंडाकोट-८, नवलपुर

# नेपालीको एकता

**सन्देश अर्याल**
कक्षा ९ 'ख'

हिमाल, पहाड र तराई सब एक हुनुपर्छ,
मधेसी, पहाडी, हिमाली होइन हामी नेपाली हौँ भन्नुपर्छ ।
मेचीलाई चोट लाग्दा महाकालीलाई दुख्नुपर्छ,
हिमाल रूँदा पहाड र तराईले आँसु पुछ्नुपर्छ ॥

मैथिलीले गीत गाए, पहाडी नाच्नुपर्छ,
गुरूङले देउडा गाए, शेर्पाले कम्मर भाँच्नुपर्छ।
पाल्पाली ढाका टोपी झापालीले लाउनुपर्छ,
बाहुनको चाडमा दलित पनि खुसी हुन पाउनुपर्छ ॥

देश विकास गर्न कुरीतिलाई मार्नुपर्छ,
ताप्लेजुङलाई जुठो लाग्दा हुम्लाले नुन बार्नुपर्छ।
नवलपुर खुसी हुँदा परासी पनि हाँस्नुपर्छ,
भक्तपुरको भादगाउँले टोपी वीरगञ्जले नि साँच्नुपर्छ ॥

पश्चिमको सीमा मिचिए पूर्वेलीले दुःख व्यक्त गर्नुपर्छ,
अरू देशको हस्तक्षेप रोक्न हामी सबै नेपाली एक हुनुपर्छ।
एक प्रदेशको दुःख अर्कोले नि बुझ्नुपर्छ,
हामी सबै जातजाति मिली एकताको बाटो उन्नुपर्छ ॥

पहिलेको नराम्रो बिगत बिर्सेर नयाँ नेपाल बनाउन सुरू गर्नुपर्छ,
यसका लागि हामी सबै जात, धर्म, संस्कृतिका मानिस एक हुनुपर्छ,
हिमाल, पहाड र तराई कोही छैन पराइ भनाइलाई साँचो बनाउनुपर्छ ॥

# स्वस्थ जीवनको आधार, नियमित शारीरिक व्यायाम र उचित आहार विहार



**दौलकान्त अर्याल**
शिक्षक

आजकालका मानिसहरूको आधुनिक एवम् विलासितापूर्ण जीवनशैली, सेवा–सुविधाको अधिक प्रयोग, अप्राकृतिक खानपान, खाने तरिका, व्यस्त एवम् तनावपूर्ण दिनचर्या, नकरात्मक सोच र शारीरिक व्यायामको अभाव जस्ता कारणले गर्दा दिनानुदिन विभिन्न रोगहरूको शिकार भएका छन् । जीवनभर मेहनत गरेर कमाएको सम्पतिले जीवनको बीच अवस्थामै विभिन्न कडा रोगहरू लागि उपचार गर्ने सिलसिलामा सम्पत्ति पनि सकिने बाँकी जीवन दु:ख पाएर बाँच्न बाध्य हुन पर्ने वा मृत्युवरण गर्नुपर्ने अवस्था छ ।

स्वास्थ्य क्षेत्रमा देखा परेका यस्ता जटिल समस्याहरूलाई सुधार्दै 'स्वास्थ्य जीवनको अमूल्य धन हो' र सु–स्वास्थ्य नै सम्पूर्ण सुखको आधार हो भन्ने भावना जगाउँदै सुखी जीवन जिउने कलामा विशेष ध्यान दिदै केही सुधार गर्नुपर्ने जरूरी छ ।

मानिस स्वस्थ भएर जिउनको लागि सबैभन्दा पहिला शारीरिक रूपमा स्वस्थ, मानसिक रूपमा शान्त र आध्यात्मिकरूपमा आनन्दित र प्रफूल्लित हुनुपर्छ । सु–स्वास्थ्यको निर्धारक तत्त्वहरू धेरै छन् तापनि उचित आहार विहार नियमित शारीरिक व्यायाम, विश्राम, मनोरञ्जन र सकरात्मक सोचलाई एक साथ सन्तुलित गरेर लान सक्यो भने लामो र स्वस्थ जीवन जिउन सकिन्छ ।

उत्तम स्वास्थ्यको निर्धारक तत्त्वहरूमा भोजन (आहार) प्रमुख रहेको छ अत: स्वस्थ जीवनका लागि भोजनसंग सम्बन्धित ज्ञान हुनु अत्यावश्यक छ । भोजनलाई समय, तरिका, विधि, मात्रा आदि मिलाएर खान सके त्यो औषधी बन्ने छ भने भोजन केबल जिब्रोको स्वाद र सन्तुष्टिका लागि सेवन गरेमा त्यो रोगको कारण पनि बन्न सक्दछ । तसर्थ भोजन सेवन गर्दा ध्यान पुऱ्याउनु पर्ने केही कुराहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. भोजन केबल स्वादका लागि होइन, स्वास्थ्यका लागि खानु पर्दछ र जीवन खानाका लागि होइन, खाना जीवनका लागि हो भन्ने कुरालाई मनन गर्नु पर्दछ ।
२. भोजन ताजा र मनतातो हुनपर्दछ ।
३. भोजनको समय निश्चित हुनपर्दछ । बिहान, दिउँसो र राति सही समयमा कामको प्रकृति र शरीरको आवश्यकता अनुसार उचित मात्रामा सेवन गर्नुपर्दछ ।
४. भोजनलाई राम्ररी चपाएर, बिस्तारै खानुपर्दछ । यसबाट भोजनको सही पाचन हुन्छ ।
५. भोजन संधै शान्त र प्रसन्न मनबाट ग्रहण गर्नुपर्दछ । ग्रहण गरेको भोजन प्रति प्रसंशा र सकरात्मक सोच राख्नु पर्दछ ।
६. साकाहारी भोजन र मौसमी फलफूल तरकारी सेवन गर्नु राम्रो हुन्छ । शीत भण्डारमा राखेका, घातक रसायन प्रयोग गरेका र तयारी एवम् डिब्बाबन्द खानेकुराहरू खानु राम्रो हुँदैन ।

७. बिहान उठ्नासाथ मौसम अनुसार मनतातो वा चिसो पानी आधार लीटर भन्दा अलि बढी पिउनु पर्दछ । प्रत्येक एक-डेढ घण्टामा एक गिलास पानी पिउनु पर्दछ तर खाना खाएको र खानु अघि करिब १ घण्टा पानी पिउनु हुँदैन ।

नियमित शारीरिक व्यायाम स्वस्थ जीवनको अर्को महत्त्वपूर्ण कार्य हो । शारीरिक व्यायामका विभिन्न क्रियाकलापहरू मध्ये सहज र सन्तुलित व्यायामका रूपमा योग, प्राणायाम र ध्यान पर्दछन् । नियमित रूपमा योग, प्राणायाम र ध्यान गर्नाले शरीरका विभिन्न आन्तरिक र बाह्य अंग, प्रत्यङ्गहरू मांसपेशी, हाड जोर्नी तथा प्रणालीहरू स्वस्थ, सन्तुलित, सशक्त, सक्रिय एवम् लचक भइ रोग प्रतिरोधात्मक क्षमतामा समेत वृद्धि हुन्छ । योग साधनाका अभ्यासहरू बिहान सबेरै उठ्ने वित्तिकै पानी पिएर शौच कार्य पश्चात् खालीपेटमा एकल वा सामूहिकरूपमा खुल्ला ठाउँमा कम्तीमा एक-डेढ घण्टा गर्नु उत्तम मानिन्छ ।

विश्राम, मनोरञ्जन, सकरात्मक सोच आदि स्वस्थ जीवन जिउने महत्त्वपूर्ण तत्त्वहरू हुन । आजकाल मानिसहरू पैसा कमाउने धुनमा खान, बस्न सुत्न, उठ्न, व्यायाम, विश्राम, मनोरञ्जन जस्ता कुराहरूलाई बिर्सेर व्यस्त र तनावपूर्ण दिनचर्यामा तल्लीन रहेको पाइन्छ । जुन स्वस्थ्य जीवनका लागि प्रतिकूल देखा परेको छ । त्यसकारण काम, आराम, मनोरञ्जन क्षेत्रमा समयलाई उचित रूपले व्यवस्थापन गर्दै सकरात्मक सोचका साथ जीवनलाई अगाडि बढाउन सकियो भने स्वस्थ जीवन जिउन सकिन्छ ।

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक एवम्
भानुदय नमूना माध्यमिक विद्यालय परिवार
विनयी त्रिवेणी-२, नवलपुर

# रजत जयन्तीदेखि स्वर्ण महोत्सवसम्म



**केशव भुसाल**
शिक्षक

२०२६ चैत्र १२ मा स्थापना भएको भीमसेन आदर्श प्रा.वि. म २०४६ वैशाख १५ गते शिक्षकको रूपमा प्रवेश गर्दा त्यतिबेला भीमसेन आदर्श नि.मा.वि. भइसकेकोले सात कक्षासम्म पढाइ हुन्थ्यो । त्यो समयमा पनि यस क्षेत्रका अभिभावक, शिक्षक र विद्यार्थीहरूले शिक्षालाई निकै महत्त्व दिएको मैले पाएको थिएँ । विद्यार्थीहरू नियमित र समयमै स्कुल आउने गर्थे । अभिभावकहरूले आफ्ना छोराछोरीहरू पढाइप्रति चासो दिएर विद्यालयमा आउनु हुन्थ्यो । शिक्षकले पनि कर्तव्यनिष्ठ भै विद्यार्थीहरूको लेखाइ, पढाइ र सिकाइ क्रियाकलापमा सक्रिय हुनुहुन्थ्यो । भवन, फर्निचरको अभावमा घरबाटै पिउने पानी र बस्ने चकटी लिएर सानो कक्षाका बालबालिका आउने गर्थे । चर्पीको समस्याले गर्दा बालबालिका खुला शौच गर्न बाध्य थिए ।

मैले भीमसेन आदर्श नि.मा.वि. मा अध्यापन गरेको पाँच वर्ष पछि २०५० सालमा विद्यालयको रजत जयन्ती उत्सव मनाइयो । जन आन्दोलन २०४६ ले राजनैतिक परिवर्तनसँगै यो प्रयास रोकिएको थियो । आफ्ना छोराछोरीहरूको माध्यमिक तहको स्कुल टाढा भएको अवस्थामा फेरि दोस्रो प्रयास भएको थियो । स्थानीय अभिभावक, शिक्षाप्रेमी र शिक्षकहरूबाट सहयोग रकम संकलन गरी धरौटी राखी २०५० सालमा भीमसेन आदर्श नि.मा.वि. प्रस्तावित भीमसेन आदर्श मा.वि. भै मा.वि. कक्षाको विधिवत् पढाइ सुरू भै २०६० सालबाट अङ्ग्रेजी माध्यमको कक्षा सुरू भएको थियो ।

रजत जयन्तीदेखि स्वर्ण महोत्सवसम्म आइपुग्दा विद्यालयको भौतिक, आर्थिक र शैक्षिक क्षेत्रमा धेरै परिवर्तन भएको छ । शैक्षिक क्षेत्रको परिवर्तनमा विद्यार्थीको भूमिका अग्र पङ्तिमा आउँछ । मैले अध्यापन सुरू गरेको समय देखिनै यस विद्यालयका विद्यार्थीहरू घरायसी समस्या हुँदाहुँदै पढ्ने काम मेरो मुख्य काम हो भनेर नियमित स्कुल आउने गर्थे । अनुशासित र लगनशील भएर कक्षाकोठा र घरमा अध्ययन क्रियाकलापमा निरन्तर सक्रिय हुँदा पढ्ने काम उनीहरूका लागि सरल थियो । विद्यार्थीहरूलाई पढाइको बोझले भन्दा आफ्नो घरको आर्थिक समस्याले स्कुल छाड्नु पर्थ्यो । त्यसैले त यस विद्यालयको कक्षा-८ र एस.एल.सी को नतिजा जिल्लामा उत्कृष्ट हुँदै गएको थियो । २०५१ सालबाट एस.एल.सी मा

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**प्रेम थापा**
**अर्पण इङ्गलिस बोर्डिङ्ग स्कुल**
**हुप्सेकोट-४, झ्यालबास, नवलपुर**

सहभागी गराएर भीसमेन आदर्श मा.वि.ले आफ्नो सेवा क्षेत्रका विद्यार्थीहरूको चाहना पूरा गर्दै आएको सबैलाई थाहा छ । वर्तमान समयसम्म आइपुग्दा एस.ई.ई. मा धेरै विद्यार्थी सहभागी गराएर उत्कृष्ट नतिजा दिने देशकै सफल विद्यालय भीमसेन आदर्श मा.वि.को चिनारी बनेको छ । यस सफलतामा विद्यार्थीहरूका संगठन र भूतपूर्व विद्यार्थीहरूको संगठन भिसानको पनि विद्यालयले साथ पाएको छ ।

यसै बिचमा २०६५ साल पौष २४ गते देखि माघ २ गते सम्म +२ सञ्चालनका लागि बृहत् धनधान्याञ्चल महायज्ञ सम्पन्न भयो । यो धन धान्याञ्चलमा सबै क्षेत्रका मानिसहरूको बृहत् उपस्थितिले भीमसेन आदर्श मा.वि. तर्फको माया र समर्पणलाई सार्थक बनाएको थियो । यो विद्यालयका विद्यार्थीहरू उक्त महायज्ञमा आ-आफ्नो जिम्माका काम सक्रियता पूर्वक गरेर योगदान गरे र यस

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सरस्वती माध्यमिक विद्यालय
कावासोती-१७, हसौरा

विद्यालयमा विभिन्न समिति, उप समितिमा रहेर हरेकले महत्त्वपूर्ण योगदान गर्नुभयो । तत्कालीन देवचुली गा.वि.स. सबै वडाका आम अभिभावकहरू, प्रगतिनगर गा.वि.स. का छिमेकी वडाहरूका आम अभिभावकहरूको सक्रियतामा खान खुवाउने र दैनिक नियमित पालो पर्ने काम सम्पन्न गर्न ठूलो योगदान गर्नुभयो । यो धनधान्याञ्चल महायज्ञमा देखिएको विद्यार्थी, शिक्षक, अभिभावक, आम जनता र राजनैतिक दलहरूको एकता नै मैले मेरा जीवनमा देखेको स्मरणयोग्य एकता हो । जस्को परिणाम लक्ष्यभन्दा बढी आर्थिक संकलन भएको थियो र २०६६ श्रावण १ बाट कक्षा ११ को अध्यापन सुरू भयो ।

आफूले पढ्न नपाए पनि आफ्ना सन्तानलाई शिक्षित बनाउनुपर्छ भन्ने सोच राख्ने अभिभावकको बाहुल्यताले गर्दा यो क्षेत्रमा भीमसेन आदर्श मा.वि.को शिक्षाको गुणस्तर वृद्धिमा टेवा पुगेको छ । विद्यालयलाई आर्थिक सहयोग गरेर, भवन निर्माण तथा फर्निचर सहयोग गरेर यहाँका अभिभावकहरू आफ्नो सामाजिक दायित्व पूरा गर्न अग्रसर हुनुहुन्छ । त्यसैले त भीमसेन आदर्श मा.वि. प्रति अभिभावकहरूको चासो र चिन्ता रहदै आएको छ ।

यस विद्यालयमा मेरो ३० वर्षको सहकार्यमा सहभागी सबै शिक्षक लगनशील, क्षमतावान् पाएको छु । एउटा परिवार जस्तै भएर शिक्षण कार्यमा आइपर्ने हरेक समस्या समाधान गर्न सफल र विद्यार्थीहरूको भावना अनुसार शिक्षण गर्न सफल भएर नै भीमसेन आदर्श मा.वि. को गुणस्तरीय शिक्षालाई सहयोग पुगेको छ । विद्यालयमा देखा पर्ने हरेक समस्यामा एकजुट भएर समाधानमा जुट्नु र विद्यार्थीहरू र अभिभावकसँग सफल सहकार्य गर्दा शैक्षिक स्तर बढाउन सकिएको छ । प्रविधिको

विकाससँगै शिक्षामा प्रविधिको प्रयोग गर्न, नयाँ नयाँ पाठ्य सामग्रीको प्रयोग गरी उद्देश्य अनुरूपको शिक्षण सिकाइ क्रियाकलाप गर्न शिक्षकहरू समक्ष रहनु भएको छ र यो कार्यमा निरन्तर खाँचो छ ।

विद्यालयका दैनिक शैक्षणिक क्रियाकलाप व्यवस्थित र प्रभावकारी बनाउन प्र.अ. को विशेष भूमिका हुन्छ । यस संस्थामा पूर्व प्र.अ.हरू र वर्तमान प्र.अ. को भूमिका शिक्षक, विद्यार्थी, अभिभावकका लागि निकै प्रभाव पूर्ण रहेको छ । जसका कारण संस्थाको छवि उच्च बनेको छ । संस्थामा सक्षम शिक्षकको व्यवस्थापन गर्न श्रोतहरू जुटाउन माथिल्लो निकायको निर्देशनको पालना गर्न गराउन अभिभावक, संघ संस्थाहरू र राजनैतिक दलसँग सुमधुर सम्बन्ध कायम गरी संस्थाको हितमा समर्पित गराउन सफल भएर यस विद्यालयका पूर्व प्र.अ. तथा वर्तमान प्र.अ. को भूमिका स्मरणयोग्य बनेको छ ।

२०४६ सालको जनआन्दोलन पश्चात् दलहरूको सहभागिता र सक्रियतामा भीमसेन आदर्श नि.मा.वि. लाई मा.वि. बनाउन सहयोग प्राप्त भएको थियो । तत् पश्चात् विद्यालयका हरेक कार्यक्रममा सक्रिय सहयोगका कारण स्थानीय जनमानसमा विद्यालय प्रति विश्वास दिलाउन ठूलो सहयोग हुँदै आएको छ । संस्था सञ्चालनका क्रममा आइपर्ने कुनै पनि समस्या समाधान गर्ने उपायहरू निर्विवाद र निर्विकल्प हुँदैन । तर यहाँको राजनैतिक दलहरू उत्कृष्ट विकल्पको छनौटमा सधै एकजुट भएर समस्या समाधानमा एकताबद्ध भएकोले संस्थाको कार्य दिशा निश्चित गर्न सहयोग पुगेको हो । मेरो अनुभवमा विद्यालयको समस्या समाधानमा विवाद भएर कुनै पनि निर्णय अधुरो रहेको एउटा घटना पनि छैन । यो पनि भीमसेन आदर्श मा.वि.का लागि तथा कुनै पनि संस्थाका लागि मनन योग्य छ ।

अन्तमा, रजत जयन्ती भन्दा ५ वर्ष अगाडि देखि स्वर्ण महोत्सव सम्मको अवधिमा धेरै महत्त्वपूर्ण कार्यहरू भएका छन् । ती सबै कुरा समेट्न नसकिएको हुँदा केही अंश मैले प्रस्तुत गरेको योगदान र कामको चर्चा हुँदा व्यक्तिको नाम पर्यायवाची नाम बनेर समुदायमा रहेको छ । भीमसेन आदर्श मा.वि. लाई नमुना मा.वि. बन्न सम्म योगदान गर्नु हुने अग्रज अभिभावकहरू जो हाम्रो सामु हुनुहुन्न, उहाँहरूप्रति श्रद्धासुमन व्यक्त गर्दछु । विद्यालयलाई समिति, उपसमिति, निर्माण समिति, शिक्षक अभिभावक संघ, सरकारी तथा गैरसरकारी संघ संस्था तथा निकाय सबैको सहयोगको स्वरूप भीमसेन नमूना मा.वि. भएकोले सबैमा यसै विद्यालयको शिक्षक तथा भीमसेन आदर्श नमुना मा.वि. विद्यालय परिवारको तर्फबाट स्वर्ण महोत्सवको शुभकामना समर्पण गर्दछु ।

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
तेजप्रसाद न्यौपाने
अध्यक्ष
दलदले बजार व्यवस्थापन समिति
दलदले, नवलपुर

हार्दिक

# शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| **युनिक आ.मा.वि.**<br>गैंडाकोट-१६, नवलपुर | **सूर्योदय विद्यामन्दिर**<br>गैंडाकोट-१२, नवलपुर | **सरस्वती मा.वि.**<br>मध्यविन्दु-१३, नवलपुर |
| **जनकल्याण मा.वि.**<br>कावासोती-८, नवलपुर | **ज्ञानोदय मा.वि.**<br>कावासोती-८, नवलपुर | **कावासोती न.पा.**<br>१३ नं. वडा कार्यालय |
| **कुमारवर्ती आ.विद्यालय**<br>देवचुली-१३, नवलपुर | **दिव्य ज्योति आ.विद्यालय**<br>देवचुली-१२, नवलपुर | **जनज्योति नमूना मा.वि.**<br>देवचुली-१४, नवलपुर |
| **मनकामना प्रा.वि.**<br>देवचुली-९, नवलपुर | **हरिहर मन्दिर आ.मा.वि.**<br>मध्यविन्दु-१५, नवलपुर | **वाइज भिजन बोर्डिङ् स्कुल**<br>देवचुली-१६, नवलपुर |

# शुभकामना छ, भीमसेन”

**नारायण प्रसाद थनेत**
शिक्षक



साने छँदा आउँथ्यौं, खेल्थ्यौं अनि रून्थ्यौं पनि, भीमसेन
हामी तिम्रो काखमा !
साथी सँगी मिलिजुली पढ्केको याद आउँछ भीमसेन तिम्रै
घर, आँगन, पाखामा !!

तिमी कहिल्यै ननिभ्ने दीप अनि ज्योति हौ, अन्धकारलाई उज्यालो
अनि अज्ञानीलाई ज्ञानी बनाई छाड्छौ !
तिमी सरस्वतीकै प्रतिमूर्ति हौ, स-साना बालबालिकालाई भोलिका देशका कर्णधार जनशक्ति तयार पार्छौ !!

ममतामयी आमा बनी तातेताते गरी हात समाई सबैलाई
सही बाटोमा डोऱ्याउँछौ भीमसेन !
प्यारो मानी आफ्ना सारा सन्ततिलाई संसारकै कुना कुनामा पुऱ्याई बाँच्न सिकाउँछौं भीमसेन !!

हिजोका दिनहरू कस्ता थिए, आज कत्रो परिवर्तन छ, अनि
त्यो तिम्रो गौरव अनि शान !
विगतमा जस्तो थियो इज्जत अनि मान, सम्मान आज पनि
उस्तै छ, गरिनसक्नु छ, तिम्रो बयान !!

सबै ठाउँमा चर्चा छ, भीमसेन तिमी त आज संसारकै अग्लो
चुचुरो, सगरमाथाको शिखरमा चुम्दैछौ !
कोही हामी तिम्रै काखमा, कोही जापान, बेलायत र अमेरिका,
कोही त हामी आकासमा चन्द्रमामा घुम्दैछौं !!

सबै तिम्रै देन हो, आज हामी हिड्न होइन , दौड्न सक्छौं, उड्न सक्छौ,
आफनै पौरखले बाँच्न सिकायौ भीमसेन !
कति बाधा, अड्चन आए तिमीलाई तर पनि हामीलाई ज्ञानी
बनाई संसार चुम्ने बाटो देखायौ भीमसेन !!

बार्षिक तिम्रो जन्मदिन मनाएको पटक पटक याद छ मलाई,
हुने गर्दथे कत्रा कत्रा उत्सव !
२०२६ सालको जन्म तिम्रो, भोलि छ अब ५० औँ वर्ष
पुगेकोमा भव्य तिम्रो स्वर्ण महोत्सव !!

हामी सबैको, सदैव साथ छ, भीमसेन तिमीलाई शिखर चुम्न नछोड्नु
उत्तरोउत्तर प्रगतिको छ हाम्रो कामना !
५० औँ वर्ष गाँठ पुगेकामा, झिलिमिली दीपावली, महोत्सव
मनाउँदै भीमसेन तिमीलाई लाखौँलाख छ शुभकामना !!

# मानव शरीरका आश्चर्यहरु

सुञ्जय आचार्य
कक्षा -११

१. हामीले एक वाक्य पढ्दा मानव मस्तिष्कको कोष बाहेक ५ करोड कोषहरू मर्दछन् र पुनः निर्माण हुन्छन् ।
२. एक जना वयस्क व्यक्तिले एक वर्षमा ११०० पौण्ड खाना खान सक्छ जुन एउटा सानो कारको वजन बराबर हुन्छ ।
३. मानव छालाबाट वार्षिक १० अरबको कत्ला निस्कन्छ जुन लगभग २ केजी बराबर हुन्छ ।
४. राता रक्त कोषलाई मानव शरीरको परिक्रमा गर्न करिब २० सेकेण्ड लाग्दछ ।
५. स्वादका अंकुरहरूको जीवन दश दिनको हुन्छ तर कोषहरू प्रत्येक १० घण्टामा पुनर्जीवित हुन्छन् ।
६. मानिसको आँखा जन्मेदेखि नै एउटै आकारको हुन्छ तर नाक र कान कहिल्यै बढ्न रोकिदैन ।
७. एक घण्टा कानमा हेड फोन जोड्दा सातसय गुणा हानिकारक ब्याक्टेरिया बृद्धि हुन्छ ।
८. एउटा वयस्क व्यक्तिमा करिब २.७ किलोग्राम छाला रहेको हुन्छ ।
९. मानव शरीरको करिब एक चौथाई हाड खुट्टामा हुन्छ ।
१०. एउटा व्यक्तिले ८ वर्ष ७ महिना ६ दिन रूँदा एक कप कफी तताउन पुग्ने ध्वनि शक्ति उत्पादन गर्दछ ।

# विद्यार्थी वर्गमा देखा परेको लागू पदार्थ दुर्व्यसनी



**सरस्वती न्यौपाने**
शिक्षक

लागूपदार्थको सेवनले व्यक्तिगत र पारिवारिक जीवनमा मात्र नभइ समाज र मुलुककै आर्थिक, सामाजिक अवस्थालाई असर पारेको र नैतिक, चारित्रिक र साँस्कृतिक वातावरण समेत धमिलिएको छ । आर्थिक गतिविधिमा जटिल समस्या देखा परेको छ । लागूपदार्थ बाहेक मदिरापान, धूमपान र जूवातास जस्तो कुलतमा अहिलेका स्कुलस्तरका यी कलिला उमेरका बालबालिकाहरू सक्रियरूपमा संलग्न भएको पाइन्छ । देश विकासमा विद्यार्थी शक्तिको ज्यादै महत्त्वपूर्ण भूमिका हुन्छ । 'आजका बालबालिका भोलिका विकासप्रेमी, राष्ट्रप्रेमी देशका कर्णधार' भन्ने उक्तिलाई मनन गरी जोश, जाँगरका साथ अघि बढ्नुपर्ने, तर लागूपदार्थको लतमा फसिन पुग्दा उनीहरूमा भएको जोश र जाँगर विनास हुँदै गएको छ । आफ्नो राम्रो सँस्कृति र सभ्यता बोकेको समाजलाई बिर्सिएर आफ्नो सभ्यता र सँस्कृतिलाई एकातिर पन्छाएर दुर्व्यसन जस्तो कु-संस्कारले जरो गाडेको छ यो समाजमा हाम्रो जस्तो ग्रामीण समाजमा बस्ने विपन्न वर्गका युवाहरूले यस्ता कुलतमा नलागी समाजबाट विकृतिहरू हटाई आफ्नो सभ्यता र इतिहासलाई जीवन्तता दिनु विद्यार्थी वर्गको दायित्व हो र कर्तव्य पनि । भर्खर-भर्खर स्कुल पार गरी क्याम्पस तर्फ अध्ययन गर्न जाँदा सुरुमा आफूलाई सर्वमान्य सोच्दछन्, धूमपान गरेको, अरूले विलासी जीवन बिताएको देखेर त्यसैमा लोभिन्छन् र उत्सुकतावश कुलतमा लाग्दछन् । साथीभाइको कर र मनोरञ्जनका कारण पनि लागूपदार्थको दुर्व्यसनमा फसिन पुग्दछन् । कतिपयका त घरमा परिवारसँग आफ्ना भावना र कुरा नमिल्दा पनि यस लागू पदार्थको दुर्व्यसनीलाई लक्ष्य बनाएका छन् ।

त्यसैले अभिभावकहरूले आफ्ना सन्तानहरूप्रति र उनीहरूको भविष्यप्रति समयमा नै सोच्नुपर्दछ । किनकि बाबुआमा भनेका सन्तानका निम्ति ठूलो हितैषी हुन् । उनीहरूको भविष्य आमा बाबुकै हातमा निर्भर रहन्छ । त्यसैले आफ्ना

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**चण्डेश्वरी माध्यमिक विद्यालय डण्डा**
**कावासोती-१५, नवलपुर**

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**पशुपति शाङ्गवेद मा.वि.**
**देवचुली-१५, नवलपुर**

सन्तानलाई अरूसँग तुलना नगरी सुमार्गतिर लाग्ने निर्देशन दिएर घरमा शान्त वातावरणको सृजना गराएर उनीहरूका भावनालाई बुझेर स्नेहपूर्वक यिनीहरूलाई अध्ययनतर्फ सक्रिय गराउने हो भने कुलतमा समय दिन पाउँदैनन् र दुर्व्यसनबाट जोगिन्छन् । यतिखेर कतिपय परिवारका आमा बाबु दुवै जना धन कमाउने उद्देश्यले रातदिन नभनेर लागि पर्दछन् । आफ्ना सन्तानलाई चाहेजति समय दिन भ्याउँदैनन् । छोराछोरीले कहाँ, कसरी, कुन ठाउँमा खर्च गरेका छन् भन्ने कुरा थाहा नहुन सक्छ । आफ्ना सन्तान दुर्व्यसनमा फसेको थाहा हुँदैन, अन्त्यमा आमाबाबु नै सन्तानको उपेक्षक बन्दछन् र सन्तानले परिवारप्रति माया र स्नेह कम दर्साउन थाल्दछन् । जसले गर्दा परिवारले सुखको अनुभव कम गर्न थाल्छन् । त्यसपछि आमा बाबुका लागि आफू बोझ भएको अनुभव गर्दछन् र आफ्ना अगाडि समस्याको समाधान गर्ने बाटाहरू नदेखेपछि मनलाई सन्तुष्टि पार्न र आफूलाई परेको पीर हटाउनका निम्ति दुर्व्यसनतर्फ उन्मुख हुन्छन् ।

हालको परिप्रेक्ष्यमा दुर्व्यसन र कु-संस्कारले जटिल रूप लिदै गएको छ । जसको नियन्त्रण गर्ने प्रमुख दायित्व घर परिवारको रहेको हुन्छ भने समाज, विद्यालय, जनप्रतिनिधि तथा सरकारको पनि उत्तिकै दायित्व र जिम्मेवारी रहेको हुन्छ । त्यसैले लागू पदार्थको दुर्व्यसनले भोलिका देश हाँक्ने यी कलिला बालबालिका माथि कुनै किसिमको प्रहार नहोस् भन्नका लागि प्राथमिक तहदेखि नै पठनपाठन गराइ विद्यार्थी जीवनदेखि नै दुर्व्यसनबारे स्पष्ट ज्ञान दिई सजग र सचेत गराउन सकियो भने त्यो सबैभन्दा राम्रो उपाय हुन सक्छ ।

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

राजु घर्ती
प्रधानाध्यापक एवम्
दिपेन्द्र माध्यमिक विद्यालय परिवार
विनयी त्रिवेणी-२, नवलपुर


# समारोह

शिवहरि अर्याल

जानै पर्ने कवि म त्यस ठाउँमा हुनै पर्ने उपस्थिति
चोखो माया भाव पवित्र मनले पुगेको थिएँ उमंगले अति ।
थियो पङ्ति सभाहलमा लामो लस्कर भइ वेष्ठित
गुरू मेरा साथी अनि शिष्यहरू पनि त्यही चेष्ठित ।
स्थान कुन हो मेरा भनेर मनले सोचेर म अल्भिएँ
उद्घोषकले सम्मान सहित आसन केहीलाई दिएँ
ट्वाल्ल परेर म केही बेरमा छेउतिर पो लाइदिएँ ।
थियो कोशेली मिठै मेरो साथमा पुग्ने थियो बेसरी
हुन्थ्यो निम्तो भने मलाई मञ्चमा दिने थिएँ त्यसरी
थियो त्यो भावनाको मूठो मात्र थिएन दिनु लुकाई
राखुँ आग्रह भने कसरी म त्यहाँ दुःखको भारी विसाइ ।
सोँचैँ फेरि त्यो भुण्ड ढाँटको पात्र हो त अगाडि बढेको?
शिक्षा पनि के यिनले मात्र उखान -टुक्का र ठट्टा हो पढेको ।
सोभो सत्य तथ्य र दृष्टान्त यिनले पुज्दै नपुज्ने पो त
व्यभिचारी लोभ मोह र पापले हावामा उडेकै हो त?
बढ्नु अगाडि सत्य तथ्य र योग बलले ढाँट्नु हुँदैन रति
फैलाउनु कृति सत्य न्यायिक भावले शौहार्दता कै ज्योति ।
ए हैन एकै व्यक्ति अनेक संघमा पद मात्र ओगट्नु किन?
दिने भाषण थोत्रा रवाफ सहितका उही कुरा दिन दिन ।
जहिले जहाँ जति पुरानै अनुहार छोड्दै नछोड्ने पो त
कहिल्यै पनि न्यायिक नयाँले पालै नपाउने भो त
भयो अति यस जगत्मा एन्टिभाइरस बनाउँछु म त
समुन्नति शान्ति र अमनचयन लोकले पो हो त ।

# आजको शिक्षा र हाम्रो समाज

**उद्योग बहादुर श्रेष्ठ**
देवचुली न.पा. १५



जहानियाँ शासनको लामो कालखण्डसम्म टाठाबाठा, पहुँचवाला र सम्पन्नशाली परिवारका सन्ततिबाहेक आम नागरिकका लालाबाला शिक्षाको उज्यालो घामबाट टाढै रहे । जनक्रान्ति अर्थात् सात सालपछि शिक्षाका ढोकाहरू खोलिँदै गए, शिक्षालयहरू पनि धमाधम खोलिँदै छन् । छ दशक पार गरिसक्दा पनि राज्य व्यवस्थाले नागरिकका सन्ततिलाई अनिवार्य शिक्षा दिन सकिरहेको पनि छैन । राष्ट्र निरक्षर मुक्त हुन सकिरहेको पनि छैन । कुल जनसंख्याको ४०% भन्दा माथि नेपालीहरू निरक्षरको कोटिभित्र लिपिबद्ध छन् । अझै पनि देशमा ४ लाखभन्दा माथि केटाकेटी मात्र स्कुले शिक्षादेखि वञ्चित छन् एक तथ्याङ्कअनुसार । राष्ट्रले गरिखाने शिक्षा पनि दिन सकिरहेको छैन । वर्तमान समयमा हामीले पाइरहेको शिक्षा र हामीले दिइरहेको शिक्षा त केवल प्रमाणपत्रमुखी शिक्षा मात्र बन्न पुगेको छ ।

शिक्षा आर्जन गर्नुको अर्थ, अर्थात् पढ्नु भनेको त व्यक्तिले आफैले आफूलाई पहिचान गर्नु, बुझ्नुबाहेक अरू केही पनि होइन । शिक्षा प्राप्त गर्नुको उद्देश्य नै सामाजिक, भौतिक, व्यवहारिक-आध्यात्मिक शक्तिहरूको विकास गर्नु हो। अथवा व्यक्तिको सर्वाङ्गीण विकास वा सम्पूर्ण पक्षको विकास गर्नु पनि शिक्षाको मूल लक्ष्य हो। शिक्षा खाली मस्तिष्कको विकासमा मात्र सीमित रहनु पनि उचित देखिँदैन । जुन शिक्षामा धार्मिक, नैतिक तथा आध्यात्मिक, मूल्य तथा मान्यतालाई समावेश गरिएको हुँदैन, त्यस्तो शिक्षा प्राप्त गरेर पनि मानिसमा सन्तोष नहुन एक मात्र कारण हो जस्तो लाग्छ । शिक्षा पाउनु र दिनुको मतलब समाजमा विद्यामान अन्धकार, कुरीति, कुसंस्कार, अन्धविश्वास र समाजका सम्पूर्ण विकारहरू हटाई एउटा सुशिक्षित, सभ्य, परिष्कृत, आत्मनिर्भर र गतिशील समाजको परिकल्पना गरी समाजलाई उज्यालोतिर अग्रसर गराउनु हो ।

पाश्चात्य शिक्षा भनेको भौतिक शिक्षा, विज्ञानको शिक्षा अथवा गरिखाने शिक्षा, पूर्वीय शिक्षा भनेको ज्ञानको शिक्षा, आत्मिक शिक्षा आत्माको विकास गर्ने शिक्षा । आज हामीले हाम्रा सन्ततिलाई न त पश्चिमी, भौतिक विज्ञानमा आधारित शिक्षा दिएर आत्मनिर्भर बनाउन सकेका छौँ न त पूर्वीय आत्मिक शिक्षा दिएर हाम्रा सन्ततिलाई नीतिवान्, चरित्रवान्, कुशल, सभ्य र आदर्शवान् व्यक्ति बनाउन नै सकेका छौँ ।

राज्य व्यवस्थामा स्थायित्व नहुनका कारण

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**अमर इङ्गलिस बोर्डिङ्ग स्कुल**
**देवचुली-१६, नवलपुर**

व्यवस्थावादीहरूले व्यवस्थालाई टिकाइराख्ने बहानामा शिक्षामा एउटा ठोस नीति अवलम्बन गरेर राष्ट्रको निम्ति गतिलो शिक्षा लागू गर्न चाहेनन् । जबसम्म राज्यले देशकाल परिस्थिति अनुरूपको समयसापेक्ष शिक्षा नीति अख्तियार गरी प्रतिबद्धताका साथ लागू गर्ने मार्गमा अग्रसरता देखाइदैन, तबसम्म राज्यले परिवर्तनको काँचुली फेर्न नसक्ने कुरा घामजस्तै छर्लङ्ग छ । शिक्षा त जुनसुकै राज्यको पनि सरोकारको विषय हुनुपर्छ। सरकारले निगरानी राखेको हुनपर्दछ । खै त ? राज्यले सरोकार राखेको शिक्षामा धेरैथोरै लगानी भएकै छ , शिक्षालयहरू पनि छन् शिक्षकहरू पनि छन् शिक्षार्थीहरू पनि छन्, पठनपाठन पनि भएकै छ । अभिभावकहरूले आफ्नो छोराछोरी पढाउन पनि पढाएकै छन् । तर पनि आशा गरेअनुरूपको फल प्राप्त गर्न कसैले पनि सकिरहेका छैनन् ।

सामुदायिक विद्यालयको शिक्षाको स्तर दिनप्रतिदिन खस्कँदो अवस्थामा छ । आज कतिपय सामुदायिक शिक्षालयहरू खाली हुँदैछन् । कतिपय विद्यालयमा शिक्षार्थी शिक्षा दिने गुरूहरू धेरै भएका समाचार पनि सुन्न पाइएकै छ । अर्कातिर निजी स्रोत (प्राइभेट) शिक्षालयहरू मौलाउँदो अवस्थामा छन् । शिक्षार्थीहरू खचाखच छन् । उता शिक्षकहरू सामुदायिक विद्यालयमा पढाउँछन् यता आफ्ना छोराछोरी भने निजी स्रोतको विद्यालयमा पढाउँछन्। विडम्बना ! शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने सम्बन्धित पक्ष यी सबै कुरामा कुनै किसिमको प्रतिक्रिया दिन-लिन चाहँदैनन् । टुलुटुलु हेरिरहेको छ । यस पक्षमा शिक्षा विभाग हारेको छ । अब यसले भन्न सक्नुपर्छः- "तिमीहरूको अगाडि हामी असफल भएका छौँ । अब यो राष्ट्रका शिक्षालयहरू सञ्चालन गर्ने जिम्मा तिमीहरूले लिनुपर्छ" । अथवा

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक एवम्
**बाल किरण आधारभूत विद्यालय परिवार**
देवचुली-१, नवलपुर

निजी स्रोतका विद्यालयहरूको सहायताबिना यो राष्ट्रका शिक्षा क्षेत्रमा राज्यपक्षले गरेको लगानी नाम मात्रको देखिँदै छ । विद्यालयमा अर्धदक्ष शिक्षकहरू र नक्कली प्रमाण-पत्र धारी शिक्षकहरूको बोलवालाका खुलासाहरू प्रष्ट रूपमा अगाडि आउँदा पनि तिनीहरूलाई विस्थापित गर्दै लैजाने र कुनै प्रभावशाली नेताको नजिकको मानिस भएकै भरमा उसको हैकम धेरै चल्छ । प्रशासन असफल हुन्छ । प्रश्नपत्र छपाइमा स्तरीयता अझै आउन नसक्नु, परीक्षा सञ्चालन जस्तो महत्त्वपूर्ण र गहन कार्यले मर्यादा पाउन नसक्नु, उत्तरपुस्तिका परीक्षणजस्ता कार्यमा अनियमितता र गैर जिम्मेवारीपूर्ण व्यवहार हुनु, गैर परीक्षार्थीका विषयमा चर्चा र परिचर्चा हुनु शिक्षाका क्षेत्रमा विकृति ल्याउने विषयवस्तु हुन् । त्यसैको सेरोफेरोमा हामी एउटा कोणबाट गुणस्तरयुक्त शिक्षा र शिक्षामा गुणस्तरका नारा फलाकिरहेको वर्तमान अवस्थामा हाल शिक्षाको क्षेत्रमा देखिएको विकृति, शिक्षामा देखिएको छाडापन हो कि ? स्वविवेक हो ? भनेर कसैले प्रश्न गर्‍यो भने हामीसँग त्यसको दह्रो उत्तर छैन। नतमस्तक सिवाय अर्को उपाय छैन ।

आज स्कुले उमेरका केटाकेटीहरू खास गरेर निम्न माध्यमिक स्तरका कुलत र दुर्व्यसनीको शिकार बन्न पुगेका छन् । उसले स्कुलमा सम्पूर्ण समय बिताइरहेकै छैन । अधिकांश अभिभावक अनभिज्ञ छन् । केही अभिभावकहरू त्यो सबै क्रियाकलाप टुलुटुलु हेरी रहनु सिवाय अर्को विकल्प छैन । किनभने त्यस्ता परिवारमा हैकम तिनै केटाकेटीको चल्छ । शिक्षकहरूले औपचारिकता पूरा गर्नुसिवाय अर्को उपाय छैन । सरकारले हातादेखि १०० मिटरको दुरीमा त्यस्ता सूर्तिजन्य पदार्थ र मादक पदार्थजन्य सामानहरू बेच्न नपाइने सूचना जारी गर्दछ, लाइसेन्स देखाइदिएपछि जिल्ल पर्छ । विद्यालय व्यवस्थापन समिति पनि छ । उनीहरू


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**चन्द्रदेव तिवारी**
प्रधानाध्यापक एवम्
**वरचुली माध्यमिक विद्यालय परिवार**
देवचुली-१६, नवलपुर

हामी मात्र किन पिरिने भन्दछन् । बस् च्याप्टर क्लोज !

सदाचार, सद्विचार, आत्मानुशासन, मान-सम्मान, मान्यजनप्रति आदर, ज्ञानगुण र नैतिकताका कुरा हराउँदैछन् । आफूहरूलाई चिनाउने धर्म, संस्कार, संस्कृति, कलाकौशल र आफ्नोपनले बिस्तारै स्थान परिवर्तन गर्दैछ । पश्चिमी सभ्यताले स्थान ग्रहण गर्दैछ । टि.भी.मा पत्र-पत्रिकामा देखिने र हिप्पीहरूले छाडेर गएका अश्लील पोशाक, नग्नचित्र र कुसंस्कारले प्रश्रय पाउँदै गएको छ । वातावरण प्रदुषण हुँदैछ, वनजङ्गल खालि-खालि हुँदैछन्, मानिस व्यक्तिवादी हुँदैछ । घर, गाउँ, सहर र बजारदेखि दिनहुँ निस्कने फोहरमैलालाई व्यवस्थित ढङ्गबाट विसर्जन गर्ने र दीर्घकालीन उपायको खोजी गरी सफासुग्घर घर, गाउँ र देशको निर्माण गर्ने सौँचको खोजी गर्ने शिक्षासम्म पनि हामीले दिन नसकिरहेको अवस्था छ ।

समाजको सिर्जना गर्न खोजेको कुरा नागरिकले चाहेकै छैनन् । आज देशमा विविध रोग छ । वर्षेनी विविध महामारीको चपेटोमा नागरिक पिल्सिएकै छन् । कुनै दिन समयमा यसो घोत्लिएर सोच्नुभएको छ ? आज समाज कुन दिशातिर उन्मुख हुँदैछ ? आज समाज अन्योल, अराजक, अनिश्चयको बन्दी बन्नुको कारण के छ शिक्षामा अराजक स्थितिको प्रमुख कारण के हो जस्तो लाग्छ । आज समाजमा दिनदहाडै लुटपाट, चोरी डकैति बलात्कार, अपमानजनक व्यवहार, हत्या, अपहरण, भ्रष्टाचार पनि बढिरहेकै छन् । शिक्षाले ल्याएका विकारहरू के हुन् ? हाम्रा गुरूहरूद्वारा शिक्षा प्राप्त गरेका शिक्षार्थीहरू अझ भनौँ हामीले कल्पना गरेजस्तो भ्रष्टाचाररहित समाज, रोगमुक्त समाज, विविध अपराधमुक्त समाज, पोलुसनमुक्त समाज, करप्सनबिनाको सोसाइटी र वास्तवमा अहिंसायुक्त समाजको सिर्जना हुने शिक्षा कहिलेबाट र कुन पुस्तादेखि सुरू गर्ने ? शिक्षामा सुधार भयो भने यी सब कुरामा पनि सुधार हुन्छ । समाज सभ्य, शिष्ट र अनुशासित पनि हुन्छ । हामीले खोजेजस्तो समाजको सिर्जना पनि हुन्छ । गतिलो शिक्षा प्राप्त नगरेकै कारण ठीक/बेठीकमा पहिचान हुन सकेन, मान-मर्यादाको ख्याल भएन, कुन कुरा र व्यवहार गर्नुहुने कुन कुरा गर्न नहुने त्यसको सही ढङ्गले पहिचान हुन सकेन । शिक्षा क्षेत्रमा यो कहालीलाग्दो अवस्था र अस्तव्यस्तता व्याप्त भएको करिब ३०/३५ वर्ष भए होला । अतः शिक्षामा आमूल परिवर्तनको तड्कारो स्थिति हाम्रो अगाडि छर्लङ्ग छ । एजुकेसनल टुर (शैक्षिक भ्रमण) पनि शिक्षामा विकृति ल्याउने तत्त्व मध्ये एक हो । देखावटी खर्च गर्नु, हाटहुट, चमक-झमकदेखि अरू केही हुँदैन ।

कोचिङ सेन्टरले पनि शिक्षा विकृति ल्याउनु सिवाय अरू उपलब्धि देखिएको छैन । यति प्रतिशत र उति प्रतिशत हाजिर हुनुपर्छ भन्ने सर्तले पनि विकृति नै जन्माएका उदाहरणहरू प्रशस्तै छन् । विद्यालय शान्ति क्षेत्र हुन भनिरहँदा त्यसबारे कानुन नबन्दा पनि त्यसको खासै अर्थ छैन र त्यसलाई नारामा मात्र सीमित राख्नुको कुनै औचित्य देखिँदैन । श्रीलङ्कामा दोहोरो लडाइँ

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**विजय सामुदायिक शिक्षा सदन**
**गैंडाकोट, नवलपुर**

हुँदा पनि एकदिन एउटा विद्यालय पनि बन्द भएन । शिक्षाविद् बुद्धिजीवी, सरकार, अभिभावक र सम्बन्धित निकायले ध्यान दिनु अति जरूरी छ । 'शिक्षामा गुणस्तर' नारामा मात्र होइन गुणस्तरयुक्त शिक्षा दिने । शिक्षालयहरू खोलिनु पर्छ । शिक्षालाई सदा-सर्वदा सम्मानित, मर्यादित र आकर्षित बनाइनु पर्दछ । शिक्षाको साथै समाजमा परिवर्तन ल्याउन गुरूहरूको महत्त्वपूर्ण हात रहेको छ । तिनीहरूमा जवाफदेहिता छैन । अतः तिनीहरू अत्यन्तै गम्भीर रूपमा जिम्मेवारीका साथ प्रस्तुत हुन आवश्यक छ ।

सम्मानित गुरूलाई उमेर र शिक्षा सेवामा प्रवेश गरेका आधारमा अनुभवी र योग्य भएको बिल्ला भिराउनु उपयुक्त हुँदैन । तिनीहरू वर्तमान परिवेशसँग समायोजन हुनै सक्दैनन् । अतः त्यस्ता पुराना शिक्षकलाई यथाशीघ्र स-सम्मानित ढङ्गले बिदा दिनुपर्दछ र त्यो स्थानमा दक्ष र क्रियटिभ मस्तिष्क भएका अनुभवी शिक्षकलाई प्रवेश दिन ढिला गर्नुहुँदैन । शिक्षालयहरू राजनीति गर्ने क्षेत्र होइनन् । सक्रिय रूपमा राजनीतिमा लागेका र झोले गुरुहरूलाई यथाशिघ्र निष्कासन गरिनुपर्छ, कानुन बनाएर मात्र हुनेवाला छैन । शिक्षकहरू भनेका समाजका परिवर्तनबाहक र राष्ट्रनिर्माता पनि हुन् । तिनीहरूलाई सम्मान पनि दिन सक्नुपर्छ । साथै तिनीहरूमा व्यवहारिक ज्ञान भएको हुनपर्दछ, कोरा ज्ञानले मात्र शिक्षार्थीहरूमा परिवर्तन आउन सक्दैन गैरकानुनी ढङ्गबाट सञ्चालित कलेज वा विद्यालयहरूलाई तुरून्तै कानुनको दायराभित्र ल्याइनुपर्दछ । तिनीहरूले समाज र राष्ट्रको हित गरिरहेका छैनन् । वार्षिक बजेटको २५ प्रतिशत रकम शिक्षाको क्षेत्रमा छुट्याइनु जरूरी देखिएको छ ।


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**किरण भट्टराई**
प्रिन्सिपल एवम्
**न्यू नवल इङ्गलिस बोर्डिङ स्कुल परिवार**
देवचुली-१०, नवलपुर

# शुभकामना तिमीलाई



**ओमन वि.क**
कक्षा १०

हार्दिक, हार्दिक शुभकामना भीमसेन तिमीलाई हार्दिक शुभकामना
स्वर्ण वर्ष पार गरी भीमसेन तिमीले आफ्नो नाम उच्च राख्ने नाममा
दुःख-सुख गरी २०२६ चैत्र १२ गते स्याउलाको छानोमा जन्म भयो तिम्रो
त्यही झुपडी मुनि शिक्षा दिक्षा दिएर ज्ञानी बनाइ प्यास मेटाइदियौ हाम्रो
हामी जस्ता हजार-हजारौँ विद्यार्थीलाई ज्ञान बुद्धि दिएर पठायौ
उन्नतिको पथमा पुऱ्याइ प्रगतिको शिखरमा चढायौ ।
जहाँ गए पनि जति ठूलो पदमा रहे पनि पृष्ठभूमि हो यहाँको तिमी भीसमेन
जिल्ला मात्र के कुरा गर्ने हो र देशमा नै भन्छन् भीमसेनका ठिक छन् ।
उन्नति आफैं गर्दै जाऊ भीमसेन बटुली हरेक विद्यार्थीको भावना
असल कामको परिणाममा सफलता मिल्दछ पक्कै यही हाम्रो शुभकामना
दिन्छु प्यारो भीमसेन शुभकामना तिमीलाई स्वर्ण वर्षको उपलक्ष्यमा
अझै चम्क लम्क है भीमसेन देवचुली न.पा.७ रामबास गाउँमा ।

# मेरो गुरु

**समीक्षा वि.क.**

मेरो गुरूले दिनुहुन्छ मलाई यति धेरै शिक्षा !
मागेर पनि पाउँदिन भिक्षा, जति दिनुहुन्छ शिक्षा !!
मेरो गुरूमा छ मलाई लाग्छ ज्ञानको खानी !
गुरू जस्तै बन्न पाऊँ अहिले म छु सानी नानी !!
अनुशासन सिकाउनु हुन्छ, सिकाउनु हुन्छ भरपूर्ण ज्ञान !
गुरूले दिएको ज्ञान, उहाँलाई गर्छु सम्मान बढ्छ ठूलो मान !!
गुरूले पढाइ लेखाइ अरूलाई ठूलो आदर्श मान्छे बनाउने !
संसारलाई उज्यालो पार्न जीवन शिष्यको भविष्यमा खनाउने !!
गुरूको उपदेश सम्झे मान्नु पर्दैन हामीले कहिल्यै हार !
स्वीकार गर्नुहोस् मेरा गुरू मेरो नमस्कार, नमस्कार !!
सम्मान गर्छु हाम्रा गुरू राम्रा गुरू आदरणीय अभिभावक, समिति, राम्रो भीमसेनलाई !
सबैजना मिलिजुली ज्ञानको ज्योति छर्नोस् हामी साना विद्यार्थीलाई !!

# नेपालमा प्राविधिक शिक्षा, आजको आवश्यकता



**नारायण वीर खत्री**
शिक्षक, नेपाल माध्यमिक विद्यालय,

शिक्षालाई अङ्ग्रेजीमा Education भनिन्छ । Education शब्द ल्याटिन भाषाको Edu+catum मिली बनेको हो । Edu को अर्थ आन्तरिक र Catum को आर्थ बाहिर निकाल्नु हुन्छ। Education बाट Educure, Educare हुँदै Education भएको हो । शिक्षा संस्कृतको 'शिक्ष्' धातुबाट आएको हो जसको अर्थ दिनु भने बुझिन्छ । अथवा अनुभवी अग्रजहरूले आफ्ना सन्ततिहरूलाई अनुभव प्रदान गर्नु वा दिनुलाई नै शिक्षा भनिन्थ्यो । प्राविधिक शिक्षा पनि आधुनिक शिक्षाको एक भाग हो । तर हिजो नेपाली समाजमा शिक्षाको चल्तीको कथन "छोरा बिग्रे कमर्श र छोरी बिग्रे नर्श" भन्ने पुरातन मान्यता रहेको थियो । त्यस समयमा व्यवसाय तथा चिकित्सा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति हुन नसकेको कारण तत्कालीन समयमा कमर्श र नर्श पढ्ने बेरोजगार बस्नुपरेको थियो । त्यस समयमा मानविकी र शिक्षा शास्त्र पढेकाले हातहातै जागिर पाउने तर यता कमर्श पढेका तत्कालै व्यवसायमा फर्कन सक्ने वातावरण थिएन । तर वर्तमान समयमा व्यापक परिवर्तन आएको छ । हिजोकै मानविकी, शिक्षाशास्त्र र व्यवस्थापन विषय पढेका आजको बेरोजगारको पंक्तिमा लामबद्ध छन् । वर्तमान सन्दर्भमा यी विषयमा तिनै पुराना पाठ्यक्रमले विद्यार्थीहरूलाई उत्पादनशील बनाउन सकेको छैन । यो शिक्षा ग्रहण गरेका व्यक्ति घरको बाकसमा सर्टिफिकेट थन्काएर लाहुर (खाडी) जाने शिवाय केही रहेन । तसर्थ वर्तमान समयमा नेपालमा प्राविधिक शिक्षाको दिन प्रतिदिन महत्त्व बढ्दै गएको छ । आजको युग शैक्षिक विज्ञान र प्रविधिको युग हो । आजको जति पनि राष्ट्र विकसित मानिएका छन्, ती सबै प्रविधिको देन हुन् । हामी एक विकासशील देशका नागरिक हौँ । हामी र हाम्रो देश पुरातनवादी, बुर्जुवा, सैद्धान्तिक शिक्षाकै कारण पछि परिरहेका छौँ । हामी आफ्नो समय खेर फालिरहेका छौँ । हामी आफ्नो समय अनावश्यक राजनीतिक अनुत्पादक र फाल्तु कुरा गरेर आफ्नो समय खेर फालिरहेका छौँ । नेपाल कृषि प्रधान देश हो । आज पनि नेपालको कुल जनसंख्या मध्ये करिब ६८ प्रतिशत मानिसहरूको मूल पेसा र आम्दानीको स्रोत कृषि हो तैपनि कृषि क्षेत्र आत्मनिर्भर हुनसकेको छैन । कृषिमा प्राविधिक शिक्षा तथा आधुनिकीकरणको

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**अमर ज्योति माध्यमिक विद्यालय**
**गैंडाकोट-१७, नवलपुर**

अभावले हामी दिनानुदिन परनिर्भर बन्दै गइरहनु परेको यथार्थता छर्लङ्ग छ । प्राविधिक शिक्षा र उत्पादनमुखी शिक्षा नभएकै करण हाम्रो देश विश्व मानचित्रमा पछाडि परेको हो । प्राविधिक ज्ञान र सीप भएका व्यक्ति कोही पनि बेरोजगार र गरीबिको रेखामुनि रहदैनन्। तसर्थ प्राविधिक शिक्षा आजको आवश्यकता हो ।

पछिल्लो समय नेपालमा पनि विद्यार्थीहरू प्राविधिक शिक्षा आर्जन गर्न उत्साहित देखिएको पाइन्छ । वर्तमानमा विभिन्न विद्यालयहरूमा प्राविधिक विषय अध्यापन गराइ प्राविधिक शिक्षा प्रदान गर्ने गरेको पाइन्छ । देशमा उपयुक्त शिक्षाको अभावको कारणले नेपाली युवाहरू आफ्नो रगत र पसिना बेचेर तल्लो स्तरको कामको लागि चर्को मूल्य तिरेर न्युन पारिश्रमिकमा श्रम बेच्न बाध्य भएका छन् । नेपालमा जति पनि उच्च प्राविधिक क्षेत्रमा प्राविधिक क्रियाकलाप सञ्चालन गर्न विदेशीकै वर्चस्व देखिएको छ तसर्थ नेपालीलाई प्राविधिक ज्ञान सिपको विकास गरी यस्ता विषयमा ध्यान दिनु जरूरी हुन्छ । विद्यार्थीका लागि एस. इ.इ. परीक्षा उत्तीर्णसँगै प्राविधिक शिक्षा आर्जन गर्न सक्ने वातावरण तयार गर्न सकेमा कोही बेरोजगार बनेर बस्नु पर्दैन । कुनै पनि देशको विकास तथा समृद्धि त्यस देशको युवा जनशक्तिमा निर्भर रहन्छ, त्यसलाई मूर्तरूप दिनु राज्यको प्रमुख उत्तरदायित्त्व बन्न सक्छ । वर्तमान शिक्षा प्रणालीको स्वरूपमा परिवर्तन गरी प्राविधिक शिक्षालाई अनिवार्य गर्न सकेमा स्वदेशी युवा विदेश पलायन हुने क्रम न्यूनीकरण हुने देखिन्छ । मुलुकभित्र सैद्धान्तिक शिक्षा, बेरोजगारी, कम आयस्रोत लगायत अन्य कारणले मानिस बिदेशिन पुगेका छन् । जुन राष्ट्रका लागि ठूलो क्षति हो । व्यवहारिक र आत्मनिर्भर


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण भट्ट
म्यानेजिङ्ग डाइरेक्टर

☎ ०५६-५२६१५४ मो. ९८५५०५४५६३

जमघट रेष्टुरेण्ट प्रा.लि.
सिडियो कार्यालय चोक, परिवार नियोजनसँगै

उन्मुख जनशक्तिले मात्रै देशको रूपान्तरण हुने भएकोले प्राविधिक शिक्षा अपरिहार्य रहेको छ ।

शिक्षा नीति वैज्ञानिक तथा प्राविधिक क्षेत्रका शिक्षा पद्धति हुन अनिवार्यता छ । आजको युग भौतिक तथा प्राविधिक युग हो । आजको व्यक्तिहरूका जीवन पद्धति विभिन्न पद्धतिसँग जोडिएको हुन्छ । टेलिफोन, यातायात, सूचना, सञ्चार, स्वास्थ्य, मेसिन संयन्त्रसँग गासिँएका हुन्छन् । यी आवश्यकताको नवीनतम परिपूर्ति गर्ने किसिमको शिक्षाले मात्र स्वनिर्भर बन्न सक्छौँ । यी सबै क्षेत्रलाई सम्बोधन गर्दै लान सकेमा देशको राष्ट्रिय आयमा बृद्धि हुनका साथै स्वनिर्भर बन्न सक्छौँ । यी सबै क्षेत्रलाई सम्बोधन गर्दै लान सकेमा देशको राष्ट्रिय आयमा वृद्धि हुनका साथै गरिबी निवारणमा सहयोग गर्दछ । प्राविधिक शिक्षाको विकाससँगै आत्मनिर्भर हुने र परनिर्भरता घटाउने गर्दछ । यस स्वर्ण जयन्तीको अवसरमा भीमसेन आदर्श माध्यमिक विद्यालयले प्राविधिक शिक्षालाई पनि सोच्दै अघि बढ्नु अपरिहार्यता रहेको छ ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**लक्ष्मी माध्यमिक विद्यालय**
**गैंडाकोट-१५, नवलपुर**

# आमा



**बसुन्धरा फुल्जेल**
शिक्षक

हिन्दुहरूले पूजा गर्ने भगवान् एउटा राम हुन् ।
संसारको सर्वश्रेष्ठ मान्छे केवल एउटी आमा हुन् ।
नौ महिना दुःखमा बसिन्
गर्भमा आफनो राखेर
नसहन सकिने पीडा सहिन्
प्राण आफ्नो मानेर
कस्तो रहेछ संसार भन्दा
यी आमाले देखाइन् ।
खुसीको यो हो दिन भनेर
भोज भतेर गराइन् ।
हात मेरो समाएर
बिस्तारै हिँड्न लगाइन् ।
आमाले त पहिले शब्द
आमा भन्न सिकाइन् ।
नाकले निस्कने सिँगान
आफ्नै हातले पुछिदिइन्
मलाई केही भएमा यदि
आमा आफै रून्थिन् ।
मेरो बाबु हिरो जस्तै
सबैलाई भन्ने गर्थिन् ।
मलाई कसैले पिट्दा
आमा उनीसँग लड्थिन् ।
मेरी छोरी म जस्तै ज्ञानी
भनेर आमा हाँस्थिन् ।
मेरी छोरी परि जस्तै सुन्दरी
भनेर आमा गीत गाउँथिन्
स्कुल जाने बेलामा
स्कुल पनि पठाउँथिन् ।
गृहकार्य पूरा नगरेमा
आमा मलाई कराउँथिन् ।
आफू नखाएपनि
मेरो पेट भर्थिन् ।
दुःख आफ्नो कसैलाई नभनी
आमा आफै सहन्नथिन् ।
गल्ती गर्दा सम्झाएर
राम्रो कुरा सिकाइन् ।
असल बाटोमा हिँडाएर
ठूलो मान्छे बनाइन् ।
आमा तिमी मायालु
विश्वमा तिम्रो नाम छ।
आमा त आमा नै हुन्
आमा हजुरलाई मेरो सलाम छ

# सैद्धान्तिक र व्यवहारिक शिक्षा सहितको सामाजिक र नैतिक शिक्षा, आजको आवश्यकता



शेरबहादुर पौडेल
अध्यक्षः भीमसेन हाई स्कुल एलुम्नाई एसोसिएसन

हाल नेपालका प्रायः जसो सम्पूर्ण अभिभावकहरूको दायित्व भनेकै आफ्ना सन्ततिले सुख र शान्ति पाऊन् भन्दै उनीहरूका भविष्यको लागि आवश्यक पर्ने सीप र दक्षता सहितको जीवन उपयोगी व्यवहार निर्माण हुने खालको शिक्षा दिनु नै भन्ने हो । हरेक अभिभावकले तिनै सन्तानका खातिर शिक्षा प्रदान गर्न आफूले रगत र पसिनाले सिञ्चित गरी कमाएको रकमको ठूलो हिस्सा लगानी गरेका हुन्छन् । सोही कारण पनि आफूले गरेको लगानीको प्रतिफल आओस् र सन्ततिको भविष्य सुनिश्चित होस् भनेर राम्रो र उचित विद्यालयको खोजीमा सबै अभिभावक रहेका हुन्छन् । तिनै अभिभावक जो आफ्ना बालबच्चाको सपना आँखामा सजाउँदै, ती सपनाहरू साकार बनाउने बाटाहरू निरन्तर खोजिरहेका हुन्छन् । अभिभावकहरूका यिनै सपनाहरूलाई रंगमञ्च बनाई पर्दा भित्र र पर्दा बाहिरका फरक तर उही आमायहरू दर्शाइएका प्रशस्त शिक्षालयहरू बजार, चोक-चोक र गल्ली गल्लीहरूमा जो-कोहीले सजिलै भेट्न सक्दछन् । अभिभावकहरू फरक आदत र व्यवहारमा परेका बजारिया जमातहरूले विद्यालयहरूका ती बाहिरी आवरणमा देखिने दृश्यलाई शिक्षाको गुणात्मक विकासको कडी ठानेर पैसासँग बच्चाको भविष्यलाई जिम्मा लगाइ रहनेहरूको संख्या पनि आजकल खासै कमी देखिँदैन । अहिलेको भड्किलो शिक्षाले सामाजिक मान र इज्जतमा कसको छोराछोरी कुन विद्यालयमा पढाउँदैछन्, त्यसले पनि निर्धारण गर्ने कुसंस्कार मौलाउँदै घरानियाँहरूबीच ठूलै प्रतिस्पर्धा हुनुलाई अब कुनै नौलो विषय पनि मानिरहनु पर्दैन । तर यसो भन्दैमा हरेक अभिभावकले यो पनि भुल्नु नहुने विषय हो कि आफूले आफ्ना छोराछोरीलाई कुन संस्कारमा रहने खालको शिक्षा भोलिका लागि दिएको छु भनेर ।

हो, आज भोलि भव्य सहरमा बस्ने सभ्य नागरिकको जमात निकै कम हुँदै गएको छ । हामी जति विकसित समाजमा रमाउने शिक्षित नागरिकमा पनि असभ्यताले भरिदै गएका संस्कारहरू विकास गरिदै आएको भान पर्न थालेको छ, कारण आज भोलि हरेक दिन बिहान विद्यालय अझ कलेज जाने केटाकेटीको संख्या बढ्दो छ । त्यसमा पनि कुन विद्यालय वा कलेजमा पढेको भनेर इज्जत गर्ने जमातको पनि कमि छैन तर त्यही इज्जतदार र महंगो विद्यालय वा कलेजमा पढ्ने विद्यार्थीको सामाजिक संस्कार र तिनले गर्ने कृयाकलाप सुन्दा र देख्दा धेरैका लागि नराम्रो र अपाच्य विषय बन्न सक्दछ । समाजले भन्ने गर्दछ केटाहरू बढी अभद्र स्वभावका हुन्छन् । त्यही समाजले भनेको हुँदैन कि अभद्र जमातको हिस्सा आजकल विद्यालय वा कलेजमा पढ्ने ठिटीहरूमा पनि छ भनेर । कलेज हो जहाँ जीवनका लागि आवश्यकता पर्ने ज्ञान सीप

तथा धारणाको विकास गराउने थलो हो तर त्यही विद्यालय वा कलेज त्यसमा पनि ११ र १२ मा पढ्ने विद्यार्थीहरू अत्यन्तै अभद्रता व्यवहार प्रकट गरी मुखमा जे आयो त्यही खालका छाडा शब्दको प्रयोग गर्ने, लागूपदार्थहरूको सेवनलाई सामान्य मान्दै सोको सेवन गर्दै हिंडिरहेका देखिन्छन् । नेपाली समाज त्यसमा पनि कलेज पढ्ने विद्यार्थीहरूको यस प्रकारको गतिविधिले भोलिका दिनमा यो समाज कता जाँदैछ र अहिलेको शिक्षाले कस्तो खालको चारित्रिक गुणलाई विकास गराउने हो भन्नेमा प्रश्न चिन्ह खडा भएको छ ।

प्रायः सबै अभिभावकहरूले उनीहरूका बालबालिकाहरूले अध्ययन गरेको विद्यालयबाट आफ्ना बालबालिकाहरूले कस्तो शिक्षा प्राप्त गरून् वा विद्यालय शिक्षाको समाप्तिपछि कस्तो होऊन् भन्ने अपेक्षा राख्नुभएको छ भनेर अभिभावकलाई सोधियो भने प्रायः सबै अभिभावकहरूले आफ्ना बालबालिकाहरूले सैद्धान्तिक र व्यवहारिक दुवै शिक्षा सन्तुलित रूपमा प्राप्त गरून् अनि सामाजिक, सांस्कृतिक विषय सम्बन्धी ज्ञान प्राप्त गरून् साथै विशेष गरी नैतिकवान् र चरित्रवान् बन्न सकून् भन्ने धारणा राख्दछन् ।

अभिभावकहरूको मन पनि यसरी बिकसित भैरहकेको छ कि छोराछोरीले अङ्ग्रेजी बोलिदिए पछि विश्व जितेको भनुभूति गर्दछन् । हुन त आजको युगमा अङ्ग्रेजी शिक्षा दैनिक काम सहजताका लागि आवश्यकता पर्ला तर यसो भन्दैमा आफ्ना छोराछोरीले सबै चिज बिर्सिएर शिक्षाको नाउँमा विकृतिपूर्ण व्यवहार दर्शाउन थाल्नु भोलिका लागि पक्कै राम्रो विषय हुँदैन ।

तर अपसोच ! अहिलेको शिक्षा आम अभिभावकहरूले चाहेजस्तो चरित्रमुखी छैन । विद्यालय शिक्षा मानवीय

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक एवम्

**शान्ति सृजना आवासीय माध्यमिक विद्यालय परिवार**

देवचुली-४, नवलपुर

मूल्य-मान्यता र आदर्शबाट विमुख हुँदै गइरहेको छ । हिजोआज विद्यालयहरूमा बालबालिकाहरूलाई व्यवहारिक ज्ञान भन्दा पनि सैद्धान्तिक ज्ञान थोपरिएको हुन्छ । बालबालिकाहरूलाई एक आपसमा प्रतिस्पर्धा गरी सबैभन्दा अब्बल हुन सिकाइएको हुन्छ। उनीहरूलाई जसरी हुन्छ सफल मान्छे बन्न प्रेरित गरिन्छ । जहाँ व्यक्तिको सफलतालाई भौतिक पक्ष र आर्थिक सम्पन्नतासँग दाँजेर परिभाषित गर्न अभ्यस्त पारिएको हुन्छ । सबैभन्दा मुख्य रूपमा उनीहरूलाई ठूलो र प्रख्यात व्यक्ति बन्न सुझाइन्छ न कि असल र इमान्दार । विद्यालय शिक्षामा पारिवारिक, सामाजिक, सांस्कृतिक मूल्य-मान्यता सहितको नैतिक शिक्षा दिन आवश्यक ठानिएको छैन । व्यक्तिको व्यक्तिगत, परिवारिक तथा सामाजिक जीवनका लागि तथाकथित ठूलो होइन असल, कर्तव्यनिष्ठ र इमान्दार व्यक्ति हुनु आवश्यक छ भन्ने कुरामा ध्यान पनि त्यति दिइएको पाइँदैन । विद्यालय शिक्षाले बालबालिकाहरूलाई मानवीय सहयोग, सदाचार, मित्रता, सौहार्दता सम्बन्धी शिक्षा दिन उचित ठानेको देखिँदैन । अहिलेको विद्यालय शिक्षाले विज्ञान, प्रविधि र व्यवसायिक जीवनका लागि आवश्यक सैद्धान्तिक ज्ञान दिन बढी जोड दिएको देखिन्छ । निःसन्देह अहिलेको परिवेश र समय अनुसार यस्ता विषयको पनि जानकारी हुनु जरूरी छ । तर विज्ञान-प्रविधि सम्बन्धी चेतनाको विकासले मात्र मानिसको जीवन पूर्ण र सार्थक बन्न सक्दैन। मानवीय मूल्य-मान्यता र संस्कारको ज्ञान बिनाको शिक्षा अपूरो, अव्यवहारिक र लगाम बिनाको घोडाजस्तै हुन्छ । जुन अहिले भइरहेको छ । उदाहरणका लागि हामीकहाँ अहिले समाजमा अपराध, हिंसा, भ्रष्टाचार जस्ता कुराहरू दिनानुदिन मौलाउँदै गएका छन् । समाजमा पहिलेभन्दा शिक्षित व्यक्तिहरूको संख्यामा वृद्धि हुँदै गइरहेको छ । तुलनात्मक रूपमा नियम कानूनको निर्माण


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नारायण प्रसाद भण्डारी**
प्रधानाध्यापक एवम्
**देवचुली माध्यमिक विद्यालय परिवार**
देवचुली-१६, नवलपुर

बढी भएको छ अनि नियम कानूनको ज्ञान भएका मानिसको संख्यामा पनि वृद्धि हुँदै गइरहेको छ । तथापि भ्रष्टाचार र अपराधजन्य गतिविधि बढ्दो छ । वास्तवमा भन्ने हो भने पढेलेखेका, शिक्षित अनि जान्ने बुझ्ने भनिएकाबाटै समाजमा अपराध बढी मात्रामा भइरहेको छ । यसो हुनुको मुख्य कारण नैतिक मूल्य-मान्यता र चरित्रमुखी शिक्षाको अभाव नै हो ।

पहिले विद्यालय शिक्षामा व्यक्तिको नैतिक मूल्य-मान्यता र कर्तव्यजस्ता विषयलाई प्राथमिकतामा राखिन्थ्यो । यसर्थ, विद्यालय शिक्षा प्राप्त गरेपछि मानिस कर्तव्यपरायण, नैतिकवान् र इमान्दार हुन्थे। तर अहिले शिक्षालाई कसरी परिवार, समाज र राष्ट्रप्रतिको कर्तव्यलाई जोड्ने भन्ने कुरामा कसैको ध्यान नै गएको पाइँदैन । यसको विपरीत विद्यालय शिक्षा व्यक्तिवाद केन्द्रित छ । विद्यार्थीको चेतनाको स्तर वृद्धि गरी सृजनशीलताको विकास गर्ने भन्दा पनि सिद्धान्तमुखी र परीक्षामुखी शिक्षण विधि अपनाइने गरिएको छ । फलतः उनीहरूले कुनै पनि कुरा राम्रोसँग बुझेर मौलिक रूपमा परीक्षा दिने भन्दा पनि कण्ठ गरेको आधारमा परीक्षा दिने परिपाटी छ । यति मात्र हैन दिनभरि विद्यालयमा पढेर थाकेका स-साना कलिला बालबालिकाहरूलाई घरमा गर्न भनेर थुप्रै गृहकार्य दिइएको हुन्छ । यसले गर्दा पर्याप्त मात्रामा आराम र मनोरञ्जन गर्न पाउने अधिकारबाट बञ्चित हुनुका साथै पढाइलाई रूचिपूर्ण विषयभन्दा पनि बोझको रूपमा लिने मानसिकताको विकास हुन जान्छ ।

कतिपय विद्यालयले साना बालबालिकाहरूलाई अनावश्यक कृत्रिमता वा बनावटीपन सिकाउने गर्दछन् । जसले गर्दा उनीहरूले प्राकृतिक सादापन र सरल स्वभाव नै गुमाउँदै जान्छन् । यस्ता विद्यालयहरूले जे कुराको पनि विदेशी नक्कल गरी विदेशी संस्कार, संस्कृतिलाई महत्त्व दिने गरेको पाइन्छ । यसले गर्दा आफ्नै देशको भाषा, संस्कृति, सभ्यता, मौलिकताको ज्ञानबाट बालबालिका वञ्चित हुँदै गएको पाइन्छ। उदाहरणका लागि कतिपय विद्यालयले अतिरिक्त ज्ञान भन्दै चाइनिज, फ्रेन्च, जर्मनीजस्ता भाषा अनावश्यक रूपमा सिकाइएको पाइन्छ । अतिरिक्त ज्ञान र शिक्षाको लागि नै भए आफ्नै देशको राई, लिम्बू, नेवारी, मैथिलीजस्ता भाषा सिकाउन सकिन्थ्यो । जापान, चीन र कोरिया जस्ता देशहरूले आफ्नै भाषाहरूलाई प्राथमिकता दिएर पनि यथेष्ट विकास गर्न सकेका मात्र छैनन् सामाजिक मूल्य मान्यता सहित सुसंस्कृत समाज बसाउन सकेका छन् भने किन हामी विदेशी संस्कृति, सभ्यता र भाषा मात्रै राम्रो र महत्त्वपूर्ण भन्ने सोचको विकास जबरजस्ती रूपमा गरिरहेका छौं ? यसले बालबालिकाहरूको मन मस्तिष्कमा सानैदेखि सबै विदेशीको राम्रो, उच्च स्तरको र हाम्रो चाहिँ सबै नराम्रो भन्ने भावनाको विकास गर्दछ ।

समग्रमा अहिलेको शिक्षा प्रणालीले विद्यार्थीहरूलाई ज्ञान-बुद्धि त दिएको छ तर विवेक दिएको छैन।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जनता माध्यमिक विद्यालय**
**गैंडाकोट-१२, नवलपुर**

विवेक– असल र खराब छुट्याउन सक्ने सामर्थ्य हो। शिक्षा आर्जन गरेर मानिसले आर्थिक उन्नति त गरेका छन् तर मानसिक रूपमा मानिस झनै दुःखी, अशान्त, अधैर्य र रोगी भइरहेको छन् । जबसम्म हामी विद्यालयहरूलाई सैद्धान्तिक ज्ञानमात्र प्रदान गर्ने थलोका रूपमा मात्र नभई मानवीय मूल्य-मान्यता र विवेक प्रदान गर्ने शिक्षण संस्थाको रूपमा विकास गर्न सक्दैनौं तबसम्म विद्यार्थीले जीवनोपयोगी शिक्षा हासिल गर्न सक्दैनन् । बालबालिकाहरूको शिक्षा आर्जन गर्ने पहिलो स्थान वा विद्यालय भनेकै घर हो । तसर्थ घरमा नै बालबालिकालाई संस्कार, सभ्यता र व्यवहारिक शिक्षा दिइनुपर्छ । यसका लागि अभिभावकहरूको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ । भनिन्छ, केटाकेटी कुमालेको काँचो माटो सरह हुन्छन्, जसलाई जस्तो चाहियो त्यस्तै बनाउन सकिन्छ । तसर्थ आफ्ना बालबालिकालाई संस्कारयुक्त र चरित्रमुखी शिक्षा दिनु पहिलो कर्तव्य अभिभावकहरूको पनि हो ।

अहिलेको समाजमा मानवता, नैतिकता र इमान्दारिता, देखावटीपना, आडम्बरीपना जस्ता विकृतिहरूद्वारा प्रतिस्थापन भइरहेका छन् । आजका बालबालिकाहरू भविष्यका कर्णधार भएकाले बच्चैदेखि बालबालिकालाई ठूलोभन्दा असल बन्ने शिक्षा वा प्रेरणा दियौँ भने भविष्यमा उनीहरू असल बन्ने र समाज पनि सभ्य हुने अपेक्षा गर्न सकिन्छ । हिजोआज प्रायः बालबालिकाहरू अभिभावकलाई अटेर गर्ने, ठूलालाई आदर नगर्ने, टेलिभिजन, मोबाइलजस्ता विद्युतीय सामग्रीको प्रयोग बढी गर्ने, सामाजिक नहुने, रिसाहा, घमण्डी हुने, एकाग्र हुन नसक्ने देखिएको छ । यसले गर्दा उनीहरूको मानसिक, बौद्धिक विकासमा नै नकारात्मक असर पुगिरहेको पाइन्छ । आखिर यस्तो किन भइरहेको छ त ? किनभने विद्यालय तथा घरपरिवारमा चरित्रमुखी शिक्षा र संस्कारको अभाव छ । टेलिभिजन, कम्प्युटर र इन्टरनेटको अत्यधिक दुरूपयोगले हिंसा, लडाईं, झगडा, मारकाट र यौनजन्य अश्लीलता जस्ता खराब संस्कारहरू बालबालिकाहरूले सजिलै सिक्ने भएकाले यस्ता प्रविधिहरूको सही र सीमित प्रयोगका लागि अभिभावकद्वारा विशेष चासो देखाइ निगरानी गरिनु अत्यावश्यक देखिन्छ ।

अन्त्यमा, नैतिकता र चरित्रबिनाको शिक्षा एकाङ्की र अपूर्ण हुन्छ । यस्तो शिक्षाले मानिस शिक्षित भए पनि अव्यवहारिक, कर्तव्यविमुख, भ्रष्ट र आपराधिक मानसिकताले युक्त हुन्छ । तसर्थ, बालबालिकालाई जसरी पनि तथाकथित ठूलो, धनी तथा सफल बन्न अभिप्रेरित नगरी असल, इमान्दार र विवेकशील बन्ने शिक्षा दिनु जरूरी छ । यसका लागि बालबालिकाहरूलाई विद्यालय तथा घरपरिवार दुवै स्थानमा सानैदेखि सैद्धान्तिक सँगसँगै व्यवहारिक, कर्तव्यमुखी तथा चरित्रमुखी सामाजिक र नैतिक शिक्षा दिनु अत्यावश्यक भएको छ ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**पञ्च ज्योति आधारभूत विद्यालय**
**गैंडाकोट-१४, नवलपुर**

# फर्केर हेर्दा

**कृष्ण प्रसाद शर्मा तिवारी**
भू.पु.प्र.अ. देवचुली नि.मा.वि.



यस श्री भीमसेन आदर्श नमूना माध्यमिक विद्यालयको स्थापना २०२६ साल चैत्र ६ गते यस प्रगतिनगर गा.वि.स को पृथ्वीनगर भन्ने ठाउँले परिचित विद्यालय त्यस समयमा भीमसेन आदर्श प्रा.वि. पृथ्वीनगर सानो - झुपडीको नामले परिचित भइ स्थापना भएको अभिलेखमा पाइन्छ । मैले जाने बुझेसम्म त्यसबेला विद्यालयको प्र.अ. त्यस समयमा प्रगतिनगर गा.वि.स अन्तर्गत धारापानीमा बसोबास गर्दै आउनु भएका स्व. इन्द्र प्रसाद सुवेदीले प्र.अ.का. जिम्मेवारी लिइ विद्यालय सञ्चालन गर्दै आउनु भएको र त्यसपछि श्री वैकुण्ठ भट्टराई सरले प्र.अ. को जिम्मेवारी लिई कार्यभार समाल्दै आउनु भयो। त्यसपछि २०४१ साल चैत्र २३ गतेबाट मैले त्यस विद्यालयमा अस्थायी नियुक्ति पाई विद्यालय सञ्चालक व्यवस्थापन समितिका अध्यक्ष स्व. श्री ढलबहादुर आले प्रगतिनगर गा.वि.स. विभाजन भइ देवचुली गा.वि.स.ले परिचित भई प्रधानपञ्च नै अध्यक्ष हुने परीपाटी अनुसार स्व. कुलबहादुर आले नै विद्यालय सञ्चालक समितिमा उहाँ नै अध्यक्ष रहेको अवस्थामा समितिबाट निर्णय गरी विद्यालयबाट वैकुण्ठ भट्टराई प्र.अ. र अध्यक्षज्यूले नै मलाई अस्थायी नियुक्ती गरी अध्यापन कार्यमा लाग्ने



अवसर पाएँ त्यस समयमा जम्मा छ जना दरवन्दी, १ जना कर्मचारी शेर बहादुर मल्ल र ६ जना स्टाफ मध्ये प्र.अ. वैकुण्ठनाथ भट्टराई, कृष्ण प्रसाद अधिकारी, जसमती थापा, धन बहादुर भण्डारी, म कृष्ण प्रसाद शर्मा तिवारी, इन्द्र प्रसाद सुवेदी र १ जना कर्मचारी रहेको सानो स्टाफ परिवार र त्यो २०४१ सालभन्दा अगाडि हालको सरस्वती मन्दिर भन्दा अगाडि खरको छानो खम्बा गाडी बारबेर विना २,४ वटा डेक्स बेन्चबाट स्थापना भएको विद्यालय २०४२ साल श्रावण महिनामा नि.मा.वि. को कोटा प्राप्त गरी त्यो वर्षको अन्त्यतिर जस्तै नि.मा.वि. स्वीकृत पाए पछि विद्यालय भर्नाको समय गइसकेकाले त्यस विद्यालयबाट पास भई ६ मा जनज्योति मा.वि.मा भर्ना भएका विद्यार्थी मध्ये विष्णु बहादुर पौडेल, हूमा भुसाल, भीम बहादुर के.सी., स्व. राजु रञ्जन, सानु माया गुरूङ्ग गरी जम्मा १४ जना विद्यार्थी लिएर कक्षा ६ सञ्चालन गरिएको समयमा निर्माण गरिएको १ झुपडी, अफिस कोठा टायलले छाएको, टाँढे काठले बारेको र भर्खर २०४१ सालमा जिल्ला विकास समितिबाट गहुँ प्राप्त गरी सेल गर्दै बेची त्यसबाट प्राप्त रकम बाट ६ कोठे भवन निर्माणाधिन भुइँमा गिटी बालुवा रहेको अवस्थामा नेपाल भरी छात्राको संख्या बढी भएको विद्यालयको नाताले प्रथम भई रू ६०००।- र रणोद्धीप शुब्बा शिक्षामन्त्रीबाट प्रमाण-पत्र र शिल १ वटा प्राप्त गरी सो ६०००।- रूपैँयाबाट प्र.अ. वैकुण्ठनाथ भट्टराईज्यूले वर्षाको समयमा उक्त ६ कोठा ढलान गरी पलास्टर गराउनु भई अध्यापन कार्यमा केही सहजता मिल्यो । नि.मा.वि. कोटा प्राप्त भए पछि चूडामणि तिमिल्सिना, रामप्रसाद शर्मा, रामधवल शाह, गरी स्टाफको संख्या वृद्धि भयो र २०४४ सालतिर स्व. कुल बहादुर आले



विद्यालय सञ्चालक समितिको अध्यक्ष रहेको अवस्थामा बैकुण्ठनाथ भट्टराई केउरेनी नेपाल मा.वि. मा सरूवा भएपछि विद्यालयको प्र.अ. हुने अवसर रामप्रसाद शर्मालाई मिल्यो । त्यसपछि समयसँगै विद्यालयले समेत कोल्टे फेऱ्यो । २०५० सालसम्म हरिप्रसाद अधिकारी, हरिशंकर पहारी, डिलबहादुर खड्का (कर्मचारी) उमापति भुसाल, रूद्रप्रसाद गुप्ता, लगायतका सरहरूले अध्यापन गराउनु भयो । हरिप्रसाद अधिकारी सहायक प्र.अ. को सरूवा भइसकेपछि मैले सहायक प्र.अ. को जिम्मेवारी प्राप्त गरें । २०५० साल श्रावण २३ गते प्रगति प्रा.वि. मा सरूवा भइसकेपछि राम प्रसाद शर्मा प्र.अ. भएपछि मा.वि.को स्वीकृति प्राप्त गरी नेपाल देश भित्रकै २०६६ मा S.L.C परीक्षामा प्रथम स्थान ओगट्न भाइ आकाश न्यौपाने सफल भई देशमानै यस विद्यालयको नामले परिचित हुने अवसर प्राप्त गऱ्यो । समयको परिवेश अनुसार आज आएर प्र.अ. नरदेव न्यौपाने सरको कार्यकाल मा + २ का कक्षाहरू सञ्चालन गरी आज बहुमुखी शिक्षा दिने देशकै नमूना विद्यालयको रूपमा परिचित भएको छ र २०७५ मा देवचुली आधारभूत विद्यालय समेत यसै विद्यालयमा समावेश गरी आज १६/१७ सय विद्यार्थी, ५५-६० जना स्टाफ परिवार, प्रयाप्त मात्रामा भवन, फर्निचर, शौचालय सबैमा सम्पन्न भई देश भरमा नै असल शिक्षा दिने विद्यालयको नामले परिचित भएकाले अझै पनि यस विद्यालयको प्रगति समुन्नति अझै अगाडि बढोस् भनी शुभकामना व्यक्त गर्दै आज मैले यस विद्यालयलाई फर्केर हेर्दा भन्ने लेख लेखी भए गरेका विद्यालयका झलकहरू यसमा दर्साएको छु ।

जय भीमसेन

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**चोकनारायण/लिलादेवी भुसाल**
प्रोप्राइटर
☎०७८-५७५३८१, ९८४७४१३३३३ मो. ९८४७०९५७७७

**भगवती होम डेकोर**
देवचुली-१३, दलदले, नवलपुर

# हामी शिक्षक

**सुनिता पौडेल**
शिक्षक



हामी शिक्षक कर्तव्य पथमा लम्की रहन्छौँ कत्ति नडगमगाई
विद्यार्थीलाई अनुशासित, चरित्रवान्, विद्वान् अनि सक्षम बनाउनलाई
सरकारका थरी थरी श्रेणी अनि राज्यको शिक्षा ऐनलाई शिरोधार्य गरी
स्थायी, अस्थायी राहत अनि आन्तरिक स्रोतमा न्यून वेतनको चपेटामा परी ।
हामी शिक्षकमाथि वि.व्य.स., शि. अ. संघ अभिभावक अनि जि.शि.अ गर्दछ निगरानी
त्यसैले त शिक्षक गर्दैन चोरी, घुसखोरी, भ्रष्टाचार अनि काम भविष्य विद्यार्थीको बिग्रनी
शिक्षक एउटा आदर्श पात्र, मार्ग निर्देशक, पथ प्रदर्शक बुझे मात्र ।
आफू जली जली शिक्षाको उज्यालो किरण छर्ने बुझे शिक्षक गुरू नबुझे अलपत्र
दुःख लाग्छ कता कता विद्यार्थीले आश्चर्य मान्दै सर, मिस हजूर त्यही अध्यापन गर्दै भन्दा
फेरि खुसी भएर आउँछ यो मन आफ्नो चेलाचेली (विद्यार्थी) डाक्टर इन्जिनियर अनि पाइलट बन्दा
शिक्षक खटी रहन्छ सदा बोकी कर्तव्यको भारी विद्यार्थीको भविष्यको बोझ शिरोधार्य गर्दै बन्दै सदा इमान्दारी
आफ्ना भएका सम्पूर्ण ज्ञान विद्यार्थीमा खन्याउँदै , पथ प्रदर्शक बन्छौं सदा बाटो उनीहरूको बनाउँदै
सुन्नमा आउँछ शिक्षक पनि भ्रष्टाचारी भाका छन् रे, विद्यालय नगई नगई राजनीतिमा गाका छन् रे
यदि सत्य भएदेखि कामको बिट मारिदिनु सरोकारवाला निकायले कार्वाहीमा पारिदिनु
शिष्टचारी बन्नुपर्छ सदा हामी जानी राखौँ, असल शिक्षा सिकाउने कर्तव्य हाम्रो ठानी राखौँ
अनि हेरौँ हामी माथि कस्ले प्रहार गर्दोरहेछ, मान सम्मान इज्जत पाउन कार्य असल गर्नपर्दो रैछ
शिक्षा नीति हेर्दा लाग्छ साहै उदेक, २१ औँ शताब्दीमा पनि पुऱ्याएको खै विवेक ?
थाहा छ मुलुक विकसित बन्दैन यसो मात्र गरी, प्रविधि मैत्री शिक्षा नीति बन्नु पर्छ लाग्छ घरीघरी
त्यसैले सरोकारवाला सबै लागि परि फेर्नु पऱ्यो यो शिक्षा नीति एकपटक बनेपछि फेर्नु नपरोस् सितिमिति
सुन्ने गर्छौ शिक्षक अन्तराष्ट्रमा निकै मर्यादित पेशा हो शिक्षकलाई खासै सम्मान नहुने लाग्छ हाम्रो मात्रै देश हो ।
आजै देखि सुरू गरौँ प्रयोग गर्न प्रविधिको २१औँ शताब्तीमा आवश्यक छ असल नीतिको
समृद्ध मुलुकलाई बनाइ, मूल धार असल शिक्षा नीति शिक्षकहरूलाई उपहार
अनिमात्र गरौँ परिकल्पना समृद्ध नेपाल सुखी नेपालीको हार गुहार
शिक्षक अनि अभिभावक भन्दछौँ बारम्बार सबैले राखौँ यसमा सरोकार तब मात्र फेरिन्छ देशको मुहार ।
काग कराउँदैछ पिना सुक्दैछ भन्ने उखान निरर्थक पारौँ, शिष्ट अनि सभ्य रूपमा आफ्ना माग अघि सारौं ।
पेशा हाम्रो मर्यादित हो केहीले उपेक्षा गरे पनि, आफ्ना अधिकारहरू छाड्न हुन्न मरे पनि ।
अन्धकारमा जूनकीरी झैँ ज्योति छर्ने काम हाम्रो विश्वमा नै चम्काउनु छ यो देशको नाम राम्रो
देशै हाम्रो काँधमा छ यति कुरा जानी राखौँ हो कि होइन भन्नुस् मित्र मैले कति भनी राखौँ ।

# परिवर्तन शिक्षा आजको आवश्यकता



**कृष्ण बहादुर वि.क.**
वि.व्य.स. सदस्य,
पूर्व वि.व्य.स. अध्यक्ष

वास्तवमा, आजको परिप्रेक्ष्यमा हेर्ने हो भने शिक्षामा भएको परिवर्तनले समाज समानता, स्वतन्त्रता र मानवीय विकासमा द्रुत गतिमा अगाडि बढाउन शिक्षा परिवर्तनको अहम् भूमिका रहन्छ । अहिले देशलाई नयाँ शैक्षिक परिवर्तनको अवधारणाका कार्यक्रमहरूको अवश्यकता रहेको छ । किनकि हाम्रो देशको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । त्यसै अनुरूप राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताको रूपमा वर्गीकरण गरिएको छ । देशका हरेक नागरिकलाई शिक्षाबाट बन्चित नहुने हेतुका साथ शिक्षाको अवसरलाई उपलब्ध गराई साक्षर नागरिक बनाउने राज्यको प्रमुख दायित्व स्पष्ट छ। संविधानको अनुसूचिमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीय प्रज्ञा-प्रतिष्ठान, नियमन, केन्द्रीय पुस्तकालय, आधारभूत र माध्यमिक शिक्षा जस्ता पक्षहरूमा सङ्घ प्रदेश र स्थानीय तहमा उल्लेख गरिएका छन् ।

वास्तवमा, शिक्षा प्रणालीलाई उत्पादनमूलक बनाइ आर्थिक, सामाजिक रूपान्तरणको सम्पूर्ण हकहरूमा विकास गर्न, हरेक तहको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न, शिक्षालाई व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक, सामाजिक, मानवीय विकासका परिवर्तनशील कार्यान्वयनका योजनाहरू लक्षित छन् । यिनै उद्देश्यका साथ उत्पादनमूलक नयाँ शैक्षिक कार्यक्रमका योजनाहरू कार्यान्वयका साथ शिक्षामा परिवर्तन ल्याउनु अहिले ज्यादै आवश्यक रहेको छ । वर्तमान समयको परिप्रेक्ष्यमा शैक्षिक प्रणालीलाई समावेशी, जिम्मेवार, पारदर्शी नतिजामूखी र उत्तरदायी बनाउने मूल उद्देश्यका साथ अबको करिब पाँच वर्षमा देशलाई अल्पबिकसितबाट स्तरोन्नति गरी विकासशील राष्ट्रको पङ्क्तिमा उभ्याउने लक्ष्य समेत लिइएको अवस्था छ । अब एक दशकमा मध्यम आय भएका मुलुकको स्तरमा पुर्‍याउने लक्ष्य पूरा गर्ने पक्ष भनेकै हाम्रो परिवर्तन शिक्षा आजको आवश्यकताको महत्त्वपूर्ण भूमिका रहन्छ ।

त्यसैगरी शिक्षालाई कार्यान्वयन गर्ने हो भने उत्पादनमूलक शैक्षिक कार्यक्रमलाई कार्यान्वयनमा ल्याइ त्यसलाई व्यवस्थित र प्रभावकारी गराउन समय सापेक्ष कानुनी, संस्थागत र प्रक्रियागत सुधारका प्रयासहरू थप सुदृढ, समन्वय गर्दै शिक्षाका तहगत नीतिहरू, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा अभिव्यक्त प्रतिबद्धताहरू पूरा गर्ने तर्फ शैक्षिक कार्यक्रमहरू लक्षित हुनै पर्छ ।

मानवका अन्तर्निहीत शक्तिलाई बाहिर ल्याइ विकसित गराउनु नै शिक्षा हो । शिक्षा जीवनको मुख्य ज्योति हो । शिक्षा कर्मशील, आदर्श मानव जीवन तयार गर्ने साधन हो । शिक्षा मानवको अपरिहार्य

ती सबै प्रक्रियाहरूको एकीकृत रूप हो । वास्तवमा जसले व्यक्तिको क्षमता, धारणा र अन्य व्यवहारका रूपहरूको खास मूल्य मान्यतालाई स्थापित गर्दछ । त्यसैले गर्दा आजको वर्तमान समयमा शिक्षाको अत्यन्तै जरूरतका साथै शिक्षालाई परिवर्तन गर्दै राष्ट्रलाई अगाडि लैजानु आयमूलकको स्तरमा समेत पुऱ्याउनु अबको आवश्यक रहन्छ ।

### (शैक्षिक चुनौतीहरू)

स्वस्थपूर्ण विद्यालय वातावरणका दुईवटा क्षेत्र भौतिक वातावरण र मानसिक वातावरण एक अर्काका परिपूरक रूपमा रहेका हुन्छन् । जसमा भौतिक वातावरण र मानसिक वातावरण एक अर्कामा सन्तुलन हुनु पनि उत्तिकै आवश्यक छ । त्यसकारण कुनै शिक्षण संस्थाको प्रगति र उन्नतिका लागि भौतिक तथा मानसिक वातावरण राम्रो हुनुपर्छ । भौतिक वातावरण बौद्धिक कसरतबाट पूरा हुने र मानसिक वातावरण मन वा मस्तिष्कसँग प्रत्यक्ष सम्बन्ध हुने भएकाले मानवीय मूल्य मान्यता, आदिमा समेत समावेश हुन्छन् ।

त्यसैगरी आजको वर्तमान समयमा शिक्षा प्रणालीलाई नैतिक शिक्षामा आधारित उत्पादनमूलक, व्यवसायिक र रोजगारमूलक गराउन अत्यन्तै जरूरी देखिन्छ । शिक्षाका हरेक तहमा गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अहिलेको वर्तमान शिक्षालाई समतामूलक र समावेशी बनाउन, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई आम नागरिकको पहुँचसम्म पुऱ्याउन दक्ष शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कामय गर्ने गम्भीर चुनौती रहन्छ भने लगानी अनुसारको प्रतिफल सुनिश्चित गर्दै संविधानका शिक्षा सम्बन्धी हकहरूको उपभोग तथा शैक्षिक अवस्थाको राम्रो व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गराउने कार्य चुनौतिपूर्ण


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

श्रीराम सिग्देल
प्रोप्राइटर एवम्
☎०७८-५४०५०९ मो. ९८५७०४०५०९
सिद्धार्थ अफसेट प्रेस
कावासोती-८, लुम्बिनी कलेजरोड, नवलपुर

रहेको छ । वास्तवमा देशमा भ्रष्टाचारको समस्या चुनौती बन्दै आएको अवस्थाको समस्यालाई न्यूनीकरण गर्दै लैजाने अहिलेको आमूल परिवर्तन सँगै शिक्षा परिवर्तन उत्तिकै आवश्यक छ । हरेक तहको शैक्षिक पाठ्यक्रममा नैतिक शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । जस अनुसार शिक्षा प्रणालीमा परिवर्तन नयाँ शैक्षिक कार्यक्रमका योजना अनिवार्य छ ।

### शैक्षिक उपलब्धिहरू

जीवन दर्शन अनुसार नै व्यक्ति, समाज र राष्ट्रले शिक्षाको दर्शन सिद्धान्त, उद्धेश्यहरू निर्धारण गरेका हुन्छन् । ती निर्धारित उद्देश्यहरूको प्राप्तिका अवधारणा नै गुणस्तरीयताको मापन निर्धारित हुन्छ । स्वामी विवेकानन्दका अनुसार- हरेक व्यक्ति पूर्ण परमात्माको अंश भएका कारण पूर्ण नै हुन्छ । शिक्षाले त्यो अव्यक्त पूर्णतालाई व्यक्त गराउन मद्धत गर्दछ । त्यो शिक्षा नै गुणस्तरीय शिक्षा हो । जसले व्यक्तिको चारित्रिक, मानसिक र बौद्धिक विकास गर्दछ । जसका कारण व्यक्ति आफू स्वयम् सक्षम भएको अनुभव गर्न सक्दछ ।

वास्तवमा के देखिन्छ भने सबै तहमा भर्ना दरमा उल्लेखनीय रूपमा वृद्धि भएको अवस्था छ । सबै क्षेत्रमा शैक्षिक पूर्वाधारको बिस्तार महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिकाको साधारण शिक्षाको अतिरिक्त माध्यमिक र उच्च शिक्षामा प्राविधिक तथा व्यवसायिक एवम् उत्पादनमूलक धारलाई बिस्तार गर्ने अवधारणा प्रशस्त भएको पाइन्छ । समुदायमा शिक्षाप्रतिको आकर्षण स्वास्थ्य तथा सरसफाइ वातावरण संरक्षण र आफ्ना हक अधिकारप्रतिको सजगता बढेको शैक्षिक सूचना


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**वीरेन्द्र पराजुली**
प्रोप्राइटर एवम्

☎०७८-५४००१९ मो. ९८५७०४००१९

**प्रकृति पुस्तक पसल**
कावासोती-२, थानाचोक, नवलपुर

प्रणाली सुशासनका लागि आधारशिला तयार भएको छ । साथै डिजिटल, डिभाइस, प्रोजेक्टर जस्ता प्राविधिक अवसर समेत सिर्जना भएको छ । शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग थालिएका कारणहरूले गुणात्मक शिक्षाको विकास गर्ने अवसर सिर्जनाको थालनी भएको छ । समग्रमा भन्नुपर्दा छोटो समयमा राष्ट्रलाई तीव्र विकासमा आवश्यक दक्ष शैक्षिक जनशक्ति तयार गर्ने व्यवहारिक र उत्पादनमूलक शिक्षा प्रणाली लागू गर्ने आत्मगत र वस्तुगत आधारहरू निर्माण हुँदै गइरहेको छ ।

शिक्षकको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्न सेवाकालीन तालिमको व्यवस्था, तालिमबाट शिक्षकको वर्तमान शैक्षणिक अवस्था र परिवर्तित समयअनुसार शिक्षकमा हुनुपर्ने शैक्षणिक आवश्यकता पूरा गर्ने खालको हुनुपर्दछ । तालिममा सिकेका धारणा र तौरतरिकालाई व्यवहारिक रूपमा विद्यार्थीहरूलाई कक्षाकोठामा शैक्षिक उपलब्धी बढाउन सकारात्मक शिक्षा साथै शैक्षिक परिवर्तन अनुरूपको व्यवसायिक उत्पादनमूलक शिक्षा दिनु अति आवश्यक छ । विद्यालयमा शैक्षिक गुणस्तर बढाउन आम भेला अन्तरक्रियात्मक कार्यक्रम गर्दै प्रविधि, वैज्ञानिक, उद्यमशील, उत्पादनमूल जस्ता शिक्षाको ज्ञान दिनु पर्दछ ।

## शैक्षिक योजना

- वर्तमान शिक्षा प्रणालीलाई आमूल परिवर्तन गरी उत्पादनमूलक व्यवहारिक र वैज्ञानिक शिक्षा प्रणाली अनुसार जीवनपर्यन्त शिक्षा अनिवार्य आधारभूत शिक्षा लगायत निःशुल्क आधारभूत र माध्यमिक शिक्षा पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ ।
- आधुनिक कृषि, उद्यमशीलता र रोजगारी सुनिश्चित थालनीको विकास प्राविधिक र व्यवसायिक शिक्षाको बिस्तार गर्नुपर्नेछ ।
- शिक्षालाई तहगत व्यवसायिक र उत्पादनमूलक बनाउँदै आर्थिक रूपमा विपन्न, लोपोन्मुख र सीमान्तकृत समूदाय, अपाङ्गता भएका व्यक्तिहरूमा शिक्षाको पहुँच सुनिश्चित गर्नुपर्दछ ।
- उच्च शिक्षालाई पूर्ण रूपमा उत्पादनमूलक बनाउँदै सार्वजनिक र निजी पक्षमा प्रदान गरिने शिक्षाबीचको गुणस्तरमा रहेको अन्तर घटाउन आवश्यक रहेको छ ।
- सहकारीमा संगठित गरी आधुनिक र सामूहिक व्यवसायका रूपमा रूपान्तरण गर्दै दलित, जनजाति, लोपोन्मुख, सीमान्तकृत, पिछाडिएका समुदायका परम्परागत पेसालाई समेत उत्पादनशील बनाउने शैक्षिक योजना आवश्यक छ ।

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
अशोक अधिकारी
प्रोप्राइटर
आरजु पुस्तक भण्डार
देवचुली–१३, दलदले, नवलपुर

- शैक्षिक कार्यक्रमहरू अन्तर्गत लक्षित समूहका समुदायलाई अनौपचारिक शिक्षा, साक्षरता र निरन्तर सीपमूलक, आयमूलक जस्ता सचेतना कार्यक्रम योजना बनाइ आर्थिक र सामाजिक स्तरोन्नतरण गर्नुपर्छ ।
- विद्यालय नगएका केटाकेटी युवायुवती, उमेर पुगेका अभिभावकमा समेत विभिन्न वैकल्पिक शैक्षिक अवसरका अनौपचारिक अवधारणा ल्याई शिक्षा प्रदान गरी स्थानीय सीपमा आधारित प्राविधिक व्यवसायिक तथा उत्पादनमूलक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।
- शिक्षा सीप विकासका कार्यक्रमलाई श्रम बजारका मागलाई सम्बोधन गरी वैदेशिक रोजगारका लागि विदेश जाने र बौद्धिक पलायन व्यक्तिमा सिर्जित क्षतिलाई भरथेग गर्नुपर्ने हुन्छ भने दक्ष जनशक्तिको तीव्र उत्पादन गरी परिवर्तित मागलाई प्रभावकारी अनुगमन गर्दै श्रम बजार सूचना संकलन अपरिहार्य देखिन्छ ।
- कोष परिचालनका निम्ति स्रोत संकलन, स्रोत प्रवाह र स्रोतको परिचालन गरी उत्पादनमूलक शिक्षा र तालिम कार्यक्रम कार्यान्वयनमा कानुनी आधारका साथै प्राविधिक तथा व्यवसायिक शिक्षा तालिम अन्तराष्ट्रिय अभ्यासको समेत विश्लेषण गराउँदै राष्ट्रको सन्दर्भमा उपयुक्त शैक्षिक मोडेलका साथ कोषमार्फत सम्बन्धित निकायको समन्वयनमा शैक्षिक तालिम सञ्चालन गराइ दोहोरोपना हटाउन सकिन्छ ।
- आधुनिकीकरण कृषि, रोजगारी, उद्यमशीलता अभिवृद्धि दर र श्रम अभिवृद्धि, लघुउद्यम विकास बिस्तारको परिमार्जन सम्भावित क्षेत्रमा उद्यम बिकास गर्दै शैक्षिक योजना बनाइ शैक्षिक पूर्वाधारको विकास मर्मत सम्भारमा लगानी जरूरी छ ।
- गरिबी न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै व्यक्तिको आयस्रोत र सामाजिक लाभहरू सुनिश्चित गराउँदै सामाजिक समावेशीकरण र समताका सीप सिक्ने अवसर प्रदान गरी पारिवारिक र सामाजिक विवादलाई समेत न्यूनीकरण गर्नेछ ।
- आर्थिक वृद्धिको उत्पादन, संरचनात्मक परिवर्तन, रोजगारी सुनिश्चितता, श्रम बजारको माग र आपूर्ति व्यवस्थापन, वित्तीय पूर्वाधार, समस्यामूलक व्यापार नीति, जस्ता आर्थिक, सामाजिक र राजनीतिक, सांस्कृतिक लगायत जनजीवनका हरेक क्षेत्रमा निहीत क्षमता विकास गरी राष्ट्र निर्माणमा अग्रसर गराउन नयाँ शैक्षिक योजना आवश्यक छ ।

हाम्रो विद्यार्थीहरू सृजनशील, वैज्ञानिकपन, प्राविधिक जिम्मेवारपूर्ण व्यवहार, उद्यमशील, नागरिक पहुँच र जवाफदेहिता, विकास, न्याय र नैतिकतामा स्वच्छ सामाजिक जीवनको अपरिहार्य जीवन विकास अन्तर्निहित क्षमताको विकास र व्यवहारिक पाटोमा उत्पादनमूलक शैक्षिक योजना सम्बोधन हुन जरूरी छ ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल राष्ट्रिय समशेर आदर्श मा.वि.**
गैंडाकोट–१, नवलपुर

# मेरो देश

**दिव्या भट्टराई**
विद्यार्थी, जन ज्योति मा.वि. ढ्वेचुली-१५



प्यारो लाग्छ मेरो
प्यारो आफ्नै भेष
आत्मीय छ मेरो भाषा
प्यारो आफ्नै गाथा ।

हिमचुलीको देश भनेर
उपमा पाएको
चौरी अर्ना नौरङ्गीले
मनै रमाएको ।

ढकमक ढाकी रहने
लालीगुँरास फूलले
पहाडमा बस्न जाऊँ
भन्छ मेरो मनले ।

असमान आस्था बोकेको
पहाड अग्ला अग्ला
बाघ, भालु, हात्ती गैँडा
छन् सग्ला सग्ला ।

छहरा र खहराले मलाई
लोभ्याउँछन्
बेली, पुष्प, कुञ्जले
मलाई गिज्याउँछन् ।

प्याराग्लाइड र र्‍याफ्टिङ्गमा
पर्यटक झुम्मिने
सोरठीमा मारूनीको
हाँसोले गुञ्जिनी ।

डम्फु, मादल, खैँजडीमा
नाचौँ एक फन्को
सारङ्गी र बाँसुरीको
लागिरन्छ रन्को ।

# गुणस्तरीय शिक्षाः समृद्धिको आधार

**हरि प्रसाद भुसाल**
**First Batch**

"विद्या धनम्, सर्व धनम्, प्रधानम्" भन्ने भनाइ गुरूकूलदेखि एक्काइसौँ शताब्दीसम्म आइपुग्दा समेत सर्वमान्य सिद्धान्त बनेको छ ।

एक्काइसौँ शताब्दीको विश्वलाई जीवन, समाज, आवश्यकता, रोजगारी र आम्दानीसँग जोडेर लैजानु पर्दछ । विद्यालयमा अध्ययनरत बालबालिकाहरूको कुरा प्राथमिक हो । तसर्थ शिक्षामा गुणस्तरको मापदण्ड भनेको परीक्षामा उच्च अंक ल्याउनु मात्र होइन बरू शिक्षाको गुणस्तरलाई सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था तथा प्रविधिको विकासको आधारमा मापन गर्नुपर्दछ । मानवतावादी शिक्षाको सिद्धान्तले प्रत्येक बालबालिकालाई आत्मविश्वास, आत्मनिर्भर र स्वतन्त्र रूपमा कार्य बहन गर्न सक्ने सामर्थ्यको विकास गर्ने अन्तरनिहीत प्रतिभाको विकास गराउँछ भने मावन पूँजीवादी विकासको शैक्षिक सिद्धान्तले श्रम बनाएको माग अनुसारको ज्ञान र सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिन्छ । यी दुबै सिद्धान्तको सम्मिश्रण गरी आजको विश्वव्यापिकरणलाई मध्य नजर गरी श्रम बजारमा सजिलै समायोजन हुनसक्ने आत्मनिर्भर, आत्मविश्वासी र स्वतःस्फूर्त रूपमा कार्य सम्पादन क्षमता भएको मानवपूर्ण निर्माण नै समृद्धिको मेरूदण्ड हुनसक्दछ । यसको प्रारम्भिक शर्त नै विद्यालय स्तरको गुणस्तरीय शिक्षा हो ।

अल्वर्ट आइनस्टाइनको भनाइलाई स्वीकार गर्ने हो भन्ने "शिक्षा भनेको विषय वस्तुको तथ्य जान्नु मात्र नभै रचनात्मक क्षमता वृद्धि गराउने तालिम हो" । यसर्थ सिकाइलाई सृजनशील, क्रियाकलाप उन्मुख र बालकेन्द्रित बनाउनु पर्दछ । सिकाइलाई प्रतिशतमा मापन गर्ने र जस्ताको तस्तै उतार्ने बानीको विकास गराइ समस्या समाधान गर्ने र सृजनशील हुने क्षमतालाई नष्ट गरी अनुत्पादक ज्ञान उत्पादन गर्दछ । समृद्धिको सबै भन्दा ठूलो बाधक नै यही हो । कक्षा कोठामा बालबालिकालाई उत्तर भन्ने बानीको सट्टा प्रश्न सोध्ने बानीको विकास गराउनु अपरिहार्य आवश्यकता हो । विद्यालयमा मात्र नभइ परिवार र समाजमा समेत बालबालिकाको प्रश्नलाई उच्च सम्मान गर्नुपर्दछ ।

गुणात्मक रूपमा राम्रो गर्दै जाने प्रकृयापछि प्राप्त हुने सुख शान्ति र वैभव नै समृद्धि हो । गुणात्मक रूपमा राम्रो गर्नको लागि गुणात्मक शिक्षा आधारभूमि हो । व्यक्तिको समृद्धि विना राष्ट्रको समृद्धिको कल्पना गर्न सकिँदैन हरेक व्यक्ति आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा भए मात्र समृद्धिको परिकल्पना पूरा हुन्छ । व्यक्तिको समृद्धिको कुरा मानव पूँजीको गुणस्तरले निर्धारण

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**नवजागरण माध्यमिक विद्यालय**
**मध्यविन्दु–७, नवलपुर**

गर्दछ, जुन कुरा बालबालिकाहरूलाई दिइएको गुणस्तरीय शिक्षाको गोरेटोले निर्माण गर्दछ ।

शिक्षा व्यक्ति, समाज र राष्ट्रलाई सम्पन्न बनाउने पहिलो आधार हो । मानिसलाई आत्मसम्मानका साथ आय आर्जन गरी आत्मनिर्भर बन्दै आर्थिक रूपले सम्पन्न एवम् सामाजिक रूपले परोपकारी बन्न शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । समाजमा रहेका हरेक परिवारका सदस्यहरू शिक्षित भएमा मात्र उनीहरू सामाजिक–आर्थिक, साँस्कृतिक र राजनैतिक रूपले सक्षम हुनसक्छन् । शिक्षाले मानिसलाई अज्ञानता र गरिबीसँग लड्न योग्य बनाउँछ । तसर्थ शिक्षामा गरेको लगानीले गरिबीको दुष्चक्रको अन्त्यगरी समृद्ध समाजको निर्माण गराउँछ ।

नेपालको सरकारी सेवामा प्रवेश गर्न निश्चित मापदण्डको शैक्षिक तह अनिवार्य रूपमा पूरा गरेको हुन पर्दछ । तर सफलताको लागि प्रतिस्पर्धात्मक सृजनशीलताको आवश्यकता पर्दछ । गैर सरकारी निजी, सामुदायिक तथा सहकारी निकायहरूमा प्रवेश गरी प्रोफेसनल करियर विकास गर्न पनि गुणस्तरीय शैक्षिक पृष्ठभूमि अपरिहार्य हुन्छ । तसर्थ समृद्धिको मार्ग पहिचान गरी सफलता प्राप्त गर्न बालबालिकाहरूको मानसपटलमा पढेर पास हुने मात्र होइन, पढेर सिक्ने बानीको विकास गराउनु पर्दछ । शैक्षिक, तह पूरा गरिसकेपछिका विभिन्न प्रतिस्पर्धामा अब्बल हुनको लागि विषय वस्तुको गहिरो ज्ञान र सीप हुन पर्दछ । जुन कुरा सृजनात्मक शैक्षिक सिकाइले मात्र प्रदान गर्दछ । सृजनशील क्षमताले स्वरोजगारीको लागि उत्प्रेरित गराउँछ जसले रोजगारका अवसरहरू सृजना हुन्छ र मानिसहरूको आय आर्जनको स्रोत बन्दछ । यसरी मानवपूँजीलाई आर्थिक पूँजीमा रूपान्तरण गर्न सकिएमा व्यक्ति परिवार हुँदै समाज र राष्ट्रको समृद्धि सम्भव हुन्छ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**चन्द्रकान्त बस्याल**
प्रिन्सिपल एवम्
**मुनलाइट आदर्श पब्लिक सेकेण्डरी स्कुल**
देवचुली–१३, नवलपुर

# शिक्षक

**तिला भट्टराई**
कक्षा-१२

जसले अरूलाई बाँच्न सिकाउँदा सिकाउँदै आफू मर्न बिर्सिएँ, अरूको खाली निधारमा लेखिरहेँ, डाक्टर, पाइलट, ईन्जिनियर, मन्त्री, अरू के-के लेखिदिएँ के-के तर आफ्नो निधारमा लेख्नै बिर्सिएछु ।

जीवनको उर्वर समय खरी र कालोपाटीमा घोटेर सकिएपछि आफ्नो निधार हेर्दैछु आज मात्र अनुभवका निरस रेखाहरूले कोरिएका शब्द छ 'शिक्षक' ।

दुनियाँ अटाएका यी आँखाहरूबाट बर्षाको खहरे जस्तै उर्लिएर आउँछन् हजार अधुरा सपना अनि हराउँछन्, चाउरिएका गालाका खोल्साहरूमा ।

जीवनको यो मोडमा आफैले पढाएको विद्यार्थी डाक्टर भएर भन्छ, "सर तपाईको शरीरलाई आरामको खाँचो छ" । मनमनै भन्छु, मैले आराम गरेको भए कसरी बन्थ्यो डाक्टर? मेरो यो योग्यताको परीक्षण गर्दै अयोग्यताको तक्मा दिन्छ बिना अर्थको बूढो रिसलाई दबाउँदै भन्छु ! बाबु तिमीसँग तातेताते गर्दै हिंड्न नखोजेको भए, तिम्रो तोतेबोलीमा प्राण भर्न नलागेको भए,

सायद तिम्रो निधारमा देश लेख्न नथालेको भए, आफ्नो भाग्य लेख्ने हिट्लर म पनि बन्न सक्थेँ ।"

कहिलेकाँही उदासतामा अल्मलिदिन्छु म अबोध नानीहरूलाई सम्झन्छु, श्रीमान्को उधारा रहरहरूको लिस्ट जो घटेन बढिरह्यो । ती नानीहरूलाई साग र सिस्नु खाएर खुशी हुनुपर्छ भन्ने सिकाउँदा छिमेकीका भान्छाहरूबाट दैनिक आउने मासुको बास्नाले टोलाउने सन्तानका तम्तमाईला ओठहरू सम्झन्छु !

भोको पेटले चौरासी व्यञ्जनको पाठ पढाउनुपर्ने, नाङ्गो भएर इज्जतको पाठ पढाउनुपर्ने, कति गाह्रो छ शिक्षक पेशा, संसार अटाउने यो शिक्षकको अँगालोमा आफ्नो परिवार अटाउन सकेन ।

टुकी मुनि अँध्यारो हुन्छ
यस्तै सोचेर हाँसिदिन्छु म

पढ्दा पढ्दै खाडी छिरेका साथीहरू बाटोमा कार मोटर रोक्छन् । पसिनाले भिजेकोलाई धुलोले पोत्न के गाह्रो छ र? हाँस्दै सोध्छन्, के छ, प्रगति??? परबाट आउँदै गरेका स्कुले पोसाकका नानीहरू हेर्छु, अनि म मुस्कुराउँदै भन्छु "हिसाब गर्नै भ्याएको छैन साथी.................................!

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**कुमारवर्ती माध्यमिक विद्यालय**
**मध्यविन्दु-२, नवलपुर**

# मेरो देश

**शिवहरि अर्याल**
देवचुली-१५

तराई पहाड हिमाल सबै हाम्रो सेरोफेरो
सुन्दर शान्त विशाल छ नेपाल देश मेरो ।
नेपाल हाम्रो फुलबारी विश्वभरको साथी
यो देशमा घुम्न फिर्न आउँछन् लगाइ ताँती ।
पूण्य भूमि शान्ति क्षेत्र हेर कति जाती
अग्लो शिखर सगरमाथा हाम्रै शिर माथि ।
दाँतहरूका लहर पङति मिले जस्तै अति
हाँसिरहने सेता हिमाल हेर कति जाती ।
बिहानीको सूर्योदयमा चाँदी टल्किएर
हिमालबाट हिमनदी झर्छन् ढल्किएर ।
याक चौंरी लुलु झुपु भैंडा च्याङ्ग्रा चर्ने
तारा भोटे जुम्ली हिमाली दाइ पर्ने ।
पहराबाट छहरा झर्ने हिमालको फैंदी
आलु फापर जहुँ स्याउ लगाएको मेदी ।
डाँफे मुनाल मयूर अनि थरी थरी चरी
गाउँने नाच्ने रमाउने सौन्दर्यलाई हेरी ।
चाँप गुराँस सुनखरी यसै ठाउँमा फुल्ने
तराईमा धानका बाला लहलह झुल्ने ।
चारकोसे झाडी यहाँ वन्यजन्तु डुल्ने
तिलिचो, फोक्सुन्डो रारा फेवा अनेकौं ताल ।
मेची महाकाली सिमा बिचमा धेरै नदी नाला
हाम्रो यस्तो तपोभूमि सजाएर राखौं ।
पवित्र यो दिव्यधाम मठ मन्दिर लाखौं
गौरवशाली इतिहास जोगाइ राख्नु पर्छ ।
राजनीति त क्षणिक खेल हो यस्ले कोल्टे फेर्छ
प्रकृतिको धनी यो देश पर्यटन उद्योग खोलौं
सुस्ता कालापानी लिम्पियाधुरा लिपुलेक हाम्रो भनि बोलौं ।
चुरे पर्वत शृङ्खला घेरियर बस्यो
दक्षिण पश्चिम किल्ला सारी किन भित्र पस्यो ।
भारतीयको यस्तै हो त बिस्तारवादी नीति
यस्तासँग हार्ने होइन बस्नु पर्छ जिती ।
सबै मित्र बोलाएर पर्खाल हामी चिनौं
आफ्नै देशको विकास गरौं ढुक्क भइ हिनौं ।
हाम्रो नेपाल सुन्दर शान्त भन्ने सबलाई थाहा छ
आत्मनिर्भर विकासप्रेमी बन्नु पर्ने भा छ ।
लौ न अब जरै देखि भ्रष्टाचारी गोडौं
देशभक्त हो अब देखि घुस खान छोडौं ।
यही माटोमा विकास गरी उद्योग धन्दा भरौं
आफ्नो देशको शान राखी हामी अघि सरौं ।

हार्दिक
शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
रमेश प्रसाद/भिमा न्यौपाने
प्रोप्राइटर
राम स्टेशनरी एण्ड अर्डर सप्लायर्स
देवचुली–१३, दलदले, नवलपुर

# युवा, कर्म अनि फल

**सुरेन्द्र रिजाल**
शिक्षक



युवा अवस्था जीवनको सर्वाधिक उर्वर अवधि हो । श्रम र सोच दुवै दृष्टिकोणबाट यो समय सिर्जनशील हुन्छ । बाल्यकाल जीवनको तयारीमा व्यतीत हुने र वृद्धा अवस्था विगतको सम्झनामा अस्ताचलको प्रतिक्षामै डुब्दछ । त्यसैले जीवन्त जीवन भनेको युवा अवस्था नै हो । कुनै पनि देशका जनताको युवा अवधि कत्तिको उपलब्धिमूलक रूपमा व्यतीत भएको छ भन्ने कुरा त्यस राष्ट्रको समुन्नति र सम्पन्नताले झल्काएको हुन्छ । राष्ट्रको सक्रिय पूँजी भनेकै युवा वर्ग हो र यसलाई जतिसक्दो क्रियाशील पार्नुमा नै राष्ट्रको हित नीहित हुन्छ । नेपालले विकासको गतिमा तीव्रता लिन नसक्नुको कारण राष्ट्रले युवा वर्गको समुचित परिचालन गर्न नसक्नु मुख्य हो । उर्लंदो छाललाई सही उपयोग नगरिँदा त्यसबाट उत्पादन र उपलब्धिको आश गर्नु पनि व्यर्थ हो ।

कर्मको अथाह सम्भावना बोकेका युवाका लागि सकारात्मक परिस्थिति सिर्जना गरेर उत्पादनशील मार्गमा अभिप्रेरित गर्नु आजको नेतृत्त्व पङ्तिमा बस्नेहरूको पनि दायित्त्व हो । आफ्नो वरिपरि गणेश परिक्रमा गर्नेहरूको पोल्टामा मात्रै आशीर्वादको ओइरो लगाउने परम्पराले गर्दा प्रशस्त युवा विदेश पलायन भइरहेको यथार्थलाई मनन गर्दै स्वदेशमै कर्मको सम्मान गर्ने र कर्म गर्नेका लागि उचित फल सुनिश्चित गर्नका लागि आवश्यक व्यवस्था गर्नु राष्ट्रकै लागि उपलब्धिमूलक हुने कुरामा शङ्का गर्न सकिंदैन ।

यथार्थ पर्याप्त मात्रामा उत्साहजनक नभएपनि युवा वर्गले कर्म गर्न भने छोड्नु हुँदैन । अनपेक्षितरूपमा उपस्थित अँध्यारो पक्षलाई पराजित गर्ने एकमात्र उपाय निरन्तर साधना पथमा प्रतिबद्ध भएर त्यसमाथि प्रहार गरिरहनु नै हो । यो गतिशीलतालाई फलको आशा नगरी गरिने कर्ममा पक्कै सीमित राख्नु हुँदैन । कर्म गरेपछि फलको आशा गर्नु जो-कसैको पनि अधिकार हो । कर्म गर्नेहरूलाई फलको आशा सहित कर्म गर्दा त्यसको प्रतिफल ठोस पनि हुन्छ । त्यसैले आजको युवा पुस्ता फल सहितको कर्मप्रति आफूलाई प्रतिबद्ध राखी कर्मलाई अपमान गर्नेहरूलाई निष्प्रभावी बनाउनमा समर्पित हुन परेको छ ।

हार्दिक शुभकामना
भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
**लोकसेवा माध्यमिक विद्यालय**
मध्यविन्दु-९, नवलपुर

# के हो गणतन्त्र ?

**लक्ष्मी काफ्ले**
भू.पू. विद्यार्थी

देशले अचानक काँचुली फेर्ने भो । शताब्दीऔँदेखि देशमा जरो गाडेको राजतन्त्र अन्त्य भई नेपालमा गणतन्त्र आउने भो । नेपाल गणतन्त्रात्मक राज्यमा परिवर्तित भइ नेपाली जनताको शासन चल्ने भो । हामी नेपाली स्वतन्त्र पन्छी भैँ खुल्ला आकाशमा उड्न पाउने भयौँ । सायद यही चाहना थियो सबै नेपाली जनहरूमा । त्यसैले त जनआन्दोलन भयो, राजतन्त्र अन्त्यका लागि टोलटोलमा सडक-सडकमा आन्दोलनको बिगुल फुकियो । बच्चादेखि बूढा-बूढीसम्म आन्दोलनमा होमिए । त्यही भीडमा दूधे बालक काखी च्यापेर आन्दोलनमा होमिने म पनि थिएँ, मात्र गणतन्त्रको चाहनामा ।

आन्दोलन जारी थियो कैयौँ घाइते भए, कैयौँले सहादत प्राप्त गरे, कति बाबु आमाका काख रित्तिए । कति बालबालिका अभिभावकविहीन भए, कति नारीका सिउँदो पुछिए, तर पनि सबै आन्दोलनरत नै थिए किनकि गणतन्त्र आउनेवाला थियो । अन्ततः राजतन्त्र अन्त्य भई देशमा गणतन्त्र आयो, देश संघीयतामा गयो, सबै नेपालीको मनमा आशाको दियो पलायो नेपाल समृद्ध बन्ने भयो, नेपाली सुखी हुने भयौँ । गणतन्त्र आयो । घर-घरमा दीपावली भयो, संविधान बन्यो, कैयौँ धारा उपधाराहरूले किताबका पाना भरिए, कैयौँ नारा घन्किए, गणतन्त्र जिन्दावाद ! गणतन्त्र जिन्दावाद !



तर अपसोच, जुन आशा र भरोसाका साथ नेपालीहरू आन्दोलनमा होमिएका थिए, त्यो गणतन्त्र अझै आएन । दिनप्रतिदिन बढ्दै गएको हत्या हिंसा, बलात्कार, अपहरण, बन्द, हड्ताल, महङ्गी, बेरोजगार भ्रष्टाचार आदि देख्दा गणतन्त्र शब्दको अवज्ञा भएझै लाग्छ मलाई । त्यसैले त आउँदै गरेको गणतन्त्र दिवस पनि मनाऊँ कि नमनाऊँ भन्दै द्विविधाका साथ मलिन अनुहार लिइ बैठक कोठाभित्र प्रवेश गर्छु र टि.भि. को अगाडि सोफामा बस्छु । समाचार आइरहेको थियो, आफ्नै बाबुद्वाराछोरी बलात्कृत, जेठाजुद्वारा बुहारीको हत्या, १३ वर्षीया बालिकाको बलात्कार पछि हत्या, वर्षौं बित्दा पनि अपराधीको अत्तोपत्तो छैन, १० वर्षे बालिकाको सामूहिक बलात्कार, ७५ वर्षीय बृद्धाको बलात्कार, ४ वर्षे बालिकालाई बली दिइयो, आमाद्वारा आफ्नै छोराको हत्या, अरबौंको भ्रष्ट्राचार, छिमेकी राष्ट्रद्वारा नेपाली भूमि मिचियो आदि आदि । टि.भि हेर्दै गरेकी मेरी छोरीले दुःखीत हुँदै प्रश्न गर्छिन् - "आमा यही हो गणतन्त्र ?" म झसङ्ग हुन्छु । उनको प्रश्नको उत्तरबाट पन्छिने बहाना पार्दै च्यानल फेर्छु । केही क्षणपछि भान्साभित्र प्रवेश गर्दा नगर्दै रेडियो सुन्दै खाना पकाइरहेकी बुढी सासूआमाको प्रश्न फेरि मैतिर तेर्सिन्छ - "यस्तै सुन्न र भोग्न हो राजतन्त्र फालेर गणतन्त्र ल्यायौं भन्दै नेपाली जनता कुर्लेका ?" म सुने पनि नसुने झैं गर्दै बाहिर निस्कन्छु ।

विद्यालय जाने समय हुन लागेको थियो । हातमुख धुने बहानामा पधेँरामा जान्छु । केही दिदीबहिनीहरूको यस्तै हत्या-हिंसा, बलात्कार, बन्द हड्ताल, भ्रष्टाचार आदि अलि बुझ्रुक जस्तो ठानेर होला सायद सबैले त्यही प्रश्नले झटारो हान्छन् मै माथि । "के हो ? खै देशमा गणतन्त्र आयो भन्छन् । झन् मुटु छेड्ने घटना घटिरहेका छन् त दिनका दिन" म फेरि अवाक हुन्छु र हतार-हतार हातमुख धोएर विद्यालय जान हतार भएको बहाना गर्दै घरतर्फ जान्छु । विद्यालय पोशाक लगाएर तयारीका साथ घरबाट निस्कन्छु त एक हूल विद्यार्थी किताब कापी च्यापेर विद्यालयबाट फर्केको देख्छु र अचम्मित भइ प्रश्न गर्छु "किन फर्केको ?" आज नेपाल बन्द अरे, के यही हो गुरूआमा गणतन्त्र भनेको ? तपाईंले पढाएको किताबको गणतन्त्र र आजको हाम्रो देशमा आएको गणतन्त्रमा त आकाश, पातालको फरक छ त ?" म पुनः जवाफ विहीन हुन्छु र आफैं माथि प्रश्न गर्छु- "वास्तवमा के हो गणतन्त्र ? नेपाली जनताले चाहेको गणतन्त्र यही हो त ?"

# बाल अधिकार

**अलिसा खड्का क्षेत्री**

बालक हौ खेल्न अनि पढ्न पाउनुपर्छ
घास दाउरा छोडी अघि बढ्नु पाउनुपर्छ ।
मौका मिलेमा विद्यालय सधैं जाने थिएँ म
कठिन परिश्रम र मिहेनत गरी पढ्ने थिएँ म ।
बालकलाई पिट्नु अनि कराउनु हुन्न
अझै पनि गाउँ घरका बालकले पढ्न पाका छैनन्
गाई बाख्रा चराउँछन् स्कुल गाका छैनन् ।
बालकलाई नसक्ने काम लगाउन हुन्न
बालकको आँसु कहिल्यै बगाउनु हुन्न
फोहोर टिप्दै पेट भर्ने पनि हाम्रो साथी हुन्
होटलमा भाँडा माझ्ने पनि हाम्रै साथी हुन् ।
स्वाथ्य अनि शिक्षा पाउनु हाम्रो अधिकार
हाँस्दै खेल्दै रमाउनु हाम्रो अधिकार ।
गाली छोड्न माया पाउनु हाम्रो अधिकार
बालक नै कारखानामा गर्छन् कामधन्दा
ती सबलाई दिनुपर्छ बाल अधिकार ॥

# छात्रा मैत्री विद्यालय, महिला सशक्तिकरणमा एक कदम

**निर्मला काफ्ले**
शिक्षक

**छात्रा मैत्री विद्यालयका विशेषताहरूः**

- विद्यालय परिसरमा लैङ्गिक समानता दर्शाउने चित्र पोस्टर्स,
- महिला शिक्षकहरूको उपलब्धता,
- नियमित परामर्श र अन्तर्क्रिया,
- छात्रछात्राबीच गरिने समान व्यबहार,
- विद्यालयीय क्रियाकलापमा प्रोत्साहन र सहभागिताको सुनिश्चितता,
- मित्रवत् व्यवहार,
- खेलकुदका लागि उपयुक्त वातावरण र पर्याप्त खेल सामग्री,
- शारीरिक व्यायामको लागि उपयुक्त वातावरण,
- शारीरिक, भाषिक, मानसिक र यौनजन्य हिंसा दुर्व्यवहार मुक्त वातावरण,
- स्यानेटरी प्याडमा सुलभ पहुँच,
- पर्याप्त सुरक्षित छात्रा तथा अपाङ्ग छात्रामैत्री शौचालय, साबुन पानी र Tissue paper आदिको व्यवस्था,
- फोकल शिक्षक,
- दुर्व्यवहार सम्बन्धी सचेतना कार्यक्रम,
- सह शिक्षा (Co-education),
- छात्रामैत्री अतिरिक्त क्रियाकलाप,
- नियमित उपस्थिति प्रोत्साहनका लागि आवश्यक सहयोग (आर्थिक, छात्रवृत्ति),
- सुपरीवेक्षण, अनुगमन,

# शुभकामना तिमीलाई

**थानेश्वर सापकोटा**
कक्षा: १२

२०२६ सालमा जन्म तिमी लियौ यहाँ
पचासैं वर्ष पार गरि सक्यौ तिमी यहाँ
ज्ञानको ज्योति भरी सक्यौ तिमी यहाँ
शुभकामना छ भीमसेन मा.वि. तिमीलाई ।

बाटो तिमी देखाउँदै जाऊ
हामी पाइला चाल्दै जान्छौं
सधैं भरि साथ हामी तिमीलाई दिन्छौ
शुभकामना छ भीमसेन मा.वि. तिमीलाई ।

वसन्त ऋतुजस्तै मौलाएर आऊ
सम्पूर्ण विद्यार्थीको हृदयमा छाऊ
विश्वमा आफ्नो नाम कमाऊ
शुभकामना छ भीमसेन मा.वि. तिमीलाई ।

सगरमाथाको शिखर चुम्दै जाऊ
हामी सबैको भविष्य उज्ज्वल बनाऊ
सदाबहार फूल बनि बासना दिंदै जाऊ
शुभकामना छ भीमसेन मा.वि. तिमीलाई॥

# मेरो असल साथी

**सन्देश आचार्य**
कक्षा: ४

सरहरूको लाठी देख्दा डर लाग्छ सबैलाई
गृहकार्य गरेमात्र हुन्छ हाम्रो भलाइ।
स्कुल मात्र हैन अब घरमा पनि पढ्ने गरौं
सरहरूको लाठीबाट सधैं टाढा परौं ॥
सबैको छ गृहकार्य छैन तिम्रो आज
कुखुरा बन्नुपर्छ तिम्लाई लाग्छ किन लाज ?
अबबाट गृहकार्य नभुल्नु है साथी
नत्र भने हुन्नौ तिमी मेरो असल साथी ॥

# समाज सुधारमा भीमसेन

**अर्मान मियाँ**
पूर्व विद्यार्थी

नेपालकै उत्कृष्ट सामुदायिक विद्यालय भीमसेन आदर्श माध्यमिक विद्यालय शैक्षिक क्षेत्रमा जति अब्बल मानिन्छ, त्यो भन्दा बढी समाज सुधार र मानवीय विकासको क्षेत्रमा रहेको हाम्रो अनुभव छ। मध्य नेपालमा अवस्थित यस विद्यालय देवचुली नगरपालिकालाई गण्डकी प्रदेशकै पहिलो बालमैत्री नगरपालिका, नेपालकै पहिलो खुल्ला दिशा मुक्त गाउँ विकास समिति प्रगतिनगर हाल देवचुली नगरपालिका जस्तै शैक्षिक क्षेत्रमा राष्ट्रिय रूपमा चिनाउन सफल नेपालकै उत्कृष्ट सामुदायिक विद्यालय हो। दक्षिणमा पवित्र नारायणी नदी र उत्तरमा महाभारत श्रृङ्खलाको सबैभन्दा उच्च देवचुली डाँडाको फेदीमा अवस्थित यस विद्यालयले नारायणी नदी र देवचुली डाँडाले जस्तै सफा, निश्चल र पूजनीय काम गरिरहेको छ भने देवचुली डाँडाले जस्तै नगरबासीको शिर उच्च राख्ने इतिहास रच्न सफल भएको छ। स्थापनाको ५० औं वर्षसम्ममा देशकै एस्.एल.सी परीक्षामा प्रथम तथा सामुदायिक विद्यालयमा एस्.इ.इ परीक्षामा नेपाल प्रथम, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त डाक्टर, नगरपालिकालाई संघीय गणतन्त्र नेपाल गण्डकी प्रदेशको पहिलो तथा नेपालकै दोस्रो बालमैत्री नगरपालिका बनाउन सफल नगरस्तरीय बाल सञ्जालका अध्यक्ष, नेपाल सरकारका विभिन्न उच्च पदस्थ व्यक्तिहरू, राष्ट्रियस्तरका नेता तथा व्यवसायीहरू, कुशल प्रशासक लगायतका ५० औं तारा उत्पादन गर्न सफल शैक्षिक संस्था हो ।

यस क्षेत्र विशेष गरेर मगर, ब्राह्मण, क्षेत्री, थारू, दलित, मुस्लिम, तामाङ, अन्य आदिको बाहुल्यता रहेको क्षेत्र हो र यहाँ यिनै समुदायका विद्यार्थीहरूको उपस्थिति धेरै रहेको छ। विविधतामा एकताको पाठ सिकाउने र समाजमा शिक्षाको ज्योतिले गलत परम्पराको अन्त्य गरी असल समाज निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। देशमा सामुदायिक विद्यालयको खस्कँदो शैक्षिक अवस्थाका बाबजूद पनि यस विद्यालयले संस्थागत विद्यालय भन्दा राम्रो नतिजा र उपलब्धीले गर्दा समाजमा वर्गीय विभेद हटाएर समान शिक्षा प्रदान गर्न सफल भएको छ । यहाँ अध्यापन गराउने शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, यहाँका विद्यार्थी, अभिभावक र विद्यालयका प्रधानाध्यापकको विद्यालयप्रतिको लगाव, मिहिनेत अनुशासन, दायित्व, जिम्मेवारी र मार्गदर्शनले गर्दा नै आज देशमा हाम्रो विद्यालय भनेर गौरव गर्न पाएका छौँ र हालसम्म विभिन्न तवरबाट योगदान गर्नुहुने सबैप्रति धेरै धेरै धन्यवाद। आगामी दिनमा प्राविधिक शिक्षालाई पनि सँगै अघि बढाएर देशमा नै केही गर्न सक्ने दक्ष किसिमको जनशक्ति उत्पादन गरी सामाजिक तथा आर्थिक रूपमा अब्बल बनाउनका लागि नयाँ कदम चाल्ने शुभकामना समेत दिन चाहन्छु। सामाजिक तथा शैक्षिक विकासका लागि भीमसेन आदर्श माध्यमिक विद्यालयको नाम अग्रपङ्तिमा आओस् शुभकामना !

# रुघाखोकी

**शिव प्रसाद पराजुली**
सि.अ.हे.व.अधिकृत देवचुली नगरपालिका



**१. रूघा खोकी भनेको के हो?**

नाक बन्द हुने, बारम्बार सिगाँन आउने नाक-आँखा चिलाउने, हाँच्छ्यु आउने, खोकी लाग्ने घाँटी खास-खस हुने, कान दुख्ने, टाउको दुख्ने, शरीर गल्ने आदि लक्षणहरू भएको खण्डमा सामान्य बोलीचालीको भाषामा रूघा खोकी भनिन्छ । यी लक्षणहरू धेरै कारणले हुन सक्छन् जस्तैः- Common cold (Virus), flu (Virus), allergy (allergic rhinitis), (पिनास), bronchitis, vasomotor rhinitis आदि । यहाँ तीन मुख्य कारक तत्त्वले दिने लक्षणहरूको भिन्नता छुट्याउने प्रयास गर्नेछु ।

• (allergy) (Allergic Rhinitis) = हाँच्छ्यु (एकचोटिमा लगातार ३ देखि ७ पटकसम्म आउने): सिगाँन (पानी जस्तै पातलो बगिरहने निरन्तर, जतिखेर पनि): नाक बन्द (प्राय हुन्छ): ज्वरो (आउँदैन, आयो भने १००.४ कट्दैन): खोकी प्राय लाग्दैन, लाग्यो भने त्यति समस्याको रूप लिँदैन): घाँटी दुख्ने र निल्न गाह्रो (प्राय हुँदैन): नाक-आँखा चिलाउने (प्रायः हुने गर्छ, विशेष गरी नाक वरिपरि र भित्री भाग औधी चिलाउँछ): अवधि (२ हप्ता भन्दा लामो समय, फेरि बारम्बार) भैरहने वा प्रत्येक साल एकै खाले मौसममा भै छाड्ने):

• "रूघा" (Common cold virus)= हाँच्छ्यु (एकचोटीमा १-२ पटक): सिँगान (हल्का बाक्लो, सामान्य दिनमा भन्दा अलि धेरै बग्ने): नाक बन्द (प्राय हुन्छ): ज्वरो (१००.४ कट्दैन): खोकी (प्राय लाग्छ) घाँटी दुख्ने र निल्न गाह्रो भएको जस्तो हुने (सम्भावना धेरै हुन्छ) नाक-आँखा चिलाउने (प्रायः हुँदैन, भयो भने निरन्तर चिलाउने हुँदैन) अवधि (२ हप्ता भन्दा कम समय, अर्को ५-६ महिना वा एक सालसम्म कुनै रूघा लाग्दैन)

• "रूघा" (flu virus)= "रूघा" (Common cold virus) मा हुने सबै लक्षणहरू+ज्वरो (१००.४ कटेर १०४ सम्म सजिलै पुग्ने) थकान (उठ्नै नसक्ने, पहिले सजिलै उचाल्न सक्ने ७ किलो जतिको सामान अब उचाल्न नसक्ने अवस्था हुने, थला परेर बस्ने) यसबाट बालबच्चा, बूढाबूढी र दीर्घरोगीहरूको ज्यानै पनि जान सक्छ ।

**२. "रूघा" (Common cold), "रूघा" (flu) र "रूघा" (allergy) कसरी लाग्छ ?**

• Allergy चाही बोट-बिरूवामा फूल फूल्ने बेलामा निस्कने एयभिल, कुनै बिरूवा वा झारबाट निस्कने भुँवा, जीव जनवारका (कुकुर, बिरालो, गाई, भैंसी आदिका) रौं वा चायाँ वा मलमूत्र, घरमा हुने साङ्ला, मुसा लगायत अन्य स-साना, जीवका मलमूत्र, धुवाँ धूलोका मसिना कण, सिरक-डसनामा वा पुराना किताबमा आँखाले देख्न गाह्रो हुने मसिना जीवहरू, घर भित्र वा बाहिरका ढुसी आदिबाट हुने गर्छ । यी चिजहरूले सबैलाई असर गर्दैन तर कसै कसैको रोग प्रतिरक्षा प्रणालीले यी चिजलाई निकै खतरनाक ठान्दिन्छन् । जब यी allergen (allergy बनाउने तत्त्व) शरीरमा पस्छ तब रोग प्रतिरक्षा प्रणाली (immune system) सक्रिय हुनथाल्छ । ती

allergen लाई सिध्याउन भनेर शरीरले immune cells बाट विभिन्न chemical निक्लिदिन्छ । त्यसपछि नाक र श्वास प्रश्वासको माथिल्लो क्षेत्र चिलाउने, मसिना रक्तनलीहरू leak हुने अनि सुन्निने गर्छ । जबसम्म हामी allergen को नजिक हुन्छौँ तबसम्म यो समस्या निरन्तर हुन्छ। त्यसैले पनि मसिना झार र रूख बिरूवाका पालुवा पलाउने बेलामा वा फूल फुल्ने बेलामा निस्कने Possen को कारणले allergy हुनेलाई महिना दिनसम्म समस्या निरन्तर भैराख्छ । जसलाई seasonal allergy भनिन्छ ।

• Common cold विभिन्न किसिमको virus जस्तै rhino virus, corona virus आदिले गर्दा लाग्छ । जब यी virus हरूले ग्रस्त भएकाहरू हामी नजिक हाँच्छ्यु गर्छन् वा ढोकाको handle वा बेन्च टेबल वा अन्य सामान छुन्छन् अनि हामी ती मानिसका नजिक हुन्छौँ वा तिनले छोएका सामानहरू छुन्छौँ तब हामीलाई पनि ती virus सर्छ । ती virus हाम्रो शरीरमा पुगेपछि हाम्रो रोग प्रतिरक्षा प्रणाली सक्रिय हुन थाल्छ र ती virus लाई मार्ने वा बाहिर धकेल्ने वा लखेट्ने प्रक्रिया सुरू हुन्छ। त्यसैले नाक बन्द हुने, हाँच्छ्यु आउने, खोकी लाग्ने, तापक्रम बढ्ने आदि लक्षण देखा पर्छन् । यदि हाम्रो शरीर स्वस्थ छ, सबै अंगहरूले राम्रोसँग काम गर्छन्, चुरोट-रक्सी धेरै पिउने जस्ता बानी छैन र रोग प्रतिरक्षा प्रणाली राम्रो छ भने common cold virus ले खासै दुःख दिँदैन ।

• Flu चाहिँ Influenza virus को कारणले लाग्छ । यो virus को प्रकारलाई H र N नम्बर दिएर छुट्याइन्छ । जस्तै Swine Flu (H1N1), Bird Flu (H5N1) आदि । रोग प्रतिरक्षा प्रणाली कम हुनेहरू जस्तै बालबच्चा, बूढाबूढी र दीर्घ रोगीहरूको Flu ले ज्यानै पनि लिन सक्छ ।

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मणिराम महतो
प्रिन्सिपल एवम्
सप्तगण्डकी कलेज
भरतपुर

### ३. उपचार कसरी गर्ने ?

• Common cold / Flu यो Virus लाई हाम्रो शरीरको रोग प्रतिरक्षा प्रणालीले सजिलै तह लगाउन सक्ने हुनाले उक्त (रोग प्रतिरक्षा) प्रक्रियालाई सजिलो हुने व्यबहार गर्नु जरूरी हुन्छ । करिब ५ दिन आराम गर्ने, तातो पानी, Soup, तरकारीको रस आदि प्रशस्त पिउने, तातो बाफ लिने सिँगान पुच्छ्दा कपडाको रूमाल प्रयोग नगर्ने, नाक पुच्छ्ने Paper को प्रयोग गर्ने र trash can मा फाल्ने (रूमालमा ती virus हरू २४-४८ घण्टा वा बढी समय बस्न सक्छन् भने नाक पुछ्ने paper मा १५-३० मिनेट मात्रै) प्रत्येक पटक साबुन पानीले धुने Towel तातो पानीमा भिजाएर-निचोरेर गालामा र निधारमा सेक्ने, टाउको दुखे paracetamol (acetaminophen) वा ibuprofen दिनको ३-४ पटकसम्म खाने (१० वर्ष मुनिकाले यस्तो बेलामा ibuprofen खानु हुँदैन) नाक बन्द भएको छ भने नुन-पानीको spray गर्ने, यसो गर्दा पनि भएन भने फार्मेसीमा सजिलै पाइने Paracetamol वा अन्य औषधिमा मिसाएर बेचिएको हुन्छ । (यो १२ वर्ष भन्दा माथि उमेरकोले प्रयोग गर्नु पर्छ) त्यसले पनि नभए (decongestant spray (fluticasone, triamcinolone, mometasone **आदि**) किनेर दिनको २ पटकसम्म प्रयोग गर्ने, घाँटीमा खकार जमेको जस्तो भए Mguaifenesin को प्रयोग गरेर खकारलाई पातलो बनाउने, खोकीले पनि सताउने गरेको छ भने dextromethorphan लिने वा guaifenesin र dextromethorphan दुवै भएको औषधि लिने, खोकीको लागि benzonate पनि पाइन्छ तर १० वर्ष माथिको उमेरले मात्र प्रयोग गर्नु मिल्छ । यी औषधिहरूले कुनै पनि हालतमा खोकी बन्द नभएको खण्डमा डाक्टरको prescription चाहिने खालको औषधि प्रयोग गर्नु पर्ने पनि हुनसक्छ । ५ दिन कट्दा लक्षणहरू कम


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल एवम्

अर्किड साइन्स कलेज

भरतपुर

भएनन् र झन् शरीर गल्न थाल्यो भने डाक्टरकोमा जानु पर्छ ।

**Allergy (Allergic Rhinitis):** यसको लागि पहिला के को allergy हो भनेर पत्ता लगाउने TB test जस्तै allergy को skin test गर्न मिल्छ तर नेपालमा सबैतिर सजिलै उपलब्ध छ छैन मलाई थाहा भएन । कुन कुराको allergy हो भनेर पत्ता लगाएपछि सो allergy दिने कुरा (allergen) बाट पर हुन सक्यो भने कहिल्यै दुःख पाइदैन र कुनै औषधिको पनि प्रयोग गर्नु पर्दैन । सकिएन भने allergy को लक्षण हुने बित्तिकै औषधिहरू प्रयोग गर्ने र चिलाउन कम गर्न र हाँच्छ्यु कम गर्न फार्मेसीमा पाउने औषधिहरू यस प्रकार हुन्छन् । diphenhydramine (यसले अलि ज्यादा निन्द्रा जगाउन सक्छ त्यसैले राती सुत्ने बेलामा खाँदा राम्रो), cetrizine, levocetrizine, fexofenadiene, loratidine, desloratadine आदि । यी बाहेक अन्य पनि हुन्छन् ‸ जुन डाक्टरको prescription चाहिन सक्छ । नाक बन्द भए, खोकी लागे वा टाउको दुखे माथि common cold र flu मा लेखिएको औषधि प्रयोग गर्दा हुन्छ। नाकबाट सिँगान बगेको बग्यै गरेर हैरान गरेको छ भने ipratropium inhaler को स्प्रे दिनको ३-४ पटक सम्म लिने र सोही बखत घाँटी खस खस गर्ने र खोकी पनि लाग्ने गरेको छ भने azelastine स्प्रे दिनको दुई पटक लिने । कसै कसैलाई Allergic Rhinitis बनाउने allergen ले Asthma पनि ब्युँझाइदिने हुन्छ। यस्ता व्यक्तिले श्वासनली खोल्ने inhaler (जस्तैः albuterol) साथमा राख्नुपर्छ र दिनको ५-६ पटक सम्म प्रयोग गर्नुपर्ने हुनसक्छ ।

**४. चिसोको allergy छ । यसबाट कसरी छुटकरा पाउने हो ?**

- मलाई प्रश्न सोध्नेहरू मध्ये धेरैले चिसोको allergy छ भन्नुभो । तापक्रम चिसोको allergy निकै भन्दा पनि निकै कमलाई मात्र हुने गर्छ । चिसोको allergy छ छैन भनेर पत्ता लगाउन एउटा सजिलो उपाय छ । सानो ice को टुक्रा लिनुस् र शरीरको कुनै भागमा २ मिनेट राख्नुस् । यदि ice राखेको भाग सुन्निएर रातो भएर फुलेर आयो भने तँपाईलाई चिसोको allergy छ, नत्र छैन । बरू तपाइँलाई चिसो मौसममा मात्र अलि बढी सक्रिय हुने अन्य कुराले दुःख दिएको होला वा कुनै खाने कुरा वा चिसो तापक्रम हुने कुरा जस्तै ice cream **आदिको** sensitivity मात्र भएको होला जसलाई vasomotor rhinitis भनिन्छ वा ती खानाहरूले नभई ती खाना राम्रोसँग store गरेर नराख्नाले त्यसमा भएको जीवाणुहरूको आक्रमण भै रोग प्रतिरक्षा प्रणाली अलि सक्रिय हुँदा भएको असर मात्र होला । कारण अन्य पनि हुन सक्छन् । यदि चिसोको allergy नै हो भने न्यानो कपडा लगाउने, तातो पानीले मात्र हात मुख धुने नुहाउने यो समस्या धेरैको केही सालमा आफैँ कम हुँदै जान्छ । कारण जे भएपनि यदि निकै समस्यामा पारेको छ भने लक्षण अनुसारको allergy को लागि माथि भनिएको जुनसुकै औषधि प्रयोग गर्दा हुन्छ।

**५. रूघा (common cold वा flu) लाग्नै नदिन के गर्ने ?**

हातका औँलाले नाक मुखमा वा अनुहारमा नछुने, बरू मुख पुछ्ने paper को प्रयोग गर्ने,बाहिर निस्कदा (खासगरी रूघा खोकी लाग्ने मौसममा) mask लगाएर निस्कने सार्वजनिक स्थलका सामानहरू जस्तै ढोका, बेन्च आदि छोएपछि साबुन पानीले हात धुने ,फोहोरो र धुँवा धुलो ठाउँबाट पर बस्ने, चुरोट पिउने बानी हटाउने, दैनिक शारीरिक ब्यायाम गर्ने, दिनहुँ प्रशस्त फलफूल र हरियो तरकारी खाने ।

# शुभकामना

**सुनिता आचार्य घिमिरे**
भू.पू. विद्यार्थी
भू.शि. मिलिजुली प्रा.वि.

धन्यवाद छ भीमसेन ज्ञानको ज्योति छर्‍यो
समाजमा भएका अवरोध सबैका सेवा अति गर्‍यो ।

वीजारोपण गरी हुर्कियौ तिमी पञ्चायत कै पालामा
त्यसपछि फल दियौ दुई हजार छब्बीस सालमा ।

थुप्रै दु:ख कष्ट सहँदै आलोक सबैलाई दियौ
अज्ञानका धब्बाहरू मेटाउँदै तिमी अगाडि आयौ ।

देऊ बरदान हामीलाई भीमसेन माता भई
गाउँ, समाज अनि राष्ट्रलाई चिनाऔँ अगाडि गई ।

शिक्षाको ज्योतिलाई चुलीमा पुर्‍याउन
खेलायौ ज्ञानचक्षु हाम्रा असल बाटो पहिल्याउन ।

दिदै छु शुभकामना स्वर्ण महोत्वसवको नाउँमा
निरन्तर प्रगतिपथमा रह तिमी भीमसेनको गाउँमा ।

पूरा होऊन् तिम्रा आकाङ्क्षाहरू असल नागरिक गराउने
सफल रहून्, तिम्रा कार्यहरू कर्णधार बनाउने ।

यही छ मेरो तिमीलाई प्रगति रहोस् कामना
२०७६ सालको भीसमेन तिमीलाई शुभकामना ।

# लोकतन्त्र

**पूर्णस्वर आचार्य**
देवचुली-०८, आँपटारी

सबैभन्दा दायाँ बायाँ लोकतन्त्र आयो
गरीब दु:खी जनतामा न्यानो माया छायो ।

कुन लक्ष्य हो लोकतन्त्रको अल्झ्यो किन फेरी
आश्चर्यको मुद्रामा छिन् धर्तीमाता हेरी ।

कुर्चीको लागि तछाड मछाड नेताहरूको चाला
सुनकोशी र भोटेकोशी फेरि पनि जाला ।

लोकतन्त्रमा झुठो नाम बेच्छौ नेता किन
गरीब दु:खी जनताको आउँछ कहिले दिन ।

देशभरि अशान्ति भो मनमा पनि डर
महंगीको कुरा छाडौं तलबमा पनि कर ।

गाँजा चरेस, हिरोइनले देश बनायो धराप
बुद्ध, शिव, भृकुटीले दिए कि त श्राप ।

राणा प्रजा, पञ्च, बहुदल लोकतन्त्र अहिले
निमुखा र असहायले न्याय पाउने कहिले ।

# हाम्रो स्वास्थ्य सम्बन्धी केही जानकारी



**जयसौर भुसाल**
सि.अ.हे.व. अधिकृत चोरमारा प्रा.स्वा. केन्द्र नवलपुर
पूर्व विद्यार्थी

## क) मुटुका केही प्रमुख रोगहरू बारे बुझौं

### १. जन्मजात मुटुका रोगहरू (Congenital heavt sisease)

आमाको गर्भभित्र शिशुको विकास हुँदै जाँदा मुटुको निर्माणको समयमा भएमा एक वा सो भन्दा बढी विकृतिहरू सहितको मुटुको निर्माण हुन्छ र शिशुले जन्म लिँदा यस्ता विकृतिहरू सहितको मुटु लिएर ऊ जन्मिन्छ। आमाको गर्भमा ३ महिना पुग्दा नपुग्दै मुटुको निर्माण भैसकेको हुन्छ। गर्भको शिशुको लम्बाई ३-४ इन्चको हुँदै मा मुटुको निर्माण भैसकेको हुन्छ। अतः गर्भमा शिशुको विकासको प्रथम ३ महिनाको अवधिभित्र यदि कुनै कारणहरूले मुटुको विकासमा गडबडी उत्पन्न भएमा यसले शिशुलाई मुटुमा यस्ता विकृति देखा पर्न सक्दछन् भन्ने कुरा पूर्ण रूपले जानकारीमा नआएको भए पनि यसबारे केही तथ्यहरू पत्ता लागेका छन्। गर्भधारण गरेको समयमा कुनै प्रकृति भएको रोग लाग्यो भने यसले शिशुको निर्माण भैरहेको मुटुमा विकृति उत्पन्न गराउन सक्दछ। यस्तै प्रकारले गर्भधारण गरेको ३ महिना भित्रको अवधिमा महिलाले गर्भका लागि असुरक्षित मानिएका औषधीहरूको सेवन गरेमा, अत्यधिक धूमपान र मद्यपान गरेमा, शरीरमा एक्सरेको विकिरण परेमा आदि अवस्थाहरूमा मुटु निर्माणमा गडबडी भई विकृत मुटुको निर्माण हुनसक्दछ। गर्भवती महिलाहरूको भोजनले पनि विशेष महत्त्व राख्दछ। भोजनमा भिटामिन र अन्य आवश्यक पोषण तत्त्वहरूको कमी भएमा पनि गर्भिणी महिलाहरूले त्रुटिपूर्ण विकास भएका शिशुहरूलाई जन्म दिन्छन् कहिले काँहि एउटै परिवारका सहोदर भाइ बहिनीहरूमा पनि मुटु सम्बन्धी जन्मजात विकृतिहरू देखिन सक्दछन्। यस्तो हुनमा वंशाणुगत रोग (Genefie Defeet) रहेको हुन्छ।

**प्रमुख जन्मजात मुटुका रोगहरूः-**

शिशु निलो हुने (Acyanotic)

a) Atrial septal Defect (ASD) मुटुको माथिल्लो साना कोष्टहरू छुट्याउने भित्तामा प्वाल हुने।
b) Ventriculav septal Defect (USD) मुटुको तल्लो ठूलो कोष्टहरू छुट्याउने भित्तामा प्वाल हुने।
c) Patent Ductus Avteriousus (PDA) ठूलो रगतनलीहरू बीच असामान्य सम्बन्ध हुने।
d) Coarctation of Aorta (ठूलो रक्तनली साँघुरिने)

**शिशु निलो हुने (Cyanotic)**

i) Tetvalogy of fallot (TOF) मुटुमा प्वाल हुने, भल्भको पूर्व विकास नहुने लगायतका २ भन्दा बढी त्रुटिहरू।

* **जन्मजात मुटु रोगका लक्षणहरूः**

क) नवजात शिशुको जिब्रो ओठ, र औलाहरू निलो हुने (Cyarosis)

ख) औलाका टुप्पाहरू बाक्ला र चाम्ला हुने (Clubbing)

ग) मुटु हल्लिने (palpitation)

घ) दम बढ्ने (Dysproca)

ङ) बारम्बार नवजात शिशुलाई रूघा खोकीले सताई राख्ने

च) शिशुको उमेर अनुसारको शारीरिक विकास नहुने ।

छ) निधारमा पसिना आउने ।

कसरी पहिचान गर्ने/निदान /Diagnosis) मुटुको भिडियो (इको कार्डियोग्राफी) परीक्षण गरेपछि यो रोग भएको वा नभएको पक्का गर्न सकिन्छ ।

उपचार

यसको एक मात्र विकल्प जन्मजात मुटुको रोगको शल्यक्रियाद्वारा उपचार गर्न सकिन्छ । प्वाल परेका मुटुलाई प्वाल टालेर पूर्ण ठिक बनाउन सकिन्छ ।

## २) बाथ ज्वरो र बाथ मुटुको रोग

**Rheumafic fever and Rheumaxic Health disease)**

परिचयः- मुटुका धेरै रोगहरू मध्ये बाथ ज्वरो र बाथ मुटुको रोग एक खतरनाक रोग हो । यो रोगले विशेषगरी बालबालिका र युवाहरूलाई प्रभाव पार्दछ । हाम्रो र अन्य अविकसित देशहरूमा बाथ ज्वरो र बाथ मुटुको रोगका कारण वर्षेनी धेरै बाल बालिकाहरूले अकालमै ज्यान गुमाई रहेका छन् । नेपालमा यो रोग १००० बालबालिका मध्ये २/३ जनालाई भएको पाइन्छ ।

गरीबी चिसो र गुम्सिएको ठाउँमा बस्ने बालबालिकाहरूलाई यो रोग बढी भएको पाइन्छ । यसै गरी सहरमा भन्दा गाउँघरमा यो रोग बढी भएको पाईन्छ । यो रोग लाग्दा शुरूमा घाँटी दुख्ने हुन्छ केही दिन भित्र जोर्नीहरू दुख्ने र साथमा ज्वरो आउने हुन्छ पछि गएर मुटुको भल्भहरू खराब भएर जान्छन् ।

### बाथ ज्वरो र बाथ मुटुको रोग के हो ?

३ देखि १५ वर्षको कलिलो उमेरमा बारम्बार घाँटी दुख्ने हुनसक्दछ । घाँटी दुख्ने गरेका केटाकेटीहरूलाई घाँटी दुखेको १-४ हप्ता भित्र एक किसिमको ज्वरो आउन सक्दछ यो ज्वरो आउँदा एकपछि अर्को गरी हात खुट्टाका ठूलो जोर्नीहरू देख्ने र सुन्निने हुन्छन् । यसरी जोर्नीहरू प्रभावित् हुने ज्वरोलाई बाथ ज्वरो भनिन्छ ।

यस ज्वरोको कारणले पछि गएर ५०% भन्दा बढी बालबालिकाहरूको मुटुको भल्भहरू खराब हुने रोग लाग्दछ, यसलाई बाथ मुटुको रोग भनिन्छ ।

**बाथ ज्वरोका कारणहरूः**

क) यो रोग सुरूमा किटाणुको कारणबाट हुने गर्दछ ।

ख) किटाणु 'विटा हेमोलाईटिक स्ट्रेप्टोकोकस ग्रुप ए' हो ।

४. लक्षणहरू १) शुरूमा घाँटी दुख्ने र ज्वरो आउने हुन्छ । (Phavyangitais)

२) ५-६ दिनमा आफैँ घाँटी ठिक हुन्छ।

३) Arthritis ४) Cardifis

५) Subcutaneous nodules

६) Evytrema marginatum ७) Chovea.

यस रोगको पहिचान कसरी गर्ने -

१) मुटुको भिडियो Echocaridography) गर्नुपर्छ ।
२) ई.सी.जी Electrocardiography)
३) रगतको जाँच (ASOT / CPR) गर्नु पर्छ)

**बाथ मुटु रोगका खतरनाक परिणामहरू के हुन् ?**

१) मुटुको धड्कन गडबड हुने (Atrial Fibrtillation)
२) हार्टफेल हुने (Iteart Failure)
३) भल्बमा जीवाणुको संक्रमण हुने (Intcugive Endocarditis)
४) मस्तिष्कघात (Stroeke) हुने

**उपचार**

१) पेनिसिलिनको सुई लामो समय प्रयोग गर्नुपर्छ ।
२) मुटुको अप्रेसन गरी उपचार गरिन्छ ।

३. उच्च रक्तचाप (Ity pretension)

उच्च रक्तचाप आजको युगको, मृत्युको प्रमुख कारणहरू मध्ये एक हो । धेरै जस्तो अवस्थामा यो रोग आधुनिक सभ्यता र औद्योगिकरणद्वारा पीडित मानसिक तनाव र जीवनशैलीमा परिवर्तनको नतिजा हो । उच्च रक्तचाप एक खतरनाक रोग हो । नेपालमा यो रोग दिन प्रतिदिन बढ्दै गइरहेको छ । विभिन्न सर्वेक्षण अनुसार १०-३०% जनता (१८ वर्ष माथि) लाई उच्च रक्तचाप भएको फेला परेको छ । यसले कुनै लक्षण नदेखाइकन प्रमुख अंगहरू मुटु, मृगौला, आँखा, दिमाग आदिलाई यस क्रमशः खतम पार्दै लगेर बिरामीलाई मृत्युको मुखमा पुऱ्याउँदछ । यस कारण उच्च रक्तचापलाई सुषुप्त हत्यारा (साइलेन्ट किलर) को संज्ञा दिइएको छ ।

- रक्तचाप के हो ?

शरीरमा रक्तसंख्याको लागि मुटुले एउटा पम्पको काम गर्दछ । मुटु खुम्चँदा शरीरको विभिन्न अङ्गमा सफा रक्तसञ्चार प्रवाह हुन्छभने मुटु फुक्दा शरीरका विभिन्न अङ्गहरूबाट प्रदूषित रगत मुटुमा जम्मा हुन आउँदछ । यो खुम्चने र फुक्ने प्रकृयालाई क्रमशः सिस्टोलक र डायस्टोल भनिन्छ । रक्तसञ्चार हुँदा रक्तनलीमा उत्पन्न हुने चापलाई रक्तचाप भनिन्छ । स्वस्थ्य मानिसमा सिस्टोलिक रक्तचाप ९०-१३०mm सम्म डायस्टोलिक रक्तचाप ६०-८०mm सम्म हुन्छ। फरक फरक समय अनुसार यो मापन पनि फरक आउन सक्दछ हातको पाखुरामा बायाँमा भन्दा दायाँमा केही बढी पाइन्छ ।

**उच्च रक्तचाप के हो ?**

मानिसको शरीरमा सिस्टोलिक रक्तचाप १४० mmhg वा सो भन्दा बढी भएमा र डायस्टोलिक रक्तचाप ९० mm hg वा सो भन्दा बढी भएमा यस्ता व्यक्तिहरूलाई उच्च रक्तचाप भएको मानिन्छ । सिस्टोलिक रक्तचाप १२० देखि १३९ mm of hg सम्म एवम् डायस्टोमिक ८०-८९ सम्मका व्यक्तिहरूलाई उच्च रक्तचाप हुने प्रवल सम्भावना हुन्छ।

**उच्च रक्तचापका कारणहरू**

१. मानसिक तनाव
२. वंशाणुगत गुण
३. मोटोपन
४. अत्यधिक नुन सेवन
५. रक्तनलीहरूमा कडापन आउनु

**उच्च रक्तचापका लक्षणहरू**

१. टाउको दुख्नु र चक्कर लाग्नु

२. छाती दुख्नु
३. दाँत दुख्नु
४) नाथ्रो फुट्नु (नाकबाट रगत आउनु)

**उच्च रक्तचापका खतरनाक परिणामहरू**

१) हृदयघात (Heart Attack)
२) पक्षघात (pavalycis)
३) मृगौलाघात (kidrey failure)
४) दृष्टिघात (Bhindness)

**उच्च रक्तचापको निदानः** मेसिनले पाखुरामा रक्तचाप नाप्ने नै हो । यदि देखिएमा ई.सी.जी., XRAY, मुटुको भिडियो, पेटको भिडियो, रगत, पिसाब परिक्षण गराउनु पर्छ ।

उच्च रक्तचापको उपाय

आहारमा नियन्त्रण, (नुन, चिल्लो कम खाने) नियमित व्यायाम, धूमपान त्याग, शारीरिक तौल, बढी भएमा घटाउने मानसिक तनाव मुक्ति योग अभ्यास, विविध जीवनशैली परिवर्तन प्रद्धतिबाट पनि नियन्त्रण गर्न सकिन्छ । यदि यसो गर्दा सन्तुलनमा नआए औषधीको सेवन नियमित गर्नुपर्छ ।

## ४) हृदय घात (Heart Attack)

मुटुको रोगहरू मध्ये सबै भन्दा खतरनाक रोग हृदयघात हो । सबैभन्दा धेरै संख्यामा मानिसहरूको मृत्यु हुने रोग हृदयघात हो । विश्वमा हुने मानव मृत्युको २५-३५% कारण हृदयघात हो । यो विश्वकै हत्यारा नं १ हो । हृदयघात कोरोनरी मुटुको रोगको एउटा रूप हो ।

## हृदयघात कसरी हुन्छ?

विभिन्न कारणबाट रक्तनलीहरूमा बोसो मात्र बढ्दै जानु जसले गर्दा विभिन्न मांशपेसीहरूमा ग्लुकोज र अक्सिजनको अभाव हुनपुग्छ । पछि कोरोनरी रक्तनलीहरू कारणवस पूरै बन्द भएको खण्डमा रगत प्रवाह पूर्णरूपले बन्द हुन्छ र ऊर्जाको आपूर्ति पनि पूरै बन्द हुन्छ। ग्लुकोज र अक्सिजन नपुगेपछि मुटुको मांशापेशीको केही भाग क्षतिग्रस्त हुन्छ। र यो क्रम लम्बिँदा मांसापेशी मर्दछ र यसले काम गर्न छाड्दछ । यो अवस्थालाई हृदयघात भएको भनिन्छ । हृदयघात हुँदा कोरोनरी रक्तनली जुन ठाउँमा साघुँरिएको हुन्छ त्यहाँ सानो चिरा पर्छ, अनि रगतको (थेग्रा) सेल बन्छ जसको आकार ठूलो हुँदै गएर रक्तनलीलाई पूरै बन्द गरिदिन्छ ।

**कोरोनरी मुटुको रोगका कारक तत्त्वहरू**

१) उच्च रक्तचाप
२) मधुमेह
३) धूमपान
४) उच्च रक्तकोलेस्ट्रोल
५) बढ्दो उमेर (पुरूष ४५ वर्ष र महिला ५५ वर्ष वा महिनावारी बन्द भएपछि)
६) वंशाणुगत कारण,
७) मोटोपन
८) व्यायामको कमी
९) मानसिक तनाव आदि।

**हृदयघातका लक्षणहरूः**

१) छातीको बीच भागमा धेरै पीडा हुनु प्रथम लक्षण हो ।
२) छातीको पीडाको समयमा वाक्वाकी लाग्ने र उल्टी हुने ।
३) चक्कर लाग्ने
४) खलखली पसिना आउने ।
५) मृत्युको त्राश उत्पन्न हुने ।
६) सास नपुगेको जस्तो भइ निसासिने र दम बढ्ने ।

हृदयघात पत्ता लगाउने तरिका (Diagnofis)/ निदान)

यसको लागि E.C.G. परीक्षण रगतको परीक्षण गर्नुपर्छ । हृदयघातको उपचार औषधी डिस्टएन्जियोप्लास्टीबाट खोज्न सकियो भने मुटुलाई बचाउन सकिन्छ।

**हृदयघातबाट बच्ने उपायहरू के के छन् ?**

१) नुन, चिल्लो, र कोलेस्ट्रोल कम भएको खाना खाने,
२) हरियो सागपात, गेडागुडी र फलफूल बढी भएको अनार नियमित खाने,
३) नियमित व्यायाम गर्ने,
४) धूमपान, मध्यपान त्याग्नु पर्छ ।
५) शारीरिक तौल नियन्त्रण गर्ने ।
६) उच्च रक्तचाप, कोलेस्ट्रोल, र मधुमेह नियन्त्रण गर्नुपर्छ ।
७) मानसिक तनावबाट मुक्त हुन पर्छ ।
८) स्वस्थ्य जीवनशैली अपनाउँदै जानुपर्छ ।

हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सन्नी अन्सारी
प्रोप्राइटर

पशुपति अफसेट प्रेस
देवचुली, नवलपुर

# छ मुक्तकहरु



**कृष्णादेवी शर्मा (श्रेष्ठ)**
अध्यक्ष, नारी साहित्य समाज, नवलपुर

सधैं तिम्रो सम्झनामा बाँचेकी छु तड्पिएर
दु:ख ढाकी सुखी बन्दै हाँसेकी छु तड्पिएर
मनभरी लुकाएर अनगिन्ती पीडाहरू
सन्सारी रगमञ्चमा" नाचेकी छु तड्पिएर ।

विना धारको भालुभुत्ते तरवारको के काम
वैमनस्यताले ग्रस्त घरबारको के काम ?
जनताको दमन र शोषणमा मात्र जुटेको
अदूरदर्शी, भ्रष्टाचारी सरकारको के काम?

भारी नै छ पीडाको त बिसाउने ठाउँ छैन
बोकेकी छु बल्लतल्ल टिठाउने ठाउँ छैन
कति लागे आफ्नो बाटो भएका ती दुरै छन्
त्यसैले त दुख्छ मन मिसाउने ठाउँ छैन ।

चिल्ला-चाप्ला कुरा गर्छन् काम शून्य भयो
आज -भोलि भन्दा भन्दै वर्षै बिती गयो
न्याय भयो जनतालाई आकासमा थुक्नु
संघीयता लोकतन्त्र नाम मात्र रह्यो ।

हत्या हिंसा बलात्कार बढयो दिन-दिन
विकासको पूर्वाधार छैन क्यै नवीन
चारैतर्फ भ्रष्टाचारी तन्त्र मौलाएको
सोच्ने बेला आयो मौन रही एकै छिन ।

शिर नढाक्ने फेटाको काम छैन
दाइजो खोज्ने केटाको काम छैन
जो राष्ट्रमोह नभै राजनीति गर्छ
त्यो भ्रष्टाचारी नेताको काम छैन ।

# बलभन्दा बुद्धि ठूलो

**पुरूषोत्तम न्यौपाने**
कक्षा: ६

धेरै वर्ष अगाडिको कुरा हो । कुनै एउटा दुर्गम गाउँमा फुर्पु र रेन्जेन भन्ने युवाहरू थिए । त्यस गाउँका फुर्पु र रेन्जेन एकदम मिल्ने साथी थिए । ती दुबै युवाहरू बेरोजगार भएर बरालिएर हिडेने अवस्था थियो । गाउँका अन्य युवाहरू पनि बेरोजगारी थिए । एक दिन फुर्पु र रेन्जेनले कामको बारेमा सल्लाह गरे । उनीहरू कामको खोजीमा हिडेँ । उनीहरू कामको खोजीमा जाने क्रममा उनीहरू एउटा सानो बजारमा पुगे । त्यस बजारमा उनीहरूले कुनै काम नपाएपछि सडकको छेउमा बसेर एकदम दु:खी अनुहारले एउटा हिंड्दै गरेको मानिसलाई सोधे "दाइ तपाईंको घरमा कुनै काम छ होला ?" त्यसपछि त्यस मानिसले जवाफ दियो "काम त छ तर त्यो काम तिमीहरूले पक्कै गर्दैनौं ।" त्यसपछि फुर्पु र रेन्जेनले भने "हामीहरूले जे काम भएपनि गर्छौं दाइ" । त्यती भनिसकेपछि उनीहरूले एउटा काठको गोदाममा काठ बोक्ने काम पाए । महिना बित्यो । दिन बित्दै गए । काम गर्ने क्रममा फुर्पुले धेरै काठ बोक्यो तर रेन्जेनले भने दिनमा एउटा दुईवटा मात्र काठ बोक्न सक्दथ्यो । त्यसको कारण के थियो भने फुर्पु मोटोघाटो थियो तर रेन्जेन भने सानै मा उसको आमा बितेकोले ऊ अलि दुब्लो र ख्याउटे थियो ।

रेन्जेनले काठ बोक्न नसकेको देखेर फुर्पुले उसको खिसी गऱ्यो । त्यसले गर्दा रेन्जेनको मन दुख्यो । उसले धेरै काठ बोक्न सक्ने उपाय सोच्यो । उपाय सोच्दै गर्दा उसले एउटा नदी देख्यो । नदीको किनारमा एउटा माझीको घर थियो । उसलाई अब काठ बोक्न दु:ख भएन । उसले अब काठलाई कसेर बाँध्यो र काठ पानीमा बग्न थाल्यो । त्यसपछि रेन्जेनले काठलाई तानेर माझीको घरमा ल्यायो। त्यस दिन उसले सबै काठलाई माझीको घरमा सुकायो । रेन्जेनले त्यस दिन एउटा पनि काठ गोदाममा ल्याउन सकेन किनभने सबै काठ भिजेको कारणले सुकाउनु थियो । रेन्जेनले यो कुरा फुर्पुलाई भनेन । त्यसदिन रेन्जेनले एउटा पनि काठ गोदाममा ल्याउन नसकेको देखेर फुर्पुले उसको झन् खिसी गऱ्यो । रेन्जेनले अर्को दिन पनि त्यसै गऱ्यो र दिनमा छ - छ वटा काठ गोदाममा ल्यायो । त्यस्तै गर्दा ६ महिना बित्यो । साहुले ज्याला दिन आफ्नो घरमा बोलायो । फुर्पुले जम्मा ४ हजार पायो तर रेन्जेनले भने ९ हजार पायो । यो देखेर फुर्पु छक्क पऱ्यो । त्यसपछि उनीहरू घर फर्के । घर फर्कदै गर्दा फुर्पुले रेन्जेनलाई भन्यो "तिमीले कहाँबाट पायौ यति धेरै पैसा"? रेन्जेनले फुर्पुलाई सबै कुरा बतायो त्यसपछि फुर्पुले भन्यो "बलभन्दा बुद्धि ठूलो" भनेकी थिइन् आमाले साँच्चै हो रहेछ ।

# भगवान्

**आदर्श भुसाल**
कक्षा-९

सन्ते कामी पण्डित घनश्याम गुरूभन्दा कम धार्मिक थिएन । क-ख नपढे पनि अनुभवको विद्वान् थियो ऊ । एकदिन सन्ते कामी पशुपतिनाथ भगवान् को दर्शन गर्न काठमाण्डौ आयो । बसपार्कबाट ओर्लदा खर्चको लागि ल्याएको पैसा चोरियो । भोको सन्तेलाई एक गिलाससम्म चिया खान दिने कोही भएन । पशुपतिनाथमा जसोतसो भोकले मरणासन्न बनेर भौतारियो सन्ते कामी, बाटामा सयौं भिखारीसँग माग्न बस्यो । दिनभरिमा एक रूपैंया पनि नपाएपछि उसले शङ्का गऱ्यो "पशुपतिनाथ मन्दिरमा पनि देवता छैनन् कि कसो हो ?" भोकले र काठमाण्डौ को जाडोले सन्तेलाई बस्न सुत्न दिएन । सन्ते शिव भजनको सुमधुर गीत सङ्गीत छाडेर कतै होटलमा भाँडा माझ्ने भए पनि एक पेट खान भौतारिँदै हिँड्यो । एउटा रेष्टुरेन्ट अगाडि सन्ते उभियो । रेष्टुरेन्टमा गीत घन्कदै थियो । भित्रबाट राम्ररी खुट्टाले भुइँ टेक्न नसकेको मान्छे आयो । घनश्याम पण्डितको छोरालाई एक्कासि देख्दा सन्ते अल्मलियो । "म बिखर्ची भएँ राजा बिहानदेखि केही खान पाएको छैन ।" तैले बियर पनि खान पाइनस् ? हिक्क-हिक्क सन्ते-"एक गाँस पनि खान पाएको छैन हजुर, ला खा भोड्का खा उसले पचास रूपैंयाको नोट निकालेर दियो । सन्तेले निष्कर्ष निकाल्यो, "मन्दिरमा भन्दा भगवान् त बरू भट्टीमा पो हुँदा रहेछन् आजकल ए, भगवान् ! पनि यता सरेछन् अचेल !"

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

वीरेन्द्र सुनार
प्रोप्राइटर
मो. ९८४७०५४३३४

झरना सुनचाँदी पसल
देवचुली-१५, दलदले बजार, नवलपुर

# आमा

**दीपा वि.क.**
कक्षा: १० 'ग'

दिनमा घाम लाग्छ अनि तारा जून
संसारमा सबैभन्दा ठूलो आमा नै त हुन् ।

बिरामी हुँदा पनि हाम्रो ख्याल राख्ने
अस्पताल नभए त देवी देउता भाक्ने ।

कसले भन्न सक्छ आमाले कति माया गर्छिन्
जति दुःख परे पनि हाम्रो पेट भर्छिन् ।

यति माया गर्ने आमालाई गर्नुहुन्न घृणा
फेरि पछि हाम्ले पाउँछौ दुःख र पीडा ।

परे हाम्रा लागि तयार साथी बन्न पनि
आमालाई खुसी राखौँ राम्रो मान्छे बनी ।

बिराउँछन् की बाटो भनि सम्झाउछिन् उनले
कुनै बाटो पनि रहेन उनको गुनले ।

आमाको नै छहारीमा हुर्किएको जुनी
उनकै औला समाई हिड्न सिकेको त हुँनी ।

आमा प्रकृतिको माया हाम्ले कहिल्यै मार्नु हुन्न
आकासबाट भए पनि भुँइमा झार्न हुन्न ।

हामीलाई आमासँग उठे धेरै रिस
हामीलाई लाग्छ है पापको विष ।

# गजल

**सुरेन्द्र रिजाल**

इतिहासमा अमर हुने काम गरेस् है नानी ।
सधैं सधैं उन्नति पथमा अघि बढेस् है नानी ॥

जोश चाँहिदा जोश निकाल्नु, कर्म चाँहिदा कर्म ।
जिन्दगीमा कहिल्यै नखानु हरेस् है नानी ॥

नेपाली र नेपालको शिर उचो पार्न ।
जून छुन माथि-माथि चढेस् है नानी ॥

दुःख कष्ट भोग्ने ती निरीहलाई मूक्ति दिन ।
पहाड झैं अटल बनी अडेस् है नानी ॥

सिंगारेर बनाउन स्वर्ग जस्तै सुन्दर देश ।
सुन-चाँदी हीरामोति जडेस् है नानी ॥

# "भविष्य खोज्दै"

**ताराप्रसाद सापकोटा**

डरलाग्दो हुरी झैँ आँधी बेहरीको साथमा लर्खराउँदै लर्खराउँदै यी पुराना हात्ती छाप चप्पलमा सजिएका पदचापहरू थुप्रै असजिला परिवेशमा चटकेको खेलमा जस्तै रमाइरहेछ। अत्यास लाग्दा अर्थहीन जीवनका अप्ठ्यारा प्रश्नहरू टुटेफुटेका धमिलिएका उत्तरहरू तछाड मछाड गर्दै हुँइकिरहेछन् । अन्तर हृदयका बेदनाका यी हिमशिखर झैँ ठिङ्ग उभिएका पर्खालहरू सँगसँगै सिँगौरी खेल्दै च्यातिएको टोपी तुना चुँडेको दौरा अनि जाली परेको कछाडमा एउटा रहरलाग्दो भविष्य खोजिरहेछ खोजिरहेछ धुँइधुइति खोजिरहेछ ।

# मित्रता

**निर्मला काफ्ले**
शिक्षक



मित्रता दुई वा अधिक व्यक्तिहरूबीच पारस्परिक लगावको सम्बन्ध हो । जब दुई हृदय एक अर्काप्रति साँचो आत्मियताले भरिएका हुन्छन् त्यस्तो सम्बन्धलाई मित्रता भनिन्छ । मित्रता संगठन भन्दा पनि अधिक सशक्त अन्तर्वैयक्तिक बन्धन हो । मित्रता यस्तो सम्बन्ध हो जसको चुनाब गर्न सकिन्छ ।

यद्यपि मित्रताका धेरै रूप हुन्छन् तथापि केही साझा विशेषता सबै प्रकारका मित्रतामा देख्न सकिन्छ । जस्तो कि विश्वास, सुखद् साथ, आशक्ति, संवेदना, समानुभूति, इमानदारी परोपकारिता, करूणा, क्षमा, गल्ती गर्दा मित्रसितको निर्भयता आदि । कस्ता व्यक्तिहरू मित्र बन्न सक्छन् त्यसको कुनै व्यवहारिक सीमा हुँदैन । प्रायः एउटै क्षेत्रसँग सम्बद्ध व्यक्तिहरूबीच मित्रता देख्न सकिन्छ ।

मित्रताको आवश्यकता हरेक आयु वर्गमा पर्छ यो हाम्रो स्वभाविक प्रवृत्ति हो । साना बच्चाहरूले तीब्र गतिमा मित्रता विकसित गर्छन् र आफ्ना साथीसँग रमाउँछन्, खेल्छन्, सिक्दछन् । मित्रले उचित विकास र प्रगतिमा सहयोग गर्छन् । किशोरावस्थामा हामीमा थुप्रै भावनात्मक शारीरिक र मानसिक बदलाव हुन्छन् जुन हामी आफ्ना बुबा आमा र परिवारका अन्य सदस्यसँग चर्चा गर्न सक्दैनौं तर साथीहरूसँग साझा गर्न सहज महसुस गर्छौं । युवा र वृद्धावस्थामा पनि मित्रहरूले जीवनलाई ऊर्जावान् बनाउन, उमंग थप्न, सजीवता ल्याउन, सुख-दुःख साटासाट गर्न, समस्या हल गर्न, आनन्दित बनाउन सहयोग गर्छन् । यो सम्बन्धले ओइलिएको मनलाई पनि प्रफुल्लित बनाइदिन्छ । मित्रताको सम्बन्ध सबैलाई प्रिय हुन्छ ।

किशोरावस्था जीवनको संवेदनशील अवस्था हो । यो उमेर समूहका व्यक्तिहरूलाई आमा बुबा, परिवार, शिक्षक, शुभचिन्तकको सल्लाह, परामर्श, दिशा निर्देशनले भन्दा पनि मित्रहरूको आचरण, व्यवहार आनिबानीले धेरै आकर्षित गरिरहेको हुन्छ र यस उमेरमा परेको साथीहरूको छापले जीवनपर्यन्त पिछा गरिरहन्छ । किशोरावस्थामा मित्र चयनको जटिलतालाई सरल बनाउन आमा बुबा, आफन्त र शुभचिन्तकहरूको सहयोगको आवश्यकता पर्दछ ।

असल मित्रले आफ्ना सबै कुरा साझा

गर्छ, केही लुकाउँदैन, निन्दा गर्दैन, होच्याउँदैन, व्यर्थ बहस गर्दैन, तपाईको कुरा सुन्छ, तपाईको सफलतामा खुशी हुन्छ, प्रोत्साहित गर्छ, उचित सल्लाह दिन्छ, उपहास गर्दैन, तपाईँको अप्ठ्यारालाई बुझ्छ, समाधानमा सहयोग गर्छ । असल मित्र पाउनु सौभाग्यको कुरा हो । असल मित्रहरूले हामीलाई उचाइमा पुऱ्याउन सहयोग गर्छन् भने खराब मित्रले खराब बनाएर छोड्छन् । किशोरावस्थामा कुसँगतको जरो भयानक हुन्छ । खराब साथीको सँगतमा परेर किशोरकिशोरीहरू सूर्ती, चुरोट, मादक पदार्थ, लागूपदार्थ सेवन, चोरी, डकैती, लडाइ झगडा, ग्याङ्ग फाइट जस्ता असामाजिक कार्यतिर उन्मुख हुन्छन् र घातक परिणाम व्यहोर्न पुग्छन् । अभिभावक, शुभचिन्तकहरूको अवज्ञा गर्नु, विद्यालयमा व्यर्थ समय व्यतीत गर्नु, लेख्न पढ्न मन नलगाउनु, यताउता भौँतारिनु, नियम भङ्ग गर्नु अपशब्द बोल्नु कुसँगतका केही लक्षण हुन् ।

सँगै बसेर चिया खाजा खानु, सँगै घुम्नु डुल्नु, रोमाञ्चक कथा सुन्नु सुनाउनुले मात्रै मित्रता प्रमाणित गर्न सक्दैन । यो त भन्ने देखाउने भन्दा पनि महशुस गर्ने कुरा हो । लेनदेन बराबरीको सम्बन्ध मित्रता नभै व्यापार हो । यस सन्दर्भमा एक विद्वान्ले भनेका छन्- "एउटा असल मित्र राम्रो स्वास्थ्य जस्तै हो जसको महत्त्व गुमे पछि बुझिन्छ"।

"असल मित्र बनौँ, असल मित्र रोजौँ"


हार्दिक शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
शाखा कार्यालय, देवचुली, नवलपुर

# विश्वमा अन्यत्र नभएका वस्तुहरु नेपालमा

**हरि प्रसाद पाण्डे**
शिक्षक श्री बालकिरण आ.वि.

नेपाल विश्वमा एक भू-परिवेष्ठित, आर्थिकरूपले विपन्न र पहाडी मुलुक हो । विश्वको क्षेत्रफलको अनुपातमा सानो मुलुकको रूपमा चिनिए तापनि विश्वमै नपाइने अनेकौँ वस्तुहरू यहाँ छन् । जसले नेपाललाई विश्वको सामु चिनाउन ठूलो भूमिका खेलेका छन् । त्यस्ता केही विषयवस्तुबारे संक्षेपमा तल उल्लेख गरिएको छः-

**विश्वको सर्वोच्च शिखर**

- सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्लामा पर्ने ८,८४८ मि. (२९०२८ फिट) उचाइमा रहेको सगरमाथा (Mt. Everest) विश्वको सर्वोच्च शिखर हो ।

**विश्वको सर्वोच्च उचाइमा धान खेती**

- समुद्री सतहदेखि २८५० मिटरको उचाइमा जुम्ला जिल्लाको पतरासीको घुमचौर जिउलोमा गरिने "जुम्ली मार्सी" नामको धानखेती विश्वकै सर्वाधिक उचाइमा गरिने धान खेती मानिन्छ । झण्डै ४० हेक्टर क्षेत्रफलमा गरिने धान खेतीको चामल रातो हुन्छ ।

**विश्वको सर्वाधिक गहिरो गल्छी**

- म्याग्दी जिल्लाको दाना भन्ने ठाउँमा पर्ने अन्नपूर्ण हिमाल र धौलागिरी हिमालको बीचमा कालीगण्डकी नदीले बनाएको ६९६७ मिटर गहिरो गल्छीलाई विश्वको सर्वाधिक गहिरो गल्छी मानिन्छ । यो गल्छी यस अघि सबैभन्दा गहिरो गल्छी मानिएको अमेरिकाको हेल्स केन्यन भन्दा १४०८ मिटर गहिरो छ ।

**विश्वको सर्वाधिक उचाइमा रहेको ताल**

- समुन्द्र सतहबाट ४९१९ मिटर उचाइमा रहेको तिलिचो ताल विश्वको सर्वाधिक उचाइमा रहेको ताल हो । यो ताल मनाङ जिल्लामा रहेको छ ।

**विश्वको सर्वाधिक होचो उपत्यका**

- अरूण नदीको आसपासमा रहेको क्षेत्रलाई अरूण उपत्यका भनिन्छ । अरूण उपत्याकाको केन्द्रबिन्दुको रूपमा तुम्लिङटार पर्दछ । तुम्लिङटार समुद्र सतहबाट ४५७ मिटर उचाइमा रहेको छ ।

**नेपालमा मात्र पाइने च्याउ**

- ट्र्याफिना नेपालेन्सिस च्याउ, नेपालमा मात्र पाइन्छ ।

**विश्वमा सर्वाधिक संख्यामा चराहरू पाइने उपत्यका**

- नेपालमा झण्डै ८५१ प्रजातिका चराहरू पाइनेमा अरूण उपत्यका मात्रै ६०० भन्दा बढी जातिका चराहरू पाइन्छन् । यस अरूण

उपत्यकामा चराहरूको बासस्थानको लागि अत्यन्तै उमङ्गित वातावरण रहेको पाइन्छ ।

**विश्वमा सर्वाधिक उचाइमा रहेको होटल**

- सोलुखुम्बु जिल्लाको नाम्चेबजार स्थित १२७१३ फिट उचाइमा रहेको "होटल एभरेष्ट भ्यू" विश्वकै सर्वाधिक उचाइमा रहेको होटल हो ।

**विश्वमा सर्वाधिक उचाइमा रहेको बस्ती**

- डोल्पा जिल्लाको छार्का भोट र तराप गाउँमा रहेको बस्ती संसारको सबैभन्दा उच्च स्थानमा रहेको मानव बस्ती मानिन्छ ।

**विश्वमा सर्वाधिक उचाइमा रहेको वैज्ञानिक प्रयोगशाला**

- विश्वकै सर्वोच्च स्थानमा रहेको वैज्ञानिक प्रयोगशाला पूर्वी नेपालको लोबुचे भन्ने ठाउँमा छ, जसको नाम पिरामिड राखिएको छ । जसको उचाई ५०५० मि. रहेको छ ।

# मुक्तक

**- राजीव खनाल शर्मा**
**शिक्षक**

नेता नै हुँ भनुँ भने
झुटो बोल्न जानेकै छैन,
राजनीतिज्ञ हुँ भनुँ भने
भ्रष्टाचार गरेकै छैन,
कर्मचारी हुँ भनुँ भने
घुस खाएकै छैन,
किसान नै हुँ भनुँ भने
खेतबारीमा पसेकै छैन,
बिग्रेको घरको भत्केको चाला
म को हुँ आफैलाई थाहै छैन ।

# जीवन

**- राजिब खनाल**
**शिक्षक**

बितिसके बितेका घटना
सम्झेर किन आँशु झार्नु ?
बाँच्नु छ यो जीवन दुई दिनको लागि
रोएर किन आँशु झार्नु ?
रिस राग त्यागी मिली बसौँ
हाँसेर बिताऊ यो जीवन
सुख त जीवनको पाहुना हो
दुःख त जीवनको साथी हो ।
सुःख र दुःखलाई साक्षी मानेर
बिताउनुर्छ यो जीवन हाँसेर ।
भविष्यमा के गर्ने?
अरू रोए पनि नेपालकी
आमालाई रून दिन्नँ म,
अरूले हतियार बोके पनि
भाइबहिनीहरूलाई बोक्न दिन्नँ म ।
दैवले सुखको मलम खोसे पनि
मेरो कलम खोस्न दिन्नँ म
आमाको मनमा आगो लागे पनि
शान्ति दिएर आगो निभाउँछु म ।
बुद्ध जन्मेको देशमा अशान्ति
आउन्न दिन्नँ म
अनाथ र गरिबको आँखामा
आँसु आउन दिन्नँ म ।

# शान्ति फैलाऔँ

अशान्ति छाइ रहेको छ नेपालमा
शान्ति फैलाउनु पर्छ नेपालमा ।
धर्तीमाताको शरीरमा
रगतको खोला बग्नबाट रोकौँ ।
त्यसका लागि हामी
हिंसा र आतङ्कलाई छोडौँ ।
मानिसले मानिसलाई मारेर के नै पाँउछ
बरू रगतको खोला बग्छ, लाशको थुप्रो बढ्छ ।
अशान्ति होइन शान्तिको बीउ छर्नेतर्फ लागौँ
अनि देश विकास गर्नेतर्फ जागौँ।

# नारी शिक्षा

**विष्णु पौडेल**
शिक्षक



पीडै पीडाले भरिएको छ नारीको मन चिन्तन
स्वतन्त्रता छ के भन्नु र बढ्दैछन् धेरै बन्धन
हिंसा व्याप्त भयो लोक नारीका अधिकारमा अने
कौं घटना घट्छन् दिनहुँ परिवारमा हत्याको
शृङ्खला बढे बलात्कार त कति कति आउने
गर्छन् महिलामाथि भएको दोष जे जति ।

नारीको दयनीय अवस्था बढ्दो गतिमा भयो
हिंसाको दुर्गन्धले देश डुङ्डुङ्ती गन्हाउने भयो
नारीलाई हेर्ने नजरको हटेन बादल खै किन
आशा गरौं फिर्नेछन् कि नारीका अब सुदिन ।

जति कुरा गरे पनि विकास र जनचेतनाका कुरा फलाके पनि हाम्रो नेपाली समाजमा नारीहरूको अवस्था दयनीय नै रहेको कुरा दिनहुँ परिवारमा, समाजमा र राष्ट्रमै घट्ने महिला हिंसा र सामाजिक अपराधका अनेक घटनाहरूले पुष्टि गरेका छन् । पुरूषको तुलनामा समानताको नारा दिएर आवाज बुलन्द गरे पनि यो समाजले नारीलाई हेर्ने नजरको बादल हटाएको छैन ।

वास्तवमा नारी सिर्जनाकी प्रतिमूर्ति हुन् । छोरी, बुहारी, दिदी, बहिनी आदि आदि अनेकौं नाताकी धनी नारी जातिलाई हेरिने दृष्टि, गरिने व्यवहारलाई नियाल्दा एक्काइसौं शताब्दी भए पनि अन्ध परम्परा र कुरीति हाम्रा सेरोफेरोमा विद्यमान छन् । पक्कै पनि एउटी नारी शिक्षित हुन्छिन् भने सिङ्गो परिवार शिक्षित बन्छ भन्ने कुरा यथार्थ हो । माया, ममताकी खानी हाम्री आमा, दिदी, बहिनी श्रीमती जो हुन् आफ्नो कोखबाट प्रसव व्यथा सहेर अँश्रुधारा बहाउँदै जन्म दिएका सन्तानलाई दश धारा पिलाउँदै अगाध माया र प्रेरणा दिंदै भरणपोषण गरेर चरित्र निर्माण गरी सभ्याताको मार्ग देखाउने आम "नारी जाति शिक्षित" हुन अति जरूरी छ । राष्ट्रका कर्णधार बनाउन, सुनौलो सपना देखाउने, हुर्काउने पहिलो पाठशालाको गुरूआमा सु-सभ्य भइन् भने मात्रै देशले सच्चा नागरिक प्राप्त गर्न सक्छ ।

हाम्रो समाजमा नारीप्रति समाजको आँखो कानो लङ्गडो रहेको कुरा सर्वविदितै छ । अझै पनि गाली, गालौज, रूद्रघण्टी नभएका स्त्री चरित्रहीन भनि बिभिन्न यातना र अपराधिक कार्य भोग्न विवश छन् । पौराणिक कालदेखि आजसम्म सीता, भृकुटी, पासाङ, पारिजात, गार्गी छन् भने विज्ञान समाजसेवी र राजनीतिमा म्याडम क्युरी, मदर टेरेसा, फ्लोरेन्स र इन्दिरा गान्धी आदिको नाम सुनौलो अक्षरले कोरिएको छ । व्यक्ति, समाज र राष्ट्रको शिक्षा नै आधारशिला हो । नारी शिक्षित भए परिवार उत्थानमा समाज

शिक्षित हुन्छ । यसैगरी समाज एवम् राष्ट्र शिक्षित बन्छ तबमात्र राष्ट्र समुन्नततिर लाग्छ । शिक्षा ज्ञानको ज्योति हो । यसले मानिसलाई कर्तव्य पथमा हिँडाउने चरित्र निर्माण गर्ने देखि लिएर जीवन यापनको गोरेटो निर्माण गराउँछ । अझै पनि कतिपय नारीहरू ज्ञान र शिक्षाका भोका छन् अर्धचेतन र अज्ञानताका कारण विकृतितिर पनि लागेका छन् । शिक्षाले ज्ञानचक्षू खोली अज्ञानताको अँध्यारोलाई मेटिदिएर ज्ञानको आलोक छरिदिन्छ ।

नारी पुरूष भन्दा कैयौं गुणहरूले सम्पन्न हुन्छन् । विनम्रता, इमान्दारिता, व्यवहारमा पादरर्शिता, त्याग क्षमाशीलता, सहिष्णुता, मितव्ययिता, धैर्यता, आत्मसंयम र अनुशासन आदि जस्ता सद्गुणहरू अन्तर्निहीत हुन्छन् भनि लेखेको पाइन्छ । शिक्षा विना यो गुणहरू बाहिर प्रष्फुटित गर्न असम्भव छ । जसरी सूर्य चन्द्रले सारा ब्रह्माण्डमा दिन र रात गरी पालैपालो उज्यालो दिएका छन् । त्यसैगरी व्यक्ति, समाज र राष्ट्र विकासका लागि शिक्षित नारीले प्रकाश छर्न सक्छन् ।

अतः नारी शिक्षित हुन्छिन् भने मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी र हृदयमा इमान्दारी बहन गर्न सक्छिन् । शिक्षाको जरो तितो र फल मिठो हुन्छ भन्ने बताउँदै समाजलाई शिष्ट र सभ्य बनाउन नारी जातिको भेद, विसङ्गति, कुरीति र अन्धविश्वासलाई चिरेर अघि बढ्न बढाउन नारी शिक्षा र अवसर टड्कारो रूपमा देखिएको छ ।

# नेपाल र नेपाली

**यशोधा पराजुली**
कक्षा -८ (बि)



नेपाल हाम्रो पवित्र देश विश्वमा चर्चित छ
नेपाल देसको इतिहासमा अनेकौं जित छ ।

विश्वकै उच्च सगरमाथा यो देसको सान
परिश्रम गर्न खटिरहने नेपाली छन् महान् ।

अनेकौं भेष अनेकौं भाषा अनेकौं संस्कृति
हामी चाहान्छौं पवित्र देशमा नफैलोस् विकृति ।

प्राकृतिक स्रोत नै यो देशको पहिलो विशेषता
नेपाल देशको नागरिकमा अनेकौं शिष्टता ।

यो देशको मेलमिलाप देखि लोभिन्छन् विदेशी
नेपाल देशको विकास गर्न खटिन्छन् स्वदेशी ।

पूर्वमा मेची पश्चिममा महाकाली मध्यमा तराई
नेपाल सबै आफन्त हौँ कोही छैनौ पराई ।

प्राणको बाजी लगाए पछि जोगाए जगत्
यो देशको सिर्जनाको निमित्त बगाए रगत ।

स्वाभिमानी नेपालीको परिश्रमी हात
देशको विकास गर्दा गर्दै नछोडौं साथ ।

नेपाल हाम्रो पवित्र देश विश्वमा चर्चित छ
हाम्रो देशको इतिहासमा अनेकौं जित छ ॥

# A Short Description of Devchuli

**Rohit S. Bhusal**
Class: - 10'C'

Devchuli Hill (at a height of 1,936 meters) is one of the highest hills in Nawalparasi district of Nepal and is considered to be a sacred place of worship by Magar people of the hilly areas and Tharu people of the plains. The hill has its own cultural and historical importance and is one of the best place for hiking and sightseeing. The beautiful hills are regarded as natural gems. Thousands of domestic as well as foreign tourists visit this sacred place, mostly by hiking, as the place offers its visitors beautiful sunrise views on the gorgeous mountain in beautiful surroundings, and a great opportunity to experience ethnic Tharu & Magar cultures, with their delicious traditional foods. The summit presents magnificent views of the mighty Himalayan ranges in the north, with panoramic views of beautiful landscapes, and also with the views on a clear day to faraway places from there, such as Palpa and Chitwan.

However, Devchuli Hill is gradually developing into a most famous tourist destination and a beautiful trekking spot. The peak offers various sceneries with mesmerizing and eye-catching views, leading the place to be one of the most attractive places to be visited, with its peaceful and cheerful environment. The committee of the Devchuli Municipality has developed a viewing tower of 23 meters high, adding more height and beauty to the surroundings. The hill is already situated at an altitude of 1,936 metres with all of the mentioned attractions and beauty of the place, exploration of unique Tharu and Magar cultures. Possibly there is also a chance to watch wildlife, such as peacocks, danphe, munal, ghoral etc. in the Madhyawarti forest.

Nevertheless, visitors and trekkers are curious and attracted to this area; also to visit Tinkanya Mai temple which is located in Devchuli Municipality and Golpokhari Peace Park located in Bulingtar rural municipality. They are cool and peaceful places with a suitable environment and climate to spend your days. Different species of birds, beautiful views of Annapurna mountain, gorgeous sunrise views and rhododendron forests are the key attractions of Devchuli Hill.

हार्दिक
शुभकामना

भीमसेन आदर्श माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५० औं वसन्त पार गरी स्वर्ण महोत्सव मनाइरहेको सुखद् अवसरमा विद्यालयको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**गण्डकी डेण्टल क्लिनिक**
**देवचुली–१३, दलदले, नवलपुर**
**मो. ९८४७०४५३०५**

# Uncertainty of Life

**Priya Bhandari**
Ex-student

Life is so uncertain, they always say,
Enormous thick and thins with each passing day,
It's a tiny embryo from where the life begins,
The essence of living goes on, not knowing where it ends.

Life is a thin thread, they always say,
Several aspects of existence to sew without any delay,
Look! So many light and bright, colorful and faded threads,
It keeps sewing all the times, I wonder where it breaks.

Life is a drama, they always say,
Different characters you have, different roles to play,
The act you perform is the message you send,
And it doesn't matter when your part is going to end.

Life is a journey, they always say,
A journey that does not end, until you fade away,
Uncountable memories and connections you make,
But you never know where this path will take.

Death is so certain, they always say,
It will come to you one day and take you away,
From all the things you love so much,
Everything is ruined, but death is not the cause.

Life is uncertain, yet there is a hope,
Like a candle in darkness and a strength to cope,
No fear, no doubts as if it's the last day,
Live life to the fullest, that's what I always say.

# Student life

**Saphal Aryal**
Class: 9 'B'

Student life is the foundation of human life. A man's academic life is based on it in the same way as a building is based on its foundations. During student life, students acquire knowledge. This can't carry them very far so s/he studies books and joins the company of teachers and scholars. This is the stage on which our hopes depend. It is also a time of preparation. In this stage student life is like clay, which is very soft and can be shaped in the way we like.

This is the stage in which a person is free from the burdens of family life and responsibilities. A person decides his profession in this life. He likes to be an officer or an engineer or a doctor etc. He used to give more focus to theoretical knowledge than practical knowledge. Thus, he learns how to earn a living but doesn't learn the art of living well. Students should know that It is not enough to pass an examination or win a scholarship. He must prepare himself to face the real problems of human life. He should try to make himself a role model for others. As in the time of preparation, he should give more priority to education than other things.

In conclusion, the search for knowledge is the primary aim of a student. Great scholars and thinkers never think that they know everything. Their thirst for knowledge always increases. In this sense, our whole life is a student life. The student in us must not be killed. This would mean the end of all progress.

**Full form of a Student.**

S- Smart
T- Thoughtful
U- Understanding
D- Disciplined
E- Energetic
N-Neat
T- Trustworthy

# What is life?

**Sandesh Aryal**
**Class: 9 'B'**

Life is an adventure, dare it
Life is a love, enjoy it
Life is a tragedy, face it
Life is a struggle, fight it
Life is a promise, complete it
Life is a mystery, try to know it,
Life is a gift, preserve it
Life is a puzzle, solve it.
Life is a game, play it.
Life is a beautiful time, embrace it
Life is an opportunity, grab it
Life is a feeling, feel it.

# Nepal and its Lost pride

**Sandesh Aryal**
Class: 9 'B'

When I was small, I thought I was very lucky to be born in Nepal - a country with the highest mountains of the world, beautiful natural resources and a good part made by the bravery of our ancestors. I thought the birth of Gautam Buddha & Bhirikuti had led my country to a world of peace and humanity.

